# कविता पौडेलका उपन्यासमा लैङ्गिकता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित दर्शनाचार्य तह

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि प्रस्तुत

प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

पुरुषोत्तम ज्ञवाली

दर्शनाचार्य तह, तेस्रो सत्र

क्रमाङ्क : २९/२०७५/०७६

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौँ ।

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तहका विद्यार्थी श्री पुरुषोत्तम ज्ञवालीले **कविता पौडेलका उपन्यासमा लैङ्गिकता** शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७७/०९/०९

....................................

प्रा.डा. रमेशप्रसाद भट्टराई

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तह (२०७५/०७६) का विद्यार्थी श्री पुरुषोत्तम ज्ञवालीले दर्शनाचार्य तह तेस्रो सत्रको लागि निर्धारित पाठ्यांश ६०९ र ६१० को परिपूर्तिको प्रयोजनका लागि तयार पार्नुभएको प्रस्तुत **कविता पौडेलका उपन्यासमा लैङ्गिकता** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

१. प्रा. डा. कृष्णप्रसाद घिमिरे ....................................

विभागीय प्रमुख

२. प्रा. डा. रमेशप्रसाद भट्टराई ....................................

शोधनिर्देशक

३. प्रा. डा. महादेव अवस्थी ....................................

आन्तरिक परीक्षक

४. प्रा. डा. ताराकान्त पाण्डेय ....................................

बाह्य परीक्षक

मिति : २०७७/०८/२९

# कृतज्ञता ज्ञापन

**कविता पौडेलका उपन्यासमा लैङ्गिकता** शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तहको तेस्रो पत्रको लागि निर्धारित पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ आदरणीय गुरु प्रा.डा. रमेशप्रसाद भट्टराईको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । शोधको मर्मलाई नजिकबाट पहिचान गराई शोधपरक ढाँचामा विषयगत तथा प्राविधिक निर्देशन, प्राज्ञिक सल्लाह, सुझाव र प्रेरणा दिई मार्गनिर्देश गर्नुहुने श्रद्धेय गुरु रमेशप्रसाद भट्टराईप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधको प्रारम्भिक चरण शीर्षक चयनदेखि लिएर शोधप्रबन्धको अन्तिम स्वरूप तयार गर्ने कार्यसम्म उत्तिकै चासो र सहृदयता व्यक्त गर्दै स्नेहपूर्वक प्राज्ञिक र प्राविधिक सल्लाह तथा सुझाव दिनुहुने श्रद्धेय गुरुहरू प्रा. डा. महादेव अवस्थी, प्रा. डा. ताराकान्त पाण्डेय र विभागीय प्रमुख प्रा. डा. कृष्णप्रसाद घिमिरेप्रति कृतज्ञ छु । यसै गरी शोधका क्रममा आवश्यक सल्लाह सुझाव तथा सामग्री सङ्लन गर्नमा सहयोग गर्नुहुने श्रद्धेय डा. मोदनाथ प्रश्रित र कविता पौडेलप्रति धन्यवाद प्रकट गर्दछु ।

दर्शनाचार्य तहमा पठनपाठन गरी असल मार्गनिर्देश गर्नुहुने श्रद्धेय सम्पूर्ण गुरुहरूप्रति कृतज्ञ छु । मलाई शोधकार्य पूरा गर्नका लागि महत्त्वपूर्ण सहयोग गर्नुहुने मित्रहरू जीवनाथ तिवारी, शक्ति नेपाल, उषा आचार्य, राजु भुषालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

......................

**शोधार्थी**

**पुरुषोत्तम ज्ञवाली**

शैक्षिक सत्र : २०७५/०७६

क्रमाङ्क : २९

त्रि.वि.द.नं. : ६-३-२८-१९९-२००७

मिति : २०७७/०८/२९

# विषयसूची

शोधनिर्देशकको सिफारिस क

स्वीकृतिपत्र ख

कृतज्ञता ज्ञापन ग

## पहिलो परिच्छेद

## शोधपरिचय

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको औचित्य ६

१.६ शोधको सीमाङ्कन ७

१.७ शोधविधि ७

१.७.१ सामग्री सङ्कलनविधि ८

१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार ८

१.८ शोधप्रबन्धको रूपरेखा ८

## दोस्रो परिच्छेद

## लैङ्गिक अध्ययनको सैद्धान्तिक मान्यता

२.१ विषयपरिचय ९

२.२ लैङ्गिक सिद्धान्तको परिचय १०

२.२.१ नारीवाद ११

२.२.२ पितृसत्ता १६

२.३ उपन्यासको लैङ्गिक विश्लेषणको आधार १७

२.३.१ शक्तिसम्बन्ध १७

२.३.२ लैङ्गिक उत्पीडन १९

२.३.३ प्रभुत्व २०

२.४ निष्कर्ष २१

## तेस्रो परिच्छेद

## कविता पौडेलका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

३.१ विषय प्रवेश २३
३.२ *बालचीत्कार* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध २३
३.२.१ महिला र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध २३
३.२.२ महिला र महिलाबिचको लैङ्गिक शक्तिसम्बन्ध २९
३.३ *हीरा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ३३
३.३.१ पति र पत्नीबिचको लैङ्गिक शक्तिसम्बन्ध ३४
३.३.२ सासू र बुहारीबिचको लैङ्गिक शक्तिसम्बन्ध ४१
३.३.३ जेठीकान्छीबिचको लैङ्गिक शक्तिसम्बन्ध ४४
३.३.४ काका र भतिजबिचको लैङ्गिक शक्तिसम्बन्ध ४६
*३.४ सीमावारि सीमापारि* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ४८
३.४.१ महिला र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध ४९
३.४.२ महिला र महिलाबिचको लैङ्गिक शक्तिसम्बन्ध ५४
३.५ *छोरीको चिठी* उपन्यासमा उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ५७
३.५.१ पुरुष र महिलाबिचको लैङ्गिक शक्तिसम्बन्ध ५८
३.५.२ पुरुष र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध ६२
३.६ *छाउपडी* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध ६९
३.६.१ महिला र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध ६९
३.७ निष्कर्ष ८७

## चौथो परिच्छेद

## कविता पौडेलका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

४.१ विषय प्रवेश ८९
४.२ *बालचीत्कार* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधं ९०
४.२.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन ९०
४.२.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध ९७

४.२.३ महिलाद्वारा पुरुषमाथि गरिएको लैङ्गिक उत्पीडन १०४
४.२.४ महिलाको लैङ्गिक उत्पीडनप्रति पुरुषको प्रतिरोध १०७
४.२.५ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १०८
४.२.६ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध ११०
४.३ *हीरा* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध १११
४.३.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन ११२
४.३.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध ११७
४.३.३ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १२०
४.३.४ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध १२६
४.४ *सीमावारि सीमापारि* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध १२८
४.४.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १२८
४.४.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध १३५
४.४.३ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १३६
४.४.४ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध १४१
४.४.५ महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन १४२
४.४.६ महिलाको लैङ्गिक उत्पीडनप्रति पुरुषको प्रतिरोध १४३
४.५ *छोरीको चिठी* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध १४४
४.५.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १४४
४.५.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध १५१
४.५.३ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १५३
४.५.४ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध १५५
४.६ *छाउपडी* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध १५५
४.६.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १५६
४.६.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध १६५
४.६.३ महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन १६९
४.६.४ महिलाको लैङ्गिक उत्पडिनप्रति पुरुषको प्रतिरोध १७०
४.६.५ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन १७१

४.६.६ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध १७२
४.७ निष्कर्ष १७३

## पाँचौँ परिच्छेद

## सारांश तथा निष्कर्ष

५.१ विषय प्रवेश १७५
५.२ सारांश १७५
५.३ निष्कर्ष १७८
**सन्दर्भ सामग्रीसूची** **१८३**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं.२००२ सालमा अर्घाखाँचीको रयेलेमा जन्मिएकी कविता पौडेल नेपाली साहित्य जगत्की परिचित प्रतिभा हुन् । उनले कथा, कविता, निबन्ध र उपन्यास चारै विधामा साहित्य लेखन गरे पनि बढी मात्रामा उपन्यास विधालाई नै रोजेकी छन् । वि.सं. २०६२ मा प्रथम उपन्यास *बालचीत्कार* प्रकाशन गरेर औपन्यासिक क्षेत्रमा उदाएकी उनका हालसम्म *बालचीत्कार* (२०६२), *हीरा* (२०६३), *विस्थापित आमाहरू* (२०६५), *सीमावारि सीमापारि* (२०७०), *छोरीको चिठी* (२०७०), *छाउपडी* (२०७१), *मुना* (२०७३) र *अजिमा* (२०७४) गरी सातवटा उपन्यासहरू प्रकाशित छन् । कविता पौडेल प्रगतिवादी उपन्यासकार हुन् । उनका उपन्यासमा खास गरी विभेदजन्य सांस्कृतिक मान्यता र आर्थिक विषमताले सिर्जना गरेका नारी हिंसा, यौनशोषण, वर्गीय द्वन्द्व, श्रमशोषणजस्ता सामाजिक यथार्थताको प्रस्तुतीकरण पाइन्छ । ती उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला र पुरुषबिच आर्थिक, राजैतिक तथा सांस्कृतिक क्षेत्रमा ठूलो असमानता देखिन्छ । यसरी लैङ्गिक विषय र चेतनाका दृष्टिले उनका उपन्यास अध्ययनीय रहेका छन् ।

'लैङ्गिकता' शब्दले महिला र पुरुषलाई समाजले परम्परादेखि हालसम्म विभिन्न सामाजिक तथा सांस्कृतिक आधारहरूमा गर्दै आएको विभेदलाई सङ्केत गर्छ । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिकजस्ता विषयहरूले नै महिला र पुरुषको शक्तिसम्बन्धको निर्धारण गर्दछ । यी लैङ्गिकताका कारकतत्त्व हुन् । लिङ्गकै आधारमा परिवार, समुदाय, राष्ट्र र अन्तर्राष्ट्रिय रूपमा व्यक्तिले निर्वाह गर्ने विभिन्न भूमिका तथा जिम्मेवारीहरूमा हुने विभेद र भिन्नता लैङ्गिकताभित्र पर्दछन् । घरायसी कार्यहरू, शिक्षा, रोजगारी, आर्थिक स्वामित्व, आत्मसुरक्षा, सामाजिक सुरक्षा, पारिवारिक जिम्मेवारी, नेतृत्व, जाति तथा थर परिवर्तन आदि सामाजिक सम्बन्धहरू लैङ्गिकतासँग सम्बन्धित छन् । नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद र उत्पीडनका साथै पितृसत्तात्मक वर्चस्वले नारी र पुरुषको सम्बन्धमा पारेको प्रभावलाई लैङ्गिक अध्ययनले विश्लेषण गर्दछ । प्रस्तुत शोधमा लैङ्गिकताका यसै कोणबाट कविता पौडेलका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

कविता पौडेलका उपन्यासहरूमा लैङ्गिकता नै प्रस्तुत शोधको मूल समस्या हो । त्यही मूल समस्यामा केन्द्रित रही लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन र उत्पीडित वर्गमा देखिएको प्रतिरोधको अवस्थाबारे खोजी गरिएको छ । यही समस्याको समाधानका लागि निम्नानुसारका शोधप्रश्नसँग सम्बद्ध रही सामग्रीहरूको विश्लेषण गरिएको छ :

(क) कविता पौडेलका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध के कसरी प्रस्तुत भएको छ ?

(ख) कविता पौडेलका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्था के कसरी प्रस्तुत भएको छ ?

## १.३ उद्देश्य

समस्याकथनमा उल्लिखित शोधसमस्याहरूको प्राज्ञिक समाधान खोज्नु नै यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ। मूलभूत उद्देश्यहरूलाई बुँदागत रूपमा तल उल्लेख गरिएको छ :

(क) कविता पौडेलका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गर्नु,

ख) कविता पौडेलका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधको स्थितिबारे मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कविता पौडेलका भिन्न-भिन्न उपन्यासमा केन्द्रित रही उनका औपन्यासिक प्रवृत्ति, योगदान, जीवनी, व्यक्तित्व आदि विषयबारे प्रशस्त मात्रामा लेख तथा शोधपत्र लेखिए पनि लैङ्गिकतालाई नै केन्द्रमा राखी उनका उपन्यासको सूक्ष्म रूपमा अध्ययन विश्लेषण गरिएको पाइँदैन । स्नातक र स्नातकोत्तर तहमा कृतिलाई लिएर गरिएका शोधपत्रहरू खास गरी *हीरा* उपन्यासमा सीमित छन् भने उनको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित शोधपत्रमा कुनै पनि कृतिलाई सैद्धान्तिक कोणका आधारमा विस्तृत रूपमा विश्लेषण गरिएको देखिँदैन । यी अध्ययनमा लेखकीय परिचय र कृतिको मूल विषयलाई सारसङ्क्षेपमा मात्र चर्चा

गरिएको छ । लेखिएका लेख र शोधपत्रमा पनि लैङ्गिकतालाई सामान्य रूपमा सङ्केत गरिएको तर सैद्धान्तिक कोणबाट विश्लेषण गरिएको देखिँदैन । प्रस्तुत शोधको शोध्य विषयका रूपमा रहेको कविता *पौडेलका उपन्यासमा लैङ्गिकता* सम्बन्धी जे जति कार्यहरू भएका छन्, तिनको कालक्रमिक विवरण दिई तिनका प्राप्ति तथा सीमाबारे समीक्षा प्रस्तुत गरिएको छ ।

*बालचीत्कार* (२०६२) उपन्यासको प्रकाशकीय भूमिकामा *बालचीत्कार* उपन्यास बालबालिकाका उत्पीडनलाई केन्द्रमा राखेर तिनका समस्या, बालविवाह, बालविधवा, बालश्रमजस्ता बालहिंसाको अन्त्यको अपेक्षा गरेको र यसको मारमा परेका नारीको पुनः स्थापना गर्ने इच्छा राखिएको चर्चा छ । त्यसैगरी सामाजिक अन्धविश्वास, रूढि, नारी हिंसा, छुवाछुत प्रथा, बालअधिकार, एकल महिला समस्याजस्ता अनेक पक्षको प्रस्तुति रहेको भन्दै नारी शोषण दमनलाई देखाएर नारी जागरणको आवाज बुलन्द पारिएको उल्लेख छ । यस विश्लेषणमा उत्पीडनका प्रमुख कारण र नेपाली समाजमा नारीको अवस्थाबारे सटिक रूपमा प्रस्ट पारिएको छ तर शक्तिलाई लिएर पात्रहरूबिच भएको द्वन्द्व र उत्पीडनप्रति उत्पीडित वर्गले गरेको प्रतिरोधको अवस्थालाई भने सङ्केत गरिएको छैन । प्रस्तुत पूवकार्यबाट *बालचीत्कार* उपन्यासमा लैङ्गिक उत्पीडनको स्थितिबारे विश्लेषण गर्न भने सहयोग पुगेको छ ।

सुकुम शर्मा (२०६३) ले *हिमालय टाइम्स* मा प्रकाशित “मार्मिक उपन्यास बालचीत्कार” शीर्षकीय लेखमा बालचीत्कारले नेपाली समाजमा यत्रतत्र भेटिने टुहुराटुहुरीको कथाव्यथा र नारी शोषणमूलक बालविवाह, बालविधवा, यौन अपराध आदिको चित्रण गरेको, बाल श्रमशोषण, कुरीति आदिको पर्दाफास गरेको कुरा उल्लेख गरेका छन् । प्रस्तुत समीक्षामा *बालचीत्कार* उपन्यासमा महिलाद्वारा पुरुषमाथि भएको उत्पीडन, उत्पीडिनका विरुद्ध पात्रहरूले गरेको प्रतिरोध, शक्तिका लागि महिला र पुरुषबिच भएको शक्तिसङ्घर्षबारे कतै उल्लेख छैन । केवल नारीहरूले भोग्नुपरेको पीडा र लैङ्गिक उत्पीडनका कारणहरूबारे सामान्य चर्चा गरिएको हुँदा *बालचीत्कार* उपन्यासमा नारी उत्पीडनको अवस्थाबारे खोजी गर्न सहयोग पुगेको छ ।

वेणीमाधव ढकाल (२०६३) ले उपन्यासको भूमिकामा “हीराझैँ चम्किलो ‘हीरा’” शीर्षकमा *हीरा* सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी पद्धति अँगालिएको ग्राम्य परिवेशमा आधारित र नारीजातिमाथि परम्परागत रूपमा थोपरिँदै आएका सामाजिक एवं

सांस्कृतिक अन्याय र अत्याचारहरूको चिरफारमा केन्द्रित रहको उल्लेख गरेका छन् । त्यसै गरी उनले यो उपन्यास यथार्थको नजिक पुगेको र यसले समाजमा अपहेलित, दमित, र शोषित नारीहरूको व्यथालाई मिहीन ढङ्गले केलाएको भन्दै नारीमाथिको शोषणमा पुरुष मात्र होइन महिला स्वयम् पनि संलग्न रहेको बताएका छन् । पुस्तकको मूल विषवस्तुबारे सामान्य अवगत गराउने क्रममा आएको प्रस्तुत विचारमा उपन्यासका पात्रहरूबिच भएको शक्तिसङ्घर्ष, उत्पीडनका विरुद्ध भएको प्रतिरोधलाई भने कतै सङ्केत गरिएको पाइँदैन । केवल नारी उत्पीडनको विषयलाई मात्र समेटिएको छ । यस पूकार्यबाट *हीरा* उपन्यासभित्र सामाजिक मूल्य र मान्यताकै कारण नारी जातिमाथि हुने गरेका शारीरिक र मानसिक यातना र त्यसका मूल कारणहरूबारे खोजी गर्नमा मात्र सहयोग पुगेको छ ।

सुकुम शर्मा (२०६४) ले *युगभाका* पत्रिकामा “नारी समस्याको प्रतिबिम्ब हीरा उपन्यास” शीर्षकको आलेखमा यो उपन्यास नारी संवेदना, मर्म, अधिकार र मातृत्वको गर्वबोधमा केन्द्रित भएको, पुरुषप्रधान समाजमा नारी जीवनमर्मको एक झलक उपन्यासले दिएको र अन्धविश्वास, अशिक्षा, रूढिवादी परम्परा एवं धन नभएका कारणले नै नारीको जीवन अपहेलित भएको उल्लेख गरेका छन् । प्रस्तुत विचार सङ्क्षिप्त भए पनि लैङ्गिकताकै विषयमा केन्द्रित छ । यहाँ नेपाली समाजमा नारीको अवस्था, उनीहरूले पुरुषबाट भोग्ने गरेका पीडा र त्यसका मूल कारणलाई सङ्क्षिप्त रूपमा सङ्केत गरिएको छ तर शक्तिसम्बन्धका विषयमा भने चर्चा परिचर्चा गरिएको छैन । यस पूर्वकार्यबाट *हीरा* उपन्यासमा लैङ्गिक उत्पीडनको अवस्थाबारे खोजी गर्न मात्र सहयोग पुगेको छ ।

रमेश पोखरेल (२०६४) ले *शब्दसंयोजन* मा प्रकाशित “हीरा उपन्यास : नेपाली समाजको यथार्थ दर्पण” शीर्षकको लेखमा हाम्रो समाजमा नेपाली महिलाले भोगेका पीडा, व्यथा र प्रताडनाको जीवन्त चित्र खिचेको धारणा राखेका छन् । त्यसैगरी जबसम्म नेपाली महिलालाई शिक्षा, सीप र सम्पत्तिले समान पार्न सकिँदैन, तबसम्म नेपाली महिलाले यातना, पीडा र तिरस्कारको भारी बोकिरहनुपर्छ भन्ने वैचारिक मान्यता स्थापित गर्दै समग्र रूपान्तरण र महिला मुक्तिका पक्षमा, सङ्घर्षका पक्षमा अविचलित भई उभिन यस उपन्यासले प्रेरणा दिएको धारणा पनि राखेका छन् । यस समीक्षामा *हीरा* उपन्यासभित्रको विषयलाई प्रस्तुत गर्ने सिलसिलामा पुरुषले भोग्नुपरेको उत्पीडन, उत्पीडन विरुद्ध पात्रहरूले गरेको प्रतिरोध र पात्रहरूबिचको शक्तिसम्बन्धको चर्चा नगरी महिला उत्पीडनका विषयमा

मात्र सामान्य सङ्केत गरिएको छ । प्रस्तुत पूर्वकार्यको समीक्षाबाट लिङ्गका आधारमा नारीमाथि हुने ज्यादती र तिनका निराकरणका विविध उपाय खोजी गर्नमा सहयोग पुगेको छ ।

ईश्वरी पाण्डे (२०६९) ले "'हीरा' उपन्यासमा पात्रविधान" शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा मूलतः यस उपन्यास तत्कालीन परिवेशमा सामाजिक धार्मिक, मूल्यको आडमा पुरुषहरूले महिलामाथि, एक पीडित महिलाले अर्की पीडित महिलामाथि र हैकमवादी शोषकवर्गले सर्वसाधारण सोझा जनतामाथि गरिँदै आएको अन्याय र अत्याचारप्रति केन्द्रित रहेको चर्चा गरेका छन् । प्रस्तुत पूर्वकार्यमा शक्तिसम्बन्ध र उत्पीडन विरुद्ध उत्पीडित वर्गले गरेको प्रतिरोधबारे चर्चा नगरी नारी र पुरुषको सामाजिक अवस्था, महिलाले पुरुषबाट भोगेको हिंसा र तिनका मूलभूत कारणहरूलाई सामान्य रूपमा उल्लेख गरिएको छ । यस पूर्वकार्यबाट हीरा उपन्यासमा लैङ्गिक उत्पीडनको स्थितिबारे मात्र खोजी गर्न सहयोगी देखिएको छ ।

शालिकराम पौड्याल (२०७०) ले "छोरीको चिठी" उपन्यासको भूमिकामा "सामाजिक यथार्थवादी उपन्यासको बाटोमा छोरीको चिठी" शीर्षकमा यस उपन्यासले बसुधैव कुटुम्बकम्को भावना बोकेको, वैदेशिक रोजगारीमा जाने नेपाली नारीलाई हप्काएको, स्वदेशमै बस्ने प्रेरणा दिएको, जातपातको आधारमा गरिने भेदभावलाई विरोध गरेको भन्दै सामाजिक यथार्थको वर्णन गरिएको उपन्यासका रूपमा लिएका छन् । प्रस्तुत समीक्षाले पुरुषप्रति गरिएको उत्पीडिनबारे नभई महिलामाथि हुने गरेका शारीरिक र मानसिक हिंसा र हिंसाविरुद्ध पात्रले गरेको प्रतिरोधलाई मात्र सामान्य रूपमा समेटेको छ । यस पूर्वकार्यको समीक्षाबाट *छोरीको चिठी* उपन्यासमा लैङ्गिक उत्पीडिन र प्रतिरोधको अवस्थाबारे विश्लेषण गर्न सहयोग पुगेको छ ।

शिवप्रसाद पौडेल (२०७३) ले "छोरीको चिठी उपन्यासको समाजशास्त्रीय अध्ययन" शीर्षकको कार्यपत्रमा जातिकै आधारमा उँच-निचको भावना सिर्जना भएको, रोजगारका निम्ति विदेशमा गएका नेपाली महिला कामदारहरूले यौन हिंसा, बलात्कार तथा अमानवीय दुर्व्यवहार भोग्नुपरेको र अनेक खालका हन्डर खाएर देश फर्कने गरेको निष्कर्ष निकालेका छन् । यस पूर्वकार्यमा केवल नारी पात्रहरूले भोगेको उत्पीडनको मात्र चर्चा छ । लैङ्गिक शक्तिसम्बन्ध र उत्पीडनका विरुद्ध भएको प्रतिरोधलाई भने कतै कतै सङ्केत गरिएको

छैन । यस समीक्षाबाट *छोरीको चिठी* उपन्यासमा लैङ्गिक उत्पीडनको अवस्थाबारे खोजी गर्न मदत पुगेको छ ।

उपर्युक्त पूर्वकार्यलाई हेर्दा सबैजसो अध्ययनमा कविता पौडेलका उपन्यासलाई लैङ्गिकताको केन्द्रविन्दु मानी सैद्धान्तिक कोणबाट विस्तृत अध्ययन विश्लेषण गरिएको पाइँदैन । अन्य सैद्धान्तिक कोणबाट अध्ययन विश्लेषण गर्ने क्रममा उपन्यासमा अन्तर्निहित लैङ्गिकतासम्बन्धी केही टिप्पणी गरिए पनि उपर्युक्त पूर्वकार्यहरू मूल शोध्य समस्याको समाधान गर्न असमर्थ छन् । त्यसैले प्राप्त उल्लिखित पूर्वकार्यहरू र शोध्य समस्याले खोज्ने उपयुक्त समाधानका बिचमा पर्याप्त अन्तर रहेको छ । कविता पौडेलका उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाद्वारा उपेक्षित र उत्पीडित नारी अस्मिताको खोजी र उन्मुक्तिका कथाहरू समावेश भएको परिप्रेक्ष्यमा यस कोणबाट अध्ययन भएको देखिँदैन । सम्पूर्ण पूर्वाध्ययनहरूमा यो अभावकै रूपमा रहेको छ । त्यसैले कविता पौडेलका उपन्यासमा लैङ्गिकताको सैद्धान्तिक कोणबाट अध्ययन एवम् विश्लेषण गरी सोही अभावपूर्ति गर्ने काम गरिएको छ ।

## १.५ शोधको औचित्य

कविता पौडेलले लेखेका सामाजिक विषयवस्तुमा आधारित उपन्यासहरूमा लैङ्गिकता प्राज्ञिक अध्ययनका दृष्टिले अनुसन्धेय विषय हो र प्रस्तुत शोध सोही विषयमा केन्द्रित रहेकाले यसको प्राज्ञिक औचित्य रहेको छ । कविता पौडेलका उपन्यासहरूमाथि समीक्षात्मक टिप्पणी र सामान्य अध्ययन यसभन्दा अघि भएका छन् तर लैङ्गिकतालाई केन्द्रमा राखेर सैद्धान्तिक पर्याधारको उपयोग गरी अध्ययन नभएको कुरा पूर्वकार्यको समीक्षाबाट पुष्टि हुन्छ । लैङ्गिक समालोचनाका सैद्धान्तिक आधारको उपयोग गरी कविता पौडेलका उपन्यासरूको विश्लेषण तथा मूल्याङ्कन गरिएकाले यसबाट नेपाली समालोचनाका क्षेत्रमा नवीन पद्धति एवं प्रयोगको स्थापना हुने हुँदा यसको उपयोगिता र सान्दर्भिकता रहेको छ । कृति रचना तथा विश्लेषणका क्षेत्रमा रहेको लैङ्गिकतासम्बन्धी विभेद तथा अन्तरहरू न्यूनीकरण गर्नका लागि पनि यो शोध महत्त्वपूर्ण देखिन्छ । *कविता पौडेलका उपन्यासमा लैङ्गिकता* शीर्षकमा  तयार पारिएको यस शोधकार्यले साहित्यिक अध्येतालाई लैङ्गिकताका कोणबाट कृतिहरूको अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गर्न सहयोग गर्ने देखिन्छ । उनका

उपन्यासहरूलाई हालसम्म लैङ्गिकताका कोणबाट अध्ययन वा विश्लेषण नभएकाले यसको अध्ययन, मूल्याङ्कन र विश्लेषणबाट प्राप्त प्राज्ञिक निष्कर्षले विशेष गरी पाठक, समालोचक, शोधार्थी, बुद्धिजीवी आदि सबैलाई लाभ पुऱ्याउने हुँदा यस शोधको औचित्य र महत्त्व रहने देखिन्छ ।

## १.६ शोधको सीमाङ्कन

कविता पौडेलका उपन्यासमा नेपाली समाज र त्यस समाजभित्र रहेका विविध सांस्कृतिक पक्षलाई समेटिएको पाइन्छ । उनका उपन्यासलाई विभिन्न सैद्धान्तिक कोणबाट विश्लेषण गर्न सकिए पनि फुकोको शक्तिसम्बन्ध, आल्थुरसको विचारधारा, ग्राम्सीको प्रभुत्व र मार्क्सको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादसम्बन्धी मान्यतालाई आधार मानी लैङ्गिकताका कोणबाट मात्र कृतिको विश्लेषण गरिएको छ । यसै गरी विश्लेषण सामग्रीका सन्दर्भमा उनका *बालचीत्कार* (२०६२), *हीरा* (२०६३), *सीमावारि सीमापारि* (२०७०), *छोरीको चिठी* (२०७०) र *छाउपडी* (२०७१) गरी पाँच उपन्याहरूको मात्र विश्लेषण गरिएको छ । *विस्थापित आमाहरू* (२०६५०) र *अजिमा* उपन्यासहरू मूलतः ऐतिहासिक घटनामा र *मुना* उपन्यास जातीय र वर्गीय मान्यतामा आधारित भएकाले यी तीन उपन्यासलाई लैङ्गिकताका कोणबाट विश्लेषण गरिएको छैन । उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन र प्रतिरोधलाई लैङ्गिक अध्ययनका कोणवाट मात्र अध्ययन विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा पर्दछन् । यी दुवै पक्षका बारेमा तल यसरी प्रस्तुत गरिएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

अध्ययन विश्लेषणका क्रममा अनुसन्धेय विषयसँग सम्बन्धित सामग्रीहरू पुस्तकालयीय अध्ययनका आधारमा सङ्कलन गरिएको छ । ती सामग्रीहरूमध्ये कविता पौडेलद्वारा लिखित सात उपन्यासरूमध्ये *बालचीत्कार* (२०६२), *हीरा* (२०६३), *सीमावारि सीमापारि* (२०७०), *छोरीको चिठी* (२०७०) र *छाउपडी* (२०७१) गरी पाँचवटा उपन्यासलाई

नमुना छनोट पद्धतिको प्रयोग गरी प्राथमिक स्रोत सामग्रीका रूपमा चयन गरिएको छ । द्वितीयक सामग्रीका रूपमा ती उपन्यासमाथि गरिएका समीक्षा, समालोचना र शोधप्रबन्धको उपयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधमा उठाइएका समस्याहरूको प्राज्ञिक समाधानका लागि लैङ्गिक अध्ययनसम्बन्धी सिद्धान्त र कविता पौडेलका उपन्यासहरूलाई मुख्य आधार बनाइएको छ । सांस्कृतिक अध्ययनको एक अङ्गको रूपमा रहेको लैङ्गिक अध्ययन पद्धतिभित्र लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन र प्रतिरोधलाई विश्लेषणको मुख्य आधार बनाइएको छ । यी तीनवटा कोणमा केन्द्रित रही सैद्धान्तिक उपकरणहरूको उपयोग गरेर कविता पौडेलका पाँचवटा उपन्यासको शक्तिसम्बन्ध, विचारधारा र प्रभुत्वसम्बन्धी मान्यताका आधारमा पाठपरक विश्लेषण गरिएको छ । नारी र पुरुष पात्रहरूबिचको शक्तिसम्बन्धको अध्ययन गर्न फुकोको शक्तिसम्बन्ध, आल्थुरसको विचारधारा, ग्राम्सीको प्रभुत्व र मार्क्सको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादसम्बन्धी मान्यतालाई कृति विश्लेषणको आधार मानिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनको लागि निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी विश्लेषण गरी गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : लैङ्गिक अध्ययनको सैद्धान्तिक मान्यता

तेस्रो परिच्छेद : कविता पौडेलका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

चौथो परिच्छेद : कविता पौडेलका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# लैङ्गिक अध्ययनको सैद्धान्तिक मान्यता

## २.१ विषयपरिचय

कृतिभित्र महिला र पुरुषको उपस्थितिलाई सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्ने पद्धति लैङ्गिक अध्ययन पद्धति हो । लैङ्गिक अध्ययनले कृतिमा चित्रित समाजमा महिला र पुरुषको भूमिका, लैङ्गिक विभेदका मूल कारणहरू र लैङ्गिक अवस्थाको विश्लेषण गर्दछ । यसले जैविक पक्षको नभई सामाजिक पक्षको अध्ययन गर्दछ । महिला र पुरुषको शारीरिक भिन्नताका आधारमा नभई सामाजिक सांस्कृतिक सन्दर्भमा विश्लेषण गर्ने यस मान्यताले नारीवाद, पुरुषवाद र सन्दिग्धतावादको पनि समान रूपले अध्ययन गर्दछ । सामाजिक सांस्कृतिक मान्यताका कोणबाट पुरुष र महिलाको शक्तिको असन्तुलन र असमानताको पक्षमा जोड दिने यस मान्यतालाई वेनस्टोकले पुरुष र महिलाले के गर्न हुने र के गर्न नहुने जस्ता सांस्कृतिक मान्यताको निर्माण गर्छ र विचारधारात्मक रूपमा पहिचानको निर्धारण गर्छ भन्ने विचार राखेका छन् (उद्धृत, भट्टराई, २०७७, पृ.१०७) । यस मान्यतालाई हेर्दा समाजले सांस्कृतिक मान्यताका आधारमा लैङ्गिक भूमिकाको निर्धारण गरेको र त्यसैका आधारमा महिला र पुरुषबिच विभेदको सिर्जना भएको देखिन्छ ।

लैङ्गिक अध्ययनको इतिहास नारीवादी आन्दोलन र नारीवादसँग प्रत्यक्ष सम्बन्धित रहेको पाइन्छ । सन् १९७० /८० को दशकमा लैङ्गिक अध्ययनले छुट्टै पद्धतिको निर्माण गरेको हो । साहित्यमा पुरुष र महिलाको सम्बन्ध, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक क्षेत्रमा तिनको उपस्थिति कस्तो छ भन्ने विषयमा यो मान्यता केन्द्रित रहन्छ । महिला र पुरुषको भूमिका जैविक तत्त्वका आधारमा नभई सामाजिक सांस्कृतिक व्यवस्था अनुरूप निर्धारण हुने मान्दछ । लैङ्गिक अध्ययनले खास गरी समाजले महिला र पुरुषका लागि सुम्पेको भूमिकाबारे अध्ययन गर्दछ । लैङ्गिक विभेदको जन्म सामाजिक सांस्कृतिक कारणले हुने हुँदा यस अध्ययनमा महिला र पुरुषको प्रतिनिधित्व र पहिचान कसरी भएको छ भन्ने कुराको खोजी गरिन्छ (भट्टराई, २०७७, पृ. १०८) । समाजमा पुरुषलाई भन्दा नारीलाई गर्ने व्यवहार र हेर्ने दृष्टिकोण भिन्न छ । पुरुषले राजनीतिक, सांस्कृतिक,

आर्थिकजस्ता महत्त्वपूर्ण क्षेत्रमा कब्जा जमाई महिलालाई भूमिका विहीन बनाएर आफूमाथि आश्रित पारेको छ भन्ने कुरा पुरुष र महिलासँगका परम्परागत व्यवहारले नै पुष्टि गरेको छ । उसले एकल प्रभुत्व कायम गर्ने हेतुले सांस्कृतिक मूल्यमान्यता तथा नीतिनिर्माणमा महिला सहभागिता नगराएबाट पनि विभेदको स्थिति सिर्जना भएको देखिन्छ । यही विभेदजन्य अवधारणाको विश्लेषण र कृतिभित्र महिला र पुरुषको भूमिकाको खोजी लैङ्गिक अध्ययनले गर्दछ ।

यसरी लैङ्गिक अध्ययन भनेको समाजले सांस्कृतिक मान्यताका आधारमा पुरुष र महिलालाई दिएको भूमिकाको विश्लेषण गर्ने पद्धति हो । कविता पौडेलका उपन्यासमा सामाजिक सांस्कृतिक आधारमा महिला र पुरुषले प्राप्त गरेको भूमिका, उनीहरूले गरेका कार्य, जीवन निर्वाह गर्ने शैली, उनीहरूको दृष्टिकोण र उपन्यासमा चित्रित सामाजिक सांस्कृतिक अवस्थाले निम्त्याएका परिणतिलाई लैङ्गिकताका कोणबाट अध्ययन विश्लेषण गर्नु नै यस शोधको मुख्य विषय हो ।

## २.२ लैङ्गिक सिद्धान्तको परिचय

लैङ्गिकताले महिला र पुरुषलाई समाजले प्राचीन कालदेखि वर्तमा समयसम्म आर्थिक, सामाजिक, सांस्कृतिक र शारीरिक संरचनाका आधारमा गर्दै आएको विभेदलाई सङ्केत गर्दछ । यस्तो विभेदको अवस्था प्राकृतिक नभई आर्थिक तथा सांस्कृतिक मान्यता हो । लैङ्गिक भिन्नताको प्रमुख कारण स्त्री र पुरुषका जैविक गुण हुन् भन्ने परम्परगत मान्यता पाइन्छ । लैङ्गिक समानताका पक्षपातीहरूले शक्ति, सामर्थ्य तथा स्वामित्वका कारणबाट लैङ्गिक भिन्नता नियोजित रूपमा कायम गरिएको भन्दै शक्ति र सत्तामा महिलाको पनि समान उपस्थिति हुनुपर्ने मान्यता राख्दछन् (खनाल, २०७१, पृ.७६) । कतिपय विकसित मुलुकहरूमा लैङ्गिकताको स्थिति सन्तुलित तथा प्रशंसनीय रहे पनि सामाजिक, यौनिक, राजनैतिक आदि सम्पूर्ण क्षेत्रमा लैङ्गिक विभेदको जड आर्थिक पक्ष रहेको देखिन्छ ( खनाल, २०७१ पृ.४७) । पुरुषले घरका स्त्रीमाथि आफ्नो प्रभुत्व जमाउँदै जाँदा त्यो संस्कृतिका रूपमा विस्तारित भई लैङ्गिक विभेद सामाजिक र संस्थागत बनेको कुरा नारीवादी विश्लेषकहरूको रहेको छ । यससँग सम्बद्ध सैद्धान्तिक मान्यताको व्याख्या तलका उपशीर्षकमा गरिएको छ ।

## २.२.१ नारीवाद

पितृसत्ताका विरुद्धमा नारीकेन्द्री विचारहरू नारीवादमा जन्मिएका हुन्, जसले नारीका निजी तथा सार्वजनिक जीवनको अध्ययन, विश्लेषण र मूल्याङ्न गर्दछ । लैङ्गिक अध्ययनको मूल सिद्धान्तका रूपमा रहेको नारीवादले संसारभरि नै महिलाहरू पुरुषका तुलना कमजोर बनाइएका छन् भन्दै महिलाका पक्षमा वकालत गर्दछ । महिला र पुरुषका बारेको समदृष्टिमा नभई महिलाका बारेमा मात्र चिन्तन गर्नु नारीवादी दृष्टिकोण हो (भट्टराई, २०७७, पृ. ५) । यस वादले हरेक क्षेत्रमा महिलाहरूको समान सहभागिता हुनुपर्ने भन्दै पुरुषसरह अधिकार र अवसर दिनुनुपर्नेमा जोड दिन्छ भने पुरुषको एकल सत्ताको विरोध गर्न अभिप्रेरित गर्दछ । महिला र पुरुषको सोपान क्रमिक सम्बन्धका क्रममा महिलालो पनि पुरुष जत्तिकै अधिकार र अवसर पाउनुपर्छ भन्ने लक्ष्य र विश्वास गर्दै नारीहरूले सङ्घर्ष गर्ने क्रममा नारीवादको सिद्धान्त जन्म्यो (भट्टराई, २०७७, पृ. १२२–१२३) । यसबाट पुरुषले एकल सत्ताका निम्ति आफूअनुकूल नीतिनियम तथा सांस्कृतिक मान्यता निर्माण गरेपश्चात् त्यसका विरुद्धमा नारी आन्दोलनको प्रारम्भ भएको देखिन्छ । पुरुषको दमन र शोषणका विरुद्धमा जन्मेको यस सिद्धान्तले महिलालाई आफ्नो स्वतन्त्र जीवनको अस्तित्वमा केन्द्रित हुन आग्रह गर्दछ । यसलाई प्रस्ट पार्दै विडोन (उद्धृत्, भट्टराई, २०७७, पृ. १२४) लेख्छन् :

> नारीवाद राजनीति हो । यो यस्तो राजनीति हो जसले समाजमा पुरुष र महिला बिचको परम्परागत सत्ता सम्बन्धलाई परिवर्तन गर्दछ । यस्तो सत्ता सम्बन्ध जीवनका सबै क्षेत्रहरू परिवार, शिक्षा, समाज सेवा, राजनीति र कामका अन्य क्षेत्र संस्कृति र स्वतन्त्र सम्बन्धमा पनि रहन्छ । यिनीहरूले कसले कसका लागि के गर्छ, हामी को हौँ र हामी के हुनुपर्छ भन्ने कुराको निर्धारण गर्दछन्

पितृसत्ताले महिलालाई अन्य, वस्तु, सीमान्त ठानेको र पुरुषवादी नियम र मानकबाट महिलालाई अपूर्ण मानेकाले नारीवादले त्यसको विरोध गर्दै महिला पनि पुरुष जत्तिकै शक्तिशाली भएकाले शारीरिक संरचनाकै आधारमा भिन्न ठान्न नहुने मान्यता राख्दछ । रमेश भट्टराई (भट्टराई, २०७७, पृ.६) ले समाजमा विद्यमान लैङ्गिक विभेदबारे यसरी प्रस्ट पारेका छन् :

लैङ्गिक विभेद पुरुष र महिलाका बिच गरिने भिन्न व्यवहार हो । समाजमा पुरुष सक्रिय, महिला निष्क्रिय, पुरुष आक्रामक, महिला सहनशील, पुरुष विवेकी महिला भावनात्मक, पुरुष बलियो महिला कमजोर, पुरुष स्वतन्त्र महिला आश्रित, पुरुष दृढ र कडा स्वभावयुक्त महिला नरम र उदार स्वभावयुक्त, पुरुष बढी कामुक महिला कम कामुक, पुरुष यान्त्रिक महिला कलात्मक, पुरुष प्रतिस्पर्धात्मक महिला समन्वयात्मक, पुरुष वर्चस्वशाली महिला अधीनस्थजस्ता भेदभावयुक्त मान्यता रहेका छन् ।

एङ्गेल्सद्वारा लिखित *परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति* (सन् १८८४) मा नारी दमनका प्रमुख कारणहरूको खोजी मात्र नभई नारी मुक्तिको अवस्थाबारे पनि चर्चा गरिएको छ । महिला मुक्ति आन्दोलनलाई वर्गीय आन्दोलनसँग जोड्दै महिला मुक्ति हुनका लागि वर्गीय समाजको अन्त्य हुनुपर्नेमा जोड दिइएको छ । लैङ्गिक समालोचनाको यो मार्क्सवादी पद्धति नै लैङ्गिक विश्लेषणको पहिलो आधार हो (भट्टराई, २०६८ पृ. २६१) । यस पद्धतिले परम्परागत मूल्यहरू, सामाजिक, सांस्कृतिक आधारमा निर्धारित हुने कुरालाई देखाएको छ । मार्क्सवादको यही पृष्ठभूमिमा स्थापना भएको लैङ्गिक अध्ययनको विकास नारीवादी लैङ्गिक अध्ययन, पुरुषवादी लैङ्गिक अध्ययन, सन्दिग्धतावादी लैङ्गिक अध्ययन लगायत अन्य विविध रूपमा देखा परे । समाजमा लिङ्गका आधारमा महिलाहरूलाई पछाडि पारिनुका कारणबारे यसले अध्ययन गर्दछ । स्त्रीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्री जातिको पक्षबाट बोल्दछ । यसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्ने देखिन्छ । (खनाल, २०७१ पृ. ७८)

नारीवादी मान्यताले नारीहरू पछाडि पर्नुको प्रमुख जिम्मेवार सामाजिक संरचनालाई मानेको छ । नारीवादीहरूको प्रमुख उद्देश्य पुरुषहरूको एकाधिकारलाई तोडेर पितृसत्तात्मक मानसिकताबाट मुक्त हुनु हो । महिलाहरू पितृसत्ताबाट सामाजिक, आर्थिक, राजनीतिक रूपमा दमित भएका, नारीलाई हरेक महत्त्वपूर्ण क्षेत्रबाट किनारा लगाई एक वस्तुका रूपमा उपयोग गरिएको र लैङ्गिकता समाज तथा संस्कृतिबाट निर्मित भएको हो भन्ने विचार अघि सार्दै लैङ्गिक मुद्दामा सचेतनापूर्वक  लाग्नुपर्नेमा जोड दिइएको छ । नारीवादले महिलाको कोणबाट नारीहरूलाई हेर्दछ र संसारभरि नै महिलाहरूलाई पुरुषकै तुलनामा कमजोर र पीडित बनाइएको छ भन्ने मान्यता राख्दछ । (भट्टराई, २०६८ पृ. २६४)

पितृसत्ताकै कारण नारी जाति सामाजिक, आर्थिक, सांस्कृतिक पहुँचभन्दा बाहिर छन् । यसले नारीमाथि हुने अन्याय, अत्याचार र दमनको तीव्र विरोध गरेको छ । यसले साहित्य र लेखनमा पुरुषको मात्र हाइन, महिलाको पहिचान र नियन्त्रणको पक्षमा वकालत गर्दछ । अर्थात् हरेक क्षेत्रमा नारीको समविकास र समान सहभागिता हुनुपर्नेमा जोड दिन्छ । यसले शिक्षा, अधिकार, सेवा र अवसरमा समानता, ज्याला तथा सामाजिक अवस्थामा सुधार, बालबच्चाको हेरचाहको सामाजिक व्यवस्था तथा बच्चा जन्माउने वा नजन्माउने अधिकारको चयनजस्ता विषयलाई महिलाका विषयका रूपमा स्वीकार गर्दछ (भट्टराई, २०७७, पृ. १२४) । पितृसत्ताद्वारा एक पक्षीय रूपमा निर्मित असमान सामाजिक व्यवस्थालाई पूरै अस्वीकार गरी अधिकार, अवसर र श्रममा एकरूपता हुनुपर्नेमा जोड दिएको छ । त्यसैगरी कतिपय नारीका वैयक्तिक विषयसँग जोडिएका सवालहरूमाथि पनि पुरुषकै नियन्त्रण भएकाले त्यसलाई पुरुषबाट मुक्त गराई नारीलाई नै निर्णय र चयनको अधिकार दिनुपर्ने मान्यता नारीवादको छ । नारीहरूको पहिचान र प्रतिनिधित्व नारीवादको मूल पक्ष हो र सांस्कृतिक अध्ययनका लिङ्ग, लैङ्गिक, समविकास र नारीवादका महत्त्वपूर्ण वैचारिक प्रवाहको प्रस्तुतीकरण पनि नारीवादकै विषयहरू हुन् । (भट्टराई, २०७७ पृ. १२४)

पितृसत्तात्मक मूल्यमान्यताकै कारण समाजमा आर्थिक, सामाजिक, राजनैतिक र शारीरिक संरचनाका आधारमा महिलाहरू विभेदजन्य अवस्थामा बाँच्न विवश छन् । नारीवाद यस्तो विभेदको अन्त्य गर्दै परिवर्तनको सम्भावनाको खोजी गर्दछ । पितृसत्ताका अनेक रूपहरूका कारण महिलामाथि हुने शोषण, दमन, पहिचान र प्रतिनिधित्व हीनताको निर्क्योल गर्दै पुरुष प्रधान परिवार, समाज र राजनीतिका विरुद्ध समानता, न्याय र स्वतन्त्रताको खोजी गर्ने कार्य यसले गर्दछ (भट्टराई, २०७७, पृ. १२५) । पितृसत्ता, लैङ्गिक उत्पीडन, दमन र शोषणको विरोध गर्ने नारीवादभित्र उदार नारीवाद, मार्क्सवादी नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, आमूल नारीवाद, समाजवादी नारीवाद समकालीन नारीवादजस्ता विविध पक्षहरू रहेका छन् । नारीवादले मुख्य रूपमा किनारामा रहेका महिलाको अस्तित्वलाई केन्द्रमा ल्याई (त्रिपाठी, सन् २०१२, पृ. ३१) सत्ता र शक्तिको समान वितरणमा जोड दिन्छ । नारीलाई पुरुषको भोग विलासको साधन बनाउने प्रवृत्तिको अन्त्य गर्दै समसत्ताको स्थापना गर्नमा जोड दिन्छ । नारीवादले लैङ्गिक निर्मितिलाई पारदर्शी बनाउने, परिवार तथा कार्यस्थलमा लैङ्गिक शक्तिसम्बन्धको पहिचान र प्रतिरोध गर्ने, दैन्दिन जीवनमा लैङ्गिक बन्धनका बारेमा प्रश्नहरू गर्ने, लिङ्ग, लैङ्गिक विभेद र लैङ्गिकताको भेद र

भिन्नता भत्काउने र विज्ञानका अनुमान र लिङ्गका कानुनी आधारलाई चुनौती दिने काम गर्दछ (भट्टराई, २०७७, पृ. १२८) । यो पुरुषद्वारा निर्मित सामाजिक सांस्कृतिक मान्यताका आधारमा गरिने विभेदपूर्ण व्यवहारको विरोध गर्दै महिलालाई पुरुषकै तहमा उभ्याउनुपर्ने विचार बोकेको सिद्धान्त हो ।

यसरी हेर्दा नारीवाद नारीलाई केन्द्रमा राखेर अध्ययन गर्ने सैद्धान्तिक मान्यता हो । प्राचीन कालदेखि हालसम्म पनि आर्थिक स्रोत तथा निर्णायक भूमिकामाथि पुरुषको नियन्त्रण कायम रहेको, सामाजिक व्यवस्था पुरुषकेन्दी रहेको, स्थायी सत्ता र शक्तिका लागि पितृसत्ताले सांस्कृतिक मूल्यमान्यताको सिर्जना गरेबाट महिलाहरू शोषित र उत्पीडित भएकाले नारीवाद त्यस्तो असमान सामाजिक संरचनालाई भत्काएर समसत्ताको निर्माणमा जोड दिन्छ । अधिकार र भूमिकाविहीन बनाइएका महिलालाई केन्द्रमा ल्याई नारीको अस्तित्व निर्माण गर्नुपर्ने मान्यता राख्दछ । महिलाले भोग्नुपरेको उत्पीडन, पुरुषको वर्चस्व र पितृसत्ताको अध्ययन विश्लेषण गरी लैङ्गिकतालाई विशेष प्राथमिकता दिन्छ । नारीमुक्ति र समानताको पक्षमा सङ्घर्ष गर्न अभिप्रेरित गर्दै पुरुषबाट युगौंदेखि दबाइएका, शोषित र उत्पीडित नारीलाई मुक्त गराउन अग्रसर हुन्छ । पितृसत्तात्मक मूल्यमान्यताको अनुकरण नगरी नारीहरूको आफ्नै संसारको निर्माण हुनुपर्छ भन्ने धारणा राख्ने नारीवाद नारी र पुरुषको ध्रुवीयतालाई पन्छाएर लैङ्गिक समानताको दृष्टिकोण अँगाल्दछ ।

### २.२.२ पितृसत्ता

पितृसत्तामा पुरुष शक्तिको केन्द्रमा रहने गर्दछ । पितृसत्ता महिलामाथिको दमन र शोषणको प्रमुख कारक हो । पितृसत्ता एउटा संरचना हो जसमा पुरुषले महिलामाथि संस्थागत रूपमा नै दमन गरेको हुन्छ (भट्टराई, २०६८ पृ. २६६) । पुरुषले महिलाको मस्तिष्कमा पितृसत्ता ठीक हो भन्ने भ्रम सिर्जना गराई आफ्ना मान्यताहरूलाई अँगाल्न बाध्य पार्दछ । फलस्वरूप पितृसत्तामा बाँच्न अभ्यस्त भएपछि महिलाले पनि यसलाई सञ्चालन गर्न पुग्दछन् । जैविक नभई पुरुषद्वारा संस्कृतिका रूपमा निर्माण गरिएकाले पितृसत्तालाई सामाजिक-सांस्कृतिक तथा राजनीतिक सन्दर्भबाट नै अन्त्य गर्न सकिन्छ भन्ने मान्यता नारीवादको छ (भट्टराई, पृ. २६६) । परिवार तथा समाजमा पुरुष शक्तिका केन्द्रमा रही सबैमाथि शासन सञ्चालन गर्दछ । परिवार तथा समाजमा बाबुको सर्वेसर्वा चल्ने, बाबुको नियन्त्रण र आदेशमा परिवारका सदस्य रहने, बाबुको वंश चल्ने व्यवस्था नै पितृसत्ता हो

(अर्याल, २०६८, पृ. २९) । पितृसत्ताको वर्चस्वलाई कायम आफू अनुकूलका नीतिनियम तथा सांस्कृतिक मूल्यमान्यताको निर्माण गऱ्यो र त्यसलाई महिला दमन र शोषण रूपमा प्रयोग गऱ्यो । पैतृक सम्पत्तिको अधिकारबाट महिलालाई वञ्चित गर्नु महिलाको शरीर र यौनिकतामा पुरुषको नियन्त्रण हुनु तथा पुनरुत्पादन अधिकारबाट महिलालाई वञ्चित गर्नुजस्ता व्यवहारहरू पितृसत्ताका कारणबाट निर्माण भएकाले लैङ्गिक असन्तुलनको प्रमुख कारण र आधार पितृसत्ता हो । (खनाल, २०७१, पृ. ३७९)

पितृसत्तामा पुरुषको सामाजिक हैसियत उच्च हुनुका साथै आर्थिक स्रोतमाथि नियन्त्रण गरेर निर्णायक भूमिकामा रहने गर्दछ । अधिकार र शक्ति अधीनमा लिएर आफ्ना लागि कानुन निर्माण गर्दछ जुन महिलामाथि दमन र शोषणका लागि प्रयोग गरिएको हुन्छ । धर्म, संस्कृति, शिक्षा, मनोरञ्जन तथा पारिवारिक र घरायसी कार्यहरूमा सक्रियता तथा निर्णयी भूमिका पुरुषकै रहने गर्दछ । महिलाको यौनिकता, प्रजनन शक्ति, गतिशीलता, श्रम, सम्पत्ति, तथा उत्पादनमा पनि पूर्णतः पुरुषकै अधिकार र निर्णय हावी हुन्छ । पितृसत्ता हावी हुनुको प्रमुख कारण आर्थिक स्रोतमाथि पुरुषको एकल प्रभुत्व हो । आर्थिक उत्पादन र श्रम व्यवस्थामा पुरुषलाई बढी महत्त्व दिएर महिलामाथि आर्थिक दमन गरिएको छ । महिलालाई आर्थिक, सामाजिक, राजनीतिकजस्ता क्षेत्रमा विशेष अधिकार दिएर निर्णायक भूमिका प्रदान गरेको खण्डमा नारीमाथिको दमन अन्त्य हुन सक्छ । आमूल नारीवादीहरूले भने महिला दमनको केन्द्रबिन्दु पितृसत्ता भएकाले त्यसको जरैदेखि अन्त्य गरेर महिलाकेन्द्री मान्यताको स्थापना हुनुपर्नेमा जोड दिएका छन् । पितृसत्ता भनेको पुरुष अधीनस्थ परिवार र समाज हो जहाँ महिलामाथि दमन, हिंसा, विभेद, अपमान, नियन्त्रण गरिन्छ (उद्धृत, खनाल, २०७१, पृ. ७७) । पितृसत्तात्मक सामाजिक संरचनाका कारण पुरुष हरेक क्षेत्रमा आफ्नो वर्चस्व कायम गरी नारीलाई दोस्रो दर्जाको रूपमा लिएर उनीहरूमाथि दमन र शोषण गर्ने कुरा प्रस्ट हुन्छ ।

यसरी कृतिभित्र रहेको लैङ्गिकताको वास्तविक अवस्था, लैङ्गिक सन्तुलन, महिला र पुरुषको स्थिति अनि भूमिका तथा लैङ्गिक चेतना, लैङ्गिक सामर्थ्य र सक्षमताको अवस्था, पहिचान, विश्लेषण र मूल्याङ्कनका लागि महत्त्वपूर्ण स्रोत, साधन र मान्यताका रूपमा पितृसत्तालाई लिन सकिन्छ ।

## २.३ उपन्यासको लैङ्गिक विश्लेषणको आधार

कृतिलाई लैङ्गिकता आधारमा विश्लेषण गर्दा खास गरी नारीवादी, पुरुषवादी र सन्दिग्धतावादी मान्यताहरू प्रचलनमा रहेका छन् । लैङ्गिक अध्ययनमा कृतिभित्र महिला र पुरुष, पुरुष र पुरुष, महिला र महिलाबिचको शक्तिसम्बन्धको अवस्था कस्तो छ ? लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्था कस्तो छ ? भन्ने कुराहरूको खोजी गरिन्छ । प्रस्तुत शोधकार्यमा कविता पौडेलका उपन्यासमा यिनै पक्षको खोजी गरिएको छ । ती उपन्यासमा तेस्रो लिङ्गीको उपस्थिति नभएकाले यहाँ नारीवादी र पुरुषवादी मान्यतालाई आधार बनाई कृतिको विश्लेषण गरिएको छ ।

कृति विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक आधारहरूको छनोट गर्नु आवश्यक हुन्छ । यस शोधकार्यमा कविता पौडेलका उपन्यासमा लैङ्गिकताको विश्लेषणका निम्ति सांस्कृतिक अध्ययन र त्यस अध्ययनमा प्रचलित शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन, प्रभुत्वजस्ता मान्यतालाई आधार बनाइएको छ । यी आधारहरूको चर्चा तलका उपशीर्षकमा गरिएको छ :

### २.३.१ शक्तिसम्बन्ध

शक्ति सत्तासँग सम्बन्धित अवधारणा हो । सत्ताका विविध रूपहरूभित्र शक्ति पनि विद्यमान रहन्छ । सत्ता र शक्तिसम्बन्धी विमर्शमा उत्तरसंरचनावादी चिन्तक मिसेल फुकोको विचार बढी प्रभावकारी देखिन्छ । शक्ति केवल राज्य, शासक वा माथिल्लो तहमा मात्र रहन्छ भन्ने मान्यताका विपरीत शक्तिले चेनका रूपमा काम गर्दैन । यसमाथि कहिल्यै पनि एउटा केन्द्रको एकाधिकार छैन/हुँदैन । यो जालोजस्तो सङ्गठनका माध्यमबाट प्रयोग गरिन्छ र उद्घाटित हुन्छ (पाण्डेय, २०७३, पृ. ७४) भन्ने धारणा अघि सारेका छन् । सत्ता शासक वर्गको स्वत्व होइन यो त शक्तिशाली र शक्तिहीनका बिचको असमान सन्धि हो । त्यसैले 'जहा सत्ता त्यहाँ प्रतिरोध हुन्छ' । (भट्टराई, २०७०, पृ. ३५७)

फुकोले मार्क्सवादको सत्तासम्बन्धी मान्यताको विरोध गर्दै शक्तिकै कारण समय समयमा शासक र विरोधीबिच मनमुटाव उत्पन्न हुने विचार राख्दछन् । शक्ति कुनै व्यक्तिलाई दबाउनका लागि नभई मानवीय सम्बन्धलाई बलियो बनाएर उत्पादनका क्षेत्रमा

प्रयोग गरिने विचार राख्दछन् । हरेक सहभागी उत्तिकै शक्तिशाली हुन्छ (पौडेल, २०७०, पृ. ९४) । यस विचारलाई हेर्दा एउटा सानो परिवारदेखि राष्ट्रिय, अन्तराष्ट्रिय परिवेशमा शक्तिको प्रभाव पर्दछ भन्ने प्रस्ट हुन्छ । शक्तिका कर्मकाण्डहरू राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक लगायत समाजका सबै क्षेत्रमा मात्र नफैलिएर विश्वव्यापी संसार, राष्ट्र र समाजदेखि लिएर परिवार र व्यक्तिका अन्तर्मनसम्म चलिरहेकै हुन्छ । (उप्रेती, २०६९, पृ. ४२

शक्ति केवल पुरुषमा मात्र नभएर महिलामा पनि रहेको हुन्छ । जहाँ महिलाको भूमिका निर्णायक हुन्छ त्यहाँ महिला शक्तिशाली हुन्छ । मार्क्सवादले शक्ति शासकमा रहेकाले त्यसको उपयोग गरी ऊ दबाउने र शोषण गर्ने कार्यमा लाग्ने मान्यता राख्ने बताएका छन् । शक्तिको अत्यास युद्ध वा राजनीतिमा मात्र सीमित हुँदैन । अफिस, स्कुल वा पारिवारिक एकाइभित्र पनि हुन्छ । पुरुषप्रधान समाजमा प्रायः गरी पिता अर्थ आर्जन गर्ने शक्ति भएकाले परिवारभित्रको 'आर्थिक' र 'राजनीतिक' शक्तिको बागडोर पनि प्रायः गरी घरको मूली अर्थात् पितासँगै हुन्छ (उप्रेती, २०६९, पृ. ४२) । निर्णायक तहमा हुने व्यक्ति नै शक्तिशाली हुने कुरा यस प्रसङ्गबाट थाहा हुन आउँछ । शक्ति विध्वंसक नभई सिर्जनशील पनि हुन्छ । नयाँ नयाँ ज्ञानको प्रतिपादन गर्दै व्यक्तिलाई आनन्दित तुल्याउँछ । यो केवल दमनकारी मात्र नभई सिर्जनशील पनि हुन्छ । शक्तिशाली भनिएकाबाट दबाइएकाहरू पनि उत्तिकै शक्तिशाली हुन्छन् भन्ने कुरालाई प्रस्ट पार्दै शक्तिको हिसाबले जापानको हिरोसीमामा परमाणु बमबाट मारिने मानिसहरूका बिचमा खास फरक नहुने (पौडेल, २०७०, पृ. ९४) बताउँछन् । फुकोले शक्ति समय, स्थान र परिस्थितिअनुसार परिवर्तन हुने कुरा बताएका छन् ।

फुकोको शक्तिसम्बन्धी धारणालाई हेर्दा हरेक व्यक्ति उत्तिकै शक्तिशाली हुने र यसको उद्देश्य दबाउने नभई नयाँ नयाँ कुराको उत्पादन गर्नु रहेको देखिन्छ । शक्तिको केन्द्रको रूपमा व्यक्ति, जाति, समुदाय, वर्ग र राष्ट्रसमेत रहेको पाइन्छ । यसरी हेर्दा व्यक्तिगत अन्तरसम्बन्ध, जातिगत अन्तरसम्बन्ध, समुदायगत अन्तरसम्बन्ध, लिङ्गगत अन्तरसम्बन्ध आदि विविध क्षेत्रका अन्तरसम्बन्धलाई शक्तिसम्बन्धका आधारमा कृतिको विश्लेषण गरिएको छ । यस शोधमा लिङ्गगत अन्तरसम्बन्धमा शक्तिको भूमिकाबारे अध्ययन गरिएको छ । लिङ्गगत सम्बन्धअन्तर्गत पुरुष र महिला, पुरुष र पुरुष र महिला र महिलाका

बिचमा रहेको सहकार्य र प्रतिस्पर्धामूलक सम्बन्धबारे अध्ययन गरिएको छ । शक्तिको वितरण लिङ्गगत आधारमा कसरी भएको छ भन्ने कुराको खोजी गर्ने काम लैङ्गिक अध्ययनमा गरिन्छ ।

### २.३.२ लैङ्गिक उत्पीडन

महिला वा पुरुष भएकै आधारमा उनीहरूमाथि दिइने शारीरिक र मानसिक पीडालाई लैङ्गिक उत्पीडन भनिन्छ । प्राचीन समयदेखि वर्तमान समयसम्म आइपुग्दासम्म महिलाहरू कुनै न कुनै रूपमा प्रताडित छन् । पुरुषको तुलनामा नारी जाति बढी उत्पीडनमा पर्नुका कारणहरूलाई चन्द्र भद्रा (२०६७, पृ. ३४-३७) ले यसरी उल्लेख गरेकी छन् :

(क) अछुतको रूपमा गरिने व्यवहार
(ख) मानवीय मूल्यको आधार
(ग) महिलामाथि पितृसत्तात्मक नियन्त्रण
(घ) हिँड्डुलमा नियन्त्रण
(ङ) श्रम तथा आयमा नियन्त्रण
(च) यौनिकतामा नियन्त्रण
(छ) पारिवारिक स्रोत, आर्थिक स्रोत तथा प्राकृति संसाधनमा नियन्त्रण
(झ) विचारधारा तथा विवेकमा नियन्त्रण

माथिका बुँदाहरूलाई हेर्दा महिलाहरू पछाडि पर्नुको कारण पितृसत्तात्मक सामाजिक संरचना देखिन्छ । आफूलाई शक्तिको केन्द्रमा कायम राख्न पुरुषले आफू अनुकूलका नीतिनियम तथा सांस्कृतिक मूल्यमान्यता निर्माण गरी महिलामाथि दमन र नियन्त्रण गरेको छ । कुनै पनि नीतिको निर्माण गर्दा महिला सहभागिता नहुनुले महिलाले पुरुषका आज्ञालाई मान्नुपर्ने बाध्यता छ । आर्थिक स्रोतमाथि प्रभुत्व जमाएर महिलालाई केवल आफ्नो सेवकका रूपमा मात्र पुरुषले हेरेको देखिन्छ । समयक्रमसँगै पुरुषहरू पनि महिलाद्वारा पीडित बन्ने घटना बढे पनि तुलनात्मक हिसाबले नारी वर्ग दमित र शोषित छन् ।

### २.३.३ प्रभुत्व

प्रभुत्वशाली वर्गले आफ्नो प्रभुत्वलाई वैधता कायम कसरी गर्छ भन्ने कुराको विश्लेषण गर्ने सन्दर्भमा आन्तोनियो ग्राम्सीले प्रभुत्वसम्बन्धी अवधारणालाई अगाडि सारेका छन् । विनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई वर्चस्व/प्रभुत्वले बाँधेको हुन्छ । त्यो त्यति बेला मात्र प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सृजना गरेर आर्थिक शक्ति प्राप्त गर्छन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा सामान्य/साझा मान्यताको विकास गरिन्छ (पाण्डेय, २०७३, पृ. ६४) भन्ने ग्राम्सीको मान्यतामा नागरिक समाजमाथिको आधिपत्य पुँजीवादी व्यवस्थाले नभई बौद्धिक र नैतिक नेतृत्वले गर्ने देखिन्छ । प्रभुत्वशाली वर्गले प्रभुत्व कायम राख्न शैक्षिक, धार्मिक र अन्य सामाजिक सङ्गठनमाथि नियन्त्रण गर्दछ । नागरिक समाजमाथि नियन्त्रण गर्नका लागि सङ्गठित बुद्धिजीवीहरूको ठूलो भूमिका रहन्छ । उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन् तर यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सम्झौता गरिन्छ र एउटा सामान्य साझा मान्यताको विकास गरिन्छ । प्रभुत्वशाली वर्गले आफ्नो वर्चस्वलाई कायम राख्न सहमति र बल प्रयोगको बाटोलाई प्रयोग गर्छ । (गिरी, २०७०, पृ. २३)

ग्राम्सीको अवधारणा सहमतिसँग सम्बन्धित छ । प्रभुत्वशाली वर्गले आफ्नो वर्चस्वको अक्षुण्णताका निम्ति वैधानिक रूपमै यस्तो सहमति निर्माण गर्छ जसलाई शासितहरू सहज, स्वाभाविक र वैध रूपमा लिन्छन् । उनीहरू जे गरिएको छ र जे गरिँदै छ त्यो हाम्रा निम्ति हो भन्ने ठान्छन् (उद्धृत, गिरी, २०७०, पृ. २३) । समाजमा आफ्नो प्रभुत्वलाई स्थायित्व दिनका लागि बल प्रयोगबाट मात्र सम्भव नहुने भएपछि बुर्जुवा वर्गले जनताबाट सहमति लिन चाहन्छ । एकतर्फी रूपमा निर्माण गरिएको शासन व्यवस्थालाई टिकाउन र लागु गर्न असम्भव देख्दछ । शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र खास गरी तल्लो वर्गलाई नियन्त्रण गर्न ट्रेड युनियनको विकास, संस्कृति र मूल्यमान्यतामार्फत काम गर्छ । उसले बौद्धिक वर्गको समर्थन जुटाई यसकै माध्यमबाट आफ्नो शासन व्यवस्था र विचारधारा पुष्टि गर्ने आधार तयार पार्छ र वर्गीय दमनलाई प्रभावकारी र स्थिर बनाउँछ । यसको सम्प्रेषणका लागि सञ्चार माध्यम, धार्मिक स्थल वा धर्म गुरुहरू, विद्यालय र परिवालाई उपयोग गर्दछ । आफ्नो विचारधारालाई साझा

धाराणाका रूपमा स्थापित गर्न लागि पर्छन् । बुद्धिजीवीहरू उत्पादन, सांस्कृतिक, राजनीतिक र प्रशासनिक गतिविधिसँग सम्बन्धित भएकाले प्रभुत्वशाली वर्गलाई श्रमिक वर्गमाथि आफ्नो आधिपत्य कायम गर्न सहयोग पुग्दछ । सत्तानिकटका बुद्धिजीवी, नागरिकसमाज र प्रतिनिधित्वले कस्तो विश्वास सिर्जना गर्छन् भने मानौँ राज्य तटस्थ छ, दमनकारी छैन । परिस्थितिहरू सहज, सामान्य र स्वाभाविक छन् । जे भइरहेको छ, सब ठीक छ भनेर तिनले एक प्रकारको कन्भिन्स गर्छन् । (पाण्डेय, २०७०, पृ. १७९)

प्रभुत्वसम्बन्धी अवधारणा सांस्कृतिक अध्ययनको मत्त्वपूर्ण पक्ष हो । यसलाई उत्तर औपनिवेशिक, नारीवादी तथा समलैङ्गिक समालोचकले समेत प्रयोग गरेका छन् (उप्रेती, २०६८, पृ. १७२) । परिवार तथा समाजमा पितृसत्ताले आफ्नो प्रभुत्वलाई निरन्तरता दिई स्थायित्व प्रदान गर्न पाप, धर्म नैतिकता, अनुशासनजस्ता नियमहरू बनाई कानुनका रूपमा लागु गरेर प्रभुत्वलाई वैधानिक बनाउँछ । यस किसिमका नियम कानुनबाट नै लैङ्गिक विभेदको जन्म हुन्छ ।

## २.४ निष्कर्ष

सांस्कृतिक अध्ययनको एक पाटोका रूपमा रहेको लैङ्गिक अध्ययन नारीकेन्द्री अध्ययन पद्धति भए पनि कृतिको विश्लेषण पुरुषवादी मान्यताका आधारमा पनि गर्दछ । कृतिभित्र पुरुष र महिला, पुरुष र पुरुष तथा महिला र महिलाबिचको सम्बन्धको खोजी गर्दछ । खास गरी कृतिमा उपस्थित पात्रहरूको भूमिकामा समानता छ कि छैन ? विभेदको अवस्था कस्तो छ र र त्यो कसरी निर्माण भयो ? विभेदयुक्त सामाजिक संरचनामा पात्रहरूले कसरी प्रतिरोध गरेका छन् ? भन्ने विषयमा केन्द्रित रहन्छ । त्यसका लागि नारीवादी र पुरुषवादी सिद्धान्तको उपयोग गरिन्छ । समाजमा विद्यमान लिङ्गका आधामा गरिने सबै प्रकारका विभेदकारी चिन्तन र विचारधाराको विरोध गरी समतामूलक समाज निर्माणको अपेक्षा लैङ्गिक अध्ययनले गर्दछ । पितृसत्तात्मक सामन्ती सोच र उग्र नारीवादी धारणा दुवैको विरोध गर्दछ । लैङ्गिक उत्पीडन र लैङ्गिक स्वतन्त्रताको खोजी गर्दछ । हरेक क्षेत्रमा नारी र पुरुषको समान सहभागिता र पहुँच हुनुपर्ने विषलाई जोड दिनु लैङ्गिक अध्ययनको मूल विषय हो ।

कुनै पनि कृतिको विश्लेषण पद्धति समान किसिमको हुँदैन । यसमा विविध पद्धतिको मिश्रण गरी कृतिको विश्लेषण गरिन्छ । लैङ्गिकताका कोणबाट कृतिको अध्ययन विश्लेषण गर्दा समाजमा प्रचलित धार्मिक तथा सामाजिक मूल्यमान्यतालाई केन्द्रमा राखेर तिनका कारणले नारी र पुरुषले भोग्नुपरेको लैङ्गिक उत्पीडन, प्रतिरोध र उनीहरू बिचको शक्तिसम्बन्धको अवस्थाबारे खोजी गरिन्छ । यसका लागि मार्क्सवाद, प्रभुत्व, शक्तिसम्बन्ध, नारीवाद, पुरुषवाद, विचारधारा आदिको उपयोग गरिन्छ । कविता पौडेलका उपन्यासमा पनि यिनै सैद्धान्तिक मान्यताको उपयोग गरी उपन्यास लेखनको अवधिमा रहेको सामाजिक सांस्कृतिक परिवेश कस्तो छ ? तत्कालीन समयमा पुरुष र महिलाबिचको शक्तिसम्बन्धको अवस्था कस्तो छ ? पुरुष र महिलाले कसरी र कस्तो उत्पीडन भोगेका छन् ? प्रतिरोधको अवस्था कस्तो छ ? लैङ्गिक प्रभुत्व कसरी कायम भएको छ ? भन्ने कुराको खोजी यस शोधप्रबन्धमा गरिएको छ ।

# तेस्रो परिच्छेद

# कविता पौडेलका उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

## ३.१ विषय प्रवेश

कविता पौडेलद्वारा लिखित *बालचीत्कार* (२०६२), *हीरा* (२०६३), *सीमावारि सीमापारि* (२०७०), *छोरीको चिठी* (२०७०) र *छाउपडी* (२०७१) गरी पाँचवटा उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ । लैङ्गिक शक्तिसम्बन्ध भन्नाले महिला र पुरुष, पुरुष र पुरुष र महिला र महिला बिचको शक्तिको मापन हो । कविता पौडेलका उपन्यासमा चित्रित तत्कालीन समयको पारिवारिक तथा समाजिक संरचनाभित्रको शक्तिसम्बन्धको अध्ययन गरिएको छ । ती उपन्यासभित्र परिवार तथा समाजमा महिला वा पुरुषमध्ये शक्तिको केन्द्रमा को कसरी रहेको छ ? पारिवारिक तथा सामाजिक निर्णयमा कसको प्रभाव छ ?  आर्थिक शक्ति कसमा सीमित छ ? र केन्द्रमा रहेको शक्ति र परिधिमा रहेको शक्तिबिचमा सम्बन्ध कसरी निर्माण भएको छ  ? शक्तिका लागि प्रतिरोधको अवस्था कस्तो छ ? भन्ने कुराको खोजी यस परिच्छेदमा गरिएको छ । यसै पच्छिेदमा पाँचवटा उपन्यासलाई उपशीर्षक दिएर लैङ्गिक शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ ।

## ३.२ *बालचीत्कार* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

*बालचीत्कार* उपन्यास नेपाली समाजमा विद्यमान रहेका नारी बेचबिखन, वेश्यावृत्ति, दाइजो प्रथा, महिला हिंसा, बालविधवा, बालविवाहजस्ता विषयमा केन्द्रित छ । यी मान्यतालाई निरन्तरता दिन चाहने परम्परावादी र ती मान्यतालाई जरैदेखि उखेलेर समन्याय स्थापना गर्न खोज्ने परिवर्तनकारीबिच शक्तिलाई लिएर द्वन्द्व चर्किएको छ । आर्थिक तथा पारिवारिक  भूमिकालाई लिएर खास गरी पुरुष र महिला र महिला र महिला बिच लैङ्गिक शक्ति सङ्घर्ष भएको छ । जसलाई तल चर्चा गरिएको छ ।

### ३.२.१ महिला र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध

कविता पौडेलद्वारा लिखित *बालचीत्कार* उपन्यासमा महिला र पुरुषका बिच शक्ति सङ्घर्ष भएको छ । पुरुष शक्तिको प्रतिनिधित्व गर्ने प्रमुख पात्रहरूका रूपमा जेठा बा, वरुण,

रेखा (टुल्की) का जेठाजु, कृष्णप्रसाद, सन्तराम काका, रामबहादुर काका, विनोद काका, विनोदका काका, रवीन्द्र अग्रवाल, कुमार हरिजन, ज्योति शुक्ला र रवीन्द्र कार्कीले गरेका छन् भने महिला शक्तिको प्रमुख प्रतिनिधित्व जेठी आमा, रेखा, रेखाकी सौतिनी दिदी, रेखाकी माइली आमा, रेखाकी जेठानी, सन्तराम काकाकी पत्नी, विनोदकी काकी, रामबहादुरकी पत्नी, पुतली (विनोदकी पत्नी), पुष्पा रौनियार, मीरा (दीपा), दीपाकी सासू, विमला बाई र खिमा काफ्लेले गरेका छन् । *बालचीत्कार* उपन्यासलाई यिनै प्रतिनिधि पात्रहरूका आधारमा महिला र पुरुषबिचको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

पितृसत्तात्मक सामाजिक संरचनाका कारण *बालचीत्कार* उपन्यासका नारी पात्रहरू कुनै न कुनै रूपमा पुरुषबाट दबाइएका छन् । आर्थिक शक्तिको केन्द्रमा नरहे पनि पारिवारिक निर्णयको भूमिकामा जेठी आमा मात्र देखिएकी छन् तर अन्य महिला पात्रहरू कुनै पनि शक्तिको केन्द्रमा रहेर आफ्नो प्रभुत्व कायम राख्न सफल देखिँदैनन् । आमाबाबु विहीन भई असहाय बनेको बरुणले "त्यस परिवारको सम्पत्ति प्रशस्तै थियो तर जेठाबाले कब्जा गरेका थिए" (पौडेल, २०७२, पृ. २) भनी जेठाबा र जेठीआमाको शक्तिबारे गरेको टिप्पणीबाट आर्थिक स्रोतमाथि पुरुषको नियन्त्रण छ भन्ने प्रस्ट हुन्छ । त्यसै गरी रेखाको विवाहलाई लिएर जेठाबा र जेठीआमाबिच वैचारिक द्वन्द्व सिर्जना भएको र अन्तमा पारिवारिक निर्णयको भूमिकामा जेठी आमा रहेको तथ्यबारे बरुणले प्रस्ट पार्दै भन्छ - "सकेसम्म कन्ने केटालाई दिने हो तर घरमा भने जेठी आमाको अरन खटन चल्थ्यो ।" (पृ. १३)

आफ्नो शक्ति प्रदर्शन गर्न खोजे पनि जेठी आमा पितृसत्तात्मक मानसिकताबाट सञ्चालित छन् । महिलालाई दोस्रो दर्जाको रूपमा राखेको समाजले छोरीलाई आत्मनिर्भर र शिक्षित बनाउनतर्फ नलागी कलिलै उमेरमा विवाह गराएर एक किसिमको तनावबाट मुक्त हुन खोजेको देखिन्छ । शिक्षित र इमानदारभन्दा पनि आर्थिक रूपमा सम्पन्न पुरुषसित छोरीको विवाह गराई अभिभावकीय दायित्व पूर्ण भएको सम्झने जेठाबा र जेठीआमाजस्ता पात्रहरूले पितृसत्तालाई सञ्चालन गरेका छन् । कलिलै उमेरमा वृद्धसँग विवाह गराइएकै कारण विधवा बनेकी माइली आमामा पनि लैङ्गिक सचेतना पाइँदैन । बरु सन्तानविहीन वृद्ध मावली दाइसँग एघार वर्षकी रेखाको विवाह गराउन कस्सिएकी छन् । "पितृसत्तालाई समाजमा यसरी संस्थागत गरिएको हुन्छ कि दमन गर्ने स्वयम्लाई पनि बोध नहुन सक्छ

(पौडेल, २०५९ पृ. ७) भन्ने मान्यता अनुरूप माहिली आमा र जेठी आमाले पितृसत्तालाई स्वाभाविक र जायजका रूपमा लिएका छन् । उनीहरूले रेखामाथि हामीले दमन गर्दै छौँ भन्ने बोध गर्न सकेको देखिँदैन ।

*बालचीत्कार* उपन्यासमा आर्थिक शक्ति पुरुषमा मात्र सीमित छ । पति जीवित होउञ्जेल आर्थिक स्रोतमाथि अधिकार दिएको देखिँदैन । पतिमाथिको परनिर्भरताले नै पतिका आज्ञा र निर्णयलाई विनाप्रतिवाद मान्नुपर्छ भन्ने पुरुषवादी सोच नारी र पुरुष दुबैमा देखिन्छ । शक्तिको बागडोर पुरुषमा सीमित रहेको कुरालाई "मैले तँलाई यहाँ ल्याएँ, दस कक्षासम्म पढाएँ । अहिले मैयासाहेब भएकी छस् । मैले तँलाई के न नपुग्दो गरेको छु र, सबैथोक पुऱ्याएकै छु । खुरुक्क यिनलाई राम्रोसित राख्" (पृ.२४) भन्ने सन्तराम काकाले पत्नीलाई अरुणको सेवा गर्न दिएको निर्देशनात्मक अभिव्यक्तिले पुष्ट्याइँ गर्दछ । पालनपोषण र पढाएकै आधारमा आफ्ना सर्तहरू पालना गर्नुपर्छ भन्ने सोचाइ सन्तराम काकामा छ । अर्को उसले प्रयोग गरेको निम्न आदरको भाषाका माध्यबाट पनि पुरुषबाट महिला दमित छन् भन्ने थाहा हुन्छ । पहिचान र व्यक्तित्व विकासमा महिलाहरू पुरुषमाथि निर्भर रहनुपर्ने भएकाले पनि उनीहरू शक्तिका हिसाबले कमजोर बन्न पुगेका छन् । आफ्नो प्रभुत्वलाई निरन्तरता र स्थायित्व कायम राख्न महिलालाई आर्थिक तथा पारिवारिक निर्णायक भूमिका दिन पुरुषहरू हिच्किचाएको देखिन्छ । अर्कोतर्फ आफूलाई पाल्ने र रेखदेख गर्ने दायित्व पुरुषको हो भन्ने मानसिकताका महिला पात्रहरूमा आत्मनिर्भर भएर पुरुषको एकलौटी शासन सत्तालाई ढालेर नारी सत्ताको स्थापना गर्ने प्रयास गरेको देखिँदैन ।

कामवासनाका निम्ति आफ्नै बुहारीहरूमाथि आक्रमणको प्रयास गर्ने रेखाका जेठाजुजस्ता पुरुष पात्रले नारीलाई शक्तिहीन ठानेका छन् । पुतलीजस्ता महिलाको अस्मिता लुटेर आफ्नो स्वाभिमान बढाउन खोज्ने विनोदका काका, दाइजो प्रथालाई हतियार बनाई पत्नीमाथि दमन र शोषण गर्ने हरिजन र रवीन्द जस्ता दुष्चरित्रका व्यक्तिहरू पुरुष शक्तिको वर्चस्व कायम गर्ने कसरतमा छन् । आफूमाथि अत्याचार हुँदा पनि दीपा, पुष्पाजस्ता नारीले पितृसत्तात्मक सामाजिक संरचनालाई भत्काएर नारी सत्ताको स्थापना गर्ने आँट गरेको देखिँदैन बरु पतिका निर्देशनबमोजिम अगाडि बढेका छन् । पुरुषकै खुसी र सन्तुष्टिका लागि उनीहरूका मागलाई पूरा गर्नमा तत्परता देखाएबाट शक्तिको तहमा पुरुष रहेको प्रस्ट हुन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनाको धारमा टेकेर समाजमा आफ्ना गल्तीलाई छोपी निर्दोष महिलालाई फसाउन खोज्ने रेखाका जेठाजु, विनोदका काका, कृष्णेजस्ता पुरुष पात्रहरूकै कारण महिलाले आर्थिक तथा निर्णायक भूमिकाको जिम्मेवारी प्राप्त गर्न सकेको देखिँदैन । पुरुषलाई दोषी ठहऱ्याएर दण्डित गर्न प्रमाणको आवश्यकता पर्ने तर रेखा र रेखाकी जेठानीजस्ता निर्दोष नारीलाई विनाप्रमाण शङ्का र अनुमानकै आधारमा दण्डित गर्न खोज्नुले पनि शक्तिका तहमा महिला कमजोर देखिएको प्रस्ट हुन्छ ।

पल्टनबाट अवकाश प्राप्त रामबहादुर काका आर्थिक शक्तिको केन्द्रमा छन् । आफू दिनभर जाँड खाएर आराम र मोजमस्ती गर्ने रामबहादुरजस्ता पुरुषले घरमा आएका पाहुनाको स्वागत सत्कारदेखि लिएर घरायसी कामको जिम्मेवारी पत्नीमाथि थोपरेका छन् । यति हुँदा हुदै पनि महिलालाई शासन सत्ता हस्तान्तरण गर्न चाहँदैनन् भने नारी वर्ग पनि यसका लागि आवाज उठाउन हिम्मत गरेको देखिँदैन । घरमा अतिथिका रूपमा आएका वरुणलाई जाँड खान प्रेरित गर्ने रामबहादुरको विचारप्रति पत्नीले असहमति जनाउँदै ब्राह्मण जातिले जाँड खान नहुने र जातभातको मान्यता विदेशमा नरहे पनि यहाँ मेट्न नहुने बताउँछिन् । पितृसत्ताले निर्माण गरेको जातीय मान्यतालाई स्वाभाविक मानेबाट पनि महिला पुरुषकै शक्तिद्वारा सञ्चालित छन् भन्ने देखिन्छ ।

*बालचित्कार* उपन्यासमा महिला जाति सीमान्तकृत हुनुको प्रमुख कारण पितृसत्तात्मक सामाजिक संरचना हो । विनोदका काकाजस्ता पुरुषले सम्पूर्ण जग्गा जमिनमाथि एकछत्र राज गरी पत्नीलाई शक्तिविहीन बनाएका छन् । पतिमाथि पूर्ण रूपमा आश्रित विनोदकी काकी श्रीमान्‌ले जतिसुकै अत्याचार र दमन गरे पनि, परस्त्रीसँग अवैध सम्बन्ध राखे पनि छुट्टिएर एक्लै बस्न सक्ने हिम्मत गरेकी छैनन् । पतिले पुतलीसित अवैध राखेकोमा प्रतिवाद गर्दा कुटाइ खाए पनि कानुनी रूपमा दण्डित गर्न असमर्थ छिन् । आफू परस्त्रीसँग अवैध सम्बन्ध राख्ने तर पत्नीमाथि अबैध सम्बन्धको आरोप लगाएर आक्रमण गर्ने विनोदका काका सामन्ती सोच भएका पुरुष पात्र हुन् । आफू पुरुष भएकाले पत्नी आफ्नो निर्देशनमा चल्नुपर्छ भन्ने मानसिकता उसमा देखिन्छ ।

*बालचीत्कार* उपन्यासलाई हेर्दा पितृसत्तात्मक समाजको संरचना र त्यस समाजमा कानुनको तर्जुमा पुरुषहरूले मात्र गरेका छैनन्, त्यसमा नारीहरूको पनि सहभागिता छ । कैयौँ नारीहरू पितृसत्ताका मान्यताहरूलाई अन्तरीकरण गरी त्यसैअनुरूप बाँच्दै र बोल्दै

आएका छन् (उप्रेती, २०६८, पृ. १७३) भन्ने नारीवादी मान्यताअनुसार यस उपन्यासमा ज्योति शुक्लाकी छोरीले बाहेक अन्य नारी पात्रले पितृसत्ताको सिद्धान्तलाई कुनै न कुनै रूपमा स्वीकार गर्दै आएका छन् । ग्राम्सीको मान्यताका आधारमा भन्दा उनीहरू पितृसत्तात्मक सोचबाट हेजोमोनाइज्ड छन् । रेखा, खिमा, दीपा, पुष्पाजस्ता नारी पात्रले आफ्नो अस्मिता पुरुषबाट लुटाएका छन् तर त्यसका विरुद्धमा आवाज उठाएर दोषीलाई दण्डित गर्न सकेका छैनन् । सामाजिक त्रासका कारण यस्ता घटनालाई लुकाएर पुरुषलाई नारीमाथि दमन थप प्रेरित गरेको देखिन्छ । रेखाका जेठाजु, विनोदका काकाजस्ता पुरुषहरूले आर्थिक स्रोतमाथि नियन्त्रण जमाई शक्ति र सत्ता आफूमा सीमित पारेका छन् । दाजुभाइबिच अंशवण्डा गर्न र सामाजिक घटनालाई साम्य पार्न नारीवर्गले पुरुषकै निर्णलाई स्वीकार गर्नुपर्ने विवशता छ ।

हरेक समस्याको समाधानकर्ता पुरुष हो भन्ने मानसिकता महिलामा पनि देखिन्छ । पुरुषको इच्छाबमोजिम सन्तान जन्माउन, यौन चाहना पूरा गर्न र स्याहारसुसार गर्न समाजले पुरुषलाई बहुविवाह गर्न स्वीकृति मात्र दिएको छैन प्रेरित पनि गरेको छ तर कलिलै उमेरमा विधवा बनेका रेखा, रेखाकी सौतिनी दिदी र माइली आमालाई जीवनभर विधवा बनाई उनीहरूका चाहनाहरूलाई पितृसत्ताले बन्धक बनाएको छ ।

रेखालाई सन्तान जन्माउनकै लागि सानै उमेरमा विवाह गरिदिएको पितृसत्ताले पुरुषलाई उसको आवश्यकताका लागि बहुविवाह गर्ने छुट दिएको छ तर बैँसालु उमेरमै वैधव्य जीवन बिताएका महिलालाई दोस्रो विवाह गर्न रोक लगाएको छ । रेखा, उसकी सौतिनी दिदी र माइली आमाका अन्तस्करणमा रहेका अनेक इच्छालाई पुरुषले दबाएर राख्न भने पनि विद्रोह गर्न सकेको देखिँदैन । यता आमाबाबुले विवाहमा दिएको दाइजोमा समेत दीपा र पुष्पाले उपभोग गर्न पाएका छैनन् । आफ्नो प्रभुत्व कायम राख्न आर्थिक शक्ति आफूमा सीमित पारी पत्नीलाई दबाएरै राख्नुपर्छ भन्ने सामन्तवादी सोच पुरुष पात्रमा देखिन्छ । महिला पुरुष शक्तिद्वारा निर्देशित रहेको कुरालाई “बाआमाले बिहेमा प्रशस्त दाइजो दिएकै थिए । तैपनि नपुगेर पापीहरूले माइतमा पैसा माग्न पठाउन थाले” (पृ. ७४) भन्ने कुराले थप पुष्टि गर्दछ । यस प्रसङ्गलाई हेर्दा पुरुषले नारीका लागि नभई आफ्नो भोगका निम्ति पैसाको माग गरेको देखिन्छ । अर्कोतर्फ छोरी मात्र नभई सम्पत्तिको पनि माग गरेको पुरुषले नारीवर्गको अवमूल्यन गरेको छ । आफू अनुकूल सामाजिक संरचनाको निर्माण गरेर

महिलालाई अधिकार र भूमिकाविहीन बनाएको छ । महिलालाई शक्तिहीन बनाउन आर्थिक स्रोतमा पुरुषमाथि निर्भर रहन बाध्य पारिएको छ ।

पतिको खुसीका निम्ति दीपा र पुष्पाको बिहेमा पतिले मागेबमोजिम प्रशस्त धनसम्पत्ति दाइजोका रूपमा दिइएको छ तर त्यसलाई पुरुषको निजी सम्पत्तिका रूपमा उपभोग गरिएको छ । पतिबाट दमित र प्रताडित हुनुको प्रमुख कारण दीपा र पुष्पालाई आर्थिक तथा निर्णायक अधिकार नदिइनु हो । सम्पत्तिमा समान अधिकार हुने भए पनि कुनै पनि महिलाले पुरुषमा सीमित पारिएको सम्पत्तिमाथि दाबी गरेर उपभोग गर्न सकेका छैनन् । श्रीमान्को निर्देशनअनुसार थप धनसम्पत्ति माग गर्न माइत गएका पुष्पा र दीपाले श्रीमान्ले जसरी आफ्नो अधिकारका लागि आवाज उठाउन सकेका छैनन् । अझ भन्नुपर्दा यस उपन्यासका कुनै पनि महिलाले पुरुषको एकतन्त्रीय शासनसत्ता, एक पक्षीय आर्थिक नियन्त्रण र एकल निर्णयका विरुद्धमा जोडतोडका साथ प्रतिवाद गर्न नसकेबाट पनि नारी शक्तिका हिसाबले कमजोर देखिन्छन् ।

छोरीका निजी आकाङ्क्षामाथि हस्तक्षेप गरेर आफ्नै निर्णयबमोजिम छोरीको विवाह गर्न तम्सने ज्योति शुक्लाजस्ता सामन्तवादी पुरुषले महिलालाई निर्णायक भूमिका दिन नचाहेको र नदिएको कुरालाई “सुरुसुरुमा ममा पनि त्यस्तै सामन्ती पारा थियो । छोरी काठमाडौँमा बी.ए. मा पढ्दै थिई । छोरीलाई नसोधी गोरखपुरको ठूलो सेठको छोरालाई दिने पक्कापक्की गरेर छोरीलाई घर बोलायौँ (पृ.८९)” भन्ने कथांशले पुष्टि गर्दछ । फुकोको शक्तिको समग्र रणनीति, त्यसको अभिजात आधिपत्यदेखि पर थुप्रै स्थानीय स्तरका केन्द्र/तह मेकानिज्महरूबाट पनि प्रवाहित भइरहेको हुन्छ (पाण्डेय, २०७३, पृ. ७५) भन्ने मान्यताअनुरूप ज्योति शुक्लाकी छोरी दुर्गाले बाबुको एकल निर्णको प्रतिवाद गरी विवाहको योजनालाई विफल पारेर शक्ति प्रदर्शन गर्न खोजेको कुरालाई “तपाईँहरू फर्केर जानुस् यो बिहे हुन सक्दैन । यो दुलाहा मलाई होइन धनसम्पत्ति लिन आएको हो । यस्तासित म विवाह गर्दिनँ” (पौडेल, पृ.९०) भन्ने अंशले प्रस्ट पार्दछ । यस प्रसङ्गलाई हेर्दा लैङ्गिक चेतनाकै कारण दुर्गाले प्रतिवाद गरेको देखिन्छ । पितृसत्ताको एकल निर्णयको मान्यतालाई भत्काउन खोजेबाट दुर्गा नयाँ शक्तिका रूपमा उदाउन खोजेकी छ ।

*बालचीत्कार* उपन्यासलाई महिला र पुरुषबिचको शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा नारीमाथि पुरुषको नियन्त्रण देखिन्छ । पितृसत्ताले निर्माण गरेको सामाजिक

मान्यतालाई महिलाको विचारधारामा परिवर्तन गराई सत्यका रूपमा स्थापित गर्न पुरुष सफल भएका छन् । पुरुषहरूले जुन किसिमको मान्यताको निर्माण गरेका छन् त्यसलाई महिलाहरू स्वाभाविक र जायजका रूपमा लिएका छन् । सम्पूर्ण शक्तिको लगाम समातेर महिलालाई पुरुषले डोऱ्याएको छ । रेखा, खिमा, माइली आमाजस्ता नारीलाई कलिलै उमेरमा वृद्धसँग विवाह गराई विधवा बनाउँदा समेत पितृसत्ताको विरोध गर्न सकेको देखिँदैन । यता पुष्पा र दीपाजस्ता नारीलाई रवीन्द्र र कुमारले सारा सम्पत्ति आफूमा सीमित गरी पत्नीमाथि नियन्त्रण जमाएका छन् भने रेखाकी सासूले पतिको मृत्युपश्चात् मात्र सम्पत्तिमाथि अधिकार पाएकी छन् । कुनै पनि नारीले पितृसत्तात्मक मान्यतालाई भत्काएर नारीलाई आर्थिक तथा निर्णायक शक्ति दिलाउन सफल भएको देखिँदैन । पुरुषको आर्थिक स्रोतमाथि निर्भर रहेर पुरुषको निर्देशनबमोजिम नारी सञ्चालित छन् । दुर्गाजस्ता नारी पात्रले पुरुषवादी सामाजिक संरचनालाई भत्काउने प्रयास गरे पनि अरू नारी पात्रहरूले प्रतिरोध गरेको देखिँदैन । समग्रतामा हेर्दा शक्तिको केन्द्रमा पुरुष र शक्तिको परिधिमा नारी रहेका छन् ।

### ३.२.२ महिला र महिलाबिचको लैङ्गिक शक्तिसम्बन्ध

*बालचीत्कार* उपन्यासमा महिला र महिलाका बिचमा पनि शक्ति सङ्घर्ष भएको छ । आर्थिक तथा पारिवारिक निर्णयको भूमिकालाई लिएर सासू र बुहारी र जेठीकान्छी (सौता सौता) बिच द्वन्द्व सिर्जना भएको छ । यिनीहरूका बिचको शक्तिसम्बन्धलाई तल विश्लेषण गरिएको छ ।

#### ३.२.२.१ सासू र बुहारीबिचको लैङ्गिक शक्तिसम्बन्ध

*बालचीत्कार* उपन्यासमा पारिवारिक निर्णय प्रक्रिया र आर्थिक पक्षलाई लिएर सासू र बुहारीबिच सङ्घर्ष भएको छ । शक्ति प्राप्तिका लागि एक अर्कामा वैमनश्यताको स्थिति सिर्जना भएको छ भने परिवारमा प्रभुत्व प्रतिस्थापनका निम्ति आदर्श विचारधारा र शारीरिक बल दुवैको उपयोग गरिएको छ । शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा को कसरी शक्तिको केन्द्रमा छ, को कसरी शक्तिको परिधिमा छ र प्रतिरोधको अवस्था कस्तो छ भन्ने कुराको खोजी गरिएको छ । बुहारी र सासूका रूपमा रेखा (टुल्की) र उनकी सासू (नाम नभएको), रेखाकी सौता (नाम नभएको) र सासू, अनि मीरा र उनकी सासू (नाम

नभएको) रहेका छन् । यिनै पात्रहरूका आधारमा सासू र बुहारीबिचको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

रेखाकी सासू नरम स्वभाव भएकी आदर्श नारी पात्र हुन् । तर बुहारीले आफूमाथि गरेको अपमान र दुर्व्यवहारका कारण समय समयमा उग्र भएर शक्ति प्रदर्शन गरेको देखिन्छ । विनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई वर्चस्व वा प्रभुत्वले बाँधेको हुन्छ भन्ने फुकोको मान्यताअनुसार सासूको आदर्श विचार र व्यवहारबाट बुहारीहरू सासूद्वारा नियन्त्रित छन् । पतिको मृत्युपश्चात् आर्थिक तथा पारिवारिक निर्णयको भूमिकामा रहेकी रेखाकी सासूमा दमनात्मक स्वभाव देखिँदैन । आफूले भोगेको दमन र प्रभुत्वलाई कायम गर्न धेरैजसो सासूहरू शक्तिलाई शोषणका रूपमा प्रयोग गर्छन् तर रेखाकी सासू आर्थिक शक्ति आफूमा मात्र सीमित नगरी बुहारीहरूलाई बाँडेर बुहारी र सासू बिचको सम्बन्धलाई सुमधुर बनाउने प्रयास गरेकी छ । रेखाप्रति प्रतिशोध साँध्न सौताले लोग्नेको जुठो खान दिँदा ऊप्रति विशेष सहानुभूति राखेको कुरालाई “कान्छीलाई जुठो खान नदेओ है । त्यसलाई रोग सर्ला (पृ.१४)” भन्ने सासूको भनाइले पनि प्रस्ट पार्दछ ।

पितृसत्ताले बुहारीमाथि गर्ने दमनात्मक मान्यताको विरोध सासूले व्यवहारका माध्यमबाट देखाएकी छन् । उसले परिवारमा शक्ति प्रदर्शनका लागि जुन किसिमको विचार र व्यवहारको उपयोग गरेकी छ त्यो दमन र शोषणका लागि नभई सम्बन्धमा सौहार्दता निर्माणका लागि प्रयोग भएको कुरालाई “सासूले मेरो हात च्याप्प समातेर भित्र लगी बसाल्नुभयो । अनि मायालु पाराले मसारमुसुर पार्नुभयो (पृ.१६)” भन्ने रेखाको विचारले प्रस्ट हुन्छ । यसरी बुहारीहरूको चरित्र, स्वभाव र व्यवहारजस्तोसुकै नीच भए पनि सासू उग्र बनेर दमनमा उत्रिएकी छैनन् बरु उनीहरूलाई आदर्शवान् बनाउने प्रयत्न गरेकी छन् भन्ने थाहा हुन्छ ।

दुई बुहारीहरूले रेखा र आफूमाथि रुखो व्यवहार गर्नुका साथै बिरामी अवस्थामा समेत बेवास्ता गरेपछि आफ्नो स्वामित्वमा रहेको जग्गाजमिन बराबर भाग लगाई बाँडेकी छन् । जस्तोसुकै व्यवहार गरे पनि सबै बुहारीहरू समान हुन् र खराब छन् भने तिनलाई सच्याउने प्रयास गर्नुपर्छ भन्ने मानसिकता सासूमा देखिन्छ । रेखाकी सौता र जेठानीले वृद्ध र रोगी भएको अवस्थामा समेत सेवा गर्नुको साटो तथानाम गाली गर्दै धम्की दिँदै सारा शक्ति आफूमा सीमित गरेर एकल सत्ता सञ्चालन गर्ने प्रयत्न गरेको कुरालाई “किन जान्ने

हुनुपरेको तिमी बूढीलाई । अहिले घुचेटेर तगालो कटाइदिम्ला नि (पृ. १६)" भन्ने जेठी बुहारीले सासूलाई गर्ने गरेको व्यवहारबारे रेखाले व्यक्त गरेको भनाइबाट प्रस्ट हुन्छ । शारीरिक शक्तिकै भरमा सासूमा भयको अवस्था सिर्जना गरी शासन सत्ता सञ्चालन गर्न खोजे पनि वर्चस्व कायम गर्न असफल बनेकी छ । कुनै न कुनै रूपमा सासूकै निर्देशनमा बुहारीहरू सञ्चालित छन् ।

जेठी बुहारी उग्र र दमनात्मक प्रवृत्तिकी पात्र हो । श्रीमान्सँग मिलेर सम्पूर्ण जायजेथामा आफ्नो प्रभुत्व कायम गर्न खोजे पनि असफल भएकी छ । वृद्ध र रोगी सासूलाई धम्की र असहयोग गरेरै जेठी बुहारीले शक्ति प्रदर्शन गर्न खोजेकी छ । समाजले नाता र उमेर दुवै हिसाबले सासूलाई बुहारीलाई भन्दा बढी भूमिका, सम्मान र अधिकार दिएकै कारण जेठी बुहारीले सासूलाई दबाउन सकेको देखिँदैन । पितृसत्तात्मक सामाजिक मान्यता अनुसार रेखा आदर्श बुहारी बन्ने होडमा छे । दुई बुहारीको अपमान, असहयोग र धम्कीकै कारण सासू अंशवण्डा गरेर रेखासँग बसेकी छन् । उक्त अंशबण्डा सासूकै निर्णयअनुसार भाग लगाइएको छ । उनको निर्णयलाई कुनै पनि बुहारीले हस्तक्षेप गरेर आफूलाई निर्णायक तहमा उभ्याउन नसकेको कुरा घरलाई सासूकै निर्देशन र निर्णयबमोजिम आधा आधा भाग लगाएर बाँड्न दिएको निर्देशनबाट प्रस्ट हुन्छ । फुटेर नभई जुटेर अगाडि बढ्नुपर्छ र यसबाट सबैको कल्याण हुन्छ भन्ने मेलमिलापको नीति सासूले अँगालेको देखिन्छ ।

कुनै पनि बुहारीप्रति असमान व्यवहार नगर्ने रेखाकी सासू अनपढ भएर पनि बुद्धि र विवेकको प्रयोग गरी आफूलाई शक्ति तहमा उभ्याउन सफल भएकी छन् । आफ्नो कर्तव्यलाई इमानदारीपूर्वक निर्वाह गरेकोमा रेखाप्रति सासूको माया र सहानुभूति बढी देखिन्छ । पहिला सासू र रेखाप्रति अभद्र व्यवहार गर्ने सौता दिदीको व्यवहारमा परिवर्तन आएको छ । सासूको आदर्शवादी विचार र व्यवहारबाट प्रभावित भई रेखाकी सौताले सासूसँग सुमधुर सम्बन्ध राख्ने प्रयास गरेकी छ । यता रेखाको सहनशीलता, इमानदारीता, कर्तव्यपरायाणता र असल चरित्रकै कारण रेखाप्रति सासूको प्रेम र सहानुभूति रहेकाले रेखा पनि नयाँ शक्तिका रूपमा उदाउन खोजेको देखिन्छ । तर सासूका हरेक विचार र निर्णयलाई मौन समर्थन गर्दै अगाडि बढेबाट रेखा शक्तिको केन्द्रमा रहेको देखिँदैन । घरको आर्थिक कारोबार सासूले सम्हाल्नु, जग्गा जमिन उनकै नाममा हुनु र पछि उनकै निर्णयअनुसार बाँडफाँड हुनु, बुहारीहरूले दमन गर्न खोजे डटेर साामना गर्नु, रेखाकी सौतालाई मूल

धारमा ल्याउनुजस्ता कारणले सासू शक्तिको केन्द्रमा र अन्य बुहारीहरू शक्तिको परिधिमा रहेका छन् ।

*बालचीत्कार* उपन्यासमा बुहारी र सासूबिच शक्तिका लागि भएको सङ्घर्षमा मीरा (दीपा) र उसकी  सासू (नाम नभएको) उभिएका छन् । प्रवासी नेपाली मीराले आफूले मन पराएको भारतीय नागरिकसँग विवाह गरेकी छ । शिक्षित भएर पनि ऊ सासूद्वारा दबाइएकी छ । छोराले शारीरिक र मानसिक यातना दिँदासमेत “कुमारले कुटेजस्तो छ, त्यसको त्यस्तै तातो सिरस छ । तँ पनि मुखमुखै लागिस् कि क्या हो” (पृ.९३) भन्ने सासूको भनाइले पनि कुनै महत्त्व दिएको देखिँदैन बरु बुहारी दबिएरै बस्नुपर्छ भन्ने मानसिकता छ । आफूले बुहार्तनको अवस्था भोगेर पनि बुहारीको समस्या नबुझ्ने र बुहारीमाथि गरिने हिंसालाई रोक्ने प्रयास नगर्ने सासू निर्दयी र कठोर स्वभावकी पात्र हो । बुहारीलाई दबाएर कडा अनुशासनमा राख्नुपर्छ भन्ने शासकीय मानसिकता भएकी सासूले शक्तिलाई शोषणको इन्जेनका रूपमा प्रयोग गरेकी छ ।

घरमा प्रशस्त नोकर हुँदाहुँदै पनि दीपालाई खुसी र सम्मान दिनुको साटो जुठा भाँडा माझ्न लगााई नोकर्नीको स्थान दिएकी छ । कहिल्यै छोराको अन्याय र अत्याचारका विरुद्ध मुख नखोल्ने र शोषण गरिराख्ने सासूले एकाएक मीरामाथि सहानुभूति र ममता दर्शाएकी त छ तर त्यस सहानुभूति र ममताभित्र लुकेको स्वार्थलाई मीराले बुझ्न सकेकी छैन । सासूको मायाजालमा परी अन्ततः दिल्लीको वेश्यालयमा बेचिन पुगेकी छ । सासूले दिएका निर्देशनलाई स्वीकार गरी मीराले बुहार्तनको जिम्मेवारी इमानदारीपूर्वक पूरा गरेकी छ भने कुनै पनि निर्णय र दमनको प्रतिवाद गर्न नसकी चुचाप सहेकी छ । वरुणकै सहयोगमा वेश्यालयको नारकीय जीवनबाट मुक्त हुन सफल भए पनि ऊ शक्तिका हिसाबले कमजोर पात्र हो । यसरी यी घटनाहरूलाई हेर्दा मीरा सासूको सेवामा तल्लीन भई उसकै निर्देशनबमोजिम सञ्चालन भएकाले सासू शक्तिको केन्द्रमा र बुहारी शक्तिको परिधिमा रहेको देखिन्छ ।

### ३.२.२.२ जेठीकान्छीबिचको लैङ्गिक शक्तिसम्बन्ध

*बालचीत्कार* उपन्यासमा जेठीकान्छी बिचको शक्तिसङ्घर्षका रूपमा रेखा र उसकी सौतिनी दिदी रहेका छन् । आफूमाथि सौता आएकोमा प्रारम्भतिर रेखालाई शारीरिक र

मानसिक यातना दिएकी सौताले सासूले अंशबण्डा गराई दुवैलाई अलग गराएपश्चात् उसको व्यवहार र स्वभावमा सकारात्मक परिवर्तन आएको छ । यस किसिमको परिवर्तन आउनुको कारण रेखाले दिदीको दमन र शोषणको प्रतिवाद नगर्नु, सहनशीलता, इमानदारीता र कर्तव्यपरायाणता प्रदर्शन गर्नु र रेखालाई जस्तै जेठाजुले सौता दिदीमाथि पनि यौन दुव्यवहार गर्नु हो । दिदीको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउसमा रेखाले ठूलो भूमिका खेले पनि पारिवारिक निर्णयको भूमिका र आर्थिक कारोबार दिदीले सम्हालेकी छ ।

सासूको मृत्युपश्चात् घरायसी जिम्मेवारी सम्हालेकी दिदी आदर्श नारी पात्रका रूपमा देखिएकी छ । पहिलाको जस्तो आक्रामक र दमनात्मक व्यवहार उसमा देखिँदैन । सुरुसुरुमा गर्भवती अवस्थामा दिदीले लात्तीले पेटमा हान्दै अनेक डर र धम्की दिँदासमेत प्रतिवाद नगरी सहेकी रेखा अन्तिम समयसम्म पनि आर्थिक कारोबार र पारिवारिक निर्णयको भूमिका सम्हाल्न पाएकी छैन । सासूको निधनपछि सौताले रेखा र रेखाको छोराको स्याहारसुसारमा खटिएकी त छ तर उक्त काम रेखाको निर्देशनबाट नभई स्वविवेकबाट गरेकी छ । घरको सबै व्यवहार चलाउनेदेखि लिएर भविष्यको योजनाको निर्माण गर्ने काम पनि दिदीले नै गरेकी छ । पानी नपरुञ्जेल फागुनदेखि असारसम्म दिनको दुई गाग्री पानी बोकिदिने सर्तमा घर्ती माइलालाई भैँसी दिने एकल निर्णय गरेकी छ । यसरी यी घटनाहरूलाई हेर्दा पारिवारिक निर्णयको जिम्मेवारीदेखि घरायसी आर्थिक कारोबार सम्हालेकी सौता दिदी शक्तिको केन्द्रमा र रेखा शक्तिको परिधिमा रहेकी छ ।

## ३.३ *हीरा* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

*हीरा* उपन्यास नारीकेन्द्री उपन्यास भएकाले यसलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा विश्लेषण गरिएको छ । शक्तिलाई लिएर महिला र पुरुष, पुरुष र पुरुष र महिला र महिलाका बिचमा द्वन्द्वको अवस्था सिर्जना भएको छ । महिला र पुरुषअन्तर्गत पति र पत्नी, पुरुष र पुरुष अन्तर्गत काका र भतिज तथा महिला र महिलाअन्तर्गत सासू र बुहारी र जेठीकान्छीबिच शक्तिसङ्घर्ष भएको छ । यिनीहरूका बिचको शक्तिसम्बन्धलाई विश्लेषण गर्दा को कसरी शक्तिको केन्द्रमा छ, को कसरी शक्तिको परिधिमा छ र प्रतिरोधको अवस्था कस्तो छ भन्ने कुराको खोजी यस परिच्छेदमा गरिएको छ । जसलाई तल उपशीर्षकसहित चर्चा गरिएको छ ।

### ३.३.१ पति र पत्नीबिचको लैङ्गिक शक्तिसम्बन्ध

परिवारमा आर्थिक शक्ति र पारिवारिक निर्णयको भूमिकालाई लिएर पति र पत्नीबिच द्वन्द्व हुने गर्दछ । तत्कालीन समाजमा पतिले पत्नीलाई आजीवन पतिव्रता बनाई केवल स्याहारेका रूपमा लिने गरेको घटना *हीरा* उपन्यासमा चित्रित छ । पत्नीलाई पतिको अधीनस्थ बनाई राख्न विविध सांस्कृतिक मान्यताको स्थापना गरेको पितृसत्ताले पत्नीका नैसर्गिक अधिकार, स्वतन्त्रता र जीवनगत आकाङ्क्षालाई बन्धक बनाएको छ भनी दृष्टान्तका रूपमा दिनेश र अरुणको परिवार निर्माण गरिएको छ ।

*हीरा* उपन्यासमा पति र पत्नीका रूपमा रहेका दिनेश र दीपा, दिनेश र नर्मदा, अरुण र हीरा तथा अरुण र हरिकलाबिच शक्तिसङ्घर्ष भएको छ । त्यस्तो सङ्घर्ष आर्थिक तथा पारिवारिक निर्णय भूमिकालाई लिएर भएको छ । आर्थिक तथा निर्णायक भूमिकामा रहेको दिनेश दमनात्मक र आक्रामक स्वभाव भएको पात्र हो । परिवारभित्रको सर्वेसर्वा ऊ नै रहेको कुरालाई “मेरै एकल भन्ने कुरालाई केही सरसल्लाह नगरी विनासित्ति एकैचोटि त्यतिका खोताला खोज्नुपर्ने । यी लोग्ने मान्छेहरू सुत्केरी हुने बेलाकी आफ्नी स्वास्नीको मर्म पनि बुझ्दैनन्” (पौडेल, २०६३, पृ. १) भनी दीपाले आफू बिरामी अवस्थामा रहँदा आफ्नो स्याहार र सुसार गर्न छोडी एकल निर्णयबाट खेत रोप्न खोज्ने पतिको कार्यले पारेको मानसिक पीडा र चिन्तालाई आत्मानुभूति गरेबाट प्रस्ट हुन्छ । सुत्केरी अवस्थामा रहेकी पत्नीको स्याहारसुसार गर्न छोडी रोपाइँ गर्नमा व्यस्त रहेको दिनेशले पत्नीलाई महत्त्व दिएको देखिँदैन । पत्नीको स्वास्थ्यप्रति ऊ खासै चिन्तित पनि देखिँदैन । पत्नीको सुझाव र आग्रहलाई पूरै बेवास्ता गरी आफ्नो एकल निर्णलाई बढी महत्त्व दिएको छ । घरायसी निर्णयको भूमिका र समपत्ति आफूमा सीमित पारी एकल रूपमा अगाडि बढेको मात्र छैन पत्नीलाई यसको उपभोगबाट पूरै वञ्चित गरेको छ ।

दिनेशले पत्नी दीपालाई केवल सन्तान उत्पादककर्ता र नोकर्नीका तहमा राखेको छ । पत्नीका नैसर्गिक हक र स्वतन्त्रतामाथि हस्तक्षेप गरी शक्तिको बागडोर आफैँ सम्हालेको छ । पितृसत्तात्मक मान्यताअनुसार पत्नी भएपछि पतिको खुसीका लागि उसले दिएका हरेक निर्देशनलाई शिरोपर गर्नुपर्छ भन्ने मानसिकता दीपामा पनि देखिन्छ । सात सन्तानकी आमा भएर पनि पुन : गर्भवती भएकी दीपाको रेखदेख र स्याहार सुसारमा दिनेशको बेवास्ता छ । शारीरिक रूपमा अशक्त हुँदाहुँदै पनि आफ्नो निर्णयलाई कार्यान्वयन गराउनका निम्ति दमन

र शोषणमा उत्रिएको कुरालाई "अठार महिनामा कहिले दुई वर्षमा ब्याएकी छ, छ । त्यसभन्दा पर कहिले पो गयो र ? कुकुर्नीले झैँ कति पाएको हो सन्तान पनि (पृ.३)" भन्ने दिनेशको गैरजिम्मेवार धारणा र व्यवहारबाट पुष्टि हुन्छ । पत्नी गर्भवती हुनुमा म पनि जिम्मेवारी छु भन्ने अनुभूति गरेको देखिँदैन न त पत्नीको प्रसव पीडाको अनुभूति गरेर सहयोग नै गरेको छ ।

दीपा पतिका अन्याय र अत्याचारका विरुद्धमा उत्रन नसक्नुको कारण परनिर्भरता र शारीरिक अशक्तता देखिन्छ । सुत्केरी व्यथा लागेर असह्य पीडाले रन्थनिएको अवस्थामा समेत उग्र र कठोर बनेर आफूलाई शक्तिशाली पतिका रूपमा देखाउन खोजेको छ । ऊ पत्नीलाई दबाएर आफ्नो प्रभुत्व कायम गर्न सक्रिय छ । भोक, रोग र शोकबाट विक्षिप्त बनेकी दीपा पतिका क्रूर व्यवहारलाई सहन विवश छे । पत्नीले दिएका सुझाव र आग्रहलाई लत्याएर आफ्नै शासन कायम गरेको छ । सम्पूर्ण जायजेथा आफूमा सीमित पारेको दिनेश आर्थिक रूपमा सम्पन्नशाली भएर पनि पत्नीको उपचार गर्न छोडी घरबाट निकाला गरेको छ । पैतृक सम्पत्तिमा समान अधिकार हुने भए पनि दीपाले यस विषयमा बोल्ने हिम्मत गरेको देखिँदैन बरु अन्याय अत्याचारलाई चुपचाप सहेर बसेको कुरालाई "आइमाईको जुनी भनेको घरको सेवा र आफ्नो स्वास्थ्य ठीक रहुन्जेल त रहेछ नि (पृ.४५)" भनी दीपाले अन्तरहृदयबाटै अभिव्यक्त गरेका पीडादायी चित्कारबाट प्रस्ट हुन्छ ।

महिला भनेका पुरुषका सेवक हुन् भन्ने विचारधाराको निर्माण पुरुषले गर्‍यो र यसलाई नारीले पनि पछ्याए । फलस्वरूप दीपाजस्ता महिलालाई परनिर्भर बनाएर किनारा लगाइएको छ । अहोरात्र पतिको सेवामा खटिँदा पनि पत्नीप्रति प्रेम र सहानुभूतिको भावना विकास भएको छैन । धेरै सन्तान जन्माउनु, सुत्केरी तथा गर्भवती अवस्थामा स्याहार नपाउनु र परिवारबाट शारीरिक र मानसिक यातना भोग्नुले दीपा अशक्त बनेकी छ । अस्पताल गई उपचार गर्न खोजे पनि आर्थिक अभावका कारण रोगी शरीर लिई बाँच्न विवश छे । आर्थिक व्यवस्थापनको जिम्मा पतिमै सीमित भएकाले पनि कठिन परिस्थितिमा दीपाले उपभोग गर्न पाएकी छैन । बरु यस्तो विषम परिस्थितिमा पनि पतिले अह्रयाएका कामहरू सकीनसकी गर्न लागिपरेकी छ । पति नै सर्वेसर्वा हो र जतिसुकै दमन गरे पनि कानुनी उपाय खोज्नुहुन्न भन्ने मानसिकता दीपामा पनि छ । आफूलाई शक्तिको केन्द्रमा ल्याउन कुनै प्रयत्न गरेकी छैन बरु पतिको अन्याय र अत्याचार सहेर उसलाई थप शक्तिशाली बनाएकी छ । पत्नीबाट अब कुनै सहयोग हुन नसक्ने देखेर घरबाट निकाला

गरी आरुबारीको छाप्रोमा लगेर राखेको छ । यहाँ दिनेशले शक्तिलाई शोषणका रूपमा प्रयोग गरेको छ ।

माथिका घटनाक्रमलाई हेर्दा पारिवारिक निर्णय भूमिका र आर्थिक स्रोतमाथि दिनेशकै नियन्त्रण छ । सम्पूर्ण सम्पत्ति दिनेशमा सीमित भएकाले पनि दीपाले उपचार पाउन नसकेको अवस्था छ । परनिर्भरताकै कारण पतिका आदेशलाई मान्नुपर्ने विवशता दीपामा छ । आर्थिक आम्दानीको स्रोत नहुँदा शक्तिहीन भई बाँच्नुपर्ने, जतिसुकै अन्याय र अत्याचार गरे पनि सहनुपर्ने कुरा दीपाले भोगेका घटनाबाट प्रस्ट हुन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनाले पुरुषलाई दिएको विशेष अधिकारका कारण दिनेशमा पुरुषत्वको अहमता छ भने दीपामा नारी भएकै कारण आफू कमजोर छु भन्ने मानसिकता छ । समन्यायका लागि कुनै प्रतिवाद नगरी पतिकै निर्देशनमा चलेकी दीपा शक्तिका हिसाबले परिधीय र दिनेश शक्तिका हिसाबले केन्द्रीय पात्र हो । नर्मदासँग दोस्रो विवाह गरेपश्चात् दिनेशको आर्थिक शक्तिमाथिको नियन्त्रण र पारिवारिक निर्णयको भूमिका खोसिएको छ । तर शक्तिका लागि पत्नी नर्मदासँग कडा सङ्घर्ष गरेको छ । शक्तिले चेनका रूपमा काम गर्दैन । यसमाथि कहिल्यै पनि एउटा केन्द्रको अधिकार छैन/हुँदैन (पाण्डेय, २०७३ : ७४) भन्ने फुकोको सिद्धान्तअनुसार सुरुदेखि शक्तिका केन्द्रमा रहँदै आएको दिनेशले विवाहपूर्वको सर्तअनुसार सम्पूर्ण सम्पत्ति र निर्णयको अधिकार नर्मदालाई सुम्पेको छ । सामन्ती संस्कारमा हुर्केकी नर्मदाले विवाहपश्चात् पिताकै शासन पद्धतिलाई अँगाली आफ्नो प्रभुत्व कायम गर्न खोजेको कुरा “यदि दिनेशले आफ्नो सबै सम्पत्ति मेरो नाममा जिउनी लेखाइदिन्छन् भने मात्र म त्यहाँ बिहा गर्न तयार हुनेछु” (पृ.३८) भन्ने सर्त विवाहपूर्व दिनेशसँग राखेबाट प्रस्ट हुन्छ ।

विवाहपूर्व नर्मदाले राखेको सर्तलाई पालना गर्दा भविष्यमा त्यसबाट उत्पन्न हुन सक्ने नतिजाप्रति दिनेशले नजरअन्दाज लगाउन सकेको देखिँदैन । पत्नीका हरेक निर्णय र सर्तलाई दीपाको मृत्युपूर्वसम्म पालना गरेको छ । दीपाको मृत्युपूर्वसम्मको समयलाई हेर्दा दिनेशले दीपालाई गरेजस्तो क्रूर व्यवहार नर्मदासँग गर्न सकेको छैन । ऊ पत्नीको अन्याय, अत्याचार र दमनलाई चुपचाप सहनुका साथै हरेक निर्देशन र निर्णयलाई स्वीकार गर्न बाध्य भएको छ । यसको प्रमुख कारण नर्मदाका पिता नरेश गाउँका प्रधानपञ्च हुनु र सम्पूर्ण सम्पत्ति नर्मदामा सीमित हुनु हो । परिवारका अन्य सदस्यलगायत आफूमाथि

नर्मदाले गरेका पशुवत् व्यवहारका विरुद्धमा डटेर लड्न सकेको देखिँदैन । पिताको राजनीतिक शक्ति र सम्पत्तिमा नर्मदाको नियन्त्रण भएकाले पतिलाई अधीनमा राखेकी छ । दीपासँग बदला लिन दोस्रो विवाह गरेको दिनेशले नर्मदासित भने कुनै बदला लिन सकेको छैन ।

सबैलाई दबाएर एकछत्र राज गर्न खोज्ने नर्मदा निर्दयी र क्रूर व्यवहार भएकी नारी पात्र हो । पितृसत्तात्मक सामाजिक संरचनालाई भत्काएर नारीसत्तात्मक सामाजिक संरचना निर्माण गर्नमा सक्रिय नर्मदाले शक्तिलाई शोषणको इन्जेनका रूपमा प्रयोग गरेकी छ । आफूमाथि भौतिक आक्रमण गर्दा र तथानाम गाली गर्दासमेत प्रतिकारमा नउत्रेको दिनेश नर्मदाको शक्तिसँग भयभीत बनेको छ । सारा जायजेथा उसकै नाममा गरेकोमा पश्चातापमा परेको देखिन्छ । गर्भवती र सुत्केरी अवस्थामा समेत दीपामाथि अत्याचार गर्ने र असह्य पीडामा सहानुभूति नदेखाएको दिनेश नर्मदाले स्वाङ पारेर रिसाउँदा फकाउने र खान नखोजे पनि सम्झाईबुझाई खुवाएको छ । विनाकारण परिवारका सदस्यमाथि आक्रमण गरेकी नर्मदाले बाबुलाई बोलाएर उल्टै आफूमाथि आक्रमण भयो भनी पतिलाई पनि दोषी देखाएकी त छ तर दिनेशले यस किसिमको दोषारोपणलाई खण्डन गरेर कारबाही गर्न सकेको छैन । बरु दीपा र उसका सन्तानलाई घरबाट निकाल्ने कुरालाई समर्थन जनाई दीपालाई आरुबारीको छाप्रोमा लगी राखेको छ । अझ भन्नुपर्दा पत्नीको हुकुमी शासनलाई अक्षरशः पालना गर्नमा सक्रिय देखिन्छ । दीपाले पैतृक सम्पत्तिमा दाबी गर्दा नर्मदाले भौतिक आक्रमण गरेकी छ तर दिनेशले त्यस घटनालाई रोक्ने आँट गरेको छैन । बरु सम्पूर्ण सम्पत्तिको हकवाला म हुँ भन्ने विचारलाई मौन समर्थन जनाएको छ । दीपाले आरुबारीमा फलाएका मकै नर्मदाले भाँच्ने क्रममा दिनेशले सम्झाउने प्रयास गरेको छ तर पत्नीका डरले उग्र बनेर यस कार्यलाई रोक्न पनि असमर्थ बनेको छ ।

पत्नी नर्मदाको सर्त, निर्णय, इच्छा र निर्देशनलाई पालना गर्दा पनि दिनेशले माया र सम्मान पाएको छैन । पत्नीको पशुवत् व्यवहारलाई निरीह भई सहेको छ । तर दीपाको मृत्युपश्चात् आमा र आफूमाथि पत्नीले दिएको असह्य पीडाबाट आजित भई प्रतिकारमा उत्रेको छ । सबै सम्पत्ति आफूमा सीमित गरी निर्णयको भूमिकामाथि एकल राज गरेकी नर्मदाको शक्तिलाई खोसेर आफ्नो गुमेको प्रभुत्व फिर्ता गर्न पुनः सक्रिय भएको छ । फलस्वरूप अत्याचार सहन नसकी दाउराले हिर्काएर घरबाट निकाला गरेको छ । पतिसँग शक्तिका लागि सङ्घर्ष गर्न नसकी माइत जान हिँडेकी नर्मदालाई रोक्ने प्रयास पनि गरेको

छैन । पतिको प्रतिवाद र पिताको असहयोगले पत्नी नर्मदाको शक्ति क्षीण हुँदै गएको छ तर सम्पत्तिमाथि भने नियन्त्रण कायमै देखिन्छ । आफ्नो नाममा रहेको सम्पत्ति बेचेर माइतीमा बस्ने योजना विफल बनेको छ । दीपाका छोराहरू नरेशको सुझावअनुसार घर फर्केपछि नर्मदाको सबै शक्ति खोसिएको छ । आफ्नै नामको जायजेथालाई पनि उपभोग गर्न सकेकी छैन र अन्त्यमा पराजित भई वृद्धाश्रममा शरण लिन पुगेकी छ ।

नर्मदा घर छोडेर गएपछि सम्पूर्ण शक्ति दिनेशमा नभई उसका छोराहरूमा हस्तानन्तरण भएको छ । यी घटनाक्रमलाई हेर्दा विवाहको समयदेखि लगभग अन्तिम समयसम्म नर्मदाले सम्पत्तिमाथि एकल प्रभुत्व जमाउनु, एकल निर्णयका आधारमा अगाडि बढ्नु, अन्तिम अवस्थामा घरनिकाला गरे पनि लामो समयसम्म दिनेशले पत्नीका हरेक सर्त र आदेशलाई पालना गर्नु, पत्नीको अत्याचार सहनुले शक्तिको केन्द्रमा नर्मदा र परिधीय शक्तिका रूपमा दिनेश रहेको छ । दिनेश, दीपा र नर्मदासँग सम्बन्धित घटनाक्रलाई समग्रतामा विश्लेषण गर्दा परिमाणात्मक रूपमा शक्तिको केन्द्रमा पति र शक्तिको परिधिमा पत्नी रहेको देखिन्छ ।

*हीरा* उपन्यासमा अरुण र हीराका बिचमा पनि शक्तिसङ्घर्ष भएको छ । सन्तानकै निम्ति दोस्रो विाह गरेको अरुण सन्तानविहीन भए स्वर्ग पुगिन्न भन्ने पितृसत्तात्मक मान्यताका पछि दौडेर दोस्रो विवाह गरेको भए पनि पछिल्लो क्रममा लैङ्गिक चेतनाबाट अभिप्रेरित भई पितृसत्तालाई भत्काउन सक्रिय छ । सामन्तवादी विचारधाराका हुतराज काकाकै निर्णयबमोजिम करिब चालीस वर्षको अरुणले दिनेशकी एघार वर्षकी हरिकलासँग विवाह गरेपश्चात् आफूले दीपामाथि ठूलो अन्याय गरेको भन्ने महसुस गरी पश्चातापमा परेको छ । अन्तरहृदयदखि पतिले दोस्रो विवाह नगरे हुन्थ्यो भने पनि हीराले श्रीमान्को विवाहको प्रस्तावलाई स्वीकार्न बाध्य भएकी छ । अरुणको परिवारमा निर्णायक भूमिका पतिमा सीमित भएको कुरा "के गर्नु अपुताली पारेर वंश चुँडाल्न पनि त भएन नि । तिमीलाई र मलाई बुढेसकालको सहारा पनि चाहियो । हामी मरेपछि पिण्ड-पानी दिने सन्तान पनि त चाहियो" (पृ.१९) भनी अरुणले पत्नीको इच्छा विपरीत सन्तानकै लागि विवाह गर्न खोजेबाट थाहा हुन्छ । यस प्रसङ्गलाई हेर्दा अरुणले पितृसत्तालाई अँगालेको देखिन्छ । पैतीस वर्षसम्म सन्तान नभएकी हीरा पतिको आर्थिक स्रोतमाथि निर्भर छे । पारिवारिक भूमिका नदिइएकै कारण पतिलाई विवाह गर्नबाट रोक्न असमर्थ बनेकी छ ।

हीरालाई सन्तानकै निम्ति दोस्रो विवाह गर्न स्वीकृति दिन विवश पार्ने कारण पितृसत्तात्मक सामाजिक संरचना देखिन्छ । सन्तानका लागि अर्को विवाह नगरे वंश समाप्त हुने, बुढेसकालमा सहाराविहीन भई बाँच्नुपर्ने, पिण्डपानीसमेत नपाइने समाजबाट अपहेलित भई बाँच्नुपर्ने मानसिकता बोकेको अरुणलाई दीपाले दोस्रो विवाह गर्नबाट रोक्न सकेको देखिँदैन । जसबाट त्यस समाजमा पितृसत्ता हावी छ भन्ने कुरा पनि प्रस्ट हुन्छ । विवाहपश्चात् भने अरुणमा लैङ्गिक चेतनाको विकास भएको पाइन्छ । आमासरह माया र व्यवहार गर्ने हीरामाथि सन्तानकै लागि दोस्रो विवाह गरेकोमा पछुतो मानेको छ । दोस्रो विवाह गरेपछि आफूप्रति पति र सौताले गर्न सक्ने व्यवहारबारे बताउँदा अरुणमा नैराश्य र खिन्नता छाएको छ ।

आर्थिक शक्ति आफूमा सीमित पारेर निर्णायक तहमा रहे पनि अरुणमा पत्नीलाई दबाएरै आफ्नो प्रभुत्व कायम गर्नुपर्छ भन्ने चिन्तन देखिँदैन । सन्तान नहुनुमा प्रमुख दोषी को हो भन्ने कुरा प्रमाणित नगरी केवल शङ्का र अनुमानकै भरमा सम्पूर्ण दोष हीरामाथि थुपारिएको छ । पति र सौताबाट दमन र शोषण भएको खण्डमा डटेर सामना गर्छु र पतिमाथिको परनिर्भरताबाट मुक्त भई आत्मनिर्भर भई बाँच्छु भन्ने दृढ इच्छाशक्ति हीरामा देखिँदैन । बरु पतिविना आफ्नो सर्वस्व गुम्छ भन्ने मानसिकताबाट विचलित भएको देखिन्छ । विवाहपश्चात् पति, सौता र समाजबाट तिरस्कृत र सहाराविहीन भई बाँच्नुपर्छ भन्ने सोचेर विना जानकारी घर छोडी हिँडेकी छ । पितृसत्ताका विरुद्ध लड्न छोडी दोस्रो विवाह गर्न स्वीकृति दिएर पितृसत्तालाई थप शक्तिशाली बन्न अभिप्रेरित गरेको देखिन्छ । पतिको सहाराबिन जीवन कठिन अवस्थामा गुज्रिन्छ भन्ने विचार राख्ने हीरा आफ्नो जीवनको रक्षाकर्ता र बाँच्ने आधार पतिलाई लिएको कुरा “म रुँदा सँगै रुनेले आफ्ना काखबाट टाढा हुत्याउन सक्दोरहेछ । आखिर संसारमा कसको आशा र भरोसा गर्नु खै” (पृ.२५) भन्ने अन्तर रोदनबाट प्रस्ट हुन्छ । यस प्रसङ्गबाट नेपाली समाजमा पत्नीको आशा र भरोसाका केन्द्र पति रहन्छ र सोचिन्छ  भन्ने कुरा देखाउन खोजिएको छ । अर्थात् एकातिर पुरुषमाथिको परनिर्भरता र अर्कातिर पितृसत्ताले नारीलाई अधिकार र भूमिकाविहीन बनाएकै कारण पुरुषको उपस्थितिविना जीवन चल्न नसक्ने मानसिकता नारीमा देखिने कुरालाई यस अंशले सङ्केत गरेको छ ।

परम्परागत मान्यताअनुरूप सन्तान जन्माएर सामाजिक मर्यादा जोगाउनकै लागि घरमा पत्नी हुँदाहुँदै हुतराज काकाको सल्लाह र निर्णयबमोजिम दोस्रो विवाह गर्दा अरुण

पश्चातापमा परेको छ । आफ्नै कारणले आमा समानकी पत्नी हीरा घर छोडेर गएपछि पत्नीको सम्झनामा तड्पिएको कुरालाई “म त हीरालाई खोज्न हिँडेँ काका ! एक दुई दिन काकीलाई यतै बस्न पठाउनोस् । हीरा हराई भने त मेरो जीवन खत्तम भयो । ऊ जानसक्ने सबै ठाउँ पत्ता लाएर खोज्छु । उसलाई भेटाउन सकिनँ भने म पनि बाँच्दिनँ” (पृ.५३) भन्ने अरुणको भनाइले प्रस्ट पार्दछ । यस प्रसङ्गलाई हेर्दा हीरा नयाँ शक्तिका रूपमा उदाएकी छ । आफ्नो जीवनलाई समृद्ध बनाउने र आजको यस अवस्थामा ल्याइपुऱ्याउने श्रेय हीरालाई दिँदै ऊविना आफ्नो अस्तित्व समाप्त हुने धारणा राखेको छ । अगाध प्रेम गर्ने सहनशील पत्नी हुँदाहुँदै छोरीसमानकी हरिकलासँग विवाह गरेकोमा पश्चातापको भावना विकास गराउनु, हरिकलालाई सम्पूर्ण जिउनी सुम्पेर पत्नीको खोजीमा घर छोडेर जान बाध्य पार्नु, पितृसत्ताको विरोध गर्ने विचार पैदा गर्नुमा हीराको भूमिका देखिन्छ । फरक फरक समयमा घर छोडेर हिँडेका अरुण र हीराबिच मिलन भएपछि घर फर्केर समाजसेवा र गृहस्थीमा लागेका छन् । यदि मिलन नभएको भए दुवै जना फर्कने सम्भावना नरहेकाले माथिका घटनाहरूलाई हेर्दा हीरा र अरुण शक्तिका समान स्तरमा देखिन्छन् ।

*हीरा* उपन्यासमा अरुण र हरिकलाका बिचमा पनि शक्तिसङ्घर्ष भएको छ । दीपाबाट सन्तान नभएपछि एघार वर्षकी हरिकलासँग विवाह गरेको छ । बुढेसकालमा सहारा पाउन, सन्तान जन्माएर वंश धान्न र मृत्युपश्चात पिण्डापानी पाउन दोस्रो विवाह गरेको भन्ने धारणालाई हेर्दा अरुणले समाजमा पुरुषत्वको शक्ति प्रदर्शन गर्न खोजेको देखिन्छ । तर विवाह लगत्तै उसको विचारमा परिवर्तन आएको छ । दीपामाथि ठूलो अन्याय गरेको महसुस गरी अचानक सम्पूर्ण जायजेथा हरिकलालाई सुम्पेको छ । हरिकलासँग लामो समय नबसे पनि सँगै रहँदासम्म निर्णय प्रक्रियामा आफू मात्र सहभागी भएको छ । कलिलो उमेरमा सही निर्णय गर्न नसक्ने सोचेर पनि हरिकलालाई निर्णायक भूमिका नदिएको देखिन्छ । अरूको लहैलहैमा लागेर एक नाबालिकाको अमूल्य जीवन अरुणकै कारण समाप्त भएको छ ।

अरुणले हरिकलाका अन्तरहृदयका इच्छा, आकाङ्क्षाबारे सोचविचार गरेको देखिँदैन । उसले एकल निर्णयका आधारमा घर छोडेर हीराको जीवनमाथि खेलबाड गरेको छ । काम गर्नुपूर्व त्यसले दिने नतिजातर्फ ध्यान गएको देखिँदैन । आफूले अब पत्नी हरिकलाको जीवन बर्बाद नपार्ने भनी आफू सुहाउँदो केटासित विवाह गर्न सुझाउ दिएको छ । पतिको आज्ञालाई कार्यान्वयन नगरे पनि आफूलाई एक्लै छोडेर जान खोज्ने निर्णयविरुद्ध भने

प्रतिवाद गर्न सकेकी छैन । यहाँ पुरुषले सन्तानकै लागि बहुविवाह गर्ने तर नारीले पतिले छोडेर जाँदा पनि उसैका लागि जीवन समर्पण गरेकाले दोस्रो विवाह गर्न नसकेबाट पितृसत्ता हावी बनेको छ ।

श्रीमान् फर्केर आउने आशामै रहेकी हरिकलाले आफ्नो यौवन उमेरलाई उपभोग गर्न पाएकी छैन । ऊ पतिव्रता नारीका रूपमा उभिएकी छ । हुतराज काकाले केटो खोजिदिएर अर्को विवाह गराउन खोजे  पनि अरुणबाहेक अर्को पति नभएको भन्दै दोस्रो विवाह गरेकी छैन । सारा सम्पपत्तिमाथि प्रभुत्व कायम गर्न खोजेका काकाले हरिकलालाई मार्दा अरुणले समयमै बचाउन सकेको छैन । अन्ततः हरिकलाको मृत्युपश्चात् पुनः अरुणले सम्पत्तिमाथि प्रभुत्व जमाएको छ । माथिका घटनाक्रमलाई हेर्दा अरुणले गरेका निर्णलाई हरिकलाले स्वीकार गरेको देखिन्छ । अरुणकै आशामा बाँचेकी उसले दोस्रो विवाह गरेकी छैन भने आफ्नो नाममा रहेको सम्पत्तिलाई राम्ररी उपयोग गर्न नपाउँदै मारिएकी छ । जसबाट शक्तिको केन्द्रमा अरुण र शक्तिको परिधिमा हरिकला रहेकी छ । अरुण, हीरा र हरिकलासँग सम्बन्धित घटनालाई हेर्दा पतिकै इसारा अनुसार पत्नीहरू सञ्चालित छन् । पतिमाथि निर्भर रहेका हीरा र हरिकलाले पतिका आज्ञालाई अक्षरशः पालना गरेबाट पनि शक्तिको केन्द्रमा पति र शक्तिको परिधिमा पत्नी रहेको देखिन्छ ।

## ३.३.२ सासू र बुहारीबिचको लैङ्गिक शक्तिसम्बन्ध

*हीरा* उपन्यासमा शक्तिलाई लिएर सासू र बुहारीबिच द्वन्द्व चर्किएको छ । यस्तो द्वन्द्व मेनका र दीपा र मेनका र नर्मदाबिच भएको छ । पितृसत्तात्मक सांस्कृतिक मान्यतालाई अनुसरण गरेका सासू र बुहारीबिचको द्वन्द्व खास गरी पारिवारिक निर्णय प्रक्रियालाई लिएर भएको छ । पुरातनवादी संस्कारबाट सञ्चालित सासू मेनकाले परिस्थिति अनुरूप आफूलाई बदल्न नसक्दा नै द्वन्द्वको अवस्था सिर्जना भएको देखिन्छ । समाजले बुहारीका तुलनामा सासूलाई दिँदै आएको विशेष अधिकार उपयोग त गरेकी त छन् तर सही ढङ्गले सञ्चालन गर्न नजान्दा बुहारीसँग सम्बन्ध बिग्रेको छ । यहाँ सासू र बुहारीबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा को कसरी शक्तिको केन्द्रमा छ, को कसरी शक्तिको परिधिमा छ र तिनीहरूका बिच प्रतिरोधको अवस्था कस्तो छ भन्ने कुराको खोजीका लागि यिनै पात्रहरूको उपयोग गरिएको छ ।

हीरा उपन्यासमा बुहारीका रूपमा रहेकी दीपा सासू मेनकाद्वारा शोषित, दमित र निर्देशित पात्र हो । सात सन्तानपश्चात् पुनः गर्भवती भएकी दीपा सुत्केरी अवस्थामा राम्रो स्याहार नपाएकै कारण थला परेकी छ । एकातर्फ रोगी र अर्कोतर्फ सुत्केरी अवस्थाकी बुहारीलाई खान नदिने तर घरायसी काममा मात्र लगाउन खोज्ने मेनका निर्दयी सासूका रूपमा देखिएकी छ । बुहारीलाई कडा अनुशासनमा राख्नुपर्छ भन्ने शासकीय मानसिकताकी उपज मेनका सासूमण्डलीमा आफूलाई अग्र स्थानमा राख्न चाहन्छे । आफूले भोगेको दमन र प्रभूत्व कायम राख्नका लागि बुहारीलाई निरन्तर शोषण र दमन गर्ने कुरालाई बिरामी र गर्भवती अवस्थामा पनि “ठिक्क पुवा पकाउने खालको गराएर पिस् नि । बैंसको बेला यस्तो जाबो काम गर्न त मलाई कसैले भेट्टाउँदैनथ्यो” (पृ. २) भन्दै जबर्जस्त काम लगाउन खोज्ने सासूको निर्दयी व्यवहारले पुष्ट्याइँ गर्दछ ।

हरेक महिलाको शारीरिक शक्ति एकै किसिमको हुन्छ भन्ने बुझाइ रहेको मेनकामा बुहारीलाई दबाएरै आफ्नो हुकुमी शासन चलाउनुपर्छ भन्ने पितृसत्तात्मक मानसिकता पाइन्छ । आफूले पनि दीपाको अवस्था भोगेर पनि लैङ्गिक चेतना आएको देखिँदैन । बुहारीलाई केवल दासीका रूपमा लिएकी छ । सासूको अन्याय र अत्याचार सहँदै सकीनसकी बुहार्तनको भूमिका निर्वाह गरेकी दीपाले सासूका हरेक आज्ञालाई शारीरिक अशक्तताबिच पनि पालना गर्ने प्रयास गरेकी छ । सासूको दमनका विरुद्धमा कुनै प्रतिवाद नगरेकी दीपामा सासूको मानमर्यादामा चोट पुऱ्याउनुहुन्न भन्ने मानसिकता देखिन्छ ।

दीपा शारीरिक अशक्तता र परनिर्भरताकै कारण सासूद्वारा दमित हुनुपरेको छ । बुहारीलाई बजारका साटफेर गर्न मिल्ने वस्तुका रूपमा लिने मेनकाले आफू बुहारीभन्दा बढी शक्तिशाली छु भन्ने कुरा प्रमाणित गर्न “केही भइहाल्यो भने छिट्टै अर्को बिहा गरौँला नि ! के पीर गर्छस्” (पृ.११) भनी धम्की दिएकी छ । यहाँ मेनका पितृसत्तात्मक विचारधाराबाट अभिप्रेरित छे । नारी भएर पनि नारीको अवमूल्यन गर्ने ऊ शक्तिका तहमा रहन छोराको दोस्रो विवाह गराएर दीपासँग बदला लिन खोजेकी छ । दीपा मेनकाका हरेक क्रूर व्यवहारलाई निरीह भई सहन विवश छे । छोरालाई अर्को विवाह गराएर बदला लिन खोज्नु, काम गर्न नसक्ने स्थितिमा पनि निर्देशनात्मक पारामा काममा खटाउनु, तुच्छ भाषाको प्रयोग गर्नु, कुनै सम्मान दिन नचाहनुबाट मेनकाले आफ्नो शक्ति प्रदर्शन गर्न खोजेकी छ । सुत्केरी अवस्थामा छोराले सिरक ओढ्याइदिँदा उक्त कार्यलाई धर्मसँग जोडी सामाजिक मूल्यमान्यता विपरीत भएको भन्दै मेनकाले कडा विरोध जनाएकी छ ।

पापसँग भयभीत हुने तर दयनीय अवस्थामा पुगेकी बुहारीमाथि शोषण र दमन गर्ने मेनका द्वैध चरित्र भएकी पात्र हो । ऊ दीपाको कमजोर शारीरिक अवस्थाले निम्त्याउन सक्ने दुर्घटनाप्रति सचेत छैन । बुहारीको कमजोर शारीरिक अवस्थाबाट छोराको घरबार नचल्ने र आफूलाई पनि घरायसी काममा सहयोग नमिल्ने देखेर उपचार गर्नुको साटो दोस्रो विवाह गराइदिएकी छ । यी घटनाहरूलाई जोडेर सासू र बुहारीबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा सासूले दिएका हरेक निर्देशनलाई विनाप्रतिवाद दीपाले बुहार्तनका रूपमा लिएर पालना गरेकी, सासूको अन्याय अत्याचारलाई सहेरै बसेकी र छोरालाई दोस्रो विवाह गरिदिने सासूको निर्णयलाई समर्थन गर्न विवश भएबाट शक्तिको केन्द्रमा सासू  र शक्तिको परिधिमा बुहारी रहेकी छ ।

*हीरा* उपन्यासमा सासू र बुहारीबिचको शक्तिसङ्घर्षमा मेनका र नर्मदा देखिएका छन् । यी दुवै पात्र आफूलाई प्रभुत्वशाली वर्गका रूपमा स्थापित गर्न सक्रिय देखिन्छन् । जसरी मेनकाले दीपामाथि प्रभुत्व जमाएर शक्तिको केन्द्रक बनेकी थिई तर त्यसको ठीक विपरीत नर्मदाले मेनकाको शक्तिलाई खोसेर उनीमाथि आफ्नो प्रभूत्व कायम गरेकी छ । बुहारीका दमनात्मक व्यवहारलाई सहेर निरीहता प्रदर्शन गरेको कुरा “सानिमाले त हजुरआमालाई लात्तीले हान्नु भो” (पृ. ७२) भन्ने अंशले प्रस्ट पार्दछ । सहनशील र लगनशील दीपामाथि दमन गर्न उद्दत हुने मेनका कान्छी बुहारीले शारीरिक र मानसिक यातना दिँदासमेत निरीह भई सहन विवश छे ।

आर्थिक स्रोतमाथि नियन्त्रण जमाएर एकल निर्णयबाट अगाडि बढेकी नर्मदाले बाबु नरेशको शक्तिको आडमा सासूमाथि दमन गरेकी छ । निर्देशनात्मक भाषाको प्रयोग गरी सासूलाई काम अह्र्याएकी छ । मेनकाप्रति बुहारी नर्मदाले अभद्र व्यवहार गर्दा केवल सहनुबाहेक दोस्रो विकल्प देखिँदैन । जतिसुकै अत्याचार हुँदा पनि सहने गरेकी मेनका शक्तिका हिसाबले कमजोर पात्र भएको तथ्य बुहारी नर्मदाले गरेको दानवीय व्यवहारबाट उत्पन्न मानसिक क्षोभलाई “मेनकालाई आफ्नो छातीमा डढेलो लागेझैँ भयो । मुखले बोल्ने आँट थिएन” (पृ.८०)भन्ने अंशले पुष्टि गर्दछ । मेनका नर्मदाको शक्तिबाट भयभीत बनेको देखिन्छ । फुकोको जहाँ शक्तिको अभ्यास देखा पर्छ त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि मौलाउँछ (उप्रेती, २०६८ पृ. ४१) भन्ने मान्यता अनुरूप दीपाले सकीनसकी फलाएका मकै नर्मदाले भाँच्न लाग्दा मेनकाले प्रतिकार गर्न त खोजेकी छ तर बुहारीको त्यस कार्यलाई रोक्न भने असमर्थ भएकी छ । बुहारीले पशुवत् व्यवहार गर्दा पनि डर र त्रासका

कारण मेनकाले प्रत्याक्रमण गरेर बदला लिन सकेकी छैन । बुहारीले गरेका हरेक निर्णयलाई समर्थन जनाउन विवश छे ।

माथिका घटनाक्रमलाई जोडेर सासूबुहारीबिचको शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा सम्पूर्ण जायजेथामाथि नर्मदाको नियन्त्रण हुनु, नर्मदाकै निर्देशनअनुसार मेनकाले काम गर्नु, हरेक निर्णयलाई समर्थन गर्न विवश हुनुले शक्तिको केन्द्रमा बुहारी र शक्तिको परिधिमा सासू रहेकी छन् ।

### ३.३.३ जेठीकान्छीबिचको लैङ्गिक शक्तिसम्बन्ध

*हीरा* उपन्यासलाई जेठीकान्छीबिचको शक्तिसम्बन्धका आधारमा पनि विश्लेषण गरिएको छ । जेठीकान्छीका रूपमा रहेका दीपा र नर्मदा दुवै दिनेशका पत्नी हुन् । यी दुई बिच देखिएको द्वन्दको मूल जड आर्थिक पक्ष नै हो । सामन्ती संस्कारकी नर्मदाले भविष्यमा सम्पत्तिमाथि सौताको दाबी विरोध नआओस् भन्ने हेतुले विवाह गर्दा दिनेशसँग सर्त तेर्स्याएको देखिन्छ । पारिवारिक निर्णय प्रक्रिया र आर्थिक व्यवस्थापनको जिम्मेवारी आफूमा सीमित राखी घरकी मालिक्नी बनेर एकल सत्ता सञ्चालन गर्न खोजेबाट शक्तिलाई लिएर द्वन्द्व सिर्जना भएको देखिन्छ । यी दुई पात्रबिचको द्वन्द्वलाई लिएर जेठीकान्छीबिचको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

सात सन्तानपछि पुनः गर्भवती भएकी दीपा सुत्केरी र गर्भवती अवस्थामा स्याहारसुसारको अभावले र परिवारको शारीरिक र मानसिक यातनाले थला परेकी छ । पति र सासूबाट चरम यातना पाएकी दीपाले सौता नर्मदाबाट थप पीडा भोग्नुपरेको छ । पितृसत्तावादी सामाजिक मात्यताअनुसार सौता-सौता मिलेर बस्न सक्दैनन् र एकले अर्कालाई दबाएरै आफ्नो शक्ति प्रदर्शन गर्न खोज्छन् भन्ने कुरालाई दीपा र नर्मदाबिचको द्वन्द्वले पुष्टि गर्दछ । पतिको आर्थिक तथा निर्णयको शक्ति खोसेर त्यसैको आडमा दीपामाथि दमन गरेकी छ । शारीरिक रूपमा कमजोर हुनु, आर्थिक रूपमा शक्तिविहीन हुनु र न्यायका दिलाउनका लागि सहयोगी पात्र नहुनुले पनि दीपा कान्छीको अत्याचार सहनुपरेको छ ।

सानो सानो विषयमा निहुँ खोजेर आक्रमणमा उत्रने नर्मदा निर्दयी र दमनकारी पात्र हो । सम्पत्ति र शक्तिको अहमताले मानवता र विवेक गुमाएकी नर्मदा आफ्नो शासकीय प्रभुत्वलाई स्थायित्व दिन भय र त्रासको वातावरण सिर्जना गर्न सक्रिय छे । भविष्यमा

आफूले पनि दिदीकै जस्तो परिस्थिति भोग्नुपर्ने हुन सक्छ भन्नेतर्फ ध्यान गएको देखिँदैन । अंशमा समान हक लागे पनि नर्मदाको एकल राज छ ।

शारीरिक अशक्तता, पतिको असहयोग र आर्थिक कमजोरीकै कारण दीपालाई सौताका हरेक निर्णय र आदेशलाई अक्षरश: पालना गर्नुपर्ने बाध्यात्मक परिस्थिति छ । सौताले सारा सम्पत्तिमाथि प्रभुत्व जमाउन दीपालाई घरबाट निकाला गर्न खोजेकी छ । सौताको अत्याचारले सीमा नाघेपछि त्यसको प्रतिवाद गरी शक्ति प्रदर्शन गर्न खोजेको कुरा "म किन जाने हँ ? मैले तेरो के खाइदिएकी छु र मनपरी बोल्छेस् ? यो कसको सम्पत्ति हो ? तेरो मात्रै हो ? लौ भोलि बिहान गाउँका मान्छे बोलाएर मेरो, मेरा छोराहरूको र तेरो अङ्स बाँडौं । बडो साँडा हुँदी रैछे यो त" (पृ ७५) भन्ने दीपाको धम्कीपूर्ण भाषिक प्रयोगबाट प्रस्ट हुन्छ । अनेक षड्यन्त्र रची सम्पत्तिमाथि प्रभुत्व जमाएकी नर्मदाले शक्तिकै आडमा छोराहरूसहित घरबाट निकाल्न खोज्दा दीपाले पनि कडा प्रतिवाद गरेकी छ । यस प्रसङ्गलाई हेर्दा आर्थिक शक्तिलाई लिएर जेठीकान्छीबिच द्वन्द्व चर्किएको प्रस्ट हुन्छ । नर्मदाको आर्थिक स्रोतमाथिको एकल नियन्त्रणलाई तोड्ने प्रयास गरेको देखिन्छ तर यसका लागि दीपामा कानुनसम्मत लड्ने हैसियत पनि देखिँदैन ।

नर्मदामा सीमित रहेको शासकीय शक्ति खोसेर आफू शक्तिशाली बन्ने प्रयासमा दीपा पनि लागेकी त छ तर शारीरिक अशक्ततता र सहराविहीन हुँदा नर्मदाको शक्तिद्वारा पराजित बनेकी छ । नर्मदामा सीमित रहेको सारा जायजेथा बाँडफाँड हुनुपर्ने माग राखेकी दीपालालाई बाबुको मदत लिएर नर्मदाले "तेरा बाउको सम्पत्ति हो यो ? यो मेरो एकलौटी सम्पत्ति हो बुझिस्, तैँले यहाँबाट एक पैसो र एक टुक्रो जमिन पनि पाउन्नेस्" (पृ.७६)भन्दै आफ्नो पनि प्रभुत्व कायम गर्न खोजेकी छ । छोरीको प्रभुत्वलाई स्थायित्व दिन शक्ति र सत्ताको आडमा धम्की दिएर त्रासको वातावरण सिर्जना गरिदिएको छ । नर्मदालाई शक्तिशाली बनाउन उसको पिता नरेशको पनि महत्त्पपूर्ण हात रहेको छ । तर आफ्नै परिवारबाट किनारा लगाइएकी दीपाको पक्षमा वकालत गर्ने दुईचार जना छिमेकी बाहेक अरू छैनन् । आफूले भोगेका पीडाहरू माइतीसमक्ष राखे पनि सहयोग मिलेको देखिँदैन । अन्ततः पिता र पतिको समर्थन पाई नर्मदाले दीपालाई घरनिकाला गरी आरुबारीको छाप्रोमा लगी राखेकी छ ।

आफ्ना अबोध छोराहरूलाई मार्ने नर्मदालाई कानुको दायरामा ल्याउन पनि दीपा असफल भएकी छ । भोको पेट भर्न कुमाल दाइसँग माछा माग्दा कान्छीले अवैध सम्बन्धको आरोप लगाउँदा पनि सहन विवश छे । आफूले सकीनसकी फलाएका मकै भाँचेर लैजाँदासमेत दीपा मूकदर्शक बनी बसेकी छ । आमाप्रति गरेको अत्याचारका विरुद्धमा बदला लिन खोज्दा दीपाले "बाबु हो ! अहिले नछोऊ, त्यसले मार्छे । फेरि आफ्नो बाबुलाई लगाएर झ्यलखान हाल्छे (पृ.८४)" भन्दै रोकेकी छ । ऊ नर्मदाको शक्तिबाट भयभीत छे भन्ने कुरा प्रस्ट हुन्छ । अन्त्यमा आफ्ना छोराहरूलाई जीवनमा हिम्मत नहार्न सुझाव दिएकी दीपा खोसिएको अधिकार र शक्ति प्राप्तिका लागि लड्ने हिम्मत नगरी आत्महत्या गरेकी छ ।

यी घटनाका आधारमा जेठीकान्छीबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा आर्थिक शक्ति कान्छी नर्मदामा सीमित रहनु, पति र पिताको बलमा रोगी दीपामाथि दमन गर्नु तर दीपाले बदला लिन नसक्नु, कान्छीको शक्तिबाट जेठी भयभीत हुनु, नर्मदाले दिएका निर्देशन र गरेका निणर्यलाई दीपाले पालना गरेबाट शक्तिको केन्द्रमा कान्छी (नर्मदा) र शक्तिको परिधिमा जेठी (दीपा) रहेको प्रस्ट हुन्छ ।

## ३.३.४ काका र भतिजबिचको लैङ्गिक शक्तिसम्बन्ध

*हीरा* उपन्यासमा काकाभतिजबिच शक्तिसङ्घर्ष भएको छ । यस्तो शक्तिसङ्घर्षमा काका हुतराज र भतिज अरुण रहेका छन् । यथास्थितिवादका पक्षपाती काका र परिवर्तनका पक्षपाती अरुणबिच वैचारिक द्वन्द्व देखिन्छ । आफ्नो वैचारिक मान्यतालाई स्थापना गर्ने ध्याउन्नमा दुवै पात्र उत्तिकै सक्रिय छन् । यसै गरी काकाले अरुणको जायजेथामाथि नियन्त्रण गरेर र अरुणले काकाद्वारा कब्जा गरिएको जमिन खोसेर आफूलाई शक्तिशाली बनाउन दुवैले प्रतिस्पर्धा गरेका छन् । समाजमा आफूलाई शक्तिका केन्द्रमा स्थापित गर्न दुवैले फरक फरक विचारधारा अँगालेको देखिन्छ । यहाँ यी दुई पात्रका विचारधारा र व्यवहारका माध्यमबाट काका र भतिजबिचको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

हुतराज सामन्तवादी विचारधाराबाट ग्रसित छन् भने अरुण सुरुमा काकाकै मान्यताको अनुसरण गर्न खोजे पनि दोस्रो विवाहपश्चात् त्यस मान्यतालाई भत्काउने प्रयासमा छ । यी दुई विपरीत ध्रुवमा उभिएर आफ्नो प्रभुत्व कायम गर्नमा उद्दत देखिन्छन् । पुरातनवादी मान्यताका पक्षधर काकाकै निर्देशनबमोमि दोस्रो विवाह गरेको अरुण सुरुमा

काकाद्वारा निर्देशित रहेको कुरा "दोस्रो बिहाको झन्झट गर्ने मलाई मनै थिएन । काकाले आफैँ गएर केटी मागी बिहा गर्नैपर्छ भनेर मलाई दाब्नुभयो । बाबुसरहका काकाले जबर्जस्ती गरेपछि हार्न पनि सकिएन" (पृ.५५) भन्ने अरुणको आत्मकथनबाट प्रस्ट हुन्छ ।

पत्नी दीपाबाट सन्तान नभए धर्मपुत्र पाल्ने तर दोस्रो विवाह नगर्ने प्रतिज्ञा गरेका अरुण काका हुतराजको दबाब थेग्न नसकी बहुविवाह गर्न विवश देखिन्छ । काकाको विवाह गरिदिने एकल निर्णयको प्रतिवाद गर्न नसकेको अरुणले दीपासँग गरेको प्रतिज्ञालाई काकाको शक्तिले तोडिएको छ । वर्तमानमा गरेको कार्यले भविष्यमा निम्त्याउन सक्ने परिणामप्रति दुवै असचेत छन् । बुढेसकालमा सहारा पाउन, पिण्डपानी पाउन, स्वर्ग पुग्न र आफ्नो वंश कायम राख्नकै निम्ति सन्तानको आवश्यकता पर्छ भन्ने पितृसत्तावादी मान्यतालाई दुवैले अँगालेको देखिन्छ तर दोस्रो विवाहपश्चात् काकाले पितृसत्तालाई बोकेर अगाडि बढेका छन् भने अरुण त्यस मान्यतालाई तोड्ने कार्यमा लागेको छ । काकाकै निर्णयबमोजिम दोस्रो विवाह गर्न राजी भएको अरुण विवाहपश्चात् काकाकै कारण आफ्नो जीवन बर्बाद भएको भन्दै पश्चातापमा परेको छ । अरुण काकाको निर्णय र मान्यतालाई विरोध गर्दै अगाडि बढ्ने प्रयास गरेको छ । अरुणमा उत्पन्न नव वैचारिक धारलाई परिवर्तन गराउन काकाले धार्मिक मान्यताको प्रयोग गरी आफ्नो सत्तालाई स्थायित्व दिन उत्सुक रहेको कुरा "हेर हेर यसका कुरा । के तैँले आफ्नो भावी कुल नै नाश गर्न खोजेको ? अपुताली पऱ्यो भने त सात पुस्ता नरक पर्छन्, बुझिस्" (पृ.२०) भन्नेबाट पुष्टि हुन्छ । काकाले सन्तान जन्माएर हरिकलासँग मिली घरगृहस्थी चलाउन गरेको आग्रहलाई अरुणले अस्वीकार गरेका छ । दीपा र हरिकलाको जीवन आफ्नै कारणले बर्बाद भएको भन्ने विचारबाट अरुणमा लैङ्गिक चेतनाको विकास हुन खोजेको देखिन्छ । बरु काकालाई नारीको महत्त्वबारे प्रस्ट पार्दै काकाको पुरातनवादी सोचमा परिवर्तन ल्याउन खोजेको छ ।

जेठी र कान्छी दुवैको ख्याल गरे पनि माया चाहिँ कान्छीलाई बढी गर्नुपर्छ भन्ने काकाको विचारलाई हेर्दा उसमा पुरुषवादी सोच देखिन्छ । आफ्नो नजरमा हरेक नारी समान हुन्छन् भन्दै काकाको यथास्थितिवादी विचारको प्रतिवाद गर्दै शक्तिको तहमा उभिने प्रयास गरेको छ । अरुणमा हीराप्रति वैमनश्यता पैदा होओस् भन्ने हेतुले "तेरी स्वास्नी हीरा कति लाज नभएकी आइमाई रैछे । पहिली स्वास्नीबाट सन्तान नभएपछि जसले ल्याइहाल्छ नि" (पृ.५४) भन्दै हीराको चरित्रबारे नकारात्मक टिप्पणी गरेका छन् । काकाले हीराप्रति गरेका अनेक नकारात्मक टीका टिप्पणीबाट आक्रोशित बनेको अरुणले कडा प्रतिवाद गरेको

छ । आफ्ना सुझाव, आज्ञा र निर्णयविपरीत काम गर्न थालेपछि ककाको शक्ति क्षीण हुँदै गएको देखिन्छ ।

काकाले अष्टमीका दिन मासु खान गरेको निम्ता र दीपालाई बिर्सेर हरिकलासँग बस्न गरेको प्रस्तावलाई अस्वीकार गरेको छ । सम्पूर्ण जायजेथा हरिकलालाई सुम्पेर दीपाको खोजीमा निस्केपछि काकाले अनेक षड्यन्त्र रची अरुणको सम्पत्तिमा कब्जा गर्ने सपना अरुणकै कारण विफल भएको छ । जोगीको भेषमा पहिचान लुकाई आएको अरुणले काकाका सम्पूर्ण षड्यन्त्र र कर्तूत थाहा पाएपछि बदला लिन रातमा आई डर र भय सिर्जना गरेको छ । बदलाका लागि अनेक घटनाहरू घटाएको अरुणले काकाको मस्तिष्कमा भूतकै कारण यस्तो भएको हो भन्ने भ्रम सिर्जना गरेको छ । जोगीको भेषमा आएर काकाको छोराको हात हेर्दै त्यस घरमा बसे ठूलो अनिष्ट हुने भविष्यवाणी गर्दै काकालाई भयभीत तुल्याएको छ । भूतको भयले झ्यालबाट हाम फाल्दा छोरा विनयको उधिनढुङ्गोमा परी टाउको फुटेर मृत्यु हुन्छ भने काकाको हात भाँचिन्छ । अरुणकै कारण काकाको सामन्ती शासन ध्वस्त भएको छ । काकासँग हरिकलालाई मारेको बदला पनि लिन सफल भएको छ भने सम्पत्तिमाथि काकाको नियन्त्रणलाई पनि तोडेको छ ।

माथिका घटनाहरूलाई काका र भतिजबिचको शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा काकाकै निर्णयबमोजिम विवाह गरेका अरुण सुरुमा शक्ति र निर्णयको तहमा नरहे पनि अन्ततः काकामाथि विजय प्राप्त गरेको देखिन्छ । अरुणकै कारण काकाले सामाजिक प्रतिष्ठा पनि गुमाउनु परेको छ भने जीवनमा गरेका अन्याय र अत्याचारको सजाय पनि भोग्नुपरेको छ । जसबाट शक्तिको केन्द्रमा भतिज र शक्तिको परिधिमा काका रहेका छन् ।

## ३.४ *सीमावारि सीमापारि* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

कविता पौडेलद्वारा लिखित *सीमापारि सीमावारि* उपन्यास लैङ्गिक स्वतन्त्रता र नारी अस्तित्व निर्माणमा केन्द्रित छ । एकातिर कमजोर आर्थिक अवस्था र अर्कातिर पुरुषको षड्यन्त्रमा परी देहव्यापारमा लाग्न विवश नारीहरूले मुक्तिका लागि गरेको सङ्घर्षलाई मूल विषय बनाइएको छ । लैङ्गिक चेतना, आत्मविश्वास र अदम्य साहसका कारण पुरुषमाथि नारीले कसरी विजय प्राप्त गर्छन् भन्ने कुरालाई पुष्ट्याइँ गर्न खोजिएको छ । यस उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा अध्ययन विश्लेषण गर्दा को कसरी शक्तिको

केन्द्रमा छ, को कसरी शक्तिको परिधिमा छ र प्रतिरोधको अवस्था कस्तो छ भन्ने कुराको खोजी गरिएको छ । यस क्रममा महिला र पुरुष र महिला र महिलाबिचको शक्तिसम्बन्धलाई तल उपशीर्षकसहित चर्चा गरिएको छ ।

### ३.४.१ महिला र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध

*सीमापारि सीमावारि* उपन्यासमा लैङ्गिक शक्तिलाई लिएर महिला र पुरुषबिच कडा सङ्घर्ष भएको छ । पुरुष पात्र कमल, उमाका काकाबाबु, मास्टर हिरालाल, शीलाका लोग्ने र उमाका पति तथा महिला पात्र सीता, उमा, शीला, शीलाकी सानिमाबिच शक्तिका लागि बढी द्वन्द्व भएको छ । पितृसत्ताको उपजस्वरूप पुरुषमा सम्पत्तिको पूर्ण स्वामित्व र अधिकार भए पनि यस उपन्यासका सबै पुरुष पात्रमा त्यो स्थिति देखिँदैन । यिनै पात्रका माध्यमबाट पुरुष र महिलाबिचको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

अवैध सम्बन्धबाट गर्भवती भएकी भाउजू सीतालाई पन्छाएर समाजमा आफ्नो मर्यादा कायम राख्न कमल सक्रिय भएको छ । उसले विवाहको प्रलोभनमा पारी सीतालाई भारतको वेश्यालयमा लगेर बेचेको छ । गर्भवती अवस्थामा बेचिएकी सीता सन्तान जन्माएर त्यसकै आधारमा बाँच्ने तीव्र आकाङ्क्षा राखेकी छ तर पुरुष डाक्टरसमक्ष गर्भपतन नगराउन गरेको अनुनय निरर्थक बनेको छ । पुरुषको यौन सन्तुष्टिका लागि आफ्नो छोरा मारिनबाट जोगाउन ऊ असफल भएकी छ । पुरुषबाट आफ्नो अस्मिता बचाउन नसकेकी सीता परिधीय पात्र भए पनि देहव्यापारबाट मुक्त भएपछि कमलसँग बदला लिन सफल भएकी छ ।

सम्पत्ति र यौन स्वार्थकै निम्ति नारीको जीवनलाई अस्तित्वविहीन बनाएको कमल अन्ततः दयनीय जीवनावस्थामा बाँचेको छ । शक्ति र सत्ताको आडमा नारीमाथि दमन र शोषण गर्ने पुरुष पात्र अन्ततः तिनै नारीसमक्ष पराजित भएको आत्मस्वीकारोक्तिलाई “मलाई माफ गर सीता ! तिमी गएपछि सबै परिवार बिरामी परे । मैले सारा खेत बेचेर उपचार गराएँ । तर क्षयरोग लागेर दैवले सबैलाई लग्यो” (पौडेल, २०७०, पृ. १८९) भन्ने कमलको यस भनाइले पुष्टि गर्दछ । भाउजूलाई बेचेर सारा सम्पत्तिमाथि प्रभुत्व जमाउन खोज्ने कमलले अन्ततः परिवारका सदस्यको उपचारमा सबै जायजेथा बेचेको छ । सीताले कुटपिट र गाली गर्दासमेत निरीह भई सहेको छ । विगतमा आफूले गरेका कुकृत्यप्रति

हीनताबोध गरेको उसले पापमोचनका लागि सीताबाट मारिन चाहेको छ । जसबाट ऊ शक्तिहीन बन्न पुगेको प्रस्ट हुन्छ । यता उमा र शीलाको निर्णयबमोजिम देहव्यापार त्याग्ने कुरालाई सुरुमा समर्थन जनाएकी सीता आर्थिक आम्दानीको भरपर्दो माध्यम नदेखेपछि मास्टर हीरालालको यौन व्यवसाय सञ्चालन गर्ने कुरालाई समर्थन गरेबाट उसमा लैङ्गिक चेतना विकास भएको देखिँदैन । अर्घाखाँचीमा रहेकी तीन सन्तानकी महिलालाई हीरालालकै योजनामुताबिक लिन जाँदा स्वयम् दण्डित भएकी छ । यता हीरालालले यौन व्यवसाय सञ्चालन गरेर प्रशस्त धन कमाउने योजना तिनै महिलाका कारण विफल भएकाले शक्तिको केन्द्रमा महिला रहेको थाहा हुन्छ ।

आफ्ना काकाबाबुको निर्णबमोजिम आर्थिक रूपमा सम्पन्नशाली केटासित विवाहमा बाँधिन विवश उमा यस उपन्यासकी प्रमुख नारी पात्र हो । "छोरी यही हो, यसले काम त कति गर्छे, यो भएपछि त तपाईंलाई कुनै कामको चिन्ता हुँदैन" (पृ.४६) भन्ने काकाको विचारबाट पितृसत्ताबाट भारतीय समाजमा पनि महिलाहरू दबाइएका छन् भन्ने प्रस्ट हुन्छ उमालाई छोरीका रूपमा उच्चारण गरे पनि काकाबाबुले काम गर्ने नोकर्नी र पतिको सेवकका रूपमा विवाह गराउन खोजेको देखिन्छ । दाजुको हत्या गर्नुका साथै भाउजुलाई घरनिकाला गरी षड्यन्त्रपूर्वक सम्पूर्ण सम्पत्तिमा प्रभुत्व जमाएको छ । पितृसत्तात्मक प्रभुत्वलाई कायम राखी आफ्नो शक्ति प्रदर्शन गर्न खोजेको देखिन्छ ।

माइतीको कमजोर आर्थिक अवस्था र आर्थिक आम्दानीको स्रोत नभएकाले उमा पतिमाथि निर्भर हुनुपरेको छ । पतिको मागअनुसार दाइजो नल्याएकै कारण पतिबाट प्रताडित हुँदा पनि प्रतिकारमा उत्रन असमर्थ भएकी छ । पतिका हरेक निर्णय र आज्ञालाई शिरोपर गर्दै अगाडि बढेकी त छ तापनि प्रेम र सहानुभूति भने पाउन सकेकी छैन । परिवारको सदस्य भएर पनि उमालाई आर्थिक अधिकार र निर्णयको भूमिका दिइएको देखिँदैन भने उमाले पनि यस विषयमा बोल्ने आँट गरेकी छैन । बरु चरम यातना सहँदै बुहार्तनको कर्तव्य पूरा गर्नमा लागेकी छ । अन्ततः पीडाबाट आजित भई घर छोडेर हिँडेकी छ । यस अवस्थासम्मको समयलाई हेर्दा उमा परिधीय पात्रका रूपमा रहेको देखिन्छ तर घर छोडेर हिँडेपश्चात् नयाँ शक्तिका रूपमा उदाएकी छ । घर छोडेर आगरा पुगकी उमालाई एक पुरुष दलालले पत्नीको सम्बन्ध गाँसेर बेच्ने प्रयासलाई असफल तुल्याएकी छ । जोगीको कुटीलाई जीवनको आधार बनाउने निर्णय गरेकी उसले पछि त्यस कुटीमा निर्मित भवन र जमिन आफ्नो स्वामित्वमा ल्याउन सफल भएकी छ । पतिसँग रहुञ्जेल

शक्तिहीन बनेकी उमा क्रमशः शक्तिको केन्द्रमा आउने प्रयास गरेको देखिन्छ । आफ्नो जीवन रक्षाका दौरान केही पुरुषको समेत हत्या गरेकी उसले सम्भावित खतराबाट जोगिन तेस्रो लिङ्गीको रूपधारण गरेकी छ । कपडा पसलेकोमा कामदारका रूपमा रहँदा साठी वर्षे घरधनीको आक्रमणका विरुद्ध डटेर लडेकी छ । अन्ततः कुटीमा बनाइएको भवनमा यौन व्यवसाय सञ्चालन गरी त्यसैलाई बाँच्ने आधार बनाएकी छ ।

यौनदासीका रूपमा बेचिएकी शीलाको आगमनपश्चात् उसमा लैङ्गिक चेतनाको विकास हुन थालेको छ । शीलाकै योजनाअनुसार यौन व्यवसाय त्यागेर नारीमैत्री व्यवसाय सञ्चालन गरेका छन् । आर्थिक स्रोतमा पुरुषमाथिको परिनिर्भरलाई समाप्त पार्न र पितृसत्ताबाट दबाइएका महिलाको उत्थान गर्न गुन्द्री कारखाना खोलेका छन् । विभिन्न लजहरूमा देहव्यापारमा लगाइएका महिलाहरूको खोजी गरी पुरुषको एकतन्त्रीय शासन सत्तालाई ढाल्ने प्रयत्न गरिएको छ ।

काकाबाबुजस्ता व्यभिचारी र द्रव्यपिपाशु पुरुष पात्रहरू विगतमा आफूले गरेका गल्तीहरूप्रति प्रायश्चित गरी नारीसमक्ष माफी मागेका छन् । सम्पत्तिकै लागि दाजुको हत्या गरेर भाउजूमाथि शारीरिक शोषण गरेका काकाबाबुको शक्ति अन्ततः क्षीण बनेको छ । सम्पत्तिमाथि एकल प्रभुत्व कायम गरेको उमाको पति अन्ततः शक्तिहीन बनेको कुरा आफूले “बिचरी त्यो उमालाई कति हेला गरेँ, कति पिटेँ, कति दुःख र मानसिक पीडा दिएँ, त्यो पापको फल आज भोगेको छु” (पृ.१३६) भनी जीवनमा उमाप्रति गरेको दानवीय व्यवहारलाई लिएर गरेको पश्चातापपूर्ण आत्मकथनबाट थाहा हुन्छ । जीवनमा पत्नीमाथि गरेका क्रूर व्यवहार गरेकोमा पश्चाताप गर्दै उमासित माफी मागेको छ । पत्नीमाथि अत्याचार र दमन गरी शक्ति प्रदर्शन गर्ने मान्छे सारा सम्पत्ति सकिएपछि उमाकै निर्देशनमा चली परनिर्भर बनेको छ । उसले पत्नी उमासँग नयाँ व्यवसायमा आफूलाई सम्मिलित गर्न बिन्ती चढाएबाट पनि पितृसत्ता क्रमशः कमजोर बन्दै गएको देखिन्छ । सरोजले बाँच्नका लागि अन्ततः पत्नीमाथि निर्भर रहनुपरेको घटनालाई हेर्दा पितृशक्ति परिधीय शक्तिमा धकेलिन पुगेको देखिन्छ । देह व्यापारमा लाग्दा एड्सलगायतका यौन रोगबाट ग्रसित कतिपय महिलाहरू समाजमा पुनर्स्थापित हुन सकेको देखिँदैन । पुरुषकै कारण कलङ्कित भएका नारीहरू पुरुषबाटै दमित र तिरस्कृत बन्नुपरेको छ । कतिपय महिलाहरू पुरुषबाट आफ्नो नारीत्व जोगाउन नसकी आत्महत्या गर्न पुगेका छन् भने उमाजस्ता महिलाहरू पुरुषवादसँग जुधेर नारीसत्ताको स्थापनामा तल्लीन दखिन्छन् ।

पुरुषद्वारा अधीनस्थ महिलारूमा आएको सचेतनाले मातृसत्तालाई स्थापित गर्नुपर्छ भन्ने आपसमा वैचारिक सहमति गरेको देखिन्छ । यथास्थितिमै रहेर पितृसत्ताको दमनबाट उन्मुक्ति प्राप्त गर्न नसकिने भन्दै पौराणिक कथामा वर्णित उग्रचण्डीजस्तै बनेर पितृसत्ताको प्रतिरोध गर्नुपर्ने कुरालाई "नारी पनि जस्तै कठोर हृदयकी किन नहोस्, ममताले ओतप्रोत हुन्छन्, दयाका खानी पनि हुन्छन् । यद्यपि यस्ता वात्सल्य मूर्ति पनि आवश्यकताअनुसार उग्रचण्डी, रणचण्डीका रूपमा देखा परेको सुनिन्छन्, देखिन्छन्" (पृ.८८) भन्ने कुराले प्रस्ट पारेको छ । पस्थितिअनुसार नारी दानवरूपी पुरुषको अन्त्य गरी उग्रचण्डीरूपी देवीका रूपमा प्रस्तुत हुने भन्दै महिला शक्तिको वास्तविक शक्ति प्रदर्शन खोजेको देखिन्छ । तीस वर्षसम्म यौन व्यवसाय सञ्चालन गरी प्रशस्त धन कमाएकी उमा अन्त्यमा आफ्नो शक्तिलाई नारीको हितमा उपयोग गरी पितृसत्तात्मक सामाजिक संरचनालाई ढाल्ने कार्यमा सक्रिय भएकी छ ।

पुरुषकै कारण नारकीय जीवन बिताएकी बर्मेली बूढी आमाको मात्र नभई महिलाद्वारा बलात्कृत सन्तोषको पनि उद्धार गरकी छ । जसबाट ऊ समाजमा शक्तिशाली नारी पात्रका रूपमा उपस्थित भएकी छ । माथिका घटनाहरूलाई महिला र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा सुरुतिर काकाबाबु र लोग्नेले आर्थिक शक्तिमाथि नियन्त्रण जमाई एकल निर्णयबाट अगाडि बढे पनि अन्ततः आफन्त र सारा सम्पत्ति गुमाई उमाको शरणमा परेका छन् । आफूले गरेका गल्तीप्रति प्रायश्चित गर्दै माफी पनि मागेका छन् । जसबाट केही समय नारी शक्तिको केन्द्रमा रहेको जस्तो देखिए पनि अन्ततः शक्तिको केन्द्रमा पुरुष नै रहेको छ ।

आफ्नै लोग्ने र सौतिनी आमाको षड्यन्त्रमा परी बेचिन पुगेकी शीला लैङ्गिक चेतना भएकी शिक्षित नारी पात्र हो । देहव्यापारमा लागेर नारकीय जीवन बिताउन विवश महिलाहरूलाई नारी मुक्ति र नारी अस्तित्वका लागि लड्न अभिप्रेरित गरेकी छ । अझ भन्नुपर्दा उसकै कारणले कतिपय पुरुषहरू महिलाद्वरा पराजित भएका छन् । सौतिनी आमासँग अवैध सम्बन्ध राखेको लोग्नेले शीलालाई पन्छाएर आफ्नो शक्ति प्रदर्शन गर्न खोजेको छ । नारीमाथि हुने गरेका र हुँदै आएका ज्यादतीलाई रोक्न नारी पात्रमा विद्रोही भावना उत्पन्न भएको "पख पापी ! यहाँबाट जान पाएँ भने तँलाई काटेर टुक्रा टुक्रा नपारी त किन पो छोडुँला पख् (पृ.८८) भन्ने शीलाको प्रतिशोध र रोषपूर्ण अभिव्यक्तिले पुष्ट्याइँ गरेको छ । पतिसँग बदला लिएरै छोड्ने दृढ सङ्कल्प बोकेकी शीला बेचिन पुगे पनि आफ्नो

नारी अस्मिता पुरुषबाट जोगाउन सफल भएकी छ । पितृसत्ताले खोसेको अधिकार र स्वतन्त्रताका लागि डटेर सामना गरेकी उसले अन्ततः पतिलाई बन्दी बनाएर बाबाको पेस्तोलले हानी हत्या गरेर बदला लिएकी छ ।

महिलालाई कमजोर सोचेर उनीहरूको शरीरमाथि राजनीति गर्ने पुरुषहरू शीलाजस्ता नारीबाट बच्न सक्दैनन् भन्ने कुरालाई प्रस्ट पारेको छ । आफूमाथि आक्रमण गर्ने ट्याक्सी चालकलाई मारेर महिला शक्तिलाई थप सुदृढ बनाउँदै लगेको देखिन्छ । नारीको शरीरलाई भोगका लागि मात्र उपभोग गर्न खोज्ने विचारधारालाई परिवर्तन गराई नारीमुक्तिका लागि जाग्न अभिप्रेरित गरेका कुरालाई "नेपाली भएर केही पैसा कमाउनको लागि गाउँ छोडेर, घर छोडेर र परिवार छोडेर आएका छौ । यस्तो रण्डीखानामा पैसा दिँदै आफ्नो जीवन खतरामा पारेका छौ, होइन" (पृ.११९) भन्ने नारीवादी विचारले प्रस्ट पारेको छ । पुरुषको सहभागिताविना नारी शक्ति सुदृढ हुन नसक्ने भएकाले शीला पुरुष पात्रलाई समेत चेतनशील बनाउने कसरतमा लागेकी छ । उसकै कारण आर्थिक तथा पारिवारिक निर्णय प्रक्रियामा पुरुषको एकल भूमिकाको अन्त्य हुँदै गएको छ । बल र चेतनाका माध्यमबाट वेश्यालयमा नारीमाथि हुने यौन हिंसा र पुरुषले नारीमाथि राख्ने फरक दृष्टिकोणमा पनि परिवर्तन आएको देखिन्छ । शीलाको घटनासँग जोडिन आएका पुरुषहरू शीलाबाट पराजित भएकाले नारीशक्ति हावी हुँदै गएको छ

माथिका घटनाक्रलाई जोडेर *सीमावारि सीमापरि* उपन्यासलाई महिला र पुरुषबिचको शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा पितृसत्ताले आर्थिक तथा कामवासनाका रूपमा महिलालाई उपयोग गरेको देखिन्छ । आर्थिक तथा निर्णय प्रक्रियामा महिला सहभागिता नगराई पुरुषले आफ्नो पुरुषत्व कायम गर्न खोजेका छन् । शारीरिक र मानसिक यातना दिई महिलालाई दबाएर आफ्नो शक्ति प्रदर्शन गर्न खोजे पनि त्यो शक्तिले स्थायित्व पाएको देखिँदैन । शीलाजस्ता महिलाले महिला र पुरुष दुवैलाई चेतनशील बनाई पितृसत्तात्मक सामाजिक संरचना भत्काएर मातृशक्तिलाई सुदृढ बनाउन सक्रिय भएका छन् । पुरुषमाथि निर्भरता रहेकै कारण कलिलै उमेरमा धेरै नारीहरू विधवा हुनुपरेको, यौनदासीका रूपमा काम गर्नुपरेको, नारी अस्मिताको रक्षा हुन नसकेको, शारीरिक मानसिक पीडा सहन नसकी आत्महत्या गर्नुपरेको छ । शीला, उमाजस्ता महिलाका कारण काकाबाबु, सरोजजस्ता पुरुषहरू अन्ततः शक्तिहीन भई बाँचेका छन् भने कतिपय पुरुष पात्रहरू नारीबाट मारिएका छन् । पूर्ण रूपमा पितृसत्ताको अन्त्य नभए पनि मानिसमा आएको

लैङ्गिक चेतनाले समन्यायको अवस्था सिर्जना हुन थालेको देखिन्छ । जसलाई हेर्दा महिला र पुरुष शक्तिको समान स्तरमा रहेको देखिन्छ ।

### ३.४.२ महिला र महिलाबिचको लैङ्गिक शक्तिसम्बन्ध

*सीमावारि सीमापरि* उपन्यासमा महिला महिलाबिचमा पनि शक्तिलाई लिएर कडा सङ्घर्ष भएको छ । उपन्यासलाई शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा को कसरी शक्तिको केन्द्रमा छ, को कसरी शक्तिको परिधिमा छ र प्रतिरोधको अवस्था कस्तो छ भन्ने कुराको खोजी गरिएको छ । नारी पात्रको बाहुल्यता रहेकाले शक्ति प्रदर्शनमा सक्रिय भूमिका खेलेका महिला पात्रका आधारमा मात्र शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । यसरी हेर्दा म पात्र (लेखिका) र सीता, सीता र उमा तथा शीला र उमाबिच शक्तिसङ्घर्ष भए पनि यिनीहरूका बिचमा कुनै नाता सम्बन्ध रहेको देखिँदैन ।

मास्टर हीरालालको योजनाअनुसार म पात्रलाई बेचेर एक लाख कमाउने तीव्र अभिलाषा बोकेकी सीता म पात्रको शक्तिद्वारा पराजित भएकी छ । घरमा लोग्ने नभएकी तीन सन्तानकी आमालाई प्रलोभनमा पारी यौन व्यवसायमा लगाउने सीताको योजना विफल भएको छ । रातमा छुरीसहित म पात्रको घरमा पुगेकी सीता उल्टै बाँधिएकी छ । आफ्नो परिचय, योजना र विगतमा भोगेका घटनाहरूलाई लुकाउन खोजे पनि पर्दाफास गर्न विवश बनेकी छ । लामो समय यौन हिंसाको सिकार भएर पनि उसमा लैङ्गिक चेतनाको विकास भएको देखिँदैन । पुरुषवादी मान्यतालाई अँगालेकी सीता पितृसत्तात्मक सोचबाट ग्रसित छे । पैसाकै लागि नारीको जीवन बर्बादीतर्फ धकेल्ने काम नारीबाटै भएको छ । सीताजस्ता महिलाहरू गरिबीकै कारण कसरी पुरुषबाट अस्तित्वहीन बनाइएका छन् भन्ने यथार्थ चित्र सीताको “बस बहिनी, तिमी त मेरै गाउँकी माइती खोज्दै आएकी पो त ! दैव भनूँ या मेरो कर्म भनूँ, आज मलाई यस्तो पेसामा लगाए । पापीहरूका फन्दामा परेर आज यस्तो दुर्गन्धित भएकी छु” (पृ.२-३) भन्ने सीताले उमालाई सुनाएको आत्मवृत्तान्तबाट थाहा हुन्छ । मास्टर हिरालालले सावधानीपूर्वक माया गरेको भ्रम सिर्जना गराई फकाएर ल्याऊ भन्ने कुरालाई बिर्सेर सुरुमै आफ्नो पोल खोल्न पुगेकी छ । म पात्रले चलाखीपूर्वक ऊ ( सीता) आउनुको रहस्य पत्ता लगाउन सफल भएकी छ । आफूलाई बेचिनबाट जोगाउन म पात्रले बल र बुद्धिको उपयोग गरेकी छ । म पात्रले थाममा बाँधेर अनेक धम्की दिँदासमेत प्रतिवाद गर्न सकेकी छैन । बरु उसमा भय र त्रास सिर्जना उत्पन्न भएको कुरा “यस्ती

कडी रैछ्यौ, बाबै नि ! तिमीजस्ता कतिलाई लगिसकेँ तर यसपालि त नराम्रो फन्दामा परियो" (पृ.४) भन्ने अंशले प्रस्ट पार्दछ । पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ (भट्टराई, २०६८, पृ. २६६) भन्ने मान्यताअनुरूप सीताले पितृसत्तालाई बोकेर हिँडेको देखिन्छ । यी घटनाहरूलाई हेर्दा शक्तिको केन्द्रमा म मात्र र शक्तिको परिधिमा सीता रहेकी छ ।

*सीमावारि सीमापरि* उपन्यासमा सीता र उमाका बिचमा पनि शक्तिलाई लिएर द्वन्द्व चर्किएको छ । देवर कमलबाट भारतको वेश्यालय पुऱ्याइएकी सीता दलालबाट तीन पटक बेचिइसकेकी नोपाली चेली हो । नेपाली मूलकी भारतीय नागरिक उमाको वेश्यालयमा पुगेकी सीत उमाकै अधीनमा रहेकी छ । दलालाबाट बेचिएका कतिपय महिलाहरू भाग्दा सीतालाई आर्थिक तथा शारीरिक दण्ड दिइएको छ । आफू पुरुषद्वारा धरै प्रताडित भएर पनि लैङ्गिक हिंसामा सक्रिय भएकी छ । आफ्नो शक्ति प्रदर्शनका निम्ति सीतालाई पुरुषको कामवासनाको साधनका रूपमा मात्र नभई नोकर्नीका रूपमा समेत प्रयोग गरेको कुरालाई "आज सीता र तैँले भात पकाओ । ग्राहक आउन लागे । कसले के खान्छ, सब तयारी गर" (पृ. ३१) भन्ने उमाको भात पकाउन दिएको निर्देशनले सङ्केत गर्दछ । दिनरात पुरुषहरूको यौन सन्तुष्टिका लागि समर्पित भए पनि सीताले आर्थिक आम्दानी गर्न पाएकी छैन । सीतालाई उपयोग गरेर प्रशस्त धन कमाएकी उमाले आर्थिक स्रोतमाथि पूर्ण नियन्त्रण राखी आफ्नो निर्णयलाई कार्यान्वयन गराउन सक्रिय छे । उमाकै निर्देशनबमोजिम काम गरेकी सीताले आफ्नो शरीरमाथि राजनीति गरेर दमन र शोषण गर्दा पनि निरीह भई बाँच्न विवश छे ।

शीलाको आगमनपश्चात् उमाको व्यवहारमा परिवर्तन आए पनि सीताले आफ्नो प्रभुत्व कायम गर्न सकेकी छैन । उमामा बिस्तारै लैङ्गिक चेतनाको विकास भएको छ तर आर्थिक हिसाबले सम्पन्नशाली भएकाले हरेक योजना र निर्णय उमाले नै गरेकी छ र त्यसलाई पछ्याउने काम सीताले गरकी छ । अझ भनौँ देह व्यापार बन्द भएपश्चात् पनि सीता उमामाथि नै निर्भर छे । शीलाकै योजनाअनुसार देह व्यवसाय त्यागेर गुन्द्री उद्योग सञ्चालन गरेपछि भने सीतालाई रोजगारी दिएकी छ । तर भाइबुहारीसँग मिलन भएको, सन्तोषका आमाबाबुले छोरीका रूपमा ग्रहण गरेका र लोग्ने पनि शरण माग्न आएको देखेर सीताले उमाको जीवनसँग आफ्नो जीवनलाई दाँज्दछे । आफ्नो कसैले वास्ता नगरेको महसुस गरी उमासँग छुट्टिएर पुनः यौन पेसालाई अँगाल्न पुगेकी छ । तर उमाले आफूलाई

बालबालिका र वृद्धवृद्धाको सेवामा समर्पण गरेकी छ । यी घटनाहरूलाई हेर्दा सीता उमाबाट निदेर्शित छे । आर्थिक तथा निर्णायक शक्तिमाथि उमाको पूर्ण नियन्त्रण भएकाले शक्तिको केन्द्रमा उमा र शक्तिको परिधिमा सीता रहेको देखिन्छ ।

*सीमापरि सीमावारि* उपन्यासमा प्रमुख शक्ति सङ्घर्षका रूपमा उमा र शीला देखिएका छन् । शीलाको आगमनपूर्व नारीको शरीरमाथि राजनीति गरेर आर्थिक आम्दानीको माध्यम बनाएकी उमा पश्चगामी नारी पात्रका रूपमा उभिएको देखिन्छ । महिलामाथिको दमन र शारीरिक शोषणलाई कायम राख्ने मानसिक सोचाइमा परिवर्तन शीलाले ल्याएकी छ । शीलालाई एक लाख दश हजारमा किनेको भन्दै जबर्जस्ती यौनधन्दामा लगाउने उमाको प्रयास असफल भएको छ । “ए पागल केटी ! त्यसरी भागेर जाउँला भनेकी थिइस् होइन” (पृ. ३६) ? यस प्रसङ्गलाई हेर्दा उमा यथास्थितिवादीका रूपमा देखिएकी छ । उमा शीलालाई यौनधन्दामा लगाएर समाजलाई पछाडि धकेल्न खोजेको देखिन्छ । समाज परिवर्तन पुरुषबाट मात्र सम्भव नभएकाले नारीलाई सहभागी गराउनुपर्छ भन्ने मनसिकता उमामा देखिँदैन बरु शीलाजस्ता शिक्षित महिलाको महत्त्व बुझ्न नसकी दबाएरै राख्नुपर्छ भन्ने पश्चगामी प्रवृत्ति देखिन्छ । उमाको धम्की र डरको डटेर सामना गरेकी शीला नारीमुक्तिको पक्षमा उभिएकी छ भने उमा महिलालाई बन्धक बनाएर पितृसत्तालाई प्रश्रय दिनमा सक्रिय छे । आफूलाई किन्दा लागेको पैसा दिने तर यौनधन्दामा नलाग्ने शीलाको अडानलाई उमाले मान्न बाध्य भएकी छ । एकले अर्काको वैचारिक मान्यतालाई अस्वीकार गरी आफ्नो सत्ता स्थापित गर्न खोजेका उमा र शीलाबिचको द्वन्द्व सहमतिमा टुङ्गिएको छ । समतामूलक समाजको निर्माणमा खटिएकी शीलाले नारीलाई पुरुषको भोग्याका रूपमा उपयोग गर्ने र आफूले चाहिँ आर्थिक लाभ लिन खोज्ने उमाको विचारधारामा परिवर्तन ल्याउन खोजेकी छ । उसले लैङ्गिक सचेतनाका माध्यमबाट आफ्नो शक्ति प्रदर्शन गर्न खोजेको कुरालाई तलको अंशले प्रस्ट पार्दछ :

> बरु तपाईं हामी मिलेर कुनै राम्रो काममा हात लगाऔँ । म त भारतमा बसेर पढेकी छु । सारा ठाउँमा महिलाले कसरी काम गरेका छन् । के तपाईंले यही काम मात्र देख्नु भा’ छ ? तपाईं जस्तो मानिसले यस्तो गलत काम गर्ने ? ...अब तपाईं यहाँका केटीलाई राम्रो काममा लगाउनुस् । यस्ता कलिला नानीलाई पढ्ने लेख्ने बेलामा यस्तो काममा लगाउँदा अलिकति पनि दया लागेन । (पृ. ४३)

शीलाका हृदयस्पर्शी सुझावले उमाको मन परिवर्तन गरिदिएको छ । समाज परिवर्तनको लागि महिलालाई अधिकार, शिक्षा र स्वतन्त्रता दिनुपर्छ भन्ने विचार शीलाको देखिन्छ । दलालबाट बेचिएका कलिला उमेरका छोरीहरूले आत्महत्या गर्न थालेपछि उमा पनि रोएकी छ । "अब त यो काम छोडौँ छोडौँ जस्तो लाग्न थाल्यो । त्यो शीलाले पनि साह्रै भनिन् । कताबाट यस्तो काममा हात हाल्न पुगिएछ" (पृ. ७७) भनी उमामा आफूले रोजेको यौन व्यसायप्रति पश्चाताप भावना पैदा हुनुमा शीलाकै भूमिका छ । यस धारणालाई हेर्दा उमामा क्रमशः लैङ्गिक चेतनाको विकास हुन थालेको छ । यस पेसालाई अँगालेकोमा पश्चाताप गर्दै पेसा नै परिर्वन गर्न खोजेको देखिन्छ जुन शीलाको परिवर्तनकारी सोचले प्रभाव पारेको प्रस्ट हुन्छ । समाज परिवर्तनका बाधक तत्त्वलाई तोडेर "यस्ता वेश्यालयमा राख्न पनि दिन्नँ भन्दै यौन पेसा गर्नेलाई कारबाही गरी सभ्य समाजको निर्माणमा शीला अग्रसर भएकी छ । उमालाई पनि यौन पेसालाई परिवर्तन गरी महिलाकेन्द्री कार्यमा लाग्न उत्प्रेरित गरेकी छ । बैँस छउञ्जेल नारीको शरीर बेचेर पैसा कमाए पनि भविष्यमा तिनीहरू सबैबाट तिरस्कृत र असहाय हुनुपर्ने भएकाले पितृसत्ताबाट दबाइएका नारीको उद्धारमा लाग्न गरेको प्रस्तावलाई अन्ततः उमाले सहर्ष स्वीकार गरेकी छ ।

उमाले यौन व्यवसायमा लाग्न गरेको प्रस्तावलाई शीलाले अस्वीकार गर्नु, शीलाले उमाभित्र रहेको सामन्ती सोच र पुरुषवादी विचारलाई परिवर्तन गर्नु, समाज परिवर्तनका लागि नारीलाई स्वतन्त्र, शिक्षित र आत्मनिर्भर बनाउनुपर्ने धारणाप्रति समर्थित तुल्याउँदै सामाजिक कार्यमा लगाउनु  र देह व्यापार त्यागेर गुन्दी व्यवसाय सञ्चालन गरी असहाय र बेरोजगार महिलालाई आत्मनिर्भर बनाउन खोज्नुबाट शक्तिको केन्द्रमा शीला र शक्तिको परिधिमा उमा रहेकी छ । अर्थात् यथास्थितिवादी र परिवर्तनकारी बिच भएको शक्ति सङ्घर्ष सहमतिमा टुङ्गिएको छ । फलस्वरूप पितृसत्ताका अनुयायी बनेका नारी शक्तिको परिधिमा धकेलिएका छन् ।

## ३.५ ***छोरीको चिठी* उपन्यासमा उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध**

कविता पौडेलद्वारा लिखित *छोरकिो चिठी* उपन्यासमा आफूलाई शक्तिको केन्द्रमा स्थापित गर्न पितृसत्ताले वर्ग र जातिको संरचना निर्माण गरेको विषयमा केन्द्रित छ । यही पितृसत्तात्मक सामाजिक मान्यतालाई लिएर पात्रहरूबिच द्वन्द्व सिर्जना भएको छ । त्यस्तो द्वन्द्व खास गरी पुरुष र महिला र पुरुष र पुरुषका बिच भएको छ । यिनीहरूबिचको

शक्तिसम्बन्धलाई विश्लेषण गर्दा को कसरी शक्तिको केन्द्रमा छ, को कसरी शक्तिको परिधिमा छ र प्रतिरोधको अवस्था कस्तो छ भन्ने कुराको खोजी यस परिच्छेदमा गरिएको छ । जसलाई तल उपशीर्षकसहित चर्चा गरिएको छ ।

### ३.५.१ पुरुष र महिलाबिचको लैङ्गिक शक्तिसम्बन्ध

*छोरीको चिठी* उपन्यासमा पुरुष र महिलाका बिचमा शक्तिसङ्घर्ष भएको छ । शक्तिसङ्घर्षको मूल कारक पितृसत्तात्मक सामाजिक संरचना देखिन्छ । पितृसत्ताले आफूअनुकूल निर्माण गरेका विचारधारा, सामाजिक संरचना र आर्थिक व्यवस्थाको पक्षपोषण गरी एक पक्षीय शासनसत्तालाई निरन्तरता दिन कुलमान, जङ्गबहादुर साहु, अच्युत, कृष्ण पराजुली, कृष्णहरि अधिकारी, मास्टरजस्ता सामन्तवादीहरू सक्रिय छन् । रमिता, उर्मिलाजस्ता शिक्षिता नारीहरूमा आएको लैङ्कक चेतनाले यी मान्यतालाई भत्काउने प्रयास भएको छ भने गरिबी र लैङ्गिक चेतनाको अभावमा सुधा, सुन्तली सेतीजस्ता महिलाहरूले पितृसत्तालाई स्वाभाविक रूपमा लिएर अगाडि बढेको देखिन्छ । यिनै पुरुष र महिला पात्रहरूको विचार र व्यवहारका आधारमा पुरुष र महिलाबिचको शक्तिसम्बन्धको सैद्धान्तिक विश्लेषण गरिएको छ ।

पुरुषको आर्थिक स्रोतमाथिको परनिर्भरतालाई हटाउन रमिता महिला प्रतिनिधिका रूपमा सक्रिय देखिन्छे । शिक्षित भएर पनि आफ्नै देशमा आर्थिक आम्दानीको भरपर्दो आधार नदेखी ऋण खोजेरै विदेश पलायन भएका नारीहरूले त्यहाँसमेत पुरुषबाट शारीरिक र मानसिक यातना भोग्नुपर्ने कुराको प्रतिनिधित्व रमिताले गरेकी छ । उपन्यासमा चित्रित समाजमा आर्थिक व्यवस्थापनको जिम्मेवारी पितृसत्तामा सीमित छ भन्ने कुरा “तपाइँ यो घर र घरको वरिपरि जे जति छ, सबै खानुस् मलाई पैसा हालिदिनुस्, म मेरा बाबुआमालाई भाडामा राखिदिन्छु । पछि कमाएर तपाइँको सबै पैसा फिर्ता गरिदिन्छु” (पौडेल, २०७०, पृ. २) भनी रमिताले पुरुष दलालसमक्ष ऋणको लागि गरेको अनुनयबाट प्रस्ट देखिन्छ ।

आर्थिक दृष्टिले सामन्त वर्ग र पिँढीगत दृष्टिले प्रभुत्वशालीवर्गको प्रतिनिधित्व गरेको जङ्गबहादुर साहुले आफ्नो शक्तिलाई अक्षुण्ण राख्न आर्थिक शक्ति प्रयोग गरेको छ । बूढा र उसकी पत्नीले साहुले आफूमाथि गरेको दमनलाई स्वाभाविक रूपमा लिएको देखिन्छ । जग्गा धितो राखेर ऋण लिएकी रमिता विदेशमा गएर पैसा कमाउन नसकेपछि दलालले

उसको सम्पत्तिमाथि प्रभुत्व कायम राख्न सहमतिलाई माध्यम बनाएको देखिन्छ । समाजमा आफ्नो शक्तिलाई कायम गर्न पुरुषले महिलालाई परिनिर्भर बनाई दमन गरेको देखिन्छ । यता निशाका बाबुले भाडामा बसेका दमाईले बनाएको चिया खाएको निहुँमा पत्नीमाथि "मलाई लाग्छ यसको पेटको बच्चा पनि त्यही दमाईंको हो । म जस्तो शुद्ध र पवित्र पण्डितकी स्वास्नी भएर दमाईसित लसपस ! लौ बस् वेश्या" (पृ.६९) भन्दै अवैध सम्बन्धको आरोप लगाएर आफ्नो शक्ति प्रदर्शन गर्न खोजेको छ । समाजमा महिलालाई भन्दा आफूलाई पवित्र र मपाईवाद ठान्ने र आफ्ना मान्यताविपरीत कुनै पनि काम गर्न रोक लगाउने अच्युतले पितृसत्ताले निर्माण गरेको जातीय संस्कृतिलाई शक्तिका रूपमा प्रयोग गरी पत्नीमाथि दमन गरेको देखिन्छ । एउटा विचारधारा शोषण र दमनको साधन बन्दछ भन्ने मार्क्सवादी मान्यताअनुसार पण्डितको जातीय विचारधारा दमनको साधनका रूपमा प्रयोग भएको छ ।

सामान्य कुरामा पनि अनेक शङ्का गर्दै दमनमा उत्रेर पण्डितले पुरुषत्वको शक्ति प्रदर्शन गर्न खोजेको देखिन्छ । पत्नीमाथि अवैध सम्बन्ध लगाउँदा नारीको इज्जतलाई ख्याल नगरी म नै सर्वेसर्वा हुँ भन्ने मानसिकता उसमा देखिन्छ । पत्नीले उनको जातीय मान्यताको खण्डन गरेपछि परिवारमा आफ्नो शक्ति कायम गर्न नसकी अन्ततः घर छोडेर हिँडेको छ भने निरुले पनि पतिको पुरातनवादी सोचलाई परिवर्तन गरी आफ्नो मान्यतालाई स्थापित गर्न सकेको देखिँदैन । आर्थिक स्रोतमाथि नियन्त्रण जमाई आफ्नै निर्णयबमोजिम हिँड्नुपर्ने पितृसत्तात्मक मान्यबाट अच्युत ग्रसित छ । पत्नीलाई दबाएरै शासनसत्ता सम्हाल्दै आएका अच्युत सांस्कृतिक नियमका आधारमा आफ्नो सत्तालाई सुदृढ बनाउन खोजेको छ । सामन्तवादलाई बलियो बनाउन यहाँ छुत र अछुतको भेदको सिर्जना गरिएको छ । तर जहाँ सत्ता हुन्छ त्यहाँ प्रतिरोध हुन्छ भन्ने शक्तिको सिद्धान्तलाई हेर्दा विभेदकारी पितृसत्तात्मक सामाजिक मान्यताको विरोध गरेकाले निशाकी आमामा प्रतिरोधको अवस्था देखा पर्छ ।

गरीब र विधवा भएकै कारण रत्नबहादुरजस्ता व्यभिचारी पुरुषले पितृसत्ताको आडमा सुन्तली सेतीको नारी अस्मिता लुटेको छ । जीविकाको लागि रत्नबहादुरकहाँ मजदुरी गर्न गएकी सुन्तलीले रत्नबदुरबाट आफूमाथि भएको यौनशोषण, अन्याय र अत्याचारको निसाफ माग्न खोजे पनि न्याय पाउन सकेकी छैन । बरु रत्नले अनेक प्रलोभन र धम्की दिएर समाजमा आफ्नो मर्यादा कायम गर्न खोजेको छ । आर्थिक रूपमा सम्पन्नशाली भएकै कारण सेतीजस्ता नारीलाई आफ्नो सिद्धान्तअनुसार सञ्चालन गरेको छ । पितृसत्ताकै कारण

मारिएकी सुन्तलीले जीवनभर बाँच्नलाई पुरुषमाथि निर्भर रहनुपरेको छ । पुँजीवादले श्रमिकहरूको श्रम मूल्यको शोषण गरेर नाफा आर्जन गर्छ भने मजदुरले चाहिँ कम ज्याला प्राप्त गरेर सदैव शोषित हुनुपर्छ (भट्टराई, २०७०, पृ. ३४९) भन्ने मार्क्सवादी सिद्धान्त अनुरूप सुन्तलीमाथि रत्नबहादुरले शारीरिक र श्रम शोषण गरेर नाफा लिन सफल भएको छ । लैङ्गिक शक्तिका हिसाबले पुरुष शक्तिशाली देखिन्छ । आमाको मृत्युपश्चात् कान्छीआमाको लालनपालनमा हुर्किएकी सेतीकी आठ वर्षे छोरी उर्मिलामाथि पनि रत्न कँडेलले गिद्दे दृष्टि लगाएको छ । छोरी पुरुषका भोग्या हुन् भन्ने निकृष्ट सोच रत्न कँडेलमा देखिन्छ । उमेरमा धेरै राम्री हुने भएकाले उर्मिलालाई मेरा बाख्रा हेर्न दिन भनी गरेको आग्रहले पनि समाज पुरुषकेन्द्री छ भन्ने थाहा हुन्छ ।

पुरुषले आफूलाई शक्तिशाली बनाउन पितृसत्तात्मक मान्यताको निर्माण गरी नारीलाई अधिकारविहीन बनाएको छ । उर्मिलाजस्ता छोरीलाई कामवासनाको साधन र दासीका रूपमा मात्र लिइएको देखिन्छ । उर्मिलालाई आफ्नो स्वार्थका लागि प्रयोग गर्न नपाएपछि रत्न कँडेलले झुपडीमा आगो लगाएर भयभीत पारेको छ । आफ्नो सत्तालाई शक्तिशाली बनाउन उसले बल प्रयोग गरेको छ । कान्छी आमाको मृत्युपश्चात् उर्मिलाको लालनपोषणको जिम्मेवारी लिएका काकामा पनि दमनात्मक प्रवृत्ति देखिन्छ । आफ्ना छोराछोरीलाई विद्यालय पढ्न पठाएका काकाले उर्मिलालाई घरको काममा सीमित गरी उसको नैसर्गिक अधिकार खोसेको छ । पाल्न र पढाउन नखोज्ने काका पक्षपाती र निर्दयी पात्र हो । उसले आमा मर्नुको दोष उर्मिलालाई लगाएको छ । यसबाट पुरुषले समाजमा घट्ने घटनाको प्रमुख दोषी महिलालाई लगाएर आफूलाई निर्दोष साबित गरी पुरुषत्वको शक्ति प्रदर्शन गर्न खोजेको देखिन्छ ।

उर्मिलालाई आमाटोकुवाको आरोप लगाउँदा शिक्षिकाले कुनै प्रतिक्रिया नजनाउनुले पनि समाजमा पुरुष शक्तिको तहमा रहेको देखिन्छ । शिक्षिकाको मृत्युपश्चात् उनकै बहिनी अञ्जुसँग (सुधा) दोस्रो विवाह गरेर मास्टरले पुरुषको मर्दपन प्रस्तुत गर्न खोजेको देखिन्छ । सुधासँग विवाह गरेपश्चात् मास्टर उनकै निर्देशनबमोजिम चलेका छन् । दमिनीकी छोरी भएकाले पाल्न नसक्ने बताएकी सुधाले पितृसत्ताले सिर्जना गरेको छुत र अछुतको मान्यतालाई अँगाली उर्मिलामाथि दमन गरेकी छ । पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ (भट्टराई, २०६८, पृ. २६६) भन्ने कुरा सुधाले उर्मिलामाथि गरेको व्यवहारबाट पुष्टि हुन्छ । सुधा पतिलाई दबाबमा राखी आफ्नै निर्णय

लागु गर्न सफल भए पनि त्यो लैङ्गिक चेतनाबाट अभिप्रेरित भई गरेको देखिँदैन । पितृसत्ताले निर्धारण गरेअनुसार दमाई जातकी छोरी उर्मिलालाई पालेमा देउता पितृ भाग्ने पुरानतनवादी सोच सुधामा देखिन्छ । सुधाको जातिवादी धारणाले एकातिर बेसहारा बनेका र अर्कातिर अछुत बनाइएका नारीजातिप्रति सहयोग र सहानुभूति राख्न खोज्ने कार्यमा स्वयम् नारी जाति नै बाधक बनेको देखिन्छ । पतिलाई मानसिक दबाबमा राखेर आफ्नो प्रभुत्व कायम गर्न सुधा सफल त भएकी छ तर उसको रूढिवादी मानसिकताले दोस्रो नारीलाई किनारा लगाएको छ । एकातिर पत्नीसित विवाद गर्दा पत्नीसँगको सम्बन्धमा दरार उत्पन्न हुने भय र अर्कातर्फ सामाजिक प्रतिष्ठामा आँच आउन सक्ने त्रास मास्टरमा देखिन्छ । यहाँ सुधाले पतिलाई आफ्नो वशमा राख्न गरेको प्रयास मातृसत्तालाई शक्तिको केन्द्रमा ल्याउने उद्देश्यले नभई उर्मिलासँग सम्बन्ध नहोस् भन्ने हेतुले गरेको देखिन्छ । उसले पतिप्रति गरेको व्यवहार अँगालेको वैचारिक मान्यताले पितृसत्तालाई थप पक्षपोषण गर्नमा सहयोगी देखिन्छ ।

पत्नीको धम्कीबाट त्रसित बनेका मास्टर अन्ततः मातृशक्तिबाट पराजित भएको कुरा अर्मिलालाई घरबाट निकाल्ने पत्नीकै विचारधारमा सहमति जनाएबाट पनि प्रस्ट हुन्छ । मास्टर भएर परिवर्तनको संवाहक हुनुपर्ने बेलामा पत्नीले बोकेको पुरुषवादी सामाजिक मान्यतालाई बोकेर पत्नीकै निर्णय र निर्देशनबमोजि अगाडि बढेको छ । दुष्चरित्रकी पत्नीको सम्बन्धलाई प्राथमिकतामा राखेर आफ्नो मानवीय दायित्व भुलेका मास्टरमा प्रतिरोधको अवस्था देखिँदैन । उनी नारीशक्तिसामु निरीह बनेकाले शक्तिको केन्द्रमा महिला रहेको प्रस्ट हुन्छ । त्यसै गरी बाबुद्वारा आमा मारिएपछि असहाय बनेकी रमितालाई एउटी बाहुनी आमाले दूध खुवाएर हुर्काएकोमा बाहुन बा आक्रोशित बनेका छन् । आफ्नो मान्यता विपरीत चलेकै कारण बाहुनी आमा पतिको बञ्चरो प्रहारबाट मारिएकी छन् । आफ्नो निर्देशनलाई अक्षरशः पालना नगरेको भन्दै बन्चरो प्रहार गरी पत्नीको हत्या गरेका काकामा महिलालाई दबाएरै पुरुषको शक्तिलाई स्थायित्व दिन खोजेको देखिन्छ ।

बाहुन बाको विचारधारा शोषण र दमनका रूपमा प्रयोग भएको छ । आफूलाई हुर्काएकी बाहुनी आमालाई आमासरह पुजेकी उर्मिला आमाको नियास्रो मेट्न बेलाबेला बाहुन बाको घर जाँदा अपमानित हुनुपरेको छ । आफूलाई जङ्गलमा लगेर बाँध्दासमेत न्याय पाउन सकेकी छैन । दमक वर्गले आफूअनुरूप धार्मिक -सांस्कृतिक नियमहरू निर्माण गर्ने र एक पक्षीय सत्तालाई बलियो बनाउने काम गरेको हुन्छ (भट्टराई, २०७०, पृ. ३४४) भन्ने

मान्यतालाई हेर्दा यहाँ पनि पितृसत्ताले महिलामाथि प्रभुत्व कायम गर्न जातीय संस्कृतिको निर्माण गरेको छ । विचारधाराले जनतालाई नियम र निर्देशन दिन्छ र एउटा खास वर्गको प्रतिनिधित्व गरी त्यही वर्गको नियममा हिँडाउँछ (भट्टराई, पृ.३४३) भन्ने ग्राम्सीको मान्यतालाई हेर्दा प्रभुत्वशाली पुरुष वर्गले जातीय नियम बनाएर सोहीअनुरूप चल्न निर्देशन दिएको छ । उनीहरूले दिएको निर्देशनलाई सुधा, सुन्तली सेतीजस्ता महिलाले पालना गरे पनि रमिता, उर्मिलाजस्ता शिक्षित नारीहरूले पितृसत्ताको विरोध जनाउन अन्तर्जातीय विवाह त गरेका छन् तर नारीमाथि हुने गरेका यौनशोषण, दमन र लैङ्गिक विभेदलाई पूर्ण रूपमा मेट्न सकेको देखिँदैन । जसले गर्दा शक्तिको केन्द्रमा पुरुष नै रहेको देखिन्छ ।

### ३.५.२ पुरुष र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध

*छोरीको चिठी* उपन्यासमा पुरुष-पुरुषका बिच पनि शक्तिसङ्घर्ष भएको छ । त्यस्तो शक्तिसङ्घर्ष मुख्यतः पितृसतात्मक सामाजिक संरचनालाई लिएर भएको छ । एक पक्षीय शक्तिलाई बलियो बनाउन प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका जङ्गबहादुर, कृष्णप्रसाद पराजुली, दधिराम पाण्डे, विष्णुभक्त न्यौपाने र कृष्णहरि अधिकारीले आफूअनुकूल निर्माण भएको विचारधारा, संस्कृति र अर्थव्यवस्थाको पक्षपोषण गरेका छन् भने सर्वहारा वर्गको प्रतिनिधित्व गरेका कुलमान, बूढा (रमिताका बाबु) र सन्तरामले त्यस्ता विभेदकारी मान्यताको विरोध गरी न्यायपूर्ण समाजको निर्माणमा सक्रिय छन् । यहाँ प्रभुत्वशाली वर्ग र सर्वहारा वर्गबिच शक्ति सङ्घर्ष भएको देखिन्छ ।

ब्राह्मणवादी विचारक विष्णुभक्त न्यौपानेजस्ता सामन्तहरूले आफ्नै सामाजिक अस्तित्व रक्षा गर्न जातीय मान्यतालाई उपयोग गरेका छन् । समाजलाई यथास्थितिमै राखेर आफ्नो शक्ति र सत्तालाई स्थायित्व दिन प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका विष्णुभक्तले श्रमजीवी बूढालाई नैतिकताको अवस्था सिर्जना गरेको कुरा "हेर भाइ ! जे भयो सो भयो । तेरा लुगा , लत्ता, भुल्ला-भुल्ली जे छन्, सबै बटुलेर जाऊँ । सबैले भनेका छन् -गाई दान गरेर र एकाहा लगाएर चोख्याउँला । अझै केही बिग्रको छैन, सार्कीका घरमा बस्दैमा सार्की बन्नुपर्छ भन्ने छैन" (पृ.३६) धारणाले प्रस्ट पारेको छ । अझ भन्नुपर्दा पितृसत्ताले निर्माण गरेको जातीय परम्परालाई ब्राह्मणवादीहरूले हतियारका रूपमा प्रयोग गरेर आफ्नो हुकुमी शासन चलाएको कुरालाई यस प्रसङ्गले पुष्ट्याइँ गरेको छ ।

जातिवादी मानसिकताबाट ग्रसित दाजु विष्णुभक्त न्यौपानेले भाइकै कारण कुलको इज्जत गएको भनी चिन्तित देखिन्छ । भाइलाई कुलमानबाट छुटाएर समाजमा ब्राह्मणवादको स्थापना गरी आफ्नो प्रभुत्व कायम गर्न खोजेको देखिन्छ । आमा मरेको तेह्र दिनका दिन घरनिकाला गरेका दाजुहरूले आमाको फुली, मुन्द्री, गहना र सम्पत्तिलाई लिएर भएको कलहलाई स्मरण गराउँदै आफूलाई भाइको रूपमा सम्बोधन नगर्न भनेका छन् । घरबाट निकाल्दा कुनै मानवता नदेखाएका दाजुले आज शुद्रसँग सङ्गत गर्दा कुलको इज्जतमा धक्का लागेको भन्ने धारणप्रति तीव्र विरोध जनाएका छन् । नोकरको जस्तो व्यवहार गर्ने, आपत् विपत् पर्दा खोजीनीति नगर्ने, आफ्नो सम्पत्ति हडप्ने, निन्दा र अपमान गर्ने र आजको यस दुर्गतिको अवस्थामा पुऱ्याउने दाजुलाई भाइ भन्ने अधिकार नभएको भन्दै आक्रोश पोखेका छन् । यी दुई दाजुभाइबिच वैचारिक लडाइँ भएको देखिन्छ । कुलमान फरक जाति भए पनि आफूलाई पितासमान व्यवहार गरेको भन्दै घुमाउरो पारामा दाजुको घर जाने प्रस्तावलाई अस्वीकार गरेको कुरालाई तलको उपन्यांशले पुष्टि गर्दछ :

> मेरो नामै त्यस कुल, परिवारबाट हटाइदिएर मेरो अंश सर्वस्व खाने तपाइँ ! त्यस कुलमा मेरो नाम छ र ? तपाइँको एकाघरको भाइ हो भन्ने बारेमा केही आधार प्रमाण राखिदिनुभएको छ र ? मेरो अस्तित्व नै तपाइँहरूको कुलमा नभएपछि मैले अछुत जातिसँग सम्पर्क र सम्बन्ध बढाउँदैमा मबाट तपाइँहरूको कुलको प्रतिष्ठामा धक्का र आँच पुग्ने कुरा कसरी आयो ? (पृ. ४०)

यस प्रसङ्गलाई हेर्दा पैतृक सम्पत्तिमा कृष्णप्रसादको एकल प्रभुत्व देखिन्छ । सामन्तहरूको स्वामित्वमा जमिनको ठूलो हिस्सा रहने हुँदा सामन्तवादी समाजमा शोषणको माध्यम पनि जमिन नै हो (भट्टराई, २०७०, ३४८) भन्ने ग्राम्सीको प्रभुत्वसम्बन्धी मान्यताका आधारमा हेर्दा दाजुहरूले भाइ (बूढा)को अंशसमेत खोसेर लिएका छन् । विष्णुभक्तजस्ता सामन्तवादी शोषकले शोषणको साधन जमिनलाई प्रयोग गरेका छन् । आर्थिक शक्तिमाथि पूर्ण नियन्त्रण जमाएर आफ्नो प्रभुत्व कायम गर्न सक्रिय भएको देखिन्छ । आफ्नो मान्यताअनुसार चल्न भाइलाई आगह गरे पनि बूढाले अस्वीकार गरेको छ । कुलको इज्जत, अंश, जात र दाजुभाइबिचको सम्बन्धलाई लिएर द्वन्द्व भएको छ । दुवैले आफ्नो विचारलाई शक्तिका रूपमा प्रयोग गरेका छन् । भाइका आदर्शोन्मुख र व्यावहारिक विचारलाई बेवास्ता गरी आफ्नै मान्यतालाई जबर्जस्ती अनुशरण गराउन खोज्ने दाजुमा पितृसत्तात्मक मानसिकता देखिन्छ । भाइको सर्वस्व हरण गरेर घरबाट निकाला गरेका विष्णभक्तमा दमनात्मक प्रवृत्ति देखिन्छ । भाइलाई आफ्नो मान्यताअनुरूप निर्देशित गर्न नसकी घर

गएका विष्णुभक्त केही समयपछि शरण पर्न आएको छ । भाइको सहनशीलता, आदर्श व्यवहार र विचारधाराकै कारण दाजुको शक्ति भाइकै कारण क्षीण बनेको कुरा पहिला भाइप्रति आफूले गरेको व्यवहारले पश्चातापमा परेको आत्मस्वीकृतिलाई तलको अंशले थप पुष्टि गर्दछ :

> के गर्नु भाइ ! त्यति बेला बुद्धि पुगेन, छोराहरूलाई नपुग्ला भन्ने ठानेर त्यसो गरेको थिएँ । आखिरी छोराहरूले पनि हेला गरे । तेरी भाउजू बिरामी भएर कति दिन ओछ्यान परी । आमालाई अस्पताल लैजानुपऱ्यो भनी कतिपटक छोराहरूलाई भनेँ तर छोराहरूले सुनेको नसुन्यै गरे । सम्पत्ति भनेर मरिमेटियो । त्यसो गर्नु पनि बेकार रहेछ । (पृ.८०

भाइमाथि आर्थिक शोषण र अत्याचार गरेका विष्णुभक्तले अन्ततः आफूले गरेका गल्तीहरूप्रति प्रायश्चित गरेबाट ऊ शक्तिहीन अवस्थामा पुगेको देखिन्छ । छोराहरूकै कारण शक्तिको समग्र रणनीति त्यसको अभिजात आधिपत्यदेखि पर थुप्रै स्तरका केन्द्र/तह/मेकानिज्महरूबाट पनि प्रवाहित भइरहेको हुन्छ (पाण्डेय, २०७३, ७५) भन्ने फुकोको मान्यताअनुसार सबै सम्पत्तिमा नियन्त्रण जमाई आफ्नो निर्णयबमोजिम भाइलाई घरनिकाला गरेका विष्णुभक्त मात्र शक्तिशाली छैनन् भाइ (बूढा) पनि नयाँ शक्तिका रूपमा उदाएका छन् । भाइको आदर्श विचारधाराले यहाँ शक्ति निर्माणको काम गरेको देखिन्छ । समाजले अछुत बनाएको जातिसँग सँगै बसेकोमा दधिरामले निन्दा र भर्त्सना गरेको छ । जातिलाई लिएर भाइसँग बदला लिन खोज्ने दधिराम पाण्डे पुरातनवादी सोचको पात्र हो । पितृसत्तात्मक मान्यतालाई कायम राख्न छुत र अछुतको भेदको सिर्जना गरी समाजमा आफ्नो प्रभुत्व कायम गर्न सक्रिय देखिन्छन् ।

गाँस बासविहीन हुँदा आफूप्रति सहृदयता नदेखाउने तर तल्लो जातिसँग सङ्गत गरेकोमा आफ्नो समेत मानमर्यादा गएको ठान्ने दधिराम काका निर्दयी र मानवताहीन पात्र हो । ब्राह्मण जातिसँग नबस पनि भन्ने तर आपत्मा सहयोग पनि नगर्ने उसमा द्वैध चरित्र देखिन्छ । शम्भुजस्ता शासकले गरिबी र शारीरिक अशक्तताकै कारण गोठबाट निकाला गर्दासमेत दधिरामले कुनै वास्ता गरेको देखिँदैन । शक्तिका लागि दाजुभाइ बिच वाक्युद्ध नै चलेको छ । ब्राह्मणवादीले बोकेको विचारधाराले आफूजस्ता श्रमिक वर्गको उत्थानमा कुनै भूमिका नखेल्ने भएकाले जातीय मान्यताबाट माथि उठेर समतामूलक समाजको स्थापना गनुपर्ने धारणा बूढाको देखिन्छ । आर्थिक रूपमा विपन्न भए पनि सम्पन्नशाली वर्गको

विभेदकारी मान्यताको खरो रूपमा प्रतिवाद गर्दै दाजुको जातीय विचारधारालाई परिवर्तन गराउन खोजेर शक्तिका केन्द्रमा उभिने प्रयास गरेको छ ।

वैचारिक लडाइँका माध्यमबाट आफूलाई शक्तिको केन्द्रमा ल्याउन बूढा र दधिराम सक्रिय देखिन्छन् । सार्कीले पूजा लगाउँदा पुरेत भएर जाने, दक्षिणा तथा फलफूल नछोइने, उनीहरूद्वारा बनाइएका सामानलाई प्रयोग गर्ने तर जातीयताको आधारमा ब्राह्मणले शोषण र दमन गरी प्रभुत्व कायम गर्ने मान्यताको तीव्र विरोध गर्दै बूढाले शक्ति प्रदर्शन गरेका छन् । प्रभुत्वशाली वर्गले सीमान्तीकृतहरूलाई विचारधाराका माध्यमबाट नियन्त्रित गर्ने प्रयास गर्छन् (गिरी, २०७० : ४०) भन्ने फुकोको मान्यताका आधारमा हेर्दा प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका दधिरामले जातीय विचारधाराको उपयोग गरी भाइलाई आफ्नो नियन्त्रणमा लिएर समाजमा प्रभुत्व कायम गर्न खोजेको देखिन्छ भने बूढाले दाजुमा रहेको पुरातनवादी सोचलाई परिवर्तन गरी यथास्थितिमा रहेको समाजलाई अगाडि बढाउन खोजेको देखन्छ । यी दुवैमा वैचारिक द्वन्द्व देखिन्छ । एकले अर्काको विचारमा पविर्तन ल्याउन नसकेबाट दुवै शक्तिको समानस्तरमा देखिएका छन् । दाजुहरूले सम्पूर्ण सम्पत्ति हडपेर घरनिकाला गरेपछि पण्डित्याइँ र ज्यालादारी गरेर जसोतसो जोडेको बारी पनि छोरी रमिताले बन्धकमा राखी विदेश जानका लागि बाटाखर्च जुटाएकी छ । गरिबीकै कारण प्रभुत्वशाली वर्गसँग पराजित भएको आत्मस्वीकृतिलाई बूढाले यसरी प्रस्तुत गरेका छन् :

> उसले हामीलाई एक जना धनी साहुको घरमा राखिदिई । हामीले त्यस घरमा काम सघाएर बिहान-बेलुका हातमुख जोर्नुपर्ने भयो । सानै भए पनि बारीको पाटो थियो । त्यसमा भर्खरै धानचमर र जुँगा लागेका लहलहाउँदा मकै थिए, सबै दलालका भए । उता जङ्गबहादुर साहु जसका घरमा हामी दुवै बसेका थियौँ, उसले जतिखेर पनि हामीलाई काममा जोत्ने तर खानसमेत दिँदैनथ्यो । (पृ.३)

यस प्रसङ्गबाट बूढाको सम्पत्ति कुनै दलालको स्वामित्वमा रहेको प्रस्ट हुन्छ । छोरीले विदेश जाँदा सम्पत्ति धितो राखेपछि बूढा जीविकाको लागि जङ्गबहादुरमाथि निर्भर रहनुपरेको छ । जङ्गबहादुरका निर्णय र निर्देशनलाई पालना गर्दै उसको सेवामा खटिए पनि अपमानित भई दबिएर बस्नुपरेको छ । तर पनि बूढाले आफ्नो श्रमको मूल्य नपाएकोमा प्रतिरोध गर्न सकेको छैन । पुँजीवादी व्यवस्थामा श्रमशक्तिको किनबेचबाट नै पुँजीपति वर्गद्वारा मजदुरवर्गको श्रमशोषण हुन्छ (शर्मा र लुइटेल, २०७२, पृ. १४०) भन्ने मार्क्सवादी मान्यताका आधारमा बूढाले श्रमको उचित मूल्य पाएको छैन । भाडामा बसे पनि

जीविकाको लागि बूढा जङ्गबहादुरकहाँ श्रमिकका रूपमा काम गरेको छ । जङ्गबहादुरले नेपाली समाजमा बूढाजस्ता श्रमिकमाथि श्रमशोषण गर्ने शोषकको प्रतिनिधित्व गरेको छ । बूढाजस्ता श्रमिकलाई कम मूल्य दिएर बढी नाफा लिन खोजेको छ । आफूमाथि भएको श्रमशोषणलाई बूढाले स्वाभाविक रूपमा लिएको छ ।

जङ्गबहादुर साहुले प्रभुत्व कायम गर्न अर्थलाई साधनको रूपमा उपयोग गरेको छ । अहोरात्र सेवामा खटिँदा बिरामी भएका बूढाको उपचारमा तत्परता नदेखाएको जङ्गबहादुर निर्दयी पात्र हो । आफू बसेको भाडा तिर्न नसक्दा अपमानित र तिरस्कृत हुँदा पनि उसमा कुनै प्रतिरोधको अवस्था देखिँदैन । समयमै भाडा तिर्न नसकेपछि साहुले गोठ छोड्न दिएको धम्की र निर्देशनबाट त्रसित भई हात जोड्नुका साथै खुट्टासमेत ढोगेको छ । जतिसुकै श्रम गरेर पनि भाडा तिर्न नसकेपछि पत्नीले नाकका फुली धितो राख्न खोजेकी छ तर साहुले भाडाकै कारण फिर्ता गर्न नसक्ने भनी गोठबाट निकाला गरेको छ । भाडा तिर्न नसकेकाले जङ्गबहादुरकै निर्देशनमा रही काम गर्नु, बाँच्नका लागि जङ्गबहादुरमाथि निर्भर रहनु, अन्याय अत्याचार सहन विवश हुनु, कुनै प्रतिवाद गर्न नसक्नुले शक्तिको केन्द्रमा जङ्गबहादुर रहेको देखिन्छ ।

*छोरीको चिठी* उपन्यासमा साहु र आसामीबिचको शक्ति सङ्घर्षमा कृष्णहरि अधिकारी र सन्तराम देखिएका छन् । सार्वजनिक धारो छोएकै निहुँमा ब्राह्मण जातिबाट पत्नी कुटिएपछि निसाफका लागि समाज बसालेको सन्तराम कृष्णहरि अधिकारीजस्ता सामन्त पुरुषका कारण न्याय पाउन सकेको छैन । पितृसत्ताले निर्माण गरेको जातीय मान्यताको खोल ओढेर सन्तरामजस्ता गरीबवर्गमाथि दमन र शोषण गरेको कृष्णहरि अधिकारी आफ्नो प्रभुत्व कायम राख्न सक्रिय देखिन्छ । अछुतले ब्राह्मणको निर्देशनविना धारो छुन नपाइने नियम र निर्देशनलाई सन्तरामले प्रतिवाद गर्न खोजे पनि त्यस मान्यतालाई तोड्न असमर्थ भएको छ । गरिबी र जातीय मान्यताकै कारण सीमान्तकृत पुरुष वर्ग प्रभुत्वशाली वर्गसँग शक्ति र सत्ता प्राप्तिका लागि सङ्घर्ष गर्न नसकी पराजित बनेको घटनालाई “ला चमारे ! अझ ठूला कुरा गर्ने ! मेरो ऋण तिरेको छैन । कति भयो तेरो बाबुले लगेको ? तेरो बाबु मरेको कति भइसक्यो ! साहुमारा ? लाज नभएको चमार” (पृ.२१) भन्दै सामन्त र शोषक वर्गको प्रतिनिधित्व गरेको कृष्णहरि अधिकारीले देखाएको निकृष्ट व्यवहारबाट पनि थाहा हुन्छ । !

आफूलाई समाजबाट लखेट्न खोजेपछि प्रतिरोध गर्दा कृष्णहरिले सन्तराममाथि आक्रमण गरेको छ । आफ्ना पिताले लिएको ऋणका कारण कृष्णहरि अधिकारी साहुसँग दबिएर बस्नुपरेको छ । सामन्तहरूको स्वामित्वमा जमिनको ठूलो हिस्सा रहने हुँदा सामन्तवादी समाजमा शोषणको माध्यम पनि जमिन नै हो (भट्टराई, २०७०, पृ. ३४८) भन्ने विचारलाई हेर्दा यहाँ कृष्णहरि अधिकारीले छुवाछुत र जमिनलाई शोषणको माध्यम बनाएको छ । बाबुले लिएको ऋणबाट छुटकारा पाउन गुना खोलाको दश मुरी हुने खेत कृष्णहरिलाई सुम्पन विवश छ । अनेक षड्यन्त्र गरी बाह्र हजारको तमसुक बनाएको प्रमाण पेस गरेपछि सन्तरामले आफूमाथि भएको शोषण र दमनलाई सही र स्वाभाविक मानेर अन्ततः घरबारविहीन भई गाउँ छोडेर हिँडेको छ । गरिबी र तल्लो जाति भएकै कारण सामाजिक निर्णयको भूमिकामा उसलाई सहभागी गराइएको देखिँदैन । सुरुमा प्रतिरोधको अवस्था देखिए पनि प्रभुत्वशाली वर्गको विचारधारबाट प्रभावित भई कुनै प्रतिवाद गरेको देखिँदैन । यसरी सन्तरामको जायजेथामाथि नियन्त्रण जमाई आफ्नो ऋण असुली गर्नु, सन्तरामलाई समाजबाट निकाला गर्न सफल हुनु, अनेक षड्यन्त्र रचेर सन्तरामलाई दबाबमा राख्नु, एकल निर्णय प्रक्रियामा सन्तरामलाई सहभागी नगराउनुबाट शक्तिको केन्द्रमा प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेको साहु हृष्णहरि अधिकारी र  शक्तिको परिधिमा सर्वहारा वर्गको प्रतिनिधित्व गरेको सन्तराराम रहेको छ ।

धितो राखेको जग्गाा ऋण तिर्न नसक्दा दलालले हडपेपछि बूढा जङ्गबहादुरकहाँ डेरा लिई बसेका छन् तर त्यहाँ पनि भाडा तिर्न नसकी निकालिएका छन् । घरबारविहीन भई असहाय बनेको बूढालाई कुलमानले बाबुसरह सम्मान गरी राखेको छ । सार्कीसँग सङ्गत गरेकै कारण बेहोस हुन पुगेको बाहुन बूढालाई कुलमानले आफ्नै रगत दिएर जीवनदान दिएको छ । ऊभित्रको जातीय विचारलाई कुलमानको आदर्श व्यवहार र विचारले परिवर्तन गराएको मात्र छैन केही पहिला सार्कीको स्थान छोराको सम्बन्धमा परिवर्तन भएको कुरा बूढाले 'छोरा' भनी गरेको सम्बोधनबाट प्रस्ट हुन्छ । बूढाभित्र रहेको जातीय विचारलाई समाप्त पारी शक्तिको केन्द्रमा कुलमान छ भन्ने कुरालाई बूढाले परिवारसमक्ष सवै जातिका मानिसहरू एकै ठाउँ बसेर खाएको र छोराले आफूलाई बाबुका रूपमा परिचित गराएको भन्ने कुराबाट थाहा हुन्छ । कुलमानले सबैमाझ पिताको रूपमा परिचित गराएपछि अबदेखि जातको कुरा नगर्ने प्रतिज्ञा गरेक छ । ऊभित्रको ब्राह्मणवादी सोचको अन्त्य भएर 'हामी एक हौँ' भन्ने भावनाको विकास भएको देखिन्छ । आर्थिक र शारीरिक रूपमा कमजोर

बनेको बूढा बाँच्नका लागि कुलमानमा निर्भर छ । हरेक सहभागी उत्तिकै शक्तिशाली हुन्छ (पौडेल, २०७०, पृ. ९४) भन्ने फुकोको शक्तिसम्बन्धी सिद्धान्तलाई हेर्दा यहाँ शक्ति अभिजात वर्गमा मात्र सीमित नभई सीमान्तीकृत वर्गमा पनि शक्ति प्रवाहित भएको देखिन्छ । यता बूढाका दाजु विष्णुभक्त न्यौपानेले अभिजात वर्गको सत्तालाई स्थायित्व दिन भाइलाई कुलमानसँगबाट बिच्छेद गर्ने प्रयास गरेको छ ।

सामन्तवादलाई शक्तिशाली बनाउन सिर्जना गरिएको छुत र अछुतको विचार र मान्यता बोकेर विष्णुभक्तले शक्ति प्रदर्शन गरेको छ । शासकवर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र खासगरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन (भट्टराई, २०७०, पृ.३४४) भन्ने ग्राम्सीको प्रभुत्वसम्बन्धी मान्यताका आधारमा हेर्दा विष्णुभक्तले गुण्डालाई प्रयोग गरी घरमा आगो लगाएर भाइलाई कुलमानबाट छुटाउन गरेको प्रयास असफल भएको छ । जतिसुकै बल प्रयोग गरे पनि कुलमानजस्ता सीमान्तीकृत वर्गमाथि आधिपत्य जमाउन सकेको देखिँदैन । भाइ र कुलमानबिच स्थापित भएको बाबुछोराको सम्बन्धलाई तोड्न नसकी सहमतिको साधनलाई प्रयोग गर्न खोजेको छ । रमिताको नामबाट चिठी लेखेर कुलमानको चरित्रहत्या गर्ने दुष्प्रयास गरेको विष्णुभक्तमा आफू अभिजात हुनुमा अहमता देखिन्छ ।  कुलमानमा दमनात्मक स्वभाव त छैन तर आफूलाई शक्तिको केन्द्रमा राख्न  बूढाको नाममा जग्गा किनिदिएको, बाबुछोराको सम्बन्ध गाँसेको र रमितालाई बहिनी मानेर तिहारमा टीका लगाइदिएको छ । जेठाबामा रहेको सामन्ती सोचलाई परास्त गर्न कुलमानले आदर्श विचारधारा र जेठाबाको सम्बन्धको स्थापना गर्नुमा कुलमानकै भूमिका रहेको छ । सुरुमा जातीयताको मुद्दा उठाएर शुद्र जाति भन्दै खाना खान र भित्र प्रवेश गर्न अस्वीकार गर्ने ठूलाबा अन्ततः कुलमानसँगै बसेर खाएको छ । जेठाबामा रहेको सामन्ती विचारधारा परिवर्तन गर्न कुलमानले नीतिवादी मान्यतालाई अँगालेको छ । ऊभित्र रहेको मानवता, आदर्शता, सहनशीलता र कर्तव्यपरायणताले नै जेठाबासँग परबाट स्वको सम्बन्ध स्थापित भएको कुरा “सबैका छोरा एउटै बुद्धिका हुँदैनन् । सबैले आफ्ना बाबुआमालाई पाल्दैनन् भन्ने पनि छैन । म पाल्छु तपाईंलाई” (पृ.८४) भनी छोराबुहारीबाट हेलित भई आएका बूढाका दाजुलाई कुलमानले बाबुआमा सरह पाल्ने अभिव्यक्तिले पुष्टि गरेको छ ।

यस प्रसङ्गलाई गहिरिएर हेर्दा कुलमानले शरण पर्न आएका काकालाई ठूलाबाका रूपमा शरण दिई आफ्नो मान्यता र विचारलाई अनुसरण गराउन खोजेको देखिन्छ ।

प्रभुत्वशाली वर्गलाई परास्त गर्न उसले प्रयोग गरेको विचारधारा दमनको नभई मुक्तिको साधनका रूपमा प्रयोग भएको छ । जेठाबासँग नैतिक नेतृत्व सिर्जना गरी शक्तिको तहमा आउने प्रयास गरेको छ । युग र समयअनुसार विचारधारा बन्ने हुँदा विचारधारा क्रान्तिकारी पनि हुन्छ र प्रतिक्रियावादी पनि हुन्छ (भट्टराई, २०७०, पृ.३४२) भन्ने एङ्गेल्सको यस मान्यतालाई हेर्दा कुलमानको विचारधारा रूढिका रूपमा नभई क्रान्तिकारीका रूपमा देखिएको छ । यसरी हेर्दा यहाँ सर्वहारा वर्गको विचारधारा र मान्यता शक्तिको केन्द्रमा रहेको छ भने प्रभुत्वशाली वर्गको विचारधारा र मान्यता शक्तिको परिधिमा रहेको छ ।

## ३.६ *छाउपडी* उपन्यासमा लैङ्गिक शक्तिसम्बन्ध

कविता पौडेलद्वारा लिखित *छाउपडी* उपन्यासले पितृसत्ताले आफूअनुकूल निर्माण गरेका छाउपडी, हरूवा र चरुवा कुप्रथाकै कारण महिलाले भोग्नुपरेका समस्याहरू उजागर गरेको छ । तेह्र भागमा विभाजित यस उपन्यासमा दुई पुरुष पात्र र आठ नारी पात्रको नामबाट परिच्छेदको शीर्षकीकरण गरिएको छ । पात्रहरूले पुरुष तथा महिलासँग शक्तिका लागि गर्नुपरेको सङ्घर्षसम्बन्धी जानकारी पार्वतीले गराएकी छ । ती पात्रहरूले अभिव्यक्त गरेका धारणा र विचारधाराका माध्यमबाट *छाउपडी* उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा अध्ययन विश्लेषण गरिएको छ । तत्कालीन समयको पारिवारिक सामाजिक संरचनाभित्रको शक्तिसम्बन्धको अध्यन गर्दा परिवार तथा समाजमा पुरुष वा महिलामध्ये को कसरी शक्तिको केन्द्रमा छ, को कसरी शक्तिको परिधिमा छ र प्रतिरोधको अवस्था कस्तो छ भन्ने कुराको विश्लेषण गरिएको छ । यस क्रममा पुरुष र महिलाबिचको शक्तिसम्बन्धको विश्लेषण तल गरिएको छ ।

### ३.६.१ महिला र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्ध

*छाउपडी* उपन्यासमा महिला र पुरुषबिच शक्तिसङ्घर्ष भएको छ । नारी शक्तिको प्रतिनिधित्व पार्वती, जमुनी, अञ्जली, देउती, माधुरिका, चन्दा, उजेली, लक्षमनियालगायत उनीहरूसँग जोडिएका समाज र परिवारका महिला पात्रहरू र पुरुष शक्तिको प्रतिनिधित्व चन्द्रबहादुर गुरुङ, होमबहादुर भुजेल र अन्य पात्रहरूसँग जोडिएका पुरुषहरूले गरेका छन् । यिनै पात्रहरूका आधारमा महिला र पुरुषबिचको शक्तिसम्बन्धको निर्धारण गरिएको छ ।

पार्वती जन्मेको चार दिनमै साल खस्न नसकी आमाको मृत्यु भएपछि बाबुले आमाकी बहिनीसँग दोस्रो विवाह गरेको छ । दमक वर्गले आफूअनुरूप धार्मिक-सांस्कृतिक नियमहरू निर्माण गर्ने र एक पक्षीय सत्तालाई बनाउने काम गर्छ (भट्टराई, २०७०, पृ.३४४) भन्ने मान्यताको पुष्ट्याइँ पार्वतीका बाबुले आफ्नो रेखदेख र स्याहार सुसार गर्नकै लागि बहुविवाह गरेको घटनाबाट हुन्छ । कान्छी आमाले आफूप्रति जतिसुकै माया, सहानुभूति र सद्भाव राखे पनि पार्वतीमा त्यसको ठीक विपरीत वितृष्णा पैदा भएको छ । पितृसत्ताले उसको मस्तिष्कमा पुरुष नभई सौता निष्ठुर हुन्छन् भन्ने एक किसिमको भावना सिर्जना गरिदिएको छ । यहाँ आफ्नो स्वार्थका निम्ति बहुविवाह अँगाल्ने पुरुष दोषी नभई दासीका रूपमा उपयोग गरिएका महिलालाई दोषी देखाउन प्रभुत्वशाली वर्गले शोषण र दमनको मान्यता निर्माण गरेको छ । तर तिनै नारीलाई पतिको मृत्युपश्चात कलिलै उमेरमा विधवा हुँदासमेत अर्को विवाह गर्ने छुट दिएको छैन । कान्छी आमाको इच्छाविपरीत काकाले एकल पक्षीय निर्णय गरी पार्वतीको विवाह गरिदिएका छन् ।

*छाउपडी* उपन्यासमा वर्णित सामाजिक घटनालाई हेर्दा पुरुषले महिलालाई केवल स्याहारे र रखौटीका रूपमा लिएको देखिन्छ । जसले त्यस समाजमा पितृसत्ता हावी छ भन्ने प्रस्ट हुन्छ । नारीलाई घरायसी काममा सीमित पारेर सारा कामको जिम्मेवारी सुम्पेको पुरुषले नारीलाई शक्तिहीन अवस्थामा पुऱ्याउन सोहीअनुरूपको कामको वर्गीकरण गरेको छ भन्ने कुरा पार्वतीले भोग्नुपरेको बुहार्तनबाट प्रस्ट हुन्छ । पार्वतीले विवाहपश्चात् घरको सारा काम गर्नुपर्ने जिम्मेवारी थपिएको छ । बिरामी अवस्थामा समेत आफूप्रति कसैको सहानुभूति नदेखिएको स्वपीडनलाई आफ्ना जेलका साथीहरूमाझ भन्छे, “बिहान झिसमिसेमा उठ्नुपर्ने, गाईवस्तुको भकारो सोहोर्नुपर्ने, त्यत्रो ठूलो परिवारका भाँडाकुँडा माझ्नुपर्ने, सबैसँग बुहारी भएर प्रस्तुत हुनुपर्ने जस्ता कुराले म हतासिन पो थालिसकेछु” (पौडेल, २०७१, पृ ५) । यस प्रसङ्गलाई हेर्दा पितृसत्ताले जुन किसिमका मूल्यमान्यताको निर्माण गरेको छ ती महिला हितका पक्षमा निर्माण भएको देखिँदैन । एकल शासन सत्तालाई सुदृढ गर्न उसले आफ्नो हितलाई लिएर कामको वर्गीकरण गरेको देखिन्छ ।

महिलाले पुरुषकै निर्देशनमा रही बुहार्तनको जिम्मेवारी निर्वाह गर्नै पर्ने बाध्यात्मक अवस्थाको सिर्जना गर्ने काम पितृसत्ताले गरेको छ । पार्वतीजस्ता महिलाहरू झ्यालखानारूपी घरमा सीमित भएर रहनु परेको छ । ज्वरो आएको अवस्थामा समेत शारीरिक र मानसिक यातनाबाट प्रताडित पार्वतीले पुरुषबाट दबाइएका अधिकार र स्वतन्त्रताविहीन नारीको

प्रतिनिधित्व गरेकी छ । आर्थिक शक्तिमाथि पूर्ण नियन्त्रण गरी पतिले पुरुषत्वको शक्ति प्रदर्शन गरेको छ । परनिर्भरता र पुरुषमैत्री सामाजिक मान्यताकै कारण पार्वतीले पतिरोध गर्न सकेको देखिँदैन । आफूले पाउनुपर्ने अंशमा दाबी गर्न नसक्नु र पतिलाई कानुनी दायरामा ल्याउन नसक्नुले पनि पार्वतीजस्ता महिलाहरू पितृसत्तात्मक सामाजिक संरचनाकै कारण शक्तिहीन बन्नुपरेको छ । जसले पुरुषको सेवा गरेको छ त्यही दमित हुनुपरेको छ । पतिको शोषण र दमनबाट आजित भई अन्ततः पार्वती  घर छोडेर जान विवश छे ।

एक दिन सोरतगढको रमाइलो हेर्न पुगेकी पार्वती मेला हेरेर फर्कने क्रममा मोहन लोहारबाट बलात्कृत हुनुपरेको छ । बलात्कारबाट गर्भवती भएकी उसले लोहारका विरुद्ध मुद्दा हाल्दा उल्टै दोषी बन्नुपरेको छ । यस घटनालाई हेर्दा पुरुषले महिलालाई कामवासना पूर्ति गर्ने साधनका रूपमा उपयोग गरी जीवनरक्षाका लागि न्यायको भिख माग्नुपर्ने अवस्थामा धकेलेको छ । मोहनजस्ता पुरुषले उनीहरूकै अनुकूल निर्माण गरिएका मान्यतालाई टेकेर दण्डित र बेइज्जत हुनबाट जोगिएको छ ।

उपन्यासमा चित्रित समाजमा महिलाहरू शक्तिका हिसाबले यति कमजोर छन् कि उनीहरू पुरुषले चाहेअनुरूप हिँड्नुपर्ने बाध्यता छ । समाजमा नारीलाई घस्यौटा जस्तो मूल्यहीन वस्तुसँग तुलना गरी महिलाको अवमूल्यन गरिएको छ । नारीको सहनशीलतालाई हतियारको रूपमा प्रयोग गरेको मोहनले पितृसत्ता र धनलाई हतियारको माध्यम बनाई पार्वतीलाई आफूबाट पन्छाएर आफ्नो पुरुषत्व प्रदर्शन गर्न खोजेको छ । फुकोको विचारमा शक्ति शोषण र सिर्जना दुवैको इन्जेन हो (उप्रेती, २०६८, पृ. ४०) । यहाँ मोहनले शक्तिलाई शोषणको इन्जेनका रूपमा प्रयोग गरेको छ । तर पार्वतीमा क्रमशः प्रतिरोधको अवस्था सिर्जना हुन थालेको देखिन्छ । पति र ससुराले अनेक डर धम्की दिँदासमेत निर्भीकताका साथ डटेर लडेकी छ । अन्ततः न्याय र निसाफ पाउन नसकी खुकुरीले हानेर मोहनको हत्या गरेकी छ । बल प्रयोग गरेर आफ्नो प्रभुत्व कायम गर्ने मोहनको योजना पार्वतीकै कारण समाप्त भएको छ । आम उत्पीडित जनताले सजिलै उत्पीडनकारी संरचना र शासन प्रणालीलाई वैधता प्रदान गर्दैन (गिरी, २०७०, पृ. २३) भन्ने ग्राम्सीको प्रभुत्वसम्बन्धी मान्यतालाई पार्वतीले मोहनमाथि गरेको व्यवहारले प्रस्ट पारेको छ । उसले सम्पूर्ण नारीवर्गको मुक्तिका लागि मोहनको हत्या गरेको देखिँदैन । आफूमाथि गरिएको अत्याचार, शोषण र अन्यायको विरुद्धमा बदला लिन खोजे पनि पितृसत्ताले खोसेको आर्थिक अधिकार र निर्णयको भूमिकालाई प्राप्त गर्न भने असमर्थ भएकी छ । नारीमाथि दमन गर्ने पुरुषलाई

कानुनको दायरामा ल्याउन नसक्ने पुरुषवादी समाजले आत्मरक्षाको लागि लड्ने क्रममा पुरुषको हत्या गरेकी पार्वतीलाई भने दण्डित गरेको छ । जसबाट शक्तिको केन्द्रमा पुरुष र शक्तिको परिधिमा महिला रहेको देखिन्छ ।

*छाउपडी* उपन्यासमा जमुनीकी आमाजस्ता महिलालाई पुरुषले केवल सन्तान उत्पादनको भूमिका दिएको छ । व्यापारबाट जीविका धान्न गाह्रो भएपछि जमुनीको परिवार रामरतन साहुकोमा हरूवा बसेको छ । आमाको मृत्यु र बाबु रोगले थला परेपछि परिवार पाल्ने दायित्व जमुनीमा आएको छ । एक दिन बाबुको उपचारका लागि रामरतनसँग पारिश्रमिक माग्न जाँदा जमुनीलाई गोठ छाडेर जान धम्की दिएको छ । अहोरात्र श्रममा खटिएर उचित पारिश्रमिक दिन नचाहने पुरुषको शोषकीय प्रवृत्तिलाई यहाँ प्रस्तुत गरिएको छ । पारिश्रमिकविना नै श्रममा लगाउन खोज्ने रामरतनले महिलाको श्रमलाई महत्त्व दिएको देखिँदैन । सामान्य जीवन निर्वाह गर्नका लागि पुरुषमाथि निर्भर रहनुपर्ने बाध्यात्मक अवस्था छ । आफूले अहोरात्र दुःख गर्दा पाउनुपर्ने ज्याला माग्दा पनि जुना रामरतनसमक्ष भिखारीका रूपमा जस्तै प्रस्तुत भएकी छ ।  ऊजस्ता नारी पात्र पुरुषको हैकमी शासनसँग श्रमको मूल्य माग्दा पनि कति भयभीत भई माग्नुपरेको छ भन्ने कुरालाई तलको अंशले प्रस्ट पार्दछ :

> मालिक, मैले पाउनुपर्ने चार माना धान पाएकी छैन, भाइहरूले पनि वर्षभरि गोबर फाल्ने, गाइभैंसी चराउने, बाखा हेर्ने काम गरेकै हुँ । मैले पनि घरका लुगा धुन त के तपाईंका गोडा मालिस गर्ने कामसम्म पनि गरेकी छु । साथसाथै मेलापात पनि गरिरहेकै छु । (पृ.१६)

यस प्रसङ्गलाई हेर्दा रामरतनजस्ता पुरुषले आफ्नो आवश्यकताका लागि महिलालाई प्रयोग गरे पनि महिलाको पीडा र समस्याप्रति पूरै बेवास्ता गरेको छ । प्रभुत्वशाली वर्गको विचारधारा अँगालेको रामरतन पितृसत्तालाई शक्तिशाली बनाएर नारीमाथि हैकम जनाउन चाहन्छ । सर्वहारा वर्ग आफ्ना जरुरी आवश्यकताका लागि गरिने श्रम थोरै भए पनि पुग्ने हुन्छ तर पुँजीपतिले दिनभर काममा लगाउँछ र श्रमशोषण गर्छ । उसलाई श्रमको पूरा मूल्य प्राप्त हुँदैन र कार्यदिवसको ठूलो अंश उसले पुँजीपतिका लागि विनापारिश्रमिक कार्य गरिदिनुपर्छ (भट्टराई, २०७०, ३४९ । यस मान्यतालाई हेर्दा रामरतनजस्ता पुँजीपतिले आफ्नो स्वार्थका लागि मात्र सोचेको देखिन्छ । उसले जमुनीलाई दिनभर काममा लगाए पनि पारिश्रमिक नदिई श्रमशोषण गरेको छ र यसलाई अधिकारका रूपमा प्रयोग गर्न खोजेको देखिन्छ ।

विनापारिश्रमिक काममा लगाएर बढी नाफा लिन खोज्ने रामरतन सामन्ती विचारधाराको पुरुष पात्र हो । उसका दृष्टिमा नारी दासी हुन् भन्ने मानसिकता देखिन्छ किनभने लुगा धुने कामदेखि लिएर गोडा मालिस गर्नसमेत लगाएको छ । यति हुँदासमेत जुनाले स्वाभिमानका साथ श्रमको मूल्य माग्ने आँट गरेकी छैन । आफ्नो वर्चस्व कायम राख्न जुनालाई पारिश्रमिक दिने सम्झौता गरे पनि पुरुषत्वको सामर्थ्य देखाउन उल्टै आक्रमण गरेको छ । उसले जमुनीको गरिबीलाई शोषणको माध्यम बनाएको छ । सोह्र वर्ष पुगेपछि जमुनीमा आएको शारीरिक परिवर्तबाट मोहित बनेको रामरतन र छोरा सुजनमा एकाएक परिवर्तन आएको छ । नारीलाई पुरुषसरह अधिकार र भूमिका वितरण गरेको देखिँदैन । विभेदकारी सांस्कृतिक मान्यता र नीतिनियमको स्थापना गरी महिलालाई केवल पुरुषको सेवक र यौनतुष्टिको भूमिका दिएकै कारण पनि रामरतन र उसको छोराले जमुनीको शरीरमाथि नियन्त्रण गर्न खोजेको कुरालाई रामरतनको "जमुनी, तँ कति राम्री देखिएकी, तेरा गाला कति गुलाबी । तेरी साहुनी त बूढी भएर होला, तेरा छेउमा सुहाउँदै नसुहाउने भएकी छ । त्यस्तै पऱ्यो भने म तँलाई बिहे गरेर मेरी बनाउँछु । अनि त तैँले सुखैसुख मात्र पाउँछेस् तर यी कुरा उसलाई नभनेस् है ?" (पृ.२०) भन्ने धारणाले पुष्टि गर्दछ । यस अभिव्यक्तिबाट पितृसत्ताले महिलालाई केवल भोग्याका रूपमा मात्र उपभोग गर्न खोजेको देखिन्छ । श्रमको मूल्य माग्दा आक्रमण गर्ने रामरतनले जुनाको नारी अस्मिता लुट्नकै लागि अनेक प्रलोभन देखाएको छ । नारीमाथि उसले गर्ने व्यवहार र हेर्ने दृष्टिकोण कस्तो छ भन्ने कुरा पत्नी र जुनाबिचको रूपगत सौन्दर्यको तुलना गरेबाट प्रस्ट हुन्छ । मार्क्सवादी सिद्धान्तअनुसार जुनाजस्ता श्रमिकलाई भोकै राख्ने अवस्थाको सिर्जना गरेर रामरतनजस्ता शोषकले बढी नाफा लिइरहेका छन् ।

जीविकाको लागि दोस्रो माध्यम नभएपछि रामरतनको प्रताडना सहन विवश जुनाले सीमान्तीकृत नारी वर्गको प्रतिनिधित्व गरेकी छ । परनिर्भरताकै कारण पुरुषद्वारा दमित भई निरीह बन्नुपरेको छ । पितृसत्ताले आफूअनुकूल निर्माण गरेको आर्थिक तथा सामाजिक मान्यतमा टेकेर रामरतनजस्ता प्रभुत्वशाली तथा सामन्तवादी पुरुषले नारीमाथि श्रम र यौनशोषण गरिहेका छन् भन्ने कुरालाई यस घटनाले पुष्टि गरेको छ । तर रामरतनले राखेका प्रस्तावलाई जुनाले अस्वीकृत गरेपछि जुनाको ठूलो भाइको हत्या गरेको छ । यस घटनालाई हेर्दा सामन्त वर्गले प्रभुत्व कायम गर्न बल प्रयोग गरेको देखिन्छ । हत्या अभियोगमा पक्राउ परे पनि पैसा दिएर छुटेको रामरतन सुरतलाई खनेको खाल्डोमा परेर

मरेको छ । यता सुजनले पनि जुनाको नारी अस्मिता लुट्ने प्रयास गर्दा बाध्य भएर जुनाले खुकुरी हानी हत्या गरेपछि प्रहरीसमक्ष आत्मसमर्पण गरेकी छ । जुनाले जे जस्ता कार्य गरेकी छ त्यो लैङ्गिक चेतनाबाट अभिप्रेरित नभई आत्मरक्षाका लागि गरेको देखिन्छ । श्रमशोषण गर्दा प्रतिवाद गर्न नसकेकी जुनाले रामरतनले भाइको हत्या गरेर ऊमाथि यौन शोषण गर्न खोजेपछि विद्रोह गरेकी छ ।

नारीप्रति वक्रदृष्टि राख्ने र पितृसत्ताले सिर्जना गरेको सांस्कृतिक मान्यतामा टेकेर नारीको अस्तित्व तौलने थाने प्रहरीजस्ता दुष्ट पुरुषले महिलामाथि भएको अन्याय र अत्याचारलाई देख्न सकेको छैन । नारीप्रति पुरुषले गरेका कुकृत्यलाई स्वाभाविक मानेको र नारी शरीर पुरुषको यौन तुष्टि दिने खेलौना मान्दै नारीको चरित्र हत्या गरेको छ । पुरुषका दृष्टिकोणमा महिला केवल मनोरञ्जनका साधन, चरित्रहीन र महत्त्वहीन छन् भन्ने कुरा "तँ त मनोरञ्जनको साधन होस्, अब मबाट उम्कन पाउँदिनस् । खुब इज्जत भएकी थरुनी । थरुनीको के इज्जत हन्छ र बचाउँछेस्" (पृ.३३) ? भनी थानेदारले आफूले पार्वतीको शरीरलाई उपभोग गर्न नपाउँदा ऊप्रति प्रतिशोध साँध्न लगाएको आक्षेपपूर्ण भनाइबाट पुष्टि हुन्छ । अस्तित्व रक्षाका क्रममा बाध्यतावश शोषक र सामन्त रामरतन र उसको छोरा सुजनको हत्या गरी जेलजीवन भोगेकी जुनाले पुरुष प्रहरीबाट अपमानित हुनुका साथै अस्मिता पनि लुटिएको छ । नारी कमजोर हुन्छन् र यी पुरुषका यौन सन्तुष्टि दिने खेलौना जस्तै हुन् भन्ने निकृष्ट मानसिकता बोकेको प्रहरी थानेदारले नारीको अवमूल्यन गरेको छ । नारी जाति कमजोर हुन्छन् भन्ने हेपाहा प्रवृत्ति पुरुषमा देखिन्छ । आफूले महिलाको अस्तित्व लुट्दा इज्जत यथावत् रहने तर पुरुषबाटै बलात्कृत र कलङ्कित बनाइँदा नारीको इज्जतमाथि अनेक प्रश्न गरिने पितृसोचको प्रतिनिधित्व प्रहरी थानेदारले गरेको छ । उसले जमुनाको शरीरमाथि राजनीति गरेर आफ्नो शक्ति प्रदर्शन गर्न खोजेको छ । पितृसत्ताकै लागि निर्मित समाजिक मान्यताले प्रहरी थानेदारलाई दण्डित गर्न सकेको छैन । अन्त्यतिर भए पनि उसमा प्रतिरोधको अवस्था देखिन्छ ।

यी सबै घटनाक्रलाई जोडेर महिला र पुरुषबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा जुना बाँच्नका लागि पुरुष पात्रमाथि परनिर्भर रहनु, अधिकारका लागि प्रतिवाद गर्न नसक्नु, सामाजिक निर्णायक भूमिकामा नदेखिनु, रामरतनजस्ता शोषक वर्गको निर्देशनबाट सञ्चालित हुनु, हत्या गरे पनि पितृसत्तात्मक मानसिकताबाट पूर्ण रूपमा मुक्त हुन नसक्नु,

रामरतनकी पत्नीले पनि पतिको अत्याचारलाई सहन विवश हुनुले शक्तिको केन्द्रमा पुरुष र शक्तिको परिधिमा नारी रहेको थाहा हुन्छ ।

*छाउपडी* उपन्यासमा नारीशक्तिको प्रतिनिधित्व गरेकी अर्की महिला अञ्जली हुन् । सानै उमेरमा बाबुआमाको निर्णयअनुसार विवाह बन्धनमा बाँधिन विवश नारी पात्र हो । यसले महिलाको व्यक्तिगत जीवनमथि पनि उनीहरूको अधिकार नभएको देखिन्छ । छोरीको विवाह मात्र गरिदिएर आफ्नो अभिभावकीय कर्तव्य पूरा भएको ठान्ने पुरुषवादी मान्यतालाई महिला र पुरुष दुवैले सञ्चालन गरेको देखिन्छ । नारीमाथि प्रभुत्व कायम गर्न पुरुषले आफूअनुकूलका छाउपडीजस्ता समाजिक मान्यताको निर्माण गरेको छ । दमक वर्गले आफूअनुरूप धार्मिक-सांस्कृतिक नियमहरू निर्माण गर्ने र एकपक्षीय सत्तालाई बलियो बनाउने काम गरेको हुन्छ (भट्टराई, २०७०, पृ. ३४४) । सुदूर तथा मध्यपश्चिम क्षेत्रमा प्रचलित छाउपडी प्रथा पुरुषले आफ्नो स्वार्थका लागि निर्माण गरेको सांस्कृतिक मान्यता हो । आफ्नो सत्तालाई बलियो बनाउन छाउपडी प्रथालाई धार्मिक अनुष्ठानसँग जोडी पापको भय सिर्जना गरेर नारीलाई दिग्भ्रमित तुल्याइएको छ । नारीको विचारधारामा परिवर्तन गरी यस मान्यतालाई सत्यका रूपमा स्थापित गर्न पुरुषहरू प्रयासरत छन् । पितृसत्तालाई स्थायित्व दिन छाउपडी प्रथालाई दमनको आधार बनाएको देखिन्छ । महिलामा हुने रजस्वला जस्तो जैविक प्रक्रिलाई धर्मसँग जोडेर अञ्जलीजस्ता अशिक्षित तथा सोझा महिलालाई ज्यालखानारूपी छाउगोठमा राख्नुपर्ने मान्यतालाई पुरुष र महिला दुवैले सञ्चालन गरेका छन् । त्यहाँ रहँदा भोग्नुपर्ने असह्य पीडाको अनुभूति केवल महिलाले मात्र गरेका छन् ।

सतचालीस वर्षका बूढा र त्यसमा पनि दुईवटी सौतामाथि अञ्जलीको विवाह भएको छ । आफ्नो स्वार्थपूर्तिका निम्ति बहुविवाह गर्न हुने तर पुरुषकै कारण निसन्तान र कलिलै उमेरमा विधवा भएका अञ्जुली, शुभलाजस्ता नारीलाई दोस्रो विवाह थर्न रोक लगाएको छ । वैयक्तिक स्वार्थमा महिलालाई उपयोग गर्ने ध्येयले निरङ्कुश शासन सत्ताको स्थापना गरेको पुरुषले नारी जीवनलाई मूल्यहीन ठानेकै कारण उपन्यासमा वर्णित महिलाहरू अधिकार र भूमिकाविहीन बन्दा निस्सार जीवन जिउन विवश भएको घटनालाई "न त तेरा बाबाले तेरो ख्याल गरे न त लोग्ने भनाउँदाले गर्दछन् । हाम्रा पनि अनेक रहरहरू हुन्छन् नि । तर यो सब कसले बुझ्ने ..."(पृ.४६) ? भनी शुभलाले आफ्ना मानसिक चिन्ता, पीडा र रहरहरूलाई अञ्जलीसमक्ष गरेको गुनासो राखेबाट थाहा हुन्छ । पुरुषमाथि निर्भर रहनुपर्ने

बाध्यताले आफ्ना रहरहरू पूरा गर्न नारी असक्षम छन् भन्ने कुरालाई यस अंशले थप पुष्ट्याइँ गरेको छ। पति पतिका रूपमा नभई नाम मात्रको देखिएको छ।

महिलालाई खेलौना र सन्तान उत्पादनको साधनबाहेक अन्य भूमिका नदिइएको र हरेक दोषको कारक महिला नै भएको भन्ने पितृसत्ताको आक्षेपले शुभलामा अन्तर्द्वन्द्व चर्किएको छ । छाउगोठमा एक्लै बस्न विवश महिलाको सुरक्षालाई लिएर पुरुषमा चिन्ता देखिँदैन । पुरुषले नारीको शरीरलाई कत्ति पनि महत्त्व नदिएको कुरा अञ्जली र उसका दिदीहरूले सन्तान नजन्माएकै पतिले घस्यौटा भन्दै आफूलाई अब मतलब नभएको र जता गए जाओ भन्ने हेपाहा र गैरजिम्मेवारपूर्ण भनाइले प्रस्ट हुन्छ । तीनवटी पत्नीबाट पनि सन्तान नहुनुमा मेरो दोष पनि हुन सक्छ भन्ने ज्ञान धमलामा देखिँदैन । लामो समयसम्म सेवा गरेका पत्नीलाई घँस्यौटासँग तुलना गरी नारी महत्त्वको अवमूल्यन गरेको छ । पितृसत्ता अनुकूल निर्माण भएको आर्थिक व्यवस्था र सामाजिक संरचनाकै कारण अञ्जलीजस्ता महिलाहरू शक्तिहीन बन्नुपरेको छ । पतिको यस धारणाको प्रतिवाद गरेकी शुभला नयाँ शक्तिका रूपमा उदाउन खोजेको देखिन्छ । पितृसत्ताले नारीको मस्तिष्कमा यस्तो विचारको सिर्जना गरिदिएको छ कि पुरुषको खुसीमा नै उसको भाग्य निर्धारण हुन्छ । कामवासना र सेवकका रूपमा नारीको उपयोग गर्ने पुरुष स्वयं भाग्यमानी नभएर पुरुषका लागि दास र यौनका साधन मात्र बनाइएका महिलालाई भाग्यमानी ठहऱ्याएको छ । पितृसत्ताकै खुसीका लागि महिलालाई उपयोग गरिएको कुरालाई बाबुआमाले अञ्जलीलाई कान्छी सौता बनाएर दिँन पाउँदा प्रकट गरेको खुसीले पुष्टि गर्दछ।

पुरुषकै सेवामा अहोरात्र खटिने महिलालाई आर्थिक तथा निर्णायक अधिकार दिएर समसत्ताको स्थापना गर्नमा पुरुष अग्रसर भएको देखिँदैन बरु जीवनभर दासीकै तहमा राखेर आफ्नो प्रभुत्व कायम गर्न खोजेको देखिन्छ। पतिको खुसीका लागि अञ्जलीले राजनको गर्भ बोक्नुपरेको छ । शासक वर्गले नै विचारधाराको निर्माण गर्ने हुँदा यो परम्परा वा रूढिका रूपमा प्रस्तुत हुन्छ (भट्टराई, २०७०, पृ.३४२) भन्ने सिद्धान्तका आधारमा हेर्दा सन्तान नहुँदा अपुताली परिने र स्वर्गको ढोका नखुल्ने उद्देश्यले नै धमलाले बहुविाह गरेको देखिन्छ जुन रूढिवादी परम्पराका रूपमा रहेको छ । महिनावारी र सुत्केरी हुँदासमेत महिलाको मुख नहेर्ने पुरुषवादी समाजले धमलाको नपुंसकतामाथि कुनै प्रश्न चिह्न खडा गरेको छैन । एकातिर सन्तानको आकाङ्क्षा राख्ने अर्कातिर सुत्केरीलाई छाउगोठमा राखेर असुरक्षित बनाउने पुरुषवादीहरूले द्वैध चरित्र देखाएका छन् । पितृसत्ताले निर्माण गरेको सामाजिक

कुप्रथाकै कारण अञ्जलीजस्ता आमाको काख रित्तिएको छ । बाटुली शुभलाजस्ता कैयौँ नारीहरू सन्तान जन्माउन सक्ने भएर पनि सन्तानविहीन भई बाँच्नुपरेको छ । पतिकै स्याहार सुसारमा जीवन अर्पण गरेकी बाटुलीजस्ता नारीहरू पतिको यातना र स्याहार नपाई अकालमै मृत्युवरण गर्नुपरेको छ । शुभलाजस्ता नारीमा रहेको आमा बन्ने रहरलाई पितृसत्ताले बन्धक बनाएको छ ।

माथिका घटनाहरूलाई आधार मानी महिला र पुरुषबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा पितृसत्ताले निर्माण गरेको छाउपडी जस्तो कुप्रथालाई स्वाभाविक मान्नु, बाँच्नका लागि पुरुषमा निर्भर रहनु, प्रथाकै कारण अनेक समस्या भोगे पनि विरोध गर्न नसक्नु, पुरुषका निर्देशनलाई अक्षरशः पालना गर्नुले शक्तिको केन्द्रमा पुरुष र शक्तिको परिधिमा महिला रहेका छन् ।

*छाउपडी* उपन्यासमा नारी शक्तिको प्रतिनिधित्व गरेकी देउती छाउपडी प्रथाको विरोध गर्ने सिलसिलामा चार जनाको हत्या गरी जेलजीवन भोगेकी महिला पात्र हो । मातृसत्ताको स्थापना नहोस् र नारीलाई सधैँ शक्तिहीन बनाएरै उनीहरूमाथि दमन र शोषण गर्न पाइयोस् भन्ने हेतुले एकल निर्णयका आधारमा महिला हितविरोधी सांस्कृतिक मान्यता स्थापना भएको देखिन्छ । फलस्वरूप कैयौँ महिलाले अकालमै जीवन त्याग गरेका छन् । त्यस्ता विभेदजन्य रूढिवादी मूल्यमान्यतालाई भत्काएर समसत्ताको निर्माणमा उद्दत देउतीजस्ता नारीहरू शक्तिका तहमा उभिन खोजेको देखिन्छ । कुसंस्कृतिका रूपमा स्थापित सामन्ती संस्कारलाई निमिट्यान्न पारी समतामूलक समाजको निर्माण गर्ने कार्यको थालनी गरी शक्ति प्रदर्शन गर्न खोजेको कुरालाई "म त्यही छाउपडी प्रथाको अन्त्य गर्ने सिलसिलामा लागेँ र सङ्घर्षकै क्रममा जेलनेल भोग्न पुगेँ" (पृ.६२) भन्ने देउती परिवर्तकारी आत्मवृत्तान्तले प्रस्ट पार्दछ ।

पितृसत्ताले आफूअनुकूल निर्माण गरेको प्रथाबाट प्रताडित नारीलाई त्यसबाट मुक्त गर्न देउती सक्रिय भएकी छ । शासक वर्गले नै विचारधारा निर्माण गर्ने हुँदा यो परम्परा वा रूढिका रूपमा प्रस्तुत हुन्छ । युग र समयअनुसार विचारधारा क्रान्तिकारी पनि हुन्छ र प्रतिक्रियावादी पनि हुन्छ (भट्टराई, २०७०, पृ.३४२) । यस सिद्धान्तलाई आधार मान्दा रढिवादी मान्यतालाई परिवर्तन गरी लैङ्गिक समसत्ताका निम्ति देउतीले बोकेको विचारधारा क्रान्तिकारी विचारधारा हो । देउतीजस्ता उत्पीडित जनताले उत्पीडनकारी संरचना र

शासनप्रणालीलाई परिवर्तन गर्न सक्रिय छन् । उसकी सासू पनि यस किसिमको मान्यताको विरुद्धमा उत्रेकी छ । सुत्केरी हुँदा घर छोडेर छाउगोठमा बस्नुपर्ने मान्यतालाई तोड्न घरमै सुत्केरी भई नारीशक्तिको प्रतिनिधित्व गरेकी छ । तर घरका सदस्यले जबर्जस्ती गोठमा लगेर राखेका छन् । गाउँमा बाघ आएको हल्ला सुनेकी उसले गोठअगाडि कालो छाया देख्दा भयभीत भई विवेक गुमाउँदा बेहोसीमै आँसीले हानेर जेठानी र सासूको हत्या गरेकी छ । यस घटनालाई गहिरिएर हेर्दा यस किसिमको घटना घटाउनुको प्रमुख जिम्मेवार पितृसत्ता नै देखिन्छ । नारीवादले मलिाहरूको समानता र महिला पुरुषबिचको उस्तै अवस्थाको खोजी गर्छ (भट्टराई, पृ.३६१) भन्ने मान्यतालाई देउतीले पछ्याएको देखिन्छ ।

पुरुष र महिलाबिच रहेको असमान व्यवहार, विचार र मान्यतालाई भत्काएर समसत्ताको निर्माणार्थ पतिको सहयोगमा जङ्गलमा बनाइएका छाउगोठ भत्काउने अभियानमा जुटेकी छ । अभियानका बाधक व्यक्तिहरूसँग कडा प्रतिकार गरेकी उसमा प्रतिरोधको अवस्था देखिन्छ । उसले महिलाहरूलाई समान अवसर प्रदान गर्न  विद्यमान कानुनी र आर्थिक संरचनामा सुधार ल्याउनुपर्नेमा जोड दिएको देखिन्छ । हत्या अभियोगमा जेल परेको अवस्थामा प्रहरीले बलात्कार गर्न खोजेको प्रयासलाई पनि रोक्न सफल भएकी छ । यी घटनाहरूलाई पुरुष र महिलाबिचको शक्तिसम्बन्धको आधारमा विश्लेषण गर्दा देउतीले छाउपडी मान्यताका विरुद्धमा घरमै बच्चा जन्माउनु, पतिमा रहेको रूढिवादी विचारधारामा परिवर्तन ल्याई अभियानमा संलग्न गराउनु, कुप्रथाको अन्त्य गर्ने कामको सुरुवात देउतीबाट प्रारम्भ हुनु, पुरुषको बलात्कार योजना असफल पार्नुले शक्तिको केन्द्रमा महिला र शक्तिको परिधिमा पुरुष रहे पनि सामन्ती संस्कृतिलाई पूरै ध्वस्त पार्न भने सकेको देखिँदैन ।

*छाउपडी* उपन्यासमा नारीशक्तिको प्रतिनिधि पात्रका रूपमा माधुरिका आमा देखिएकी छ । दुईवटी पत्नीबाट सन्तान नभएपछि सन्तान उत्पादनकै लागि माधुरिकालाई सोह्र वर्षको उमेरमा विवाह गराइएको छ । पुरुषकै सुखभोगका निम्ति महिलालाई जबर्जस्त अमिल्दो उमेरको पुरुषसँग विवाह गराइएबाट उपन्यासमा चित्रित समाज पुरुषकेन्द्री छ भन्ने थाहा हुन्छ । सन्तान पैदा गर्नकै लागि विवाह गराइएकी माधुरिकी आमाको "न त उनीसँग मेरो उमेर मिल्थ्यो न त कुरा नै मिल्थे । हाम्रो सम्बन्ध केवल सन्तानसँग मात्र जोडिएको थियो । त्यस शिवाय लोग्ने स्वास्नीको माया, ममता, सुखदुःख साटासाट आदि कहिल्यै भएन (पृ.६८)" भन्ने आत्मकथनलाई हेर्दा पितृसत्ताकै निर्देशनबाट समाज सञ्चालित छ भन्ने

बुझिन्छ । पितृसत्ताले महिलालाई सन्तान उत्पादको मात्र भूमिका दिएर लैङ्गिक विभेद गरेको देखिन्छ । उमेर नमिल्दो पुरुषसँग विवाह गरिदिने रूढिवादी परम्पराको निर्माणकर्ता पुरुष नै हो । जसका कारण माधुरिकाका सौतिनी दिदीजस्ता कैयौँ नारीहरू विधवा भई भक्तिनी बनेर बाँच्नुपरेको छ । यता माधुरिकाको छोराले आमाको योजना अनुसार दाइजो र रूपवती पत्नी बिहे गर्ने प्रलोभनमा घरमा भएकी पत्नीको हत्या गरेको छ । पतिको दमन र शोषणलाई स्वाभाविक मानेकी मेनका पितृसत्तात्मक मानसिकताबाट ग्रसित देखिन्छे । पुरुषले नारीको सहनशीलतालाई हतियारका रूपमा प्रयोग गरेर दमन गरेको देखिन्छ । यसरी माथिका घटनाक्रलाई हेर्दा आर्थिक स्रोतमाथि पुरुषको नियन्त्रण हुनु, मेनकाजस्ता महिलाले पुरुषको दमन र शोषणलाई स्वाभाविक ठान्नु र कुनै प्रतिकार नगर्नु, माधुरिकालाई सन्तानकै लागि प्रयोग गरिनुले शक्तिको केन्द्रमा पुरुष र शक्तिको परिधिमा महिला रहेका छन् ।

*छाउपडी* उपन्यासमा नारीशक्तिको प्रतिनिधित्व गरेकी अर्की नारी पात्र चन्दा हो । भिरमा घाँस काट्ने क्रममा आमाको मृत्युपश्चात् बाबुले स्याहार गर्न छोडी बालमन्दिर नजिकै छोडेपछि पोखरेल थरकी महिलाको लालनपालमा चन्दा हुर्केकी छ । यहाँ पुरुषले आफ्नो सत्तालाई बलियो बनाउन त्यहीअनुसार कामको बाँडफाँड गरेको देखिन्छ । चन्दाका बाबुजस्ता पुरुषकै कारण छोरा र छोरीमाथि विभेद सिर्जना भएको छ । उनीहरूका लागि छोरी बोझ बनेका छन् । सहज काम आफूलाई भाग लगाएर महिलालाई जोखिमयुक्त काममा लगाइने पुरुषको चरित्रलाई उदाङ्गो पारेको छ । चन्दालाई छोरीका रूपमा ग्रहण गरेकी पोखरेल्नी आमाले चन्दाको इच्छाबमोजि अनमी पढाएकी छन् । आफूलाई पढाउने शिक्षकले विवाह गर्न राखेको प्रस्तावलाई सुरुमा अस्वीकार गरेकी चन्दाले आमाको सुझाव अनुसार विवाह गरेकी छ । तर विाहपश्चात् विनोदले विवाह गर्नुको वास्तविक रहस्य थाहा पाएपछि ऊ पश्चातापमा परेकी छ । पहिले नै विवाहित विनोदको प्रमुख उद्देश्य चन्दाजस्ता महिलालाई प्रेमजालमा फसाएर यौन सन्तुष्टिको साधनका रूपमा मात्र प्रयोग गर्न खोजेको देखिन्छ ।

गर्भवती अवस्थाकी पत्नीको स्याहासुसारमा कुनै चासो नदिएको विनोदले स्वार्थी र दुष्चरित्रका पुरुषको प्रतिनिधित्व गरेको छ । आफूले थुप्रै नारीसँग अवैध सम्बन्ध राख्ने विनोदले आफ्नो शक्ति प्रदर्शन गर्न सुत्केरी अवस्थामा रहेकी पत्नीलाई परपुरुषसँग अवैध सम्बन्ध राखेको आक्षेप लागाएको छ । विवाहपूर्व चन्दाविना बाँच्न नसक्ने बताए पनि विवाहपश्चात् पश्चाताप गरेको छ । पुरुषले नारीमाथि जतिसुकै दमन र शोषण गरे पनि

त्यसका विपरीत बोल्ने अधिकार नारीले पाएको देखिँदैन र बोल्ने साहस पनि छैन । पुरुषको जस्तोसुकै र जतिसुकै अत्याचार गरे पनि र नारीले सहनशीलता प्रदर्शन गरे पनि महिलाले हार्नैपर्छ भन्ने कुरा चन्दाकी आमाले "समाजमा पुरुष महिलाप्रति कठोर नै हुन्छन्, तर यस्ता पुरुष भने कहीँ हुँदैनन् । जे भए पनि के गर्ने छोरी, हामी महिलाले नै हार्नुपर्छ" (पृ.७७) भनेबाट नारी पुरुषका तुलनामा कमजोर रहेको देखिन्छ । पुरुष नारीशक्तिलाई कमजोर बनाउनकै निम्ति कठोर हुने कुरालाई यस प्रसङ्गले सङ्केत गरेको छ । पुरुषको कठोरपन जैविक नभई कृत्रिम प्रक्रियाको निर्मिति हो जुन कुरालाई महिलाले बुझ्न नसक्दा शक्तिहीन बन्नुपरेको छ । शक्तिको बाँडफाँडमा महिलाको सहभागिता नहुनुले नै विनोदजस्ता पुरुषले पुरुष शक्तिलाई नारीमाथिको दमनमा दुरुपयोग गरेका छन् ।

विनाप्रमाण अवैध सम्बन्धको आरोप लगाउँदा प्रतिवाद गर्न खोजेकी चन्दा अन्ततः सँगै बस्न नसकी माइत गएकी छ । शिक्षित भएर पनि शक्तिहीन बनेकी चन्दाले अधिकार र न्यायका लागि कुनै कदम चाल्न सकेको देखिँदैन । बरु ससुराल पुगेर छोरीसँग खेल्दा पतिप्रतिको घृणा र आक्रोश हराउन खोजे पनि पुनः अन्य महिलासँग सम्बन्ध राखेपछि आक्रोशित बनेकी छ । छोरीको भविष्यलाई लिएर पतिका हरेक क्रियाकलापलाई सहँदै आएकी उसले विनासित्ति झगडा गर्न थालेपछि आवेशमा आई खुकुरीले हानेर पतिको हत्या गरेकी छ । पतिको हत्या गरे पनि पितृसत्तालाई ढालेर नारीमाथि दमन र शोषण गर्ने पुरुषलाई दण्डित गर्न सकेको देखिँदैन । लैङ्गिक समसत्ताका लागि नभई आत्मरक्षाका लागि पतिको हत्या गरेको देखिन्छ । यी घटनाहरूलाई हेर्दा शक्तिको केन्द्रमा पुरुष र शक्तिको परिधिमा महिला रहेका छन् ।

चन्द्रबहादुर गुरुङ पुरुष शक्तिको प्रतिनिधित्व गरेको पात्र हो । पिताकै आज्ञाअनुसार भारतीय सेनामा भर्ती भएको चन्द्रबहादुर आदर्श पुरुषका रूपमा उपस्थित छ । सहोदर बहिनी नभए पनि गोकुल गुरुङकी छोरी सुमीसँग उसको दाजुबहिनीको सम्बन्ध स्थापित भएको छ । छोरीको इच्छाविपरीत विवाह गराउने निर्णयलाई रोक्न खोजेबाट उसमा लैङ्गिक चेतना भएको थाहा हुन्छ । छोरीको भविष्य र खुसीका लागि वेवास्ता गर्ने गोकुलले एकल निर्णयबाट अघि बढ्दै छोरीको विवाहको टुङ्गो लगाएको छ ।

गोकुलले शासक वर्गले निर्माण गरेको विचारधारा र रूढि परम्परालाई दमनको माध्यम बनाएको छ । आफ्नो प्रभुत्व कायम गर्न र शक्ति प्रदर्शन गर्न छोरी र चन्द्रबहादुरले

दिएका सुझावलाई लत्याइदिएको छ । नारीको अस्तित्व रक्षाका लागि सक्रिय चन्द्रदहादुर नारीको व्यक्तिगत जीवनमाथिको नियन्त्रणकर्ता ऊ स्वयम् हुनुपर्छ भन्ने मान्यता राख्ने पात्र हो । पितृसत्ताको मान्यताविरुद्ध लड्न नसकी आत्महत्या गरेकी सुमीको मृत्युको जिम्मेवार गोकुलजस्ता सामन्तवादी पुरुष हुन् । यता छोरा चन्द्रहादुरकै चिन्ताले आमाको मृत्यु भएपछि बाबाको खुसीका लागि चमेलीसँग विवाह गरेको छ । जुम्ल्याहा छोराछोरी जन्मँदा हर्षित बनेको उसको खुसी पत्नीकै कारण खोसिएको छ । बेलुकी नआउने जानकारी दिई पोखरा गएको चन्द्रबहादुर समयअगावै घर आउँदा पत्नील हरि मास्टरसँग अवैध सम्बन्ध राखेको देखेपछि आक्रोशित बने पनि सहनशीलता प्रदर्शन गरेको छ ।

सन्तानका लागि आमाको ममताको आवश्यकता पर्ने कुराको सचेतना चन्द्रबहादुरमा देखिन्छ । फलस्वरूप पत्नीले परपुरुषसँग अवैध सम्बन्ध राख्दा पनि सहनशीलताका माध्यमबाट शक्ति प्रदर्शन गर्न खोजेको कुरा “हेर चमेली, तँले मेरा साथ विश्वासघात गरिस् । तँ जस्ती आइमाईलाई माफ गर्ने कुनै ठाउँ त छैन, तैपनि यी कलिला बच्चाको मुख हेरेर तँलाई माफी दिन्छु” (पृ.८९) भन्ने भनाइले प्रस्ट पार्दछ । पतिबाट यौनचाहना पूरा नभए दबाएरै राख्नुपर्छ भन्ने मान्यता विपरीत परपुरुषसँग सम्बन्ध राखेर चमेलीले विद्रोह गर्न खोजेको देखिन्छ । आफ्नै कारणले यस किसिमको घटना घटेको महसुस गरेर पत्नीसँग माफी मागेको घटनालाई हेर्दा उसले नारीको समस्या बुझ्ने पुरुषको प्रतिनिधित्व गरेको छ । नारी भएकै कारण चमेलीको चरित्रमाथि प्रश्न खडा गर्ने समाजले मास्टरजस्तो पुरुष पात्रबारे मुख खोलेको देखिँदैन । घरायसी कामका लागि काठमाडौँ गएको चन्द्रबहादुर समय अगावै फर्कँदा पुनः पत्नी र मास्टरलाई एउटै बिस्तारामा देखेपछि क्रोधित भई विवेक गुमाएको छ । फलस्वरूप छोरासहित तीनै जनाको खुकुरी प्रहार गरी विभत्स हत्या गरेको छ । हत्यापश्चात् पत्नीले आफूसँग सम्बन्ध नराख्नुको वास्तविक रहस्य चन्द्रबहादुरले थानेदारबाट थाहा पाएको छ ।

चन्द्रबहादुरको जीवनगत घटनाक्रलाई हेर्दा पितृसत्ताले नै महिला र पुरुष बिच द्वन्द्वको अवस्था सिर्जना गरेको कुरा “चमेली र हरिको सम्बन्ध थाहा हुँदा हुँदै दबाबमा चमेलीको बिहे तपाईंसँग गरिदिए । कारण हरिले पढेलेखेकी, संस्कारयुक्त, राम्रो परिवारकी केटीसँग बिहे भयो । ऊ चमेलीलाई यौन प्यास मेटाउने साधन मात्र बनाउन चाहन्थ्यो र बनाइरहन्थ्यो” (पृ.९२) भन्ने अंशले पुष्टि गर्दछ । यो घटना घट्नुको भित्री कारण नारीको इच्छा, अधिकार र स्वतन्त्रतालाई दबाइनु हो । मास्टरजस्ता शोषकले चमेलीजस्ता सोझा

नारीलाई प्रेमको नाटक गरी यौन साधनका रूपमा मात्र प्रयोग गरेको देखिन्छ । दोस्रो कारण पितृसत्ताले निर्माण गरेको विभेदकारी सामाजिक संरचना हो । पितृसत्ताले निर्णायक भूमिकाको अधिकार आफूमा सीमित गर्ने मान्यताले चमेलीजस्ता नारीहरू पुरुषबाट अकालमा मर्नुपर्ने र पुरुषका भोग्या बन्नुपर्ने स्थितिको सिर्जना भएको छ ।

माथिका घटनाहरूलाई जोडेर पुरुष र महिलाबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा पितृसत्ताकै निर्णयबमोजिम चमेलीको विवाह गरिदिनु, चमेली आर्थिक हिसाबले पतिमाथि निर्भर रहनु, हरि मास्टरको नक्कली प्रेमलाई बुभ्न नसकेकै कारण नारी अस्मिता गुमाउनु, पतिको निर्देशन नमानेकै कारण मारिनुले शक्तिको केन्द्रमा पुरुष रहेको देखिन्छ ।

नारी शक्तिको प्रतिनिधित्व गरेकी अर्की महिला पात्र उजेली हो । आफूलाई सार्कीकी छोरीका रूपमा परिचित गराएकी ऊ पारिवारिक आर्थिक अवस्था कमजोर भएकै कारण फुपूकहाँ गई बसेकी छ । कामप्रतिको लगनशीलता देखेर रेग्मी बाहुनीले कामदारका रूपमा लगेकी छ । बाहिरको काम धेरै भएकाले एकछिन पनि आराम नमिलेको गुनासो गर्ने उजेलीले महिला श्रमिकको प्रतिनिधित्व गरेकी छ । रेग्मी बूढासित खेतमा मकै खनेपछि थकान मेट्ने क्रममा छहारीमा बसेकी उजेलीमाथि बूढाले यौनदुर्व्यवहार गरेको छ । यौनदुर्व्यवहारको प्रतिकार गर्दा डल्लाले हान्ने र भ्फारपात टाउकोमा राखिदिने रेग्मी बूढो आर्थिक हिसाबले प्रभुत्वशाली र विचारधाराका हिसावले सामन्तवादी पुरुषका रूपमा देखिएको छ ।

पितृसत्तात्मक समाजले आफूअनुकूल निर्माण गरेको आर्थिक र सांस्कृतिक संरचनाकै कारण उजेलीजस्ता महिलाहरू रेग्मीजस्ता शोषक र सामन्तीबाट किनारा लगाइएका छन् । बूढाले उजेलीथि शोषण र दमनको लागि आर्थिक शक्तिलाई साधनका रूपमा प्रयोग गरेको छ । गरिबी र सीमित अधिकारका कारण नारीहरू कसरी पुरुषबाट असुरक्षित छन् भन्ने कुरालाई यस घटनाले पुष्ट्याइँ गरेको छ । चार छोरी र एक छोराको बाबु भइसकेको उसले छोरीसमानकी उजेलीलाई यौन सन्तुष्टिको साधनका रूपमा मात्र प्रयोग गर्न खोजेको छ । उजेलीप्रतिको आसक्ति रेग्मी बूढाको हार्दिक प्रेमको लागि नभएर उसको शरीर भोग गरेर वासनात्मक तृप्ति प्राप्त गर्नका लागि देखिने कुरा महिनावरी अवस्थामा पनि इच्छा विपरीत राख्न खोजेको यौनसम्न्धले यसरी पुष्ट्याइँ गर्दछ : "त्यसपछिका दिनहरूमा पनि उनबाट प्रताडित भइरहें । तैपनि घरको अवस्था कमजोर अनि मैले पठाएको पैसाले घरव्यवहार

चलाउन धेरै सहयोग पुग्ने भएकाले गर्दा छाडिहाल्न पनि सकिनँ" (पृ. ९५) । जीविकाको दोस्रो भरपर्दो माध्यम नभएकाले रेग्मी बूढामाथि निर्भर रहनुपर्ने बाध्यताले प्रताडना सहनुपरेको छ । भोकै मर्नुपर्ने अवस्थाको सिर्जना गरी बूढाले उजेलीको शरीरमाथि नियन्त्रण जमाएको छ । प्रताडित हुँदा पनि प्रतिकार गर्न नसकेकी उजेली गरिबीकै कारण पुरुष शक्तिद्वारा पराजित छे ।

प्रणयलीलामा जति बेला पनि मस्त हुन खोज्ने कामान्ध रेग्मी बूढो नारी शरीरलाई केवल यौनको खेलौना जस्तो बनाएको छ । पुरुषको शक्तिसँग निरन्तर सङ्घर्ष गर्दै नारी अस्मिता रक्षा गर्न खोज्ने प्रयास असफल बनेको घटनालाई हेर्दा पनि महिलाहरू शक्तिहीन छन् भन्ने कुराको प्रमाण उजेलीले अभिव्यक्त गरेका संवेदनात्मक घटनाले यसरी पुष्टि गरेको छ : "उनलाई त कामवासनाले सारै सताएको रहेछ । उनी मेरो शरीरसँग नखेली एक दिन पनि पर्खन नसक्न हुन थाले । हुँदा हुँदा उसले मलाई महिनावारी भएको बेलामा समेत छोडेनन्" (पृ.९६) । उजेलीको शरीरलाई नियन्त्रणमा लिएर बलात्कार गर्ने रेग्मी बूढासँग शारीरिक र मानसिक दुवै आधारमा प्रतिरोध गर्ने कोसिस गरिरहेकी उजेली अन्ततः पराजित हुन पुगेकी छ । नारी शरीरमाथि कुदृष्टि राख्ने र नियन्त्रण चाहने रेग्मी पाशविक मनस्थितिको सामन्त वर्गको प्रतिनिधि पुरुष हो । नारी पीडाको अनुभूति गर्न नसक्ने र नचाहने ऊ नारीका अधिकार र स्वतन्त्रतामाथि हस्तक्षेप गरेर पुरुषशक्तिलाई कायम गर्न उद्दत देखिन्छ । गरीब भएपछि पुरुषका अत्याचारलाई सहेर बस्नुपर्छ भन्ने मानसिकताले नारी कमजोर छन् भन्ने थाहा हुन्छ । घरमा पत्नी हुँदा हुँदै पनि धेरै महिलासँग अवैध सम्बन्ध राख्न खोज्नुले पनि पितृसत्ता हावी भएको छ भनी "एक दिन बज्यैलाई बाजेले घरिघरि सताउने गरेको कुरा बताएँ । उहाँ एक शब्द पनि नबोली टुलुटुलु हेरिरहनुभयो । बिचरी बज्यैले गर्न पो के सक्नुहुन्थ्यो र" (पृ.९६) भन्ने उजेलीले बूढाको यथार्थ चरित्रबारे गरेको टिप्पणीबाट पुष्टि हुन्छ ।

पतिकै आर्थिक स्रोतमा निर्भर रहेकी बज्यैले पतिको निर्देशनबाट सञ्चालित छे भने पतिले गरेका कुकृत्यको विरोध गर्ने हिम्मत पनि गरेकी छैन । गाई चराउने केटीमाथि हातपात गर्न खोज्दा गाउँलेले दण्डित गरे पनि बूढाको व्यवहारमा कुनै परिवर्तन देखिँदैन । उजेलीलाई भगाएर लैजाने बूढाको योजनालाई उजेलीले बाह्य शक्तिको सशक्त प्रयोग गर्न नसकेकै कारण उसको मनोबल बढेको दखिन्छ । पुरुषको रवैयाबाट आजित भएकी उजेलीले सहयोगको लागि बज्यैलाई गुहारे पनि बज्यै केवल मूदर्शक बनेकी छ । पतिका विरुद्धमा

बोल्ने हिम्मत नभएबाट ऊ पनि शक्तिहीन महिला हो भन्ने थप पुष्टि यस उपन्यांशले गर्छ : "उनका कुराले मैले उसमाथि जाइ लाग्न मात्र सकेकी थिइनँ । सक्थैँ पो कसरी ! म त उनीहरूका घरमा दिएको रुखोसुखो खाएर काम गर्ने कमारी शिवाय अरू के पो थिएँ र ! त्यसैले त्यस दानवका कुकृत्य सही नै रहेँ" (पृ.९६) । श्रम नगरे भोकै पर्ने अवस्थाले प्रतिरोधको चेतना हुँदा हुँदै पनि उजेली पुँजीवादीको मिचाइमा परेकी छ ।

पुरुष प्रधान समाज भएकै कारण आफूले न्याय नपाएको गुनासो गरेकी उजेली आन्तरिक रूपमा विक्षिप्त बनेकी छ । नारीको इज्जतलाई मूल्यहीन सम्भने तर नारी अस्मिता लुटेर आफ्नो अस्तित्व बचाउन खोज्ने बूढाले मानिसलाई धार्मिक उपदेश दिएर आफैं धर्मविरोधी काम गर्दै हिंड्ने कार्यले ऊ द्वैध चरित्रको पात्र हो भन्ने बुभिन्छ । गरिबीको फाइदा उठाएर सामाजिक मर्यादा कायम राख्न पैसा र गहनाको प्रलोभन देखाएको बूढाले कि बच्चा फाल्ने कि निर्दोष बले दाइलाई फसाउने प्रस्तावलाई उजेलीले ठाडै अस्वीकार गरेकी छ । आफूमाथि गरेको पापको परिणाम भोग्न तयार रहन चेतावनी दिएकी छ । उजेलीलाई बूढा र बज्यैले बनाएको मार्ने योजनालाई असफल पारी उल्टै आँसीले हानेर दुवैको हत्या गरी जेल गएकी छ । रेग्मी बूढाको बलात्कारबाट गर्भवती भएपछि उजेलीमा क्रमशः प्रतिरोधको चेतना विकसित भएको छ । अन्तिम अवस्थामा आएर उजेलीले बाह्य शक्तिको प्रयोग गरेकी छ तर उक्त शक्ति लैङ्गिक चेतनाबाट अभिप्रेरित नभई आत्मरक्षा र अधिकार प्राप्तिका लागि गरेको देखिन्छ ।

माथिका घटनाहरूलाई जोडेर महिला र पुरुषबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा आर्थिक तथा निर्णायक शक्ति बूढामा सीमित रहनु, बज्यै र उजेली बूढाकै निर्देशनबाट सञ्चालित हुनु, श्रम तथा यौन शोषण गर्दा प्रारम्भतिर बाह्य शक्तिको प्रयोग गर्न नसक्नु, उजेलीप्रति पतिले गरेका कुकृत्यलाई बज्यैले मूक दर्शक भई हेर्नु, कानुनी दायरामा ल्याएर अधिकार खोस्न नसक्नुले शक्तिको केन्द्रमा पुरुष रहेको छ ।

*छाउपडी* उपन्यासमा पुरुष शक्तिको प्रतिनिधित्व गर्ने अर्का पात्र होमबहादुर भुजेल हो । जेठी पत्नीबाट पाँच छोरा भएर पनि होमबहादुरका बाबुले पितृसत्ताले दिएको अधिकार ठानी आफ्नो स्वार्थका लागि दोस्रो विवाह गरेका छन् । धेरै सन्तान जन्माउँदा जन्माउँदै गर्भाशयमा क्यान्सर भई थला परेकी होमबहादुरकी आमाले समयमै उपचार नपाउँदा कसरी अकालमा मर्न विवश छन् भन्ने महिला वर्गको प्रतिनिधित्व गरेकी छ । दिदीका छोराहरूको

रेखदेख र स्याहारसुसारका लागि परिवार नियोजन गरेकी कान्छी आमा आदर्श नारी पात्रको भूमिकामा देखिएकी छ । प्रहरीमा भर्ती भएपछि बाबुको इच्छाबमोजिम बिजुलीसँग धनबहादुरले विवाह गरेपश्चात् शक्तिलाई लिएर यी दुईबिच द्वन्द्व भएको छ ।

यौन चाहना पूरा नभएपछि पतिमाथि यौन अविश्वास र परस्त्रीसँगको अवैध सम्बन्धको आरोप लगााउँदा पनि होमबहादुर सहनशील भई प्रतिवाद गर्न खोजेको देखिन्छ । दुई छोरा र एक छोरीकी आमा बनीसकेकी बिजुलीले परपुरुषसँग सम्बन्ध राखी यौन इच्छा पूरा गरेबाट विद्रोह गर्न खोजेको देखिन्छ । पतिमाथि अनेक आरोप लगाउँदै आफ्ना गल्तीलाई ढाकछोप गर्न खोजे पनि अन्ततः वास्तविक रहस्य पर्दाफास हुन पुगेको छ तर होमबहादुरले सन्तानकै लागि माफी दिएको छ । पत्नीको व्यवहारलाई सच्याउन उसले न बाह्य शक्तिको प्रयोग गरेको छ न कुनै चुनौती नै दिएको छ । पतिलाई दबाएरै प्रभुत्व कायम गर्न खोजेकी बिजुली आर्थिक हिसाबले परनिर्भर छे ।

आन्तरिक रूपमा विक्षिप्त हुँदै गएपछि होमबहादुर भुजेलले पत्नीको शक्तिलाई नियन्त्रण गर्न बाह्य शक्तिको प्रयोग गर्न थालेको छ । अर्थात् ऊभित्र रहेको पुरुष शक्तिलाई प्रदर्शन गर्न खोजेको छ । पत्नीको दमनबाट मुक्त हुन पत्नीलाई त्यही छोडेर आर्यभञ्ज्याङ गएपश्चात् विवाहपूर्व नै जुलुमसँग प्रेम सम्बन्ध गाँसेकी बिजुलीले एक छोराको जन्म दिएको रहस्य खोलेकी छ । नचाहँदा नचाहँदै छोराछोरी जन्मेका भन्दै सन्तानमाथि समेत ममता नदेखाउने बिजुलीमा मातृत्वको भाव नेखिएकाले निर्दयी नारी पात्र हो । नाम मात्रको पत्नीका रूपमा उपस्थित भएकी बिजुलीले सम्पत्तिको उपभोग गर्नकै लागि होमबहादुरलाई दोस्रो विवाह नगर्न चिठी मार्फत धम्की दिएकी छ । तापनि होमबादुरले बिजुलीसँगको सम्बन्ध तोड्नका लागि लक्ष्मी थापासँग विवाह गरेको छ । बाबुआमाले बिजुलीको इच्छाविपरीत विवाह गरिदिनु र बिजुलीले पनि पैसाकै लागि जुलुमसँग प्रेम गर्नुले यी दुइबिचको सम्बन्ध कमजोर बनेको देखिन्छ । ऋण खोजेरै बनाएको घर बेचेर जुलुमसँग अवैध सम्बन्ध बढाएपछि होमबहादुर आक्रोशित बनेको छ । होमबहादुरलाई मारेर जुलुलमसँगको सम्बन्धलाई स्थायित्व दिन बिजुलीले पठाएका हतियारसहितका नकाबधारीले ठूलो छोरालाई मारेपछि हतियार खोसेर होमबहादुरले पाँच जनाको हत्या गरेको छ ।

यी घटनाहरूलाई जोडेर पुरुष र महिलाबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा आर्थिक तथा निर्णायक शक्ति पतिमा सीमित भएकाले होमबहादुरकी आमाले समयमै

उपचार नपाई मर्नु, बाबुले रोगी पत्नी भएकाले स्वार्थपूर्तिका लागि दोस्रो विवाह गर्नु, कान्छी पत्नीलाई सन्तानको स्याहार सुसारकै लागि परिवारनियोजन गराई सन्तानविहीन बनाउनु, इच्छाविपरीत विवाह भएकै कारणले बिजुलीले विद्रोह गर्नु, आफ्नो निर्देशन विपरीत काम गरेकाले पतिबाट मारिनुले शक्तिको केन्द्रमा पुरुष रहेको छ ।

नारीशक्तिको प्रतिनिधित्व गरेकी अर्की महिला पात्र लछमनिया हुन् । घरको कमजोर आर्थिक अवस्थाका कारण बाबुआमाले गाउँको बाहुन साहुकहाँ काम गर्न पठाएका छन् । साहुको चाला ठीक नलागे पनि काम गर्न विवश लक्षमनिया श्रमिक तथा दासी महिला वर्गको प्रतिनिधित्व गरेकी छ । अभिजात तथा सामन्त वर्गको प्रतिनिधित्व गरेको बाहुनले लक्षमनियाले जङ्गलमा लगेर बाख्रा चराउने क्रममा बाख्रा हराउँदा शारीरिक र मानसिक यातना दिएको छ । कुलदेवताका निम्ति पालेको बोकालाई टाढैबाट धपाउन निर्देशन दिएको छ । शासक वर्गले नै विचारधाराको निर्माण गर्ने हुँदा यो परम्परा वा रूढिका रूपमा प्रस्तुत हुन्छ । युग र समयअनुसार विचारधारा बन्ने हुँदा विचारधारा क्रान्तिकारी पनि हुन सक्छ ( भट्टराई, पृ. ३४२) । यहाँ बाहुनको विचारधारा रूढिका रूपमा प्रस्तुत छ ।

पितृसत्ताले प्रभुत्वशाली तथा अभिजातवर्गलाई दिएको असीमित अधिकारलाई बाहुनले दमनका रूपमा पयोग गरेको छ । पितृसत्ताले आफ्नो प्रभुत्व कायम गर्न रूढिवादी मान्यताको सिर्जना गरेको छ । कुलदेवताका लागि अर्पेको कुनै पनि वस्तुलाई छोएमा अनिष्ट हुन्छ भन्ने रूढि विचारधारालाई सत्य मानेर लक्षमनियाले उक्त बोकालाई छोएको देखिँदैन । शासकले धार्मिक मान्यताको भ्रम सिर्जना गरेर कसरी लक्षमनियाजस्ता महिलामाथि प्रभुत्व कायम गरेका छन् भन्ने कुरालाई बाहुनले गरेको व्यवहारबाट प्रस्ट हुन्छ । जङ्गलमा चराउने क्रममा उक्त बोकालाई बाघले खाएपछि आक्रोशित बनेका बुढाबूढीले लछमनियामाथि हँसियाले आक्रमण गरेका छन् । यसको प्रतिरक्षा गर्ने क्रममा ढुङ्गामा ठोक्किएर बाहुनको मृत्यु भएको छ भने लक्षमनियाले हँसिया खोसेर फाल्दा बाहुनीको घाँटीमा लागी निधन भएको छ । सुरुमा आफूप्रति गरिएको दमनलाई स्वाभाविक ठानेकी लक्षमनियामा अन्तिम अवस्थामा मात्र प्रतिरोधको चेतना विकसित भएको छ । गरिबीकै कारण अत्याचार सहन विवश लक्षमनियाले लैङ्गिक चेतनाबाट अभिप्ररित नभई आत्मरक्षाका लागि प्रतिकार गरेको देखिन्छ ।

यी घटनाक्रमलाई जोडेर पुरुष र महिलाबिचको शक्तिसम्बन्धको विश्लेषण गर्दा बूढाकै निर्देशनलाई इमानदारीपूर्वक पालना गर्नु, परनिर्भरताकै कारण बाहुनको क्रूर व्यवहार सहनु, पितृसत्ताले निर्माण गरेको रूढिवादी मान्यतालाई अँगाल्नु, बाहुनीले पनि बूढाकै विचारधारा अँगालेर अघि बढ्नुले शक्तिको केन्द्रमा पुरुष रहेको छ ।

## ३.७ निष्कर्ष

कविता पौडेलका पाँचवटा उपन्यासहरूलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा पुरुष र महिला, महिला र महिला तथा पुरुष र पुरुबिच द्वन्द्वको स्थिति सिर्जना भएको छ । पुरुष र महिलाबिचको शक्तिसम्बन्धका कोणबाट हेर्दा एकाध महिलाबाहेक पुरुष नै शक्तिका केन्द्रमा छन् । नारीलाई शक्तिको केन्द्रमा आउन नदिन पुरुषले आर्थिक स्रोतमाथि नियन्त्रण गर्नुका साथै आफू अनुकूल सामन्ती संस्कृतिको निर्माण गरेको छ । आर्थिक विषमता र पितृसत्तात्मक सामाजिक संरचनाले महिलाहरू परिधीय शक्तिका तहमा खुम्चिएका छन् ।

पुरुष र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्धका आधारमा शोषक र शोषितवर्गबिच द्वन्द्व चर्किएको छ । त्यस्तो द्वन्द्वको प्रमुख कारक आर्थिक असन्तुलन र जातीय मान्यता देखिन्छ । आफ्नो प्रभुत्व कायम गर्न शोषक वर्गले आर्थिक शक्ति आफूमा सीमित गरी निमुखा वर्गलाई भोकै मर्नुपर्ने अवस्थाको सिर्जना गरेका छन् । बाँच्नकै लागि पनि शोषित पुरुषहरू प्रतिरोध गर्न सक्ने अवस्थामा छैनन् । त्यसै गरी विभेदजन्य सांस्कृतिक मान्यता स्थापित गरी शोषक वर्गले आर्थिक व्यवस्थाका आधारमा निमुखा वर्गमाथि दमन र शोषण गरेका छन् । यथास्थितिमै रहेर सामन्ती शासन चलाउन खोज्ने र त्यस्तो सामन्ती शासन परिवर्तन गरी समसत्ता स्थापना गर्न खोज्ने सर्वहारा वर्गबिच शक्तिसङ्घर्ष भएको छ । गरिबीकै कारण अभिजात वर्गका पुरुषहरू शक्तिका केन्द्रमा र सर्वहारा वर्गका पुरुषहरू शक्तिको परिधिमा रहेका छन् । तर *हीरा* उपन्यासको अरुण, *छोरीको चिठी* उपन्यासको कुलमान, *बालचीत्कार* उपन्यासकको वरुणजस्ता कतिपय पुरुषहरू प्रारम्भमा निरीह भए पनि अन्त्यमा नयाँ शक्तिका रूपमा स्थापित भएका छन् ।

कविता पौडेलका उपन्यासमा महिला र महिलाबिच पनि शक्तिसङ्घर्ष भएको छ । पितृसत्ताका पछौटे र सीमान्तकृत महिलाबिच द्वन्द्व भएको छ । सासू, आमा, सौताजस्ता

सामन्ती संस्कारका महिलाहरूले परिवारमा प्रभुत्व कायम गर्न महिलामाथि नै दमन र शोषण गरेका छन् । पितृसत्ताले निर्माण गरेका रूढिवादी मान्यतालाई हतियारका रूपमा प्रयोग गरी शक्ति कायम गरेका छन् । *बालचीत्कार* उपन्यासमा रेखाकी जेठी आमा, पुष्पा र दीपाका सासू, हीरा उपन्यासमा सासू मेनका र सौता, *सीमावारि सीमापारि* उपन्यासमा उमा, शीलाकी सानिमा, *छोरीको चिठी* उपन्यासमा अञ्जु, *छाउपडी* उपन्यामा मेनका र पार्वतीकी सासूजस्ता महिलाहरूले छोरी तथा बुहारीलाई दबाएरै राखेका छन् । बुहारीलाई दबाएरै राख्नुपर्छ भन्ने ससूमण्डलीको सामन्ती विचारधारा र व्यवहारका विरुद्ध प्रतिरोध गर्न खोजे पनि गरीबीकै कारण पराजित बनेका छन् । त्यस्तै सन्तरामकी पत्नीजस्ता महिलाहरू जातीय मान्यता र गरिबीकै कारण अभिजात वर्गका महिलाले दिएका यातनालाई सहन विवश छन् भने छाउपडी र जातीय प्रथालाई धर्मसँग अनि दाइजो प्रथालाई परम्परासँग जोडेर शक्ति कायम गर्न खोज्ने कतिपय अभिजात वर्गका महिलाले आर्थिक रूपमा गरीब र जातीय हिसाबले अछुत बनाइएका महिलामाथि शासन गरेका छन् । सामन्ती शासनका विरुद्ध पितृसत्तात्मक सामाजिक संरचना र लैङ्गिक चेतनाको अभावले प्रतिरोध गर्न सकेको देखिँदैन । यसरी हेर्दा सामन्ती विचारधाराका अभिजात वर्गका महिलाहरू शक्तिको केन्द्रमा र सीमान्तकृत वर्गका महिलाहरू शक्तिको परिधिमा रहेका छन् ।

# चौथो परिच्छेद

# कविता पौडेलका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

## ४.१ विषय प्रवेश

कविता पौडेलका *बालचीत्कार, हीरा, सीमावारि सीमापारि, छोरीको चिठी* र *छाउपडी* उपन्यासहरू महिला उत्पीडनसँग सम्बद्ध भए पनि थोरै मात्रामा नारीद्वारा पुरुषहरू उत्पीडित छन् । तत्कालीन नेपाली समाज पुरुषकेन्द्री समाज भएकाले पनि नारीहरू शारीरिक र मानसिक रूपमा प्रताडित बन्नुपरेको यथार्थ घटनालाई जीवन्तता दिने प्रयास कविता पौडेलका उपन्यासहरूमा गरिएको छ । व्यक्तिको इच्छाविपरीत उसलाई शारीरिक वा मानसिक आघात पुग्ने गरी गरिएका जस्तासुकै हिंसालाई उत्पीडन भनिन्छ । लैङ्गिक उत्पीडन भन्नाले नारी/पुरुष भएकै कारण पुरुष/नारीद्वारा गरिने उत्पीडनपूर्ण व्यवहार बुझिन्छ (पोखरेल, २०७१ : ६२) भने प्रतिरोध भनेको आक्रमण वा चुनौतीलाई रोक्ने काम हो ।

नेपाली समाजमा धेरैजसो उत्पीडनको सिकार महिला भए पनि समयको परिवर्तन सँगै पुरुषहरू पनि उत्पीडनको सिकार हुने क्रम बढेको छ । कविता पौडेलका उपन्यासमा धेरै महिलाहरू र थोरै पुरुष पात्रहरू उत्पीडनको सिकार भएका छन् । ती उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा नारी र पुरुषहरू कसरी लैङ्गिक उत्पीडनको सिकार भएका छन् र उत्पीडन विरुद्धको प्रतिरोधको अवस्था कस्तो छ भन्ने विषयको अध्ययन विश्लेषण यस परिच्छेदमा गरिएको छ । यहाँ लैङ्गिक उत्पीडको विश्लेषण गर्दा समान लिङ्गीबाट पाएको उत्पीडन र विषम लैङ्गिक उत्पीडन दुवैको चर्चा गरिएको छ । महिलाद्वारा महिला र पुरुषद्वारा पुरुषप्रति गरिएको उत्पीडन समान लिङ्गीबाट भोगेको उत्पीडन हो भने पुरुषद्वार महिला र महिलाद्वारा पुरुषप्रति गरिने उत्पीडन विषम लैङ्गिक उत्पीडन हो । यस क्रममा *बालचीत्कार, हीरा, सीमावारि सीमापारि, छोरीको चिठी* र *छाउपडी* उपन्यासहरूमा पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन, महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन, महिलाद्वारा महिलाप्रति गरिएको उत्पीडन, र त्यस उत्पीडन विरुद्ध पात्रहरूले गरेको प्रतिरोधलाई तल उपशीर्षक सहित अध्ययन विश्लेषण गरिएको छ ।

## ४.२ *बालचीत्कार* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधं

*बालचीत्कार* उपन्यासमा वि.सं. २०३५ सालतिरको नेपाली तथा भारतीय समाजको यथार्थ चित्र प्रस्तुत गरिएको छ । यस उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा नारी तथा पुरुषहरू कसरी शारीरिक र मानसिक रूपमा उत्पीडनको सिकार भएका छन् र उत्पीडनका विरुद्धमा प्रतिरोधको अवस्था कसरी प्रस्तुत भएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यस क्रममा पुरुषद्वारा महिलाप्रति गरिएको उत्पीडन, महिलाद्वारा पुरुषप्रति गरिएको उत्पीडन, महिलाद्वारा महिलाप्रति गरिएको उत्पीडन र उत्पीडन विरुद्ध पात्रहरूले गरेको प्रतिरोधलाई उपशीर्षकसहित चर्चा गरिएको छ ।

### ४.२.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*बालचीत्कार* उपन्यासमा तुलनात्मक हिसाबले महिलाहरू बढी शारीरिक र मानसिक रूपमा उत्पीडित छन् । पुरुषले आफूअनुकूल निर्माण गरेको सामाजिक मान्यता र आर्थिक व्यवस्थाकै कारण महिलाहरू बढी उत्पीडित हुनुपरेको छ । यस्ता उत्पीडकहरूमा खास गरी पति, बाबु, जेठाजु र अभिजात वर्गका पात्रहरू रहेका छन् । नारीलाई कामवासनाका साधन मान्ने रेखाका जेठाजु, विनोदका काका, पुरुषले सिर्जना गरेका रढिवादी सांस्कृतिक मान्यतालाई नैसर्गिक अधिकारका लिएर पत्नीमाथि दमन र शोषण गर्ने रवीन्द्र अग्रवाल र कुमार हरिजनजस्ता दुष्चरित्रका पात्रबाट नै रेखा, उसकी सौतिनी दिदी, पुष्पा रौनियार, दीपा, खिमा काफ्लेजस्ता महिलाहरू पुरुषबाट उत्पीडित छन् । यिनै पुरुष र महिला पात्रहरूका आधारमा नै पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडनबारे विश्लेषण गरिएको छ ।

सन्तानकै लागि पचास वर्षका बूढासँग विवाह गराइएकी रेखा सानै उमेरमा विधवा भएकी नारी पात्र हो । पतिको मृत्युपश्चात् जेठाजुले उनको शरीरमाथि कुदृष्टि राखेर यौन तुष्टिका रूपमा प्रयोग गर्न खोजेको छ । विवाहित हुँदा हुँदै पनि रेखाको शारीरिक सौन्दर्यबाट लालायित भएको उसको मानवीय गुणलाई कामवासनाले पूरै ढाकेको छ । नाताले बुहारी पर्ने रेखासँग शारीरिक सम्बन्ध बढाउने ध्येयले जेठाजुले देखाएको दानवीय प्रवृत्तिबाट मानसिक हिंसाको सिकार भएको कुरालाई रेखाको निम्नलिखित आत्मवृत्तान्तले पुष्टि गर्दछ :

> जेठाजुले पछाडिबाट घाँसको भारी समातेर ताने । म पाछारिएँ । म उठ्न नपाउँदै उसले मलाई बाघले झम्टेजस्तै चऱ्यापचुरूप पारेर समाते । मलाई खपिनसक्नु रिस उठ्यो । 'के गरेको तपाईंले यस्तो ? जेठाजु-बुहारी छोइन पनि हुन्न भन्ने तपाईंलाई थाहा छैन ? छोड्नुस् मलाई ।' म फुत्कन कति कोसिस गरेँ तर सकिनँ । (पौडेल, २०७२ : १७)

जेठाजुले आफ्नो मर्यादा भुलेर बुहारी रेखाको शरीरमाथि नियन्त्रण राख्न चाहेको छ । गर्भवती अवस्थाकी बुहारीमाथि यौनशोषण गर्न खोज्ने प्रयास असफल भएपछि पूर्वाग्रही भई विभिन्न आक्षेप लगाएर रेखालाई मानसिक यातना दिएको छ । आफूप्रति गरिएको निन्दनीय व्यवहारबाट विह्वल बनेकी रेखाले मातृत्वलाई जोगाउन निकै सङ्घर्ष गर्नुपरेको छ । कामुक प्रवृत्तिको कुत्सित पात्रको प्रतिनिधित्व गरेको जेठाजु कामवासनाको परिपूर्ति हुन नसकेपछि रेखालाई कलङ्कित बनाएर मानसिक पीडा दिएको पुष्टि "यसको भुँडीमा भएको सिनो कान्छाको हुँदै होइन । कुन कामी-दमैको सिनो बोकेकी छ यसले" (पृ.१७) भनी रेखाले समाजसमक्ष आफ्नो चरित्र हत्या गरेको कुराको जानकारी जेलका साथीलाई बताएबाट थाहा हुन्छ ।

आफ्नो यौन प्रस्ताव अस्वीकार गरेकै कारण जेठाजुले रेखालाई परपुरुषसँगको अवैध सम्बन्धबाट नै गर्भ बोकेको आरोप लगाएर मानसिक यातना दिएको छ । बुहारीमाथि उसले प्रयोग गरेको भाषा र व्यवहार निकृष्ट देखिन्छ । आन्तरिक रूपमा विक्षिप्त बनेकी रेखा जेठाजुले गरेको यौनदुर्व्यवहारबारे मुख खोल्न सकेको देखिँदैन । बाल र अनमेल विवाहकै कारण रेखाले कहरपूर्ण जीवन बिताउनुपरेको । बाल उमेरमै आमा, बाबु र पति गुमाएर सहाराविहीन बन्नुपरेको अवस्थालाई जेठाजुले उसको शरीरमाथि राजनीति गर्न सुवर्ण अवसरका रूपमा लिन खोजेको देखिन्छ तर स्वार्थ पूरा नहुने देखेपछि दुष्ट पुरुषको झुण्ड तयार पारी कलङ्कित बनाउने कार्यमा कृष्णप्रसादजस्ता पात्रलाई समावेश गरेको छ । जेठाजुबाट यौनशोषणमा पर्दा न्यायको लागि समाज बसाल्दा उसको चरित्रप्रति कृष्णप्रसादले "रामप्रसाद भाइले आजसम्म झूटो कुरा बोलेका छैनन् । यिनले भनेपछि पक्कै हो-त्यो खिदीमे कान्छी रन्डी हो" (पृ.१८) भन्दै समाज बसेको समयमा विनाप्रमाण रेखाको चरित्रहत्या गरेको छ । कृष्णप्रसादजस्ता सामन्ती पुरुषले नारीहिंसालाई थप प्रोत्साहित गर्न खोजेको देखिन्छ । लोग्नेको अनुपस्थितिमा एकल जीवन बिताएका रेखा र उसकी सौता दिदीले जेठाजुजस्ता सामन्ती पुरुषहरूबाट कलङ्कित हुनुपरेको छ । जेठाजुले धेरै पटक हातपात गरे पनि इज्जत जाने भयले दिदीले जेठाजुको हिंसा सहेर प्रताडित हुनुपरेको छ ।

अर्थात् सामन्तहरूको सामन्ती पूर्वाग्रह र संस्कारले रेखाजस्ता नारीहरूको नैतिक मनोबल उठ्न सकेको छैन । बारम्बार जेठाजुको आक्रमणमा परेकी रेखाले अन्ततः बन्चरोले हानेर हत्या गरी नारीत्वको अदम्य साहस प्रदर्शन गरेकी त छ तर कारागारमा रहँदासमेत पुरुष प्रहरीबाटै लैङ्गिक हिंसा भोग्नुपरेको छ ।

पितृसत्ताको परिपोषक विनोदका काका घरमा पत्नी हुँदाहुँदै पुतलीजस्ता विवाहिता नारीको अस्मिता लुट्न उद्दत छ । सामन्ती संस्कारलाई प्रश्रय दिएर महिला हिंसा गर्नुलाई काकाले पितृत्वको अधिकार ठानेको छ । पतिव्रता काकीले पुतलीसँगको अवैध सम्बन्ध तोड्न खोज्दा हिंसाको सिकार बन्नुपरेको छ । नारीप्रति नकारात्मक दृष्टिकोण राख्ने ऊ पुरुषवादी संस्कारलाई प्रश्रय दिन तल्लीन देखिन्छ । महिला बाहिरी समाजबाट मात्र नभई आफन्तबाटै लैङ्गिक हिंसाको सिकार बनेको कुरालाई तलको अंले थप पुष्टि गर्दछ :

> काकाले काकीसित निहुँ खोजीखोजी झगडा गर्ने र पिट्ने गर्न थाले । पिटाइ खाएर हैरान भएपछि एक दिन काकीले भनिन् - 'उतै भेडीगोठतिर बसेर जे मन लाग्यो, त्यही गरेको भए हुन्थ्यो । मलाई किन पिट्छौ ? मेरा बाआमाको आँखा फुटेका । यस्तो असत्तीलाई किन दिए होलान् ।' काकाले रिसाउँदै भने- 'म यहाँ आएर तँलाई अप्ठेरो भो हैन ? म नहुँदा त रातदिन फुक्काफाल भएर बसेकी थिइस् । कोसित सल्केकी थिइस्' काकीले रुँदै भनिन् -'दुईवटा सन्तानकी आमा भइसकेकी मलाई यस्तो नभएको बापत लाउने असत्ती मोरो आफू जस्तो छ अरूलाई पनि त्यस्तै सोच्छ । कोर लागेर मर्न नसकेको पापी' काकाले चिरुवा दाउराले उठाएर काकीलाई भकुर्नुसम्म भकुरे । (पृ.६७)

व्यक्तिवादी मनोवृत्ति भएको काका भोगवादी धारणा राख्ने सामन्ती पुरुषको नेतृत्वकर्ता हो । पतिको शारीरिक र मानसिक प्रताडना भोग्न विवश काकीमा उत्ताउलोपना छैन । पतिले आफूप्रति गरेको यातनाको बदला लिन हिम्मत नगरेकै कारणले पनि काकलाई निहुँ खोजेर कुट्ने प्रेरणा मिलेको छ । पत्नीले जवाफ फर्काएकै कारण चिरुवा दाउराले हानेर बदला लिन खोज्ने काका हिंस्रक दानवका रूपमा उपस्थित छ । पुतलीसँगको अवैध राख्नमा बाधक बनेपछि कुटेरै भयग्रस्त बनाउनुपर्छ भन्ने मानसिकता उसमा देखिन्छ । आफ्नो अवैध सम्बन्धलाई साम्य पार्न दुई सन्तानकी आमा काकीलाई विनाप्रमाण अवैध सम्बन्धको आक्षेप लगाई मानसिक यातना दिएको छ । जसबाट पुरुषबाट उत्पीडित नारीवर्गको प्रतिनिधित्व गरेकी काकी अधिकार र स्वतन्त्रताविहीन भएकै कारण निर्धो बन्नुपरेको छ ।

आर्थिक सम्पन्नतालाई हेरेर भारतीय नागरिक रवीन्द्र अग्रवालसँग विवाह गरेकी पुष्पाले शोषकवर्गले निर्माण गरेको दाइजो प्रथाकै कारण लैङ्गिक हिंसा भोग्नुपरेको छ । वरुणले विवाहपूर्व रवीन्द्रको चारित्रिक विशेषताबारे गरेको विश्लेषणमा दाग देखेकी पुष्पामा पनि प्रारम्भतिर धनाढ्य हुनुमा अहमता देखिन्छ तर पतिको निरन्तरको यातनाले उसलाई पश्चातापतर्फ डोऱ्याएको छ । उपन्यासमा चित्रित भारतीय समाजमा पनि नारी पितृसत्ताले स्थापना गरेको दाइजो प्रथाले निम्त्याएको लैङ्गिक हिंसालाई पुष्पाको निम्नलिखित आत्मवृत्तान्तबाट प्रस्ट हुन्छ :

> बाआमाले बिहेमा प्रशस्त दाइजो दिएकै थिए । तैपनि नपुगेर पापीहरूले घरीघरी माइतमा पैसा माग्न पठाउन थाले । बाले एकचोटि दस लाख र अर्कोचोटि पाँच लाख थपिदिनुभो । त्यतिले पनि त्यस अधर्मीलाई पुगेन । 'माइत गएर अरू पैसा माग' भनेर कुट्न थाल्यो । माइतमा गएर भन्दा दाजु र बाकाबिच झगडा पर्न थाल्यो । बाले त 'अझै पनि केही दिएर पठाऊँ' भन्दै हुनुन्थ्यो । हार मानेर मैले बरु पिटाइ सहने तर पैसा माग्न माइत नजाने निधो गरेँ । मैले ...'अब पैसा माग्न माइत जान्नँ' भनेपछि लोग्ने भनाउँदाले मलाई भान्साकोठामा लगी थुनेर मट्टितेल खन्याएर आगो लगाइदियो र बाहिरबाट ढोका थुनिदियो । त्यसैबेला घरका नोकरचाकरले बचाए । जाऊँ त कहाँ जाऊँ, सहेर बसेकी थिएँ । त्यसपछि उसले अर्की स्वास्नी ल्यायो । माइतमा आएर बसेकी थिएँ । दाइ -भाउजूले सहनै नसक्ने गरी वचन लगाएपछि मर्न भनेर हिँडेकी हुँ । (पृ.७४)

पितृसत्ताले आफ्नो लागि सिर्जना गरेको दाइजो प्रथाले नारी अस्तित्वलाई कति विरूप बनाएको छ भन्ने कुराको पुष्टि माथिको घटनाले गरेको छ । रवीन्द जस्ता शोषक र हिंस्रक मानवले पुष्पाजस्ता नारीलाई शारीरिक र मानसिक यातना दिएर आत्महत्या गर्न प्रेरित गरेको छ । कानुनको निर्माता आफैँ बनेको पुरुषले पितृसत्ताको निर्देशनलाई अटेरी गर्ने पुष्पाजस्ता महिलालाई मट्टितेल खन्याएर आगो लगाइदिएको छ । पुरुष नै सर्वेसर्वा भएको समाजमा पुष्पाजस्ता महिलाले शारीरिक र मानसिक यातना भोग्दा मर्ने या सहनेमध्ये दुई विकल्प रोज्नुपरेको छ । मानसिक र शारीरिक रूपमा विक्षिप्त बनेकी पुष्पा असह्य पीडाले  पराकाष्ठा नाघेपछि आत्महत्या गर्ने प्रयास गरेकी छ । शोषक, निर्दयी, सामन्त र द्रव्यपिपासुको पर्याय बनेको रवीन्द्रले अधिकार र स्वतन्त्रताको लगाम समाएर नारीको अपमान र अवमूल्यन गरेको छ । पीडाको भारी बोझिलो भएपछि विश्राम गर्न माइत गएकी पुष्पामा दाजु र भाउजूको वचनबाट पीडाको वजन अझ थपिएको छ । पुरुषको दमन सहनैपर्छ भन्ने अतिवादी मान्यताले पनि हिंसाका घटनाले स्थायित्व पाएको

देखिन्छ । हिंसाविरुद्ध उजुरी गर्ने न्यायालय, प्रशासन र प्रहरी कार्यालयमा पनि पितृसत्ताकै मनोमानी छ । आफूविरुद्ध उजुरी गरे प्रतिसोध साँध्ने मानसिकता पुरुषमा ज्यादा देखिन्छ । पतिविरुद्ध उजुरी हाल्दा एसिड आक्रमणमा परेकी पुष्पाले न्यायकै लागि लड्दा पुरुषबाट महिलाहरू असुरक्षित भई बाँच्नुपर्दाको पीडालाई "पुलिसमा उजुरी दिएपछि त त्यसले एक दिन गुन्डा लगाएर मेरो मुखमा तेजाब खन्याइदिएर विरूप बनायो । यस्तो कुरूप अनुहार लिएर समाजमा कसरी बाँचौं" (पृ.७५) भन्ने पुष्पाको हृदयविदारक आत्मकहानीले पुष्ट्याइँ गर्दछ । न्याय माग्ने क्रममा पुलिसकहाँ उजुरी दिएपछि अनुहारमा एसिड प्रहार गर्दा शारीरिक रूपमा थप विक्षप्ति बनेकी छ ।

फितलो कानुन र पुरुषकेन्द्री सामाजिक मान्यताकै कारण महिलाहरू असुरक्षित बनेका र भयपूर्ण वातावरणमा बाँच्नुपर्ने विवशतालाई यस घटनाले छर्लङ्ग्याएको छ । सुन्दर भविष्यको कल्पना गरेकी पुष्पाले पतिका कारण सपनाहरू भङ्ग भएका छन् । बरु त्यसको प्रतिफल उत्पीडनमा परिवर्तन भएको छ । रवीन्द्रले उत्पीडनको लागि  दोस्रो विवाह गर्ने, एसिड छ्याप्ने र भौतिक आक्रमण गर्ने कार्य गरेको छ । माथिको उत्पीडनको सम्बन्ध आर्थिक तथा रूढि परम्परासँग जोडिएको देखिन्छ ।

प्रवासी नेपाली महिला मीराले आफूले मन पराएको भारतीय नागरिक कुमार हरिजनसँग विवाह गरेपश्चात् दाइजो प्रथाकै कारण लैङ्गिक हिंसाको सिकार बनेकी छ । आर्थिक स्वार्थका निम्ति विवाह गरेको कुमार हिंस्रक मनोवृत्ति भएको पात्र हो । वरुणले विवाहपूर्व उसको वास्तविक चरित्रको फर्दाफास गरी विवाह गर्नुको रहस्योद्घाटन गरे पनि मीराको अविश्वासीपनले नारकीय जीवन जिउनुपरेको छ ।

दाइजो र धनको माग गरी निरन्तर शारीरिक र मानसिक प्रताडना दिएको कुमारले पितृसत्ताले सामाजिक संस्कारका रूपमा विकसित गरेको दाइजोलाई अधिकारसँग जोडेर हेरेको देखिन्छ । मीराका बाबुले बैङ्कबाट ऋण खोजी कुमारकै मागबमोजिम एम्बेसडर कार किनेर छोरीप्रति हुने गरेको उत्पीडनलाई साम्य पार्न खोजे पनि पुनः दुई लाख चाहिने सर्त राखेको छ । दाइजोलाई पुरुषको सामाजिक मर्यादालाई जोड्ने प्रवृत्तिले पुष्पाजस्ता कैयौं महिलाहरू कसरी पुरुषको उत्पीडन सहन विवश छन् भन्ने कुरालाई कुमारले मीरालाई दाइजो नदिएकै कारण आफ्नो बेइज्जत भएको भन्दै दाइजोका रूपमा कार लिएर आउन जबर्जस्त गरेको घटनाले पुष्टि गरेको छ । विवाहपूर्व दाइजो नचाहिने बताउने कुमारको

व्यवहार र विचारमा परिवर्तन आई आफ्नो इज्जत राखिदिन पुष्पासँग कारको सर्त राखी मानसिक यातना दिन उद्दत छ । पतिको दमन सहन नसकी रुँदै माइत गएकी पुष्पाले पतिले भनेबमोजिम कार दिए पनि पुनः पैसाको माग तेर्स्याएर यातना दिन थालेको छ । उक्त मागलाई अस्वीकृत गरेपछि ऊमाथि भौतिक आक्रमणको घटनामा वृद्धि भएको भएको छ । तत्कालीन समाजमा सांस्कृतिक मान्यता, नीतिनियम पुरुषकेन्द्री हुनु र शक्ति र सत्तामाथि पुरुषले कब्जा गर्नुले पनि पुष्पाजस्ता महिलाले न्याय पाउन सकेको देखिँदैन । पुरुषले सांस्कृतिक नियमका रूपमा विकसित गरेको दाइजो प्रथाले नारी पुरुषद्वारा कसरी उत्पीडनमा परेका छन् भन्ने कुरालाई दाइजो नल्याएकै कारण मीरामाथि पति कुमारले दिएको शारीरिक र मानसिक यातनाले यसरी प्रस्ट पार्दछ :

> कुमारले मलाई दिनदिनै कुट्न थाल्यो । त्यहाँ पाएको यातनाको के बयान गरौँ, गरिसाद्दे छैन । तैपनि मैले सबै सहेर बसेकी थिएँ । एकदिन कुमार रक्सीले टिल्ल परेर आएको थियो । उसले मलाई जिभ्रो देखाऊ न प्यारी भन्यो । मैले सोचेकी थिएँ यसको मन फर्किएछ क्यार । मैले जिभ्रो बाहिर निकालेँ । उसले बायाँ हातले च्याप्प समातेर दाहिने हातको चुरोट मेरो जिभ्रोमा पिसल्दै निभायो । म भयानक पीडाले छटपटिएँ । (पृ.७५)

पुरुषकेन्दी सामाजिक संस्कार, आर्थिक विषमता र व्यक्तिवादी सोचले नै महिलामाथिको दमनलाई प्रोत्साहित गरेको देखिन्छ । आफूमाथि भएको चरम यातनाको वृत्तान्त गरिसाद्दे छैन भन्ने भनाइले पुरुषकेन्दी समाजमा रक्सी र धनको मातले विवेक गुमाएका नैतिक तथा मानवताविहीन पुरुषले दिएका पीडाले चरमोत्कर्ष पार गरेको देखिन्छ । आफैँ नारीविरोधी संस्कृतिको सर्जक बन्ने र त्यसलाई कार्यान्वयन गराएरै छाड्ने हठी प्रवृत्ति प्राकृतिक नभई कृत्रिम हो । जुन नारीभन्दा बलबान् छु भन्ने कुराको पुष्टि गर्न कुमारले पत्नीमाथि कानुनका रूपमा लागु गर्ने प्रयत्न गरेको छ । नारीभन्दा माथि पुरुष छन् भन्ने उद्देश्यले निर्माण गरिएका यस्ता सामन्ती संस्कारको जालमा केवल नारी परेका परेका छन् । एकपछि अर्को सर्त राखेर हिंसामा उत्रेको कुमार माग पूरा नभएपछि पूर्वाग्रही बनेर कुट्ने, चुरोटले पोलिदने दिने गरेको छ । यातनाको प्रतिक्रियास्वरूप थप्पड लगाएकी पुष्पामाथि थप यातना दिएको छ । नारीले पुरुषका कुकृत्यलाई पतिव्रता बनी सहनुपर्ने तर नारीले त्यसको प्रतिरोध गर्दा उनीहरूमाथि बदला लिएरै छोड्ने क्रूर मानसिकता भएका पुरुषबाट नारीले भोगेको उत्पीडनलाई तलको अंशले थप पुष्टि गर्दछ :

> मेरो थप्पड खाएपछि एकछिन त ऊ वाल्ल परेर उभिएको थियो । त्यसपछि मलाई बेसरी भकुर्न थाल्यो । म जोगिन खोजें, गुहार-गुहार भनेर चिच्याएँ । अर्को कोठामा सासूससुरा थिए कुनै वास्ता गरेनन् । उसले मलाई थकाएपछि मेरा हातखुट्टा बाँधिदियो । त्यसपछि धऱ्यातधुरुत् ब्लाउज च्यातेर चुरोट सल्कायो र छाती र ढाडभरि चुरोटले झोस्न थाल्यो । चुरोट निभ्यो फेरि सल्काउँथ्यो । यातना भोग्दाभोग्दै म बेहोस भएछु । राति ब्युँझँदा हातखुट्टा बाँधिएकै अवस्थामा थिएँ । (पृ.९३)

पुष्पाको थप्पड पुरुषमाथिको दमनका लागि नभई आत्मरक्षाका लागि प्रयोग भएको छ । नारीहिंसालाई मौन स्वीकृति दिएका सासूससुराले पनि छोराको हिंस्रक प्रवृत्तिलाई रोक्ने प्रयत्न गरेको देखिँदैन । एउटा शिक्षित र सभ्य व्यक्तिका नाताले पुष्पा आफ्नो सामाजिक मर्यादा र पारिवारिक नैतिक कर्तव्यप्रति पूर्ण सचेत देखिन्छे । कुलको परम्परागत मर्यादा र इज्जतलाई जोगाएर दाम्पत्य जीवनलाई सुखमय बनाउन प्रयत्नशील छे । तर आफूले मागेबमोजिम दाइजो नल्याएपछि कुट्ने, कपडा च्यातिदिने, चुरोटले छाती र ढाडमा पोलिदिने कुमारमा नारीप्रतिको दायित्वबोधको भावना देखिँदैन । पथभ्रष्ट पुरुषहरूको प्रतिनिधित्व गरेको उसले पुष्पा जस्ती आदर्श पत्नीलाई शारीरिक र मानसिक सास्ती दिएर निरङ्कुश हैकम चलाएको छ । दाइजो पाउने आशा मरेपछि परिवारसँग मिलेर वेश्यालयमा लगी बेचेको छ । पैसाकै लागि नारीको अपमान र अवमूल्यन गर्ने कुमारजस्ता पुरुषले पुष्पाजस्ता नारीलाई आर्थिक स्रोतको माध्यम बनाउँदा महिलाहरू लैङ्गिक उत्पीडनको सिकार बन्नुपरेको कुरालाई माथिका घटनाहरूले प्रस्ट पारेको छ ।

महिला उत्पीडनको नेतृत्वकर्तामा खिमा काफ्ले देखिएकी छ । रवीन्द्र कार्कीजस्ता शोषक वर्गले खिमा काफ्लेजस्ता विधवा नारीको अस्मितामाथि धावा बोलेर यौन स्वार्थ पूरा गरेका छन् । सानै उमेरमा विधवा बनेकी खिमाले रवीन्द्रले बुनेको प्रेम र सुन्दर भविष्यको कूटिल चाललाई बुझ्न नसक्दा मानसिक हिंसाको सिकार बनेकी छ । अन्तरहृदयमा कुण्ठित चाहनालाई सहज रूपमा अभिव्यक्त गर्न नसके पनि रवीन्द्रको प्रेमजालमा बुनिएर साकार पार्ने कल्पना गरेकी छ । तर रवीन्द्रको गर्भ बोकेपछि उसमा मानसिक विचलन पैदा भएको छ । स्वार्थकै निम्ति सुबेदारकी छोरी र आफ्नो शरीरलाई उपभोग गरेपछि ऊ मानसिक रूपमा विक्षिप्त बनेकी छ । अवैध सम्बन्धबाट जन्मेको छोराप्रति मातृवात्सल्य भए पनि सामाजिक मर्याबाट भयग्रस्त भई मार्न विवश बनेकी छ । सन्तानको मायाले आक्रान्त

बनेकी खिमामाथि जेलमा समेत पुरुष प्रहरीले बलात्कार गरी शारीरिक मानसिक पीडा दिएका छन् । पुरुषकै कारण उसको हृदयमा पीडाको अमीट छाप बसेको देखिन्छ ।

सामन्ती संस्कार, आर्थिक विषमता र लैङ्गिक चेतनाको अभावमा पुरुषबाट महिलाहरू प्रताडित बनेको देखिन्छ । यौनसुखभोगका निम्ति नारीको शरीरलाई सित्तैमा प्रयोग गर्न खोजेकै कारणले पनि खिमाजस्ता महिलाहरू विक्षिप्त जीवन जिउन विवश छन् । कुमार र रवीन्द्रजस्ता सामन्त र शोषक वर्गले दाइजो प्रथालाई पुरुषको नैसर्गिक अधिकारका रूपमा लिँदा मीरा, पुष्पाजस्ता महिलाहरूको सुन्दर जीवन कुरूप बनेको छ । नारी हिंसालाई स्वतन्त्रताको अधिकार ठान्ने विनोदका काकाजस्ता दुष्चरित्रका पात्रकै कारण थुप्रै महिलाहरू लैङ्गिक उत्पीडन भोग्न विवश छन् । पुरुषले दिएको सीमित आधिकार, आर्थिक असन्तुलन र सामन्ती संस्कारले नै महिला उत्पीडनको जग बसालेको देखिन्छ । यहाँ विपरीत लिङ्गीप्रतिको उत्पीडन प्रस्तुत भएको हुँदा विषमलैङ्गिक उत्पीडनको अवस्था देखा पर्दछ ।

## ४.२.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*बालचीत्कार* उपन्यासमा पुरुषको दमनात्मक र शोषकीय प्रवृत्तिप्रति पितृसत्ताद्वारा सीमान्तकृत नारीहरूले सशक्त ढङ्गले प्रतिरोध गरेको देखिँदैन । कतिपय महिलामा सांस्कृतिक मान्यताअनुरूप आफूप्रति भएका हिंसाजन्य कार्यको प्रतिवाद गर्नुलालाई नारीधर्म विरोधी कार्य हो भन्ने मानसिकता देखिन्छ । आर्थिक रूपमा पछाडि पारिएका महिलाहरू बाँच्नकै लागि पनि पुरुषमाथि निर्भर रहनुपर्ने विवशताले पुरुषका हिंसाजन्य कार्यप्रति बाह्य शक्तिको उपयोग रेखा र उसकी सौतिनी दिदीले बाहेक अन्य महिलाहरूले गरेको देखिँदैन । तर उत्पीडनकारी मान्यता विरुद्ध आन्तरिक शक्तिको प्रयोग भने गरेको पाइन्छ । जेठाजु र जेलजीवनका क्रममा यौनशौषण गर्न खोज्ने पुरुषहरूप्रति रेखाले गरेको प्रतिरोध, जेठाजु रामप्रसादको यौनहिंसाप्रति रेखाकी सौताले गरेको प्रतिरोध, विनोदका काकाको शारीरिक र मानसिक हिंसाविरुद्ध काकीले गरेको प्रतिरोध, पुष्पा रौनियारले पति रवीन्द्र अग्रवालविरुद्ध गरेको प्रतिरोद्ध, मीराले पति कुमार हरिजनप्रति गरेको प्रतिरोध, दुर्गाले बाबु ज्योति शुक्ला र विवाहका लागि आएका पुरुष पात्रप्रति गरेको प्रतिरोध गरेको प्रतिरोधलाई आधार मानी पुरुषको उत्पीडनप्रति नारीले गरेको प्रतिरोधबारे विश्लेषण गरिएको छ ।

बाल्यावस्थामा जेठी आमाको करबलले वृद्ध पुरुषसँग वैवाहिक परिबन्दमा परेकी रेखा (टुल्की)ले पतिसँगको दाम्पत्य जीवनबाट सुखानुभूति प्राप्त नगर्दै विधवा पनुपरेको छ । पतिको चीर वियोगले आक्रान्त बनेको स्थितिमा उसको वैधव्यतालाई जेठाजुले उपयोग गर्ने सुवर्ण अवसरका रूपमा लिन खोजेको छ । जेठाजुले शारीरिक सुखभोगको उद्देश्यले उसको शरीरलाई नियन्त्रणमा लिन खोज्दा त्यस विरुद्ध कडा प्रतिवाद गरेकी छ । नारी अस्मिता लुट्न खोज्दा उसमा विद्रोही चेतनाको विकास भएको छ भने आत्मरक्षार्थ जेठाजुप्रति गरेका प्रतिरोधी विचार, घृणाको भाव र बाह्य शक्तिको उपयोग भएको तथ्यलाई तलको अंशले पुष्टि गर्दछ :

> जेठाजुले पछाडिबाट घाँसको भारी समातेर ताने । म पाछारिएँ । म उठ्न नपाउँदै उसले मलाई बाघले झम्टेजस्तै चर्‍यापचुरूप पारेर समाते । मलाई खपिनसक्नु रिस उठ्यो । 'के गरेको तपाईंले यस्तो ? जेठाजु-बुहारी छोइन पनि हुन्न भन्ने तपाईंलाई थाहा छैन ? छोड्नुस् मलाई ।' म फुत्कन कति कोसिस गरेँ तर सकिनँ । उसले झन् काउलो पार्दै धने - "अरूले देखेको बेलामा पो जेठाजु - बुहारी छोइन नहुने । यहाँ त कल्ले देखेको छ र ?" उसले पछाडिबाट चर्‍याप्प पारेर समाएका थिए । कति गरे पनि फुत्किन नसकेपछि मैले उनको दाहिने हातमा बेस्सरी टोकिदिएँ । (पृ. १७)

शारीरिक तुष्टिका निम्ति आफ्नै बुहारीप्रति जेठाजुले गरेको घृणित कार्यको रेखाले कडा प्रतिवाद गरेकी छ । जेठाजुले बुहारीलाई स्पर्श गर्नु पनि सामाजिक मूल्यमान्यता विपरीत कार्य हो भन्ने विचार राखेकी उसले आफूमाथि भएको बलात्कार प्रयासबाट जोगिन कडा शब्दमा निन्दा गर्नु, नारी अस्मिता रक्षार्थ फुत्कने प्रयत्न गर्नु, सहजै फुत्कन असमर्थ भएपश्चात् दाहिने हातमा टोक्नु प्रतिरोधी कार्यहरू हुन् । नातागत सम्बन्ध र सामाजिक मर्यादा भुलेर जबर्जस्त बुहारीको शरीर भोगेर स्वार्थ सिद्धी गर्ने कुचेष्टालाई अदम्य साहसका साथ प्रतिरोध गरी रोक्न सफल भएकी छ । तर परिवारको सामाजिक मर्यादा जोगाउन उसले सार्वजनिक रूपमा जेठाजुको खराब चरित्र उदाङ्गो पार्न नसक्दा उसमा पुनः आक्रमण गर्ने अभिप्रेरणा मिलेको देखिन्छ ।

रेखाको शारीरिक रूप सौन्दर्यप्रतिको आकर्षणले शरीर उपभोग गर्न लालायित बनेको दुष्चरित्रको पात्र जेठाजुले निद्रावस्थालाई अवसरमा परिणत गर्न पुनः बलात्कारको प्रयास गरेको छ । रेखाको शरीरलाई नियन्त्रमा लिएर शारीरिक इच्छा पूरा गर्न आफूसक्दो

शक्तिको उपभोग गरे पनि रेखाले प्रतिरोध गरेर असफल बनाएकी छ भन्ने तथ्यगत प्रमाणलाई तलको अंशले थप पुष्टि गर्दछछ :

> त्यसले मलाई बेस्सरी अँठ्याएको थियो । मैले फुत्कन धेरै प्रयास गरें त्यसको मुखैमा थुक्दै भनें - "थुक्क पापी, कति सरम नभएको राक्षस रैछस् । विधवा बुहारीलाई यसरी समाउन आउने । फुत्किन त पाऊँ तँलाई आज नमारी छोड्दिनँ ।" उसले भन्यो - आज तँ चिच्याएको सुन्ने कोही पनि छैन । कति बल गर्छेस् गर, तँलाई थकाएपछि सिध्याउँछु ।" मैले केही उपाय नलागेर "गुहार, गुहार" भनेर जोडले चिच्याएँ । उसले एउटा हातले मुखमा थुन्न खोज्यो । त्यसो गर्दा मेरो दाहिने हात फुत्क्यो । त्यसको घाँटीमा बेस्सरी अँठ्याएपछि फुत्कन सफल भएँ । म बाहिर निस्केर भागेको भए हुने रैछ । रिसको बेलामा बुद्धि आएन । खाटमुनिबाट बन्चरो झिकेर त्यसको थाप्लोमा बजारिदिएँ । सुरुमा जोडले लागेनछ क्यार, त्यो पापी भाग्दै ढोकातिर पुग्यो । रिस उम्लिरहेको थियो । फेरि बन्चरो उचालेर फन्काउँदै पछाडिबाट त्यसको गर्धनमा बजारें । (पृ.२९)

मथिको घटनालाई हेर्दा जेठाजुले स्वार्थसिद्धिका लागि रेखाको शरीरलाई जबर्जस्त नियन्त्रणमा लिने प्रयास विरुद्ध रेखाले फुत्कने प्रयास गर्नु, थुक्नु, उसलाई राक्षसीकरण गर्नु, गुहार मागेर भयभीत तुल्याउन खोज्नु, अन्ततः क्रोध र मानसिक क्षोभको घटनाले चरमोत्कर्ष पार गरेपश्चात् पटक पटक बन्चरोले हानेर हत्या गर्नु प्रतिरोधी कार्यहरू हुन् । समाजमा एकल नारीप्रति पुरुषले हेर्ने र गर्ने नकारात्मक दृष्टिकोण र व्यवहारलाई परिवर्तन गर्ने ध्येयले प्रतिरोध नगरी आत्मरक्षाका लागि गरेको देखिन्छ । हत्या अभियोगमा कारागार चलान भएपछि पनि रेखामाथि पुरुषको यौनशोषण गर्ने दुष्प्रयासमा रोकावटको स्थिति देखिँदैन । रक्षाका लागि खटिएका पुरुष प्रहरी नै भक्षक बनेर यौनशोषणको गर्ने प्रयास भएको छ । दुई पुरुष प्रहरीले गरेका बलात्कारको प्रयास विरुद्ध रेखाले प्रतिरोध गरी दण्डित गरेका आत्मकथनलाई यसरी प्रस्तुत गरेकी छ :

> मैले चिच्याएर भनें - "तपाईंहरू यहाँ किन आउनुभएको ? गैहाल्नोस् बाहिर ।" उनीहरूले फोहोरी कुरा गरेर जिस्काउन थाले । एउटाले त मेरो दाहिने हातमा समाएर तान्न थाल्यो । मैले भनें, "थुक्क पापी हो । परिबन्दमा परेर कैदमा परेकी विधवासित जथाभावी गर्न तिमीहरूलाई लाज लाग्दैन ? तिमीहरूका घरमा दिदी बैनी छैनन् ?" अर्को पुलिसले झन् छाडा हुँदै भन्यो - "छन् नि दिदी बैनी त ! तिमीजस्ती मैयाँ पो छैनन् ।" त्यसपछि मैले गुहार गुहार-गुहार भनेर चिच्याएँ । एउटाले मलाई च्याप्प समातेर पछार्‍यो । म चिच्याउँदै थिएँ, अर्कोले मेरो मुख थुनिदियो । कसोकसो गर्दा मेरो मुख फुत्कियो । मैले मेरो मुख थुन्ने पुलिसको औंला बेस्सरी टोकिदिएँ । "मरें बा भन्दै" त्यसले मलाई छोडिदियो । अर्को पुलिस ममाथि आउन खोज्दै थियो ।

त्यसलाई एक लात्ती हानेको मर्ममै परेछ । ऊ रन्थनियो । मैले सकेको जोडले गुहार गुहार भनेर चिच्याएँ । (पृ.३२)

अबला नारीको इज्जत र मर्यादाको घाँटी निमोठेर स्वार्थ पूरा गर्न मरिहत्ते गर्ने पुरुषविरुद्ध  सहनशीलताको गुणलाई दबाएर विद्रोह गरेकी छ ।  परिबन्दमा परेको अवस्थामा आफ्नो शरीर उपभोग गर्न खोज्ने यौनपिपासु पुरुष पात्रहरूप्रति घृणा र आक्रोश मात्र होइन टोकेर र लात हानेरै त्यसको सशक्त प्रतिकार गरेकी छ । यसका लागि ऊ शारीरिक र मानसिक दुवै शक्तिको उपयोग गरेकी छ । त्यस विषम परिस्थितिमा दुई पुरुष पात्रको पञ्जाबाट नारी अस्तित्व रक्षाका लागि एक्लै सङ्घर्ष गर्नुपरेको छ । दमनले प्रतिरोधलाई जन्माउँछ भन्ने विचारलाई रेखाले यौनशोषण गर्न खोज्ने पुरुषविरुद्ध मानसिक र शारीरिक रूपमा गरेको प्रतिरक्षाबाट प्रस्ट हुन्छ । उसमा पितृसत्ताका जस्तोसुकै दमन र शोषण सहनुपर्छ भन्ने छैन, त्यसका विरुद्ध डटेर सामना गर्नुपर्छ भन्ने सचेतना देखिन्छ । नारीप्रति पुरुषले गर्ने र गर्न खोज्ने दुष्कर्मलाई रोकेर अस्तित्व रक्षा गर्न सकिन्छ तर नारीमा रहेको कायरता हट्नुपर्छ भन्ने कुरालाई रेखाले आफूमाथि भएको आक्रमण विरुद्ध चालेका प्रतिरोधी चेतना र कार्यले प्रस्ट पार्दछ । आफूप्रति पुरुषबाट भएका कार्यहरू अवैधानिक र अनैतिक हुन् र ती नारीहित विरुद्ध छन् भन्ने ज्ञान उसमा देखिन्छ तर उसले चालेका कदम सिङ्गो समाज परिवर्तन गर्ने उद्देश्यअनुरूप नभई स्वाभिमान रक्षाका क्रममा गरेको देखिन्छ । अझ भन्नुपर्दा रेखाले यौनशोषविरुद्ध गरेका प्रतिरोधी कार्यबाट नारीमाथि पुरुषले गर्ने दमन र शोषणको वास्तविकतालाई उजिल्याउने मात्र नभई पुरुषको कुकृत्यका विरुद्ध नारी स्वयम् जागृत बनेर सशक्त प्रतिकार गर्नुपर्ने धारणा पनि प्रस्तुत भएको छ ।

जेठाजुको दुराचारलाई मौन रूपमा असमर्थन गर्दै आएकी रेखाकी सौतिनी दिदीले रेखाको आगमनपश्चात् भने विद्रोह गरेकी छ । आफूमाथि भएको अत्याचार विरुद्ध प्रतिकार गर्दा उल्टै निन्दित बन्नुपर्ने भयले पनि जेठाजुका पाशविक व्यवलाई सार्वजनिक गर्न हिच्किचाएको देखिन्छ । तर वैधव्य जीवनले दिएको प्रपीडनमा दमन र शोषणले पीडाको भारले थप बोझिलो बनाउँदा थेग्न नसकी प्रतिकारमा उत्रेर क्रान्ति गर्न विवश छे भन्ने कुरालाई तलको अंशले प्रस्ट पार्दछ :

घरि-घरि मलाई हेर्थ्यौ, मैले वास्ता गरेकी थिइनँ । मलाई तिर्खा लागेर खोल्सातिर गएकी त त्यो पापी टुप्लुक्क त्यहीँ आइपुग्यो । अनि फोहारी कुरा गरेर मलाई जिस्काउन थाल्यो । म भाग्न खोज्दा च्याप्पै समात्यो । म चिच्याउन पनि सकिनँ, पर-पर खेतमा मान्छेहरू थिए र सुन्लान् र

> घरको इजेत जाला भन्ने डर । त्यसले भन्न थाल्यो - "मैले भनेको मान् । हेर् तँ निःसन्तान छस् । मैले भनेको मानिस् भने तँलाई सन्तान हुन्छ ।" मैले फुत्कन कति कोसिस गरेँ । त्यस मुर्दारले देब्रे हातमा यसरी समात्यो कि फुत्कनै सकिनँ । मेरो हातमा हँसिया थियो धन्न साथैमा लगेकी रैछु । त्यसैले बेसरी हानेको त हँसियाको टुप्पो त्यसको निधारमा क्वाच्चै गड्यो । (पृ.२०)

माथिको घटनालाई विश्लेषण गर्दा नेपाली समाजमा विधवा र सन्तानविहीन महिलाहरू आफन्तबाट पनि असुरक्षित छन् भन्ने प्रस्ट हुन्छ । आफ्नो परिवारको पारिवारिक मर्यादालाई सुरक्षित राख्ने प्रयत्नले नै महिलाहरू पुरुषका यौनशोषणजन्य कृयापलापको प्रतिरोध गर्न नसकेको स्थितिलाई यहाँ सङ्केत गरिएको छ ।

रेखाकी सौताले पनि जेठाजुका दुष्कार्यप्रति प्रतिवाद गर्दा प्रतिकूल अवस्थाको सिर्जना भई पारिवारिक सम्बन्धमा खलल आउने र अन्ततः त्यसबाट उत्पन्न परिणतिको प्रत्यक्ष असर आफूमाथि पर्ने भयले नै प्रारम्भतिर ती घटनालाई गुमनाम राखेकी छ । तर प्रलोभनको पासोमा पारेर नारीत्व नष्ट गर्ने दुष्प्रयासको निरन्तरताले असह्य पीडा बोध गरेपश्चात् मात्र प्रतिरोधी चेतना उद्घाटित भएको छ । बुहारीको शरीरलाई विलासिताको साधन बनाएर यौनपिपासा मेट्न खोज्ने हरकतलाई डटेर सामना गरेकी छ । स्वार्थी मनोवृतिले तेर्स्याएका षड्यन्त्रकारी प्रस्तावलाई अस्वीकार गरी प्रतिरोध गरेकी छ । सहजै रूपमा आफ्नो शारीरिक इच्छा पूरा हुन नसक्ने देखेपछि जबर्जस्ती नियन्त्रणमा लिएर बलात्कारको प्रयासलाई असफल पार्न र नियन्त्रणमुक्त हुन ऊमाथि हँसिया प्रहार गरेर घाइते तुल्याएकी छ । उसले शोषक र सामन्तवाद विरुद्ध आक्रोशपूर्ण विद्रोही भावना बोक्नु र आक्रमण विरुद्ध प्रत्याक्रमण गर्नु प्रतिरोधको अवस्था हो । बुहारीको रूपलावण्य र भरभराउँदो जवानीप्रति मुग्ध भई कौमार्य लुटेर यौनतृष्णा मेट्न खोज्ने जेठाजुको दुष्प्रयासलाई रोक्न नारीभित्रको सहनशीलता दबिएर विद्रोही चेत प्रस्फुटन भएको छ । यसका लागि उसले मानसिक र शारीरिक दुवै शक्तिको भरपूर उपयोग गरेकी छ । लामो समय यौनहिंसाले छटपटिएको जीवनावस्थालाई उत्पीडनबाट सुरक्षित राख्न ऊभित्र क्रोधावेगले उग्र रूप लिएको छ । यसबाट रेखाकी सौतिनी दिदीले जेठाजुका यौनहिंसाजन्य क्रियाकलापलाई रोक्न गरेका कार्यहरू नै प्रतिरोध हो भन्ने प्रस्ट हुन्छ ।

घरमा पतिव्रता पत्नी हुँदाहुँदै परस्त्रीसँग अवैध सम्बन्ध स्थापित गर्नमा अभ्यस्त विनोदका काकाले पत्नीले आफ्नो चरित्र र व्यवहारबारे गरेको नकारात्मक टीकाटिप्पणीबाट आक्रोशित भई हिंस्रक पशुको रूप धारण गरेको छ । पुतलीसँगको अवैध सम्बन्धमा बाधक

बनेपछि प्रतिशोध साँध्न पत्नीमाथि उल्टै परपुरुषसँगको अवैध सम्बन्धको आरोप लगाएपश्चात् काकीमा प्रतिरोधी चेतना विकसित भएको छ । पतिको दुराचार र लैङ्गिक उत्पीडन विरुद्ध काकीले गरेको प्रतिरोधलाई उपन्यासकारको निम्नलिखित भनाइले थप प्रस्ट पार्दछ :

> पिटाइ खाएर हैरान भएपछि एक दिन काकीले भनिन् - 'उतै भेडीगोठतिर बसेर जे मन लाग्यो, त्यही गरेको भए हुन्थ्यो । मलाई किन पिट्छौ ? मेरा बाआमाको आँखा फुटेका । यस्तो असत्तीलाई किन दिए होलान् ।' काकाले रिसाउँदै भने- 'म यहाँ आएर तँलाई अप्ठेरो भो हैन ? म नहुँदा त रातदिन फुक्काफाल भएर बसेकी थिइस् । कोसित सल्केकी थिइस्' काकीले रुँदै भनिन् -'दुईवटा सन्तानकी आमा भइसकेकी मलाई यस्तो नभएको बापत लाउने असत्ती मोरो आफू जस्तो छ अरूलाई पनि त्यस्तै सोच्छ । कोर लागेर मर्न नसकेको  पापी' काकाले चिरुवा दाउराले उठाएर काकीलाई भकुर्नुसम्म भकुरे । (पृ.६७)

माथिको घटनालाई अध्ययन विश्लेषण गर्दा धैरै महिलासँग अवैध सम्बन्ध राख्ने र आफूमाथि प्रताडना दिने कार्यले पत्नीलाई असहिष्णु बनाएको छ । शारीरिक बलले प्रतिवाद गर्न नसके पनि क्रोध र घृणाको सम्मिश्रण गरी वाक्युद्ध गरेकी छ । पतिको अपमानजनित व्यवहारबाट काकीमा पीडा र क्रोध एकैचोटि प्रस्फुटित भएको छ । भ्रष्ट चरित्रका लोग्नेको सम्पर्कबाट टाढा रहन खोज्नु, आफुलाई पिट्नुको वास्तविक रहस्यबारे जान्न कडा शब्दमा प्रतिप्रश्न गर्नु, आफूजस्तै अरूलाई त्यस्तै सम्झने भन्दै व्यभिचारीका रूपमा अर्थ्याउनु, असत्ती, मोरो, कोर लागेर मर्न नसकेको पापीजस्ता घृणाबोधक शब्द प्रयोग गरी तथानाम गाली गर्नु पुरुषको उत्पीडन विरुद्ध महिलाले चालेका प्रतिरोधी कार्यहरू हुन् । आफ्नो खोइरो खनेर चरित्र हत्या गर्ने र शारीरिक तथा मानसिक यातना दिने अत्याचारी पुरुषप्रति विद्रोहशील नारीको रूपधारण गरी प्रतिकार गरेकी छ । लोग्नेको अन्याय विरुद्ध चर्को आवाज उराल्दै सङ्घर्षको मैदानमा उत्रिएकी काकीले पतिको अनैतिक व्यवहार, अन्याय र अत्याचार विरुद्ध खुला रूपमा चुनौती र हाँक दिएबाट पनि नारीमा पुरुषको उत्पीडनप्रति प्रतिरोध छ भन्ने थाहा हुन्छ ।

आर्थिक स्वार्थका निम्ति प्रणयपासोमा पारेर वैवाहिक परिबन्दमा पारेपश्चात् रवीन्द्र अग्रवालले पत्नी पुष्पा रौनियारप्रति गर्ने व्यवहारमा परिवर्तन आएको छ । दाइजोलाई मूल मुद्दा बनाएर पत्नीमाथि शारीरिक र मानसिक यातना दिने  पतिको पाशविक व्यवहारप्रति पत्नी पुष्पामा देखिएको घृणा र क्रोध प्रतिरोधका सङ्केतक हुन् । शारीरिक बलका

माध्यमबाट प्रतिवाद गर्न नसकेपछि पतिविरुद्ध प्रतिरोध गर्न प्रहरी थानामा गई उजुरी हालेकी छ । शक्तिको आडमा जेलमुक्त भएको रवीन्द्र विरुद्ध पुष्पाले सशक्त रूपमा प्रतिवाद गर्न नसक्दा उचित न्याय पाउन सकेको देखिँदैन ।

आर्थिक सम्पन्नताको मोहमा फसेर कुमार हरिजनसँग स्वेच्छाले वैवाहिक सम्बन्ध गाँसेकी मीरा (दीपा) पनि विवाहपश्चात् पतिको उत्पीडनमा परेकी छ । पटक पटक गरी प्रशस्त दाइजो दिए पनि कुमारले पुनः उही माग तेर्स्याएर मानसिक र शारीरिक प्रताडना दिएपछि "घरमा दुइ दुईवटा कार छन्, किन चाहियो र अर्को (पृ.९२) ?" भन्दै प्रतिप्रश्न गर्दै प्रतिवाद गरेकी छ । शारीरिक बलका माध्यमबाट उत्पीडन विरुद्ध प्रतिरोध गर्न नसके पनि पतिप्रति उत्पन्न घृणा र आक्रोश पनि प्रतिरोधका सङ्केतक हुन् । दाइजोलाई मूल मुद्दा बनाएर बारम्बार यातना दिन थालेपछि "उसबाट फुत्केपछि मैले उसको गालामा दुई थप्पड लगाएर भनें - 'थुक्क पाजी ! यस्तै गराउनु थियो भने किन बिहे गरिस् ! बाले दिएको सबै दाइजो फिर्ता गर् । म भोलि नै माइत जान्छु । उतैबाट तँलाई छोडपत्र दिउँला' (पृ.९३)भन्दै थप्पड लगाउने र गाली गर्ने मात्र होइन दाइजो फिर्ता मागी छोडपत्र दिएर सम्बन्ध बिच्छेद गर्ने साहसिक निर्णय गरेकी छ । पतिको धम्कीपूर्ण व्यवहारलाई "म पनि डराउन छोडिसकेकी थिएँ । एक दिन मैले कड्केर भनिदिएँ -'अब मेरो माइतीबाट एक पैसा पाउँदैनौँ । मेरो बाआमा र दाजुलाई कङ्गाल बनाएर छाड्ने विचार गरेका छानौ भने अहिल्यै भन । म माइतै गएर बस्छु" (पृ.९२) भन्ने दीपाको धारणाबाट निर्भीकताका साथ विद्रोह गरेको कार्य उत्पीडन विरुद्ध गरेको प्रतिरोध हो भन्ने प्रस्ट हुन्छ ।

पतिका मागहरूलाई पूर्णता दिँदै जाँदा आफू मात्र नभई माइतीलाई पनि आर्थिक समस्या निम्तने र त्यसले माइतीसँगको सम्बन्धमा खलल पुऱ्याउँछ भन्ने दूरदर्शिता देखिन्छ । पतिविना पनि जीवन सम्भव छ र उसका आकाङ्क्षालाई पूरा गरे आफ्नो जीवन थप पीडादायी अवस्थामा पुग्छ भन्ने सोचेरै छोडपत्र दिएर माइत गई बस्ने धम्की दिएकी छ । तर यस किसिमको धम्कीबाट थप उत्पीडनमा पर्दा बाह्य शक्तिको प्रयोग गरेर प्रतिवाद गर्न भने सकेकी छैन । बरु षड्यन्त्रमा परेर वेश्यालयमा बेचिएकी छ । वरुणकै प्रयासमा पण्यीकरणबाट मुक्त भए पनि अन्त्यतिर पतिविरुद्ध कुनै प्रतिशोधको भावना लिएर दण्डित गर्न सकेको देखिँदैन । यसरी हेर्दा बेचिनुपूर्व उसमा कुमारका कारण उत्पन्न क्रोध, कुमारका मागको अस्वीकार, कुमारलाई लगाएको थप्पड, छोडपत्र दिएर बस्ने धम्कीपूर्ण भाषा सबै उत्पीडन विरुद्धका प्रतिरोधी कायहरू हुन् ।

दाइजोकै कारण वैवाहिक सम्बन्ध गाँस्न लालायित हुने केटापक्ष र छोरीको इच्छा विपरीत विवाह गराउन खोज्ने बाबुको एकल निर्णय विरुद्ध छोरी दुर्गाले विद्रोह गरेकी छ । आफ्नो इच्छा विपरीत गरेको वैवाहिक निर्णयबाट मानसिक तनावमा परेपश्चात् त्यस विरुद्ध गरेको प्रतिरोधको अवस्थालाई बाबु ज्योति शुक्लाले भनाइले प्रस्ट पार्दछ :

> उसले कड्कँदै भनिन् -"तपाईँहरू फर्केर जानुस् यो बिहे हुन सक्दैन । यो दुलाहा मलाई होइन धन सम्पत्ति लिन आएको हो । यस्तासित म बिहे गर्दिनँ ।" त्यहाँ त ठूलो लडाइँ होला जस्तै भयो । दुलाहाका बाबुले जङ्गिँदै भन्यो - "शुक्लाजी, यो तमासा बन्द गर्नुस् । दुलहीले नमाने उठाएर पनि लैजान्छौँ ।" त्यसपछि छोरी भित्र गई । मैले त फसाद हट्यो भन्ने सोचेको थिएँ । एक छिनपछि ता छोरीले हातमा दुई नाले बन्दुक लिएर आई । दुलाहाको बाबुतिर बन्दुक तेर्स्याउँदै उसले भनी -" खबरदार, यहाँबाट गैहाल । मलाई जबर्जस्ती लैजाने फुर्ती गर्छौ हैन ? लौ हेरौँ त, कसरी लैजान्छौ ? एक -एकलाई ठेगाना लगाइदिन्छु ।" त्यसपछि त सबै अक्क न बक्क भए । म छोरीलाई सम्झाउन भनेर उसको नजिक जान खोज्दै थिएँ । उसले झन् कड्केर भनी - "खबरदार बाबु, यता नआउनुस् । नत्र भने छोरीको लास पाउनुहुनेछ" । (पृ.८९-९०)

नारीका अधिकार र स्वतन्त्रतालाई जबर्जस्त बन्धक बनाएर आर्थिक लाभ लिन खोज्ने र आफ्नो पुरुषत्व प्रदर्शन गर्न खोज्नेहरू विरुद्ध दुर्गाले गरेको विद्रोहबाट नारीमा पनि बिस्तारै प्रतिरोध अङ्कुरित हुन थालेको देखिन्छ । दाइजोविना विवाह नगर्ने केटाको प्रस्तावले भविष्यमा ममताविहीन अवस्थामा बँच्नुपर्ने र आफ्नो जीवन पीडादायी अवस्थातिर धकेलिन सक्ने सम्भावित यथार्थप्रति सचेत भएकाले नै जबर्जस्त विवाह गराउन खोज्ने पुरुषवादी मान्यता विरुद्ध प्रतिवाद गरेकी छ । नमाने जबर्जस्त उठाएर लैजाने केटाको धम्कीविरुद्ध बन्दुकको नाल तेर्स्याएर भयभीत तुल्याएकी छ । आफ्नो मर्यादा रक्षार्थ बाबु ज्योति शुक्लाले मनाउने प्रयासलाई आत्महत्या गर्ने धम्कीपूर्ण भाषाको प्रयोग गरेर असफल तुल्याएकी छ । आफ्नो इच्छाविपरीत हुन लागेको वैवाहिक अभ्यासलाई परास्त गर्न दुर्गा देवीको भयङ्कर रूप धारण गरेकी छ ।

माथि घटित घटनाक्रमले पुरुषका सुखभोगका निम्ति पुरुषकै निर्णय र इच्च्छाबमोजिम गरिने विवाहबाट उत्पीडित नारी वर्गमा क्रान्तिचेतको भावना प्रस्फुटित हुन खोजेको देखिन्छ । सधैँ पुरुषकै दास बनेर नारकीय जीवन बिताउनुपर्ने मान्यता विरुद्ध दुर्गाले गरेको कार्य प्रतिरोधको अवस्था हो भन्ने देखिन्छ ।

### ४.२.३ महिलाद्वारा पुरुषमाथि गरिएको लैङ्गिक उत्पीडन

*बालचित्कार* उपन्यासमा महिलाका तुलनामा पुरुषहरू कम मात्रामा लैङ्गिक उत्पीडनको सिकार भएका छन् । खास गरी सामन्ती सोचका अभियन्ता महिला वर्ग र पत्नीकै कारण पुरुषहरू शारीरिक मानसिक यातना भोग्न विवश देखिन्छन् । पुरुषहरू महिलाबाट उत्पीडनको सिकार बन्नुपर्ने आधार यौन र आर्थिक पक्ष देखिन्छ । नारीलाई घरभित्रै थुनेर राख्न खोज्ने प्रवृत्तिले कतिपय महिलाहरू त्यसका विरुद्धमा विद्रोह गर्न खोजेको देखिन्छ । जसबाट नारी र पुरुषबिचको विवाद उत्कर्षमा पुग्दा त्यसले हिंसाको रूप लिएको देखिन्छ । पुरुषले गर्ने जस्तोसुकै अन्याय र अत्याचारलाई नारीले सहनुपर्छ भन्ने मानसिकता पुरुषमा त देखिन्छ तर नारीले आफ्ना आवश्यकता पूरा गर्न अपनाएका कार्यलाई पुरुषले आफ्नो मर्यादासँग जोडेर हेर्न खोजेको थाहा हुन्छ । प्रस्तुत उपन्यासमा पनि समाजमा विरलै घट्ने पुरुष हिंसाको प्रतिनिधित्व वरुण र विनोद काकाले गरेका छन् । यिनै पात्रहरूका आधारमा महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडनबारे विश्लेषण गरिएको छ ।

आमा र बाबाको वात्सल्य प्रेमको खासै अनुभूति गर्न नपाएको वरुण आर्थिक अभावकै कारण प्रारम्भकालीन अवस्थामा दयनीय छ । जेठीआमाको घरायसी काम गरेर बहिनी रेखा र आफ्नो जीविका त चलाएको छ तर जेठीआमाको क्रूर व्यवहारबाट अपमानित र तिरस्कृत भई बाँचेको छ । बहिनी र ऊप्रति जेठीआमाले गरेका अमानवीय व्यवहारबाट उसको जीवनावस्था कारुणिक बन्न पुगेको छ । आर्थिक रूपमा कमजोर र असहाय वरुणले विनाकारण जेठीआमाबाट भोग्नुपरेको लैङ्गिक उत्पीडनलाई यसरी अभिव्यक्त गरेको छ :

> घरमा लैना गाई-भैँसी थिए तर हामीले कहिल्यै दूध खान पाउँदैनथ्यौँ । बहिनी सधैँ रोइरहन्थी । दूधको तिर्सना मेट्न मेरो औँला चुस्थी । ऊ सधैँ मेरो काखमा बस्न खोज्थी । जेठी आमाले बहिनीलाई मेरो काखबाट खोसेर पर हुत्याउँथिन् र काम अराउँथिन् । उनी जङ्गिएर गाली गर्दै भन्थिन् - "काम गर्नुपर्छ भनेर सधैँ यसै भुतेनीलाई काखमा लिन्छस् । जा गधा, भैँसीलाई घाँस हालिदे ।" बहिनी अरल्लिएर रुन्थी । म दगुरेर गई उठाउँथेँ र हामी दुवै चिच्याई - चिच्याई रुन्थ्यौँ । म बाखा चराउन जान्थेँ । साँझ फर्केर आउँदा बहिनी कहिले आँगनको छेउमा रोइरहेकी हुन्थी । कहिले बारीको डिलमा घुप्लुक्क परेर सुत्थी । कहिले भोकले गर्दा माटो र अँगार खाइरहेकी हुन्थी । त्यो देख्दा मेरो मुटु भक्कानिएर आउँथ्यो । (पृ.३)

आमा र बाबुको मृत्युपश्चात् अभिभावकीय भूमिका निर्वाह गरेको वरुण आफू र बहिनीप्रति जेठीआमाले गरेको अमानवीय व्यवहारबाट अपमानित र तिरस्कृत बनेको छ ।

सानी बहिनी भोकले आक्रान्त बन्दासमेत जेठीआमाले गरेको रुखो व्यवहरबाट मानसिक रूपमा विक्षिप्त बनेको छ । लैना गाईभैँसीको स्याहारसुसार गरे पनि बहिनीलाई दूधको तिर्सना मेटाउन औँलो चुसाउनुपर्दा भक्कानिएको छ । बहिनी असाध्यै भोकले आत्तिएको बेला मकै मागेको वरुणले कुटाइ र गाली खाएको छ । गाईपूजाका दिन पनि गाईबाख्रा हेर्न लगाई आफूले अयस काटेकी जेठीआमाको ध्यान नै दमन र शोषण गरी आफ्नो प्रभुत्व कायम गर्नेतर्फ छ । विवेकहीन, स्वार्थी र उद्दण्ड स्वभावकी जेठीआमाले वरुणलाई गधाका रूपमा चित्रित गर्दै पशुवत् व्यवहार गरेकी छ । मातृवात्सल्य खोसिएर टुहुरी बनेकी अबोध बहिनीलाई खाना दिई तड्पाउने, वस्तुसरह हुत्याउने, गाली गर्ने, श्रमशोषण गर्ने, कुटपिट गर्ने कार्यबाट वरुणले मानसिक उत्पीडन भोगेको छ भन्ने कुरालाई वरुणकै आत्मकथनले यसरी प्रस्ट पारेको छ :

> उसले मतिर हेर्दै भनिन्, -"अलिकति घाँस लिएर आउनुपर्दैन ठगुवा !" अनि उसले बाखातिर हेरेर भनिन् -"ए भतुवा, ठूलो खसी खै ? कि पखेरोमै छोडेर आइस् ?" मेरा हातखुट्टा लुला भए । मैले थर्थर काम्दै भनें-"खसी बाघले खायो ।" मैले यति भन्नेबित्तिकै जेठीआमाले मलाई गरगराउँदै लतारिन्, जगल्ट्याइन् र लात्तीले खाँद्न लागिन् । लात्तीले हान्दा-हान्दा खुट्टा दुखेपछि दलानको थाममा नाम्लाले बाँधिन् र सिस्नो ल्याएर मुखभरि भोसिन् । (पृ.५)

माथिको उद्धरणलाई हेर्दा जेठीआमामा मानवताको लेस कत्ति पनि भेटिँदैन । दिनरात काम गर्दा पनि गाली र कुटपिट गर्ने कार्यबाट वरुण शारीरिक र मानसिक यातनाको सिकार बनेको छ । गरिबी र टुहुरोपनकै कारण असहाय बनेको वरुण आफ्नो सम्पत्तिमाथि उनकै रजाइँ भएकाले पनि जीविकाका लागि जेठीआमामाथि निर्भर छ । यही अवस्थालाई हतियार बनाई निरन्तर आक्रमण गरिहेकी छ । खसी हराएकै कारण वरुण काम्नुले पनि जेठीआमासँग कति भयभीत छ भन्ने कुरा प्रस्ट हुन्छ । लतारेर, लात्तीले हानेर, बाँधेर र सिस्नोले मुखमा भोसेरै आफूले भोगेको क्षतिको बदला लिने प्रयास गरेकी छ । उमेरगत हिसाबमा सानै भएकाले पनि वरुण उत्पीडन सहन बाध्य भएको छ । जेठीआमाको क्रूर व्यवहारबाट आजित भएको वरुण कमजोर आर्थिक अवस्थाबाट मुक्त हुन अन्ततः अर्थोपार्जनका लागि भारत पुगेको छ । शैक्षिक योग्यता नभएकै कारण प्रारम्भ कालीन अवस्थामा कुल्ली र घरेलु मजदुरका रूपमा काम गरेको उसले मालिक्नीबाट थप शारीरिक मानसिक उत्पीडनको सिकार भएको कुरा यसरी अभिव्यक्त गरेको छ :

> हेर हेर, कति झूटो बोल्न सकेको । यसलाई गोदेपछि चोर पत्ता लागिहाल्छ । मैले राम्ररी घर हेरेर बस्नू भनेर बजार गएकी हैन ? देवर बाबु त दिनभरि बाहिरै हुनुहुन्थ्यो, भर्खर आउनुभएको ।" यति भनेर उसले खुट्टाको जुत्ता हातमा लिएर पिट्न पो थाली । म डाँको छोडेर रुन थालेँ-"ए मालिक्नी साहेब, मलाई नपट्िनुस् । तपाइँले पठाएर त घुम्न गएको हो नि ।" म चिच्याई चिच्याई रोइरहेको थिएँ । (पृ.२८)

माथिको घटनालाई हेर्दा मालिक्नी शासकीय मनोवृत्तिबाट सञ्चालित देखिन्छे । विनाप्रमाण पसल चोरीको अभियोगमा अशिष्ट भाषामा गाली गर्दै शारीरिक र मानसिक यातना दिएकी मालिक्नी सामन्ती विचारधाराबाट अभिप्रेरित छे ।

गरिबीकै कारण मालिक्नीको प्रताडना सहन विवश वरुणको असह्य पीडाको क्रन्दन सुन्ने कोही देखिँदैन । मालिक्नीकै निर्देशनबमोजिम इमानदारीपूर्वक काम गर्दा पनि पारिश्रमिक नपाउँदा घर फिर्ती हुन पाएको छैन । जसबाट ऊ मानसिक रूपमा विक्षिप्त बनेको छ । वरुणजस्तो निष्ठावान् कामदार पाउँदा पनि अधीनमा राखेर सकेसम्म दुःख दिनैपर्छ भन्ने परम्परावादी मानसिकता मालिक्नीमा देखिन्छ । अनेकौँ सास्ती र दुःख दिएर मजदुरमाथि निरङ्कुश हैकम चलाउने मालिक्नीले दुच्छर स्वभावका महिलाको प्रतिनिधित्व गरेकी छ । विनाप्रमाण चोरीको अभियोग लगाउने, लात्तीले गोद्ने, लुछ्ने, जुत्ताले हान्ने जस्ता कार्यबाट वरुणले शारीरिक र मानसिक पीडा भोगेको देखिन्छ । यहाँ विपरीत लिङ्गीप्रतिको उत्पीडन प्रस्तुत भएको हुँदा विषमलैङ्गिक उत्पीडनको अवस्था देखा पर्दछ ।

## ४.२.४ महिलाको लैङ्गिक उत्पीडनप्रति पुरुषको प्रतिरोध

*बालचीत्कार* उपन्यासमा खास गरी सामन्ती संस्कारमा हुर्केका प्रभुत्वशाली वर्गका महिलाबाट र विदेशिएका पुरुषका पत्नीबाट पुरुषहरू उत्पीडित छन् । त्यस्तो उत्पीडन विरुद्ध पुरुषमा प्रतिरोधी चेतना महिलामा भन्दा बढी देखिन्छ । यहाँ जेठी आमा र मालिक्नीको उत्पीडन विरुद्ध वरुणले गरेको प्रतिरोध र पत्नीको उत्पीडन विरुद्ध पति विनोद काकाले गरेको प्रतिरोधका आधारमा महिलाको लैङ्गिक उत्पीडनप्रति पुरुषको प्रतिरोधबारे विश्लेषण गरिएको छ ।

*बालचित्कार* उपन्यासमा बाल्यावस्थामा नै आमाबाबु गुमाएर असहाय बनेको र आर्थिक हिसाबले कमजोर बनेको वरुणले जेठी आमाबाट शारीरिक र मानसिक यातना भोगेको अवस्थामा उमेरगत हिसाबले बालक भएकाले पनि उत्पीडन विरुद्ध खासै प्रतिकार

गर्न सकेको देखिँदैन । तर जेठी आमाले दिएका कठोर यातनाप्रति उसमा क्रोध र घृणाको भाव भने पैदा भएको छ । जेठाी आमाको दमन र शोषण सहन गर्न नसकी विदेशिएको वरुणले मालिक्नीबाट प्रताडित हुँदा "ए मालिक्नी साहेब, मलाई नपिट्नुस् । तपाईँले पठाएर त म घुम्न गएको हा नि" (पृ.२८) भन्दै प्रतिरोध गरेको देखिन्छ । आफूप्रति भएका यातनाजन्य कायर्लले ऊभित्र उत्पन्न क्रोध, घृणा र यातना नदिन गरेको अनुनय उत्पीडन विरुद्धको प्रतिरोधी चेतना हो ।

पत्नी पुतलीप्रति सौहार्दता हुँदाहुँदै काकासँग अवैध सम्बन्ध राख्दा विनोदमा मानसिक क्षोभको स्थिति देखा पर्दछ । पत्नी अमर्यादित व्यवहारलाई सुधार्न भरसक प्रयास गर्दा पनि असमर्थ बनेपछि विनोदमा पत्नीप्रति घृणा र आक्रोशको भाव पैदा भएको छ । क्रोधले सीमापार गरेपश्चात् अन्ततः हत्या गरेको छ । यहाँ विनोदले पुतलीको परपुरुषसँगको अवैध सम्बन्धलाई रोक्ने प्रयास गर्नु, दुष्चरित्रवान् पत्नीकै कारण घृणा र क्रोधको भाव पैदा हुनु र अन्ततः खुकुरी प्रहार गरी हत्या गर्नु उत्पीडन विरुद्ध गरेको प्रतिरोध हो ।

### ४.२.५ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*बालचीत्कार* उपन्यासमा पुरुषबाट भन्दा महिलाद्वारा महिला नै बढी शारीरिक र मानसिक उत्पीडनको सिकार भएका छन् । आमाबाट छोरी, सासूबाट बुहारी र सौता दिदीबाट बहिनी उत्पीडित छन् । समाज र परिवारमा आफ्नो वर्चस्वलाई कायम गर्ने आधार दमन र शोषणलाई लिएका छन् । पितृसत्तात्मक सामाजिक संरचना, आर्थिक विषमता र लैङ्गिक चेतनाको अभावले नै महिलाहरू उत्पीडक बन्ने गरेका छन् । यस उपन्यासमा मुख्यतः उत्पीडकको प्रतिनिधित्व रेखाकी सौतिनी दिदी, जेठानी दिदी, पुष्पा र मीराकी सासू रहेका छन् भनै उत्पीडित पात्रका रूपमा रेखा, पुष्पा, मीरा र खिमा काफ्ले रहेका छन् । यिनी नारी पात्रहरूका आधारमा महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडनबारे विश्लेषण गरिएको छ ।

दूधे अवस्थामै आमाबाबु गुमाएकी रेखाले सानैदेखि नै जेठीआमाको सामन्ती शासनबाट उत्पीडन भोग्नुपरेको छ । लैना गाईभैँसी हुँदासमेत दूधे उमेरकी रेखा भोकले आक्रान्त हुँदा जेठीआमाको नारीवात्सल्य समाप्त भएको देखिन्छ । अबोध अवस्थाकी

रेखालाई अशिष्ट भाषाको प्रयोग गर्दै हुत्याउने उनको व्यवहार र विचारलाई हेर्दा तानाशाहीका रूपमा देखिन्छे । पुरानो रूढिवादी र सामन्ती संस्कारमा हुर्केकी जेठी आमाले त्रास र भयको अवस्था सिर्जना गर्न हिंस्रक पशुसरह देखिएकी छ । कर्तव्यपरायणता प्रदर्शन गर्दागर्दै गाली गर्ने र कुट्ने प्रवृत्तिले रेखाले मानसिक र शारीरिक यातना भोग्नुपरेको छ । जेठी आमाले गरेका हिंस्रक व्यवहार र त्यसका कारणले पारेको मानसिक विचलन र शारीरिक दुरावस्थालाई रेखाको आत्मवृत्तान्तले यसरी प्रस्ट पार्दछ :

> जेठीआमाले मेरो कपालमा समातेर गिर्गिराउँदै तल झारिन् । मेरा हातगोडा काम्न लागे, छाती भट्भट् गर्न लाग्यो । तल झारेर दुईपटक फेरि लुछिन्, मैले दैलो लिप्न लागेँ, दिनरात यसैगरी बित्न लागे । घाँस-दाउरा गर्ने, गाईबाखा चराउने गर्दा दिनभरि वनको बास हुन्थ्यो । जति काम गरे पनि जेठीआमाको चित्त बुझाउन सक्दिनथेँ । उनलाई रिस उठ्यो भने हातमा जे भेटियो त्यसैले ठटाउँथिन् । शरीरभरि अगुल्टाले पोलेका घाउ हुन्थे । (पृ.१३)

शोषकीय संस्कृतिलाई साधनस्वरूप प्रयोग गरेर निर्धी रेखामाथि यातना दिँदै आएकी जेठी आमा सङ्कीर्ण विचारधाराकी महिला हो । सामान्य विषयमा पनि निहुँ खोजेर नारीमाथि दमन गर्नुलाई आफ्नो नैसर्गिक अधिकार ठान्ने प्रवृत्ति उसमा देखिन्छ । घरायसी काममा दिनरात खटिँदा पनि आत्मसम्मानको अनुभूति गर्न नसकेकी रेखा गरिबी र असहायकै कारण दमन र शोषण भोग्न बाध्य छे । जेठीआमाको गाली, विनाकारण पटकपटकको कुटाइले मानसिक र शारीरिक उत्पीडन भोगेकी छ । बर्बरतापूर्ण पाशविक व्यवहार गरी आफ्नो कामपिपासा मेट्न खोज्ने नैतिकहराम जेठीआमाले पुरुषवादी मनोवृत्तिलाई अँगाली नारीत्वको अवमूल्यन गरेकी छ । उसले कपाल समातेर लुछ्ने, घरायसी काममा अहोरात्र खट्दा पनि रिसाउने, जे भेट्यो त्यसैले हान्ने, शरीरभरि अगुल्टोले पोल्ने जस्ता निकृष्ट दानवीय व्यवहारबाट रेखा शारीरिक र मानसिक रूपमा विक्षिप्त बनेकी छ । यहाँ जेठी आमा उसको अन्तरहृदयमा हर्षोल्लास पैदा गर्नमा बाधक बनेकी छ । एघार वर्षकै उमेरमा वृद्ध पुरुषसँग र त्यसमा पनि सौतामाथि विवाह गरिदिएपश्चात् विधवा बनेकी रेखाले नारकीय जीवन व्यतित गरेकी छ । पीडाका रास थुपारेर आफूलाई बलवान् साबित गर्न खोज्ने जेठीआमाजस्ता दुच्छर नारीवर्गकै कारणले महिलाहरू उत्पीडको सिकार बन्नुपरेको सामाजिक यथार्थतालाई थप पुष्ट्याइँ गरेको छ ।

विवाहपछि पनि रेखाको उत्पीडनको घटनामा रोकावट आएको छैन । सौतिनी दिदीका क्रूर व्यवहारबाट थप पीडित बनेकी छ । अपुताली जोगाउन आएकी भन्दै गाली

गर्ने, सारा काम गर्न लगाई अयस काट्ने र छुट्टै कोठामा राखेर बाहिरबाट चाबी लगाउने सौता पनि सामन्त प्रवृत्तिकी नारी पात्र हो । लोग्ने बिरामी पर्नुको दोष रेखामाथि थुपारी रन्डी र ढुटेकी बाहान्जस्ता अपशब्द प्रयोग गरेर मानसिक यातना दिएकी छ । परिवारमा बलशाली बनेर प्रभुत्व कायम गर्न र एकले अर्काको चरित्र हत्या गरेर आफूलाई सद्दे नारीका रूपमा स्थापित गर्न उनीहरूमा दमनात्मक र हिंस्रक प्रवृत्ति देखिन्छ भन्ने यथार्थ घटनालाई रेखाले सौताबाट पाएको यातनालाइसम्झँदै भन्छे "म सधैं कुटाइ खाने डरले उनीभन्दा टाढा बस्थें । एकान्तमा हम्मेसी उनको नजिक पर्दिनथें । तर बोलाएपछि त नजिक जानै पऱ्यो । म नजिक पुग्नेबित्तिकै उसले मलाई लछारपछार पार्दै कुट्न थालिन् । लात्तैलात्तले पेटमा हानिन्" (पृ.१५) । आफूमाथि सौता आएकै कारण द्वेषको भावना राखेकी सौताले रेखालाई आफ्नो अधीनमा लिन रुखो वचन लाउने र कुटपिट गर्ने गरेकी छ । गर्भावस्थामा पनि पेटमा लात्ती हान्ने घटनालाई हेर्दा ऊ कति निर्दयी छ भन्ने प्रस्ट हुन्छ । यातना दिएरै बदला लिन खोजेकी सौताले रेखालाई पन्छाएर आफ्नो अस्तित्व कायम गर्न खोजेको देखिन्छ । आफूमाथि भएको क्रुर यातनाबाट आजित भएपछि पतिको सम्झनामा रोएकी छ । नारीद्वारा नारी उत्पीडित भएको हुँदा यहाँ समान लिङ्गी उत्पीडनको अवस्था देखा पर्दछ ।

### ४.२.६ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*बालचीत्कार* उपन्यास सामन्ती संस्कृतिका अनुयायी बनेर परिवारमा आफ्नो दबदबा कायम राख्न कतिपय महिलाले महिलामाथि प्रताडना दिए पनि उत्पीडित महिलामा प्रतिरोधको अवस्था भने कमजोर देखिन्छ । लैङ्गिक सचेतनाको अभाव, परनिर्भरता, भूमिका विहीन अवस्था र सामन्तकेन्द्री सामाजिक संरचनाले धेरैजसो उत्पीडित महिलामा विद्रोहात्मकताको भावना पैदा भएको देखिँदैन । धेरथोर महिलामा क्रान्तिचेतको बीज अङ्कुरित हुन खोजे पनि त्यसले जीवन्तता प्राप्त भने गरेको छैन । खास गरी बुहारीको उत्पीडन विरुद्ध सासूले गरेको प्रतिरोध, सौतिनी दिदीको उत्पीडन विरुद्ध सौतिनी बहिनीले गरेको प्रतिरोध र सासूको उत्पीडन विरुद्ध बुहारीले प्रतिरोध गरेको देखिन्छ । यस उपन्यासमा रेखाकी सौतिनी दिदीको उत्पीडन विरुद्ध रेखा र उनकी सासूले गरेको प्रतिरोध र सासूको उत्पीडन विरुद्ध बुहारी मीरा (दीपा)ले गरेको प्रतिराधको अवस्थालाई आधार मानी महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोधबारे अध्ययन विश्लेषण गरिएको छ ।

दूधे अवस्थामा नै आमाबाबु गुमाएकी रेखाले शैशवास्थादेखि नै जेठी आमाबाट प्रताडित भएकी छ तर जेठी आमाको प्रपीडनविरुद्ध प्रतिरोध गर्न सक्ने अवस्थामा पुग्दा ऊ वैवाहिक परिबन्दमा बाँधिइसकेकी हुनाले जेठीआमाको उत्पीडन विरुद्ध प्रतिरोध गर्न नपाएको स्थिति छ । उसको उत्पीडनको घटना भने यत्तिमै सीमित छैन । आफूमाथि सौता बन्न आएपछि रेखाकी सौतिनी दिदीभित्र द्वेष र ईर्ष्याको भावना अङ्कुरित भएको छ । पतिको प्रेमलाई एकलौटी रूपमा उपभोग गर्ने लालसा र आफ्नो सम्प्रभुता स्थापित गर्न हिंस्रक पशु र दैत्यजस्तो बनेर रेखाको जीवनलाई कहरपूर्ण अवस्थामा धकेल्ने धृष्टता विरुद्ध रेखाले क्रोध र घृणाले मात्र होइन बाह्य शक्तिद्वारा प्रतिकार गरेकी छ भन्ने कुरालाई “उसले यति भन्ने बित्तिकै जेठानी दिदी मलाई झम्टिन आइपुगिन् । मैले पनि उनलाई घुचेटिदिएँ” (पृ.१८) भन्ने उसकै भनाइले पुष्टि गर्दछ । प्रारम्भकालीन अवस्थामा सौतिनी दिदीबाट भएको उत्पीडनलाई प्रतिरोधको साधनका रूपमा रेखाले सहनशीलतालाई अवलम्बन गरेको देखिन्छ । सारा सम्पत्ति हत्याएर परिवारमा सम्प्रभुता स्थापित गर्न रेखाकी जेठानी र सौतिनी दिदीले दिएको उत्पीडन विरुद्ध सासूले डटेर सामना गरेको देखिन्छ । आफूप्रति बुहारीहरूले दिएको उत्पीडन विरुद्ध प्रतिरोध गर्न धम्कीपूर्ण भाषाको मात्र होइन दण्डित गरेर तह लगाउने प्रयत्न पनि गरेकी छ भन्ने कुरालाई रेखाको निम्नलिखित भनाइले पुष्ट्याइँ गर्दछ :

> सासूले भन्नुभयो - “नकरा अङ्गुरेकी बहान । उज्यालो मात्र हुन दे, मैले पनि जानेकी छु । म बिस्तराँ परेको देखेर धेरै ठूली नहो । भोलि मैले जानेको गरिनँ भने म पनि हेमराज पण्डितकी छोरी हैन ।” यो घराँ तँ पस्दा जम्मा नौ वर्षकी थिइस् । मैले छोरीजस्तै गरेर तँलाई हुर्काएको बिर्सिस् । “हे इस्सोर भगवान्” मेरा लोग्ने ज्यूँदै भएका भए यसका वचन सुन्नुपर्ने थिएन । बूढी चाँडै मर्ली र यो बिचरीलाई लखेटम्ला भनेकी होलिस् । म कान्छा छोराको सन्तान नहेरी मर्दिनँ बुझिस् । (पृ.१८

जेठी बुहारीले बिरामी अवस्थामा दिएको मार्ने धम्की र अपहेलना विरुद्ध प्रतिवाद गर्न शारीरिक बलको उपयोग गर्न असमर्थ भए पनि धम्कीपूर्ण भाषाको प्रयोग र गालीका लागि ‘अङ्गुरेकी बहान’ जस्तो तिरस्कृत शब्दको प्रयोग गरेकी छ । नौ वर्षको उमेरमा बधु बनेर आउँदा आफूले आमाको आदर्शवादी भूमिका निर्वाह गरेको कुराको स्मरण गराउँदै उभित्रको भ्रष्ट चरित्रलाई समाप्त गर्ने प्रयास गरेकी छ । अन्ततः बुहारीहरूको उत्पीडनबाट मुक्त हुन अंश छुट्याएर अल्याउनु उत्पीडन विरुद्धको प्रतिरोध हो भन्ने प्रस्ट हुन्छ ।

## ४.३ *हीरा* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

*हीरा* उपन्यासमा नेपाली समाजमा हुने गरेका र हुँदै आएका लैङ्गिक उत्पीडनको अवस्थालाई देखाउन दिनेश र दीपाको परिवार अनि अरुण र हीराको परिवार खडा गरिएको छ । समग्र नेपाली समाजको प्रतिधित्व गरेका यी दुई परिवारका माध्यमबाट पितृसत्तात्मक सामाजिक संरनामा नारी र पुरुषहरू कसरी लैङ्गिक उत्पीडनको सिकार भएका छन् र प्रतिरोधको स्थिति कस्तो छ भन्ने कुरा थाहा पाउन सकिन्छ । उपन्यासमा उपस्थित पात्रहरूबिचको सम्बन्धबाट को कसरी कस्तो उत्पीडन भोग्न विवश छ र उत्पीडनप्रति प्रतिरोधको स्थिति कस्तो छ भन्ने कुराको विश्लेषण यहाँ गरिएको छ । यस क्रममा पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन, महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन, महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन र उत्पीडनप्रति पात्रहरूमा देखिएको प्रतिरोधलाई तल उपशीर्षकसहित चर्चा गरिएको छ ।

### ४.३.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*हीरा* उपन्यास महिला समस्याकेन्द्री सामाजिक उपन्यास हो । पितृसत्तात्मक सामाजिक संरचना, आर्थिक विषमता र लैङ्गिक अचेतनाकै कारण महिलाहरू उत्पीडित बन्नुपरेको कुरालाई छर्लङ्ग पारिएको छ । त्यस्तो उत्पीडकमा खास गरी पति र अभिजात वर्गका सामन्ती पुरुषहरू रहेका छन् । उत्पीडकको अग्रस्थानमा उभिएका प्रमुख पुरुष पात्रहरू अरुण र हुतराज काका छन् भने उत्पीडित प्रमुख महिलाहरूको प्रतिनिधित्व दीपा, मेनका र हीराले गरेका छन् । यिनै पुरुष र नारी पात्रका आधारमा पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडनबारे विश्लेषण गरिएको छ ।

सात सन्तानपछि पुनः गर्भवती भएकी दीपाले बढी सन्तान जन्माएकै कारण शरीर अशक्त बनेको छ । गर्भवती र सुत्केरी अवस्थामा पतिको बेवास्ता र दमनबाट मानसिक र शारीरिक रूपमा विक्षिप्त बनेकी छ । आफ्ना मर्म बुझ्न नसकेकै कारण चिन्तित बनेकी दीपाले पुनः सन्तान जन्माएर पीडाको भार बोक्न नपरोस् भन्ने कामना गरेकी छ । एकातिर गर्भवती अवस्थामा र अर्कातिर रुग्ण शरीरका बिच पनि सकीनसकी काममा जोतिनुपरेको छ । काममा सुस्तता देखेर दिनेशले त्यसको कारण नखोजी अनेक बहानाबाजीको आरोप

लगाएर मानसिक तनाव थपिदिएको छ । पत्नीको स्वास्थ्यलाई भन्दा घरायसी कामलाई प्राथमिकता दिँदै आक्रामक रूपमा प्रस्तुत भएको छ ।

सुत्केरी व्यथाले च्याप्दा पनि रोपाइँमा लाग्न निर्देशन दिने दिनेश निर्दयी र सामन्ती प्रवृत्तिको पात्र हो । सुत्केरी व्यथाले च्याप्दा असह्य पीडामा रन्थनिएकी पत्नीमाथि सन्तान जन्माउन मात्र जानेकी भन्दै गाली गर्दै घर निस्केर जान निर्देशन दिएको छ । पतिको यस किसिमको व्यवहार र वचनबाट दीपामा मानसिक प्रताडना उत्पन्न भएको छ । धेरै सन्तान जन्माउनु, गर्भवती तथा सुत्केरी अवस्थामा स्याहार नपाउनु र निरन्तर दमनको सिकार हुनुले दीपाको शरीर रुग्ण बनेर घाउमय भएको छ । आफ्नै कारणले पत्नीले कारुणिक जीवन व्यतित गर्नुपरेको ज्ञान उसमा देखिँदैन । निर्दयी पुरुषकै कारण निर्दोष, सहनशील र कर्तव्यपरायण नारीले अत्यासलाग्दो जीवन भोग्नुपरेको विवशतालाई दीपाको हृदयविदारक आत्मकथनबाट पुष्टि हुन्छ :

> अब त मलाई यस घरमा बस्न पनि मन लाग्न छोड्यो । यो सिनो न मर्ने भई न सञ्चो भएर उठ्ने भई । घर नै डुङ्डुङ्ती गनाएको छ, माखा भन्केका छन्, घाउहरू हेरिनसक्नु छन् । मलाई त टप्प टिपेर भीरबाट खसालिदिऊँ जस्तो लाग्न थाल्यो । बरु मरिहाले उसको पनि दुःख लुक्ने थियो, यो देखिनसक्नु टन्टा पनि खल्लास हुने थियो । (पौडेल, २०६३ पृ. ३७)

भोक, रोग र शोकले आक्रान्त बनेको अवस्थामा मानवता प्रदर्शन गर्नुको साटो पन्छाउन खोज्ने पतिको क्रूर शासनबाट दीपा नारकीय जीवन बिताउन विवश छे । शरीर कुरूप बन्नुको दोष पत्नीमाथि थुपारेर आफूलाई निर्दोष प्रमाणित गर्न खोजेको देखिन्छ । दमन र शोषणको पराकाष्ठापछि अन्तरहृदयमा जीवित रहेको जिजीविषा हराएको छ । जीर्ण शरीर र पतिको रुखो व्यवहारबाट विक्षिप्त बनेकै अवस्थामा पतिले सौता ल्याउँदा थप प्रताडित बनेकी छ । पतिबाट पाएको विश्वासघात र त्यसका परिणामस्वरूप दीपाको अमूल्य जीवन तहसनहस बनेको छ । आर्थिक स्रोतमाथिको परनिर्भरताले नारकीय जीवनबाट मुक्ति पाउन असम्भव जस्तै बनेको छ । चिन्ता, निराशा र वेदनाको वाफले खुइलिएर जीवन खण्डहरमा परिणत भएको छ । बैँसालु यौवनलाई सन्तान उत्पादनका निम्ति उपयोग गरेको दिनेशले पत्नीको सुन्दर शारीरिक संरचनालाई भत्काएर कुरूप बनाएको छ । पतिकै दिनरातको टोकसो र कुटाइले आजित भई मर्ने प्रयास गरेकी दीपाले पुरुषबाट बन्धक बनाई शारीरिक र मानसिक उत्पीडनमा परेका महिलाको प्रतिनिधित्व गरेकी छ । रोग, भोक र शोकले गलेको रुग्ण शरीरमाथि पतिको वज्ररूपी हातको प्रहारले दीपा रन्थनिएकी छ ।

नारीमाथि वज्र प्रहार गरेर पुरुषत्व प्रदर्शन गर्न खोज्ने सामन्त पुरुषले महिलाहिंसालाई सांस्कृतिक मान्यताकै रूपमा स्थापित गर्न खोजेको देखिन्छ । आफूप्रति प्रेमाभाव प्रदर्शित गर्ने महिलाप्रति सद्भाव देखाउनुलाई प्रतिष्ठासँग दाँजेर हेर्ने पुरुषहरू आफूलाई बलशाली प्रमाणित गर्न हिंसाकै विकराल रूप लिने यथर्थातालाई दीपाले आफ्नो भूमिकाबारे स्मरण गराउँदा भोगेको घटनालाई उपन्यासकारले यसरी चित्रित गरेकी छन् :

> दीपाको शुद्ध र हार्दिक भावनालाई दिनेशले गालीजस्तो ठाने । उसले दायाँ-बायाँ केही नसोची दीपाको मुखमा झापड हान्दै भने- तँलाई कोऱ्याही, अझ मुख खेलाउँदी रै'छे । नर्मदा भनेकी ठूली मान्छेकी छोरी पो त । यी, सब कुरा सुने उसले के भन्ली ? थपक्क चुप लागेर गई कटेराको टाँडमा सुत् भन्दै कपालमा बाँधेको पछ्यौराले घाँटीमा बेरेर तान्दै आँगनको पल्लो छेउमा लगेर सकेको गोदे र भित्रबाट ढोका लगाएर सुते । बिचरी खिनौरी दीपा कक्रक परेर थचक्क भुइँमा बसिन् र भित्रको भक्कानोलाई जबर्जस्ती रोकिन् । त्यहाँ जति रोयो त्यति गाली र पिटाइ खानुपर्थ्यो । (पृ.४१)

नर्मदा प्रधानपञ्चकी छोरी भएकाले दीपामाथि भेदको भावना राखेको दिनेशले दीपाको बलजफ्तीले नै आफूले वैवाहिक सम्बन्ध गाँसेको बताएको छ । पतिको विभेदकारी धारणाबाट विक्षिप्त बनेकी दीपाले विगतमा आफूले परिवारप्रति निभाएको भूमिकाको स्मरण गराउँदा कुटाइ खानुपरेको छ । दीपाको शुद्ध र हार्दिक भावनामाथि लात हानेर दानवीय प्रवृत्ति प्रदर्शन गरेको छ । आफ्नो पुरुषार्थ देखाउन दुर्बल पत्नीलाई उपयोग गरेको छ । मनभित्र रास बनेको पीडालाई अश्रुधाराका माध्यमबाट अभिव्यक्त गर्न खोजे पनि दिनेशजस्ता सिकारी पुरुषबाट थप पीडा भोग्नुपर्ने हुँदा ती पीडालाई अन्तस्करणमा जबर्जस्त रोकेर राख्न विवश छे । ऊर्जाशील समय पतिकै सेवामा लगाएकी दीपा आज आफ्नै पतिको मायाबाट बहिष्कृत बनेकी छ । पाठेघर बाहिर निस्केको, पिप र रगत बगिरहेको अवस्थामा पतिको कुटाइले थप पीडा थपिदिएको कुरा दीपाको निम्नलिखित भनाइले प्रस्ट पार्दछ :

> यो फेरि किन आएकी होली बबाल मच्चाउन ? उतै जुके खोलातिर हाम फालेर मरेकी भए त आनन्दै हुने थियो नि । अब फेरि यस घरमा के के हुने हो ? म यसलाई त मारेर फालिदिन्छु भन्दै मोटो लौरो लिएर बाहिर गई दीपालाई हकार्दै "आफ्ना छाउरा छाडेर कहाँ गएकी थिइस् ? यतिका दिन कोसित बसेकी थिइस् र फेरि किन यहाँ आइस् ? तँ वेश्यालाई आज नमारी छाड्दिनँ" भन्दै दीपाको पीठमा एक लात्ती हाने । (पृ.७३)

कान्छी पत्नीको लहलहैमा लागेर बहकिएको दिनेशले विवाहपूर्व गरेका प्रतिज्ञालाई भुलेर दीपाको जीर्ण शरीर भएपछि दानवीय प्रवृत्ति देखाएको छ । जीवनको त्यान्द्रो चुँडिन लागेकाले माइतीको शरणमा गएकी ऊ केही हदसम्म निको भई फर्कँदा अवैध सम्बन्धको आरोप खेप्नुपरेको छ । दीपाको मृत्युबाट आनन्द मिल्ने मानसिकता बोकेको उसले दीपाको जीर्ण र रुग्ण शरीरमाथि लात र लट्ठी प्रहार गरेर प्रताडना दिनुलाई विजयका रूपमा लिएको देखिन्छ । आफ्नै सन्तान पनि दीपाका छाउरा भएका छन् । बिहेपूर्वकी दीपा दिनेशका नजरमा छाउरा जन्माउने पशु बनेकी छ । जवानी छँदा कुरा नकाट्ने र थकानमा तेल लगाएर माडिदिने पात्र आज पीडक बन्दा दीपा विरक्त बनेकी छ । कान्छी पत्नीको निर्णयलाई कार्यान्वयन गराउन घरबाट निकाली आरुबारीमा लगेर राखेको दिनेशले थप बेसहारा बनाइदिएको छ । तेहोरो उत्पीडनमा परेकी दीपाले पतिबाट जीवनरक्षाको आशा मारी आत्महत्या गरेकी छ । जीवनभर पतिको शारीरिक मानसिक यातना भोगेकी दीपाले दिनेशजस्ता दुष्ट र निर्दयी पुरुषबाट उत्पीडित नेपाली नारीको प्रतिनिधित्व गरेकी छ । पुरुषबाट महिला शारीरिकि र मानसिक उत्पीडनको सिकार भएकाले यहा विषमलैङ्गिक उत्पीडनको अवस्था देखा पर्दछ ।

हुतराज काकाजस्ता अभिजातीय र सामन्ती पुरुषको करकापमा परेर सन्तानकै निम्ति अरुणले दोस्रो बिहे गरेपश्चात् हीरा मानसिक तनावमा परेकी छ । सन्तान नभए धर्मपुत्र पाल्ने तर दोस्रो विवाह नगर्ने प्रतिज्ञा गरेको अरुणले विश्वासघात गरेको देखिन्छ । तर विवाहपश्चात् उसमा आएको लैङ्गिक चेतनाले आदर्शवान् पुरुषको प्रतिनिधित्व गर्न खोजेको देखिन्छ । पतिले कुनै शारीरिक यातना नदिए पनि सम्भावित घटनालाई लिएर चिन्तामा डुबेकी हीराले स्वपीडनरूपी भावनालाई यसरी अभिव्यक्त गरेकी छ :

> त्यसरी अरुणको अर्को बिहाको कुरो छिनिएको थाहा भएपछि हीराको मुटुमा बज्र खसेजस्तै भयो । उसले खाना खान बसेको बेला गहभरि आँसु पारी अरुणको मुखतिर हेरेर भनिन् -"यतिका वर्षसम्म तपाईंलाई जीवन अर्पेर बसेँ । अब त तपाईंले मलाई पक्कै पनि हेला गर्नुहुन्छ होला । मेरो कस्तो फुटेको तग्दीर रहेछ । यो उमेरमा आएर मैले सौता बेहार्नुपर्ने भयो", भन्दै खाँदा खाँदैको थाल पर सारेर घुँक्क घुँक्क रुन थालिन् । (पृ.१९)

वंश धानेर स्वर्ग पुग्ने महत्त्वाकाङ्क्षा बोक्ने परम्परावादीहरूकै कारण सन्तानहीन नारीहरू समाजबाट तिरस्कृत र अपमानित बनेका महिलाहरूको प्रतिनिधित्व हीराले गरेकी छ । नेपाली समाजमा सौता सौताबिच हुने असमझदारीलाई यस घटनाले पुष्टि गरेको छ ।

सौताकै कारण आफ्नो खुसी र पतिको माया खोसिने हो कि चिन्ता हीरामा छ । बिहेको निर्णयले मुटुमा बज्र प्रहार भएजस्तै पीडाको अनुभूति गरेकी छ । लामो समयसम्म पतिको सेवामा खटिएको प्रतिफल सौता प्राप्त गर्नु रहेछ भन्दै रोएकी हीरा सम्भावित घटनाबाट तड्पिएको हुँदा स्वपीडनरूपी उत्पीडनमा परेकी छ । पतिको उद्देश्य पत्नीमाथि उत्पीडन दिने नभई सामाजिक मर्यादा कायम राख्नकै लागि दोस्रो विवाह गर्न खोजेको देखिन्छ । हुतराज काकाजस्ता सामन्तले अरुणको विचारधारा परिवर्तन गराई बुढेसकालको सहारा पाउन, पिण्डपानी पाउन र अपुताली पर्नबाट जोगिन अरुणलाई विवाह गराएको छ । त्यसको प्रत्यक्ष असर महिलामाथि परेको छ ।

विवाहपूर्व र विवाहपश्चात् अरुणको हीराप्रतिको व्यवहारमा कुनै परिवर्तन देखिँदैन । रूढिग्रस्त मानसिकताले जकडिएको समाजको प्रतिनिधित्व पुरुषले गरेको छ । त्यही अन्धविश्वासले जेलिएको पारम्परिक सांस्कृतिक धारलाई कानुनसरहको मान्यताका रूपमा स्थापित गरी महिलामाथि दमन र शोषण गरेको देखिन्छ । सन्तानकै लागि बहुविवाह प्रथाको पद्धतिको थिति बसाल्ने कार्यले महिलाहरू कसरी उत्पीडित हुन्छन् भन्ने यथार्थतालाई उपन्यासकारले अरुणले आमा समानकी पत्नीमाथि दोस्रो विवाह गर्दा त्यसले पारेको मानसिक उत्पीडनलाई हीराले अभिव्यक्त गरेको "महिलाहरूका लागि आफ्नो लोग्नेभन्दा प्यारो अरू कोही हुँदैन । बाबुआमाभन्दा पनि प्यारो, छोराछोरीभन्दा पनि प्यारो, धनसम्पत्तिभन्दा पनि प्यारो हुन्छ लोग्ने ! सौता परेपछि, लोग्ने पर भएपछि सारा संसार सुनसान अँध्यारो हुन्छ" (पृ.२१ ) भन्ने निराशावादी जीवन दृष्टिबाट प्रस्ट हुन्छ ।

संसारमा नारीको सर्वप्रिय लोग्ने भएकाले घुमाउरो पारामा विवाह नगरिदिए हुन्थ्यो भन्ने इच्छा हीरामा देखिन्छ । सौता परेपछि पतिको आफूप्रतिको व्यवहार र मायामा परिवर्तन आउने भएकाले आफ्नो संसार अन्धकारमय बन्न सक्ने अनुमान गरेकी छ । मनमा गाँठो पारेरै विवाहको स्वीकृति दिएकी हिराले पतिले सौता ल्याउँदै गरेको थाहा पाएपछि सम्पूर्ण आशा, हाँसो, खुसी खोसिने, विधवासरि बाँच्नुपर्ने सहारा खोसिने होला भन्दै प्रताडित बनेकी छ । विवाहमा सबै खुसी भए पनि उसको मन निराशामय बनेको छ । पितृसत्तात्मक समाजमा पुरुषले कान्छीलाई बढी माया गर्छन् भन्ने जनविश्वासले उसलाई चिन्तित बनाएको छ । यथार्थभन्दा पर गई कल्पनाकै आधारमा स्वपीडनमा परेको कुरालाई हीराले यसरी व्यक्त गरेकी छ :

पनि अब त्यही न्याहुली चरीजस्तै त भएँ नि । अब आजदेखि यस घरमा मेरो भन्नु के रह्यो र ? यस संसारमा मायाभन्दा ठूलो केही रहेनछ, तर त्यो आजदेखि सबै सिद्धियो । संसार यस्तै रहेछ । मलाई पहिले यति माया गर्ने लोग्नेले सौता हाल्न पनि सक्तो रहेछ । म रुँदा सँगै रुनेले आफ्ना काखबाट टाढा हुत्याउन सक्तोरहेछ । आखिर संसारमा कसको आशा र भरोसा गर्नु खै ? (पृ.२५)

यस उपन्यासकी प्रमुख पात्र हीराले पतिकै कारण सहाराविहीनको अनुभूति गरेकी छ । पतिलाई सर्वथोक मानेर जीवन समर्पण गर्दा पनि आफूमाथि सौता ल्याएर सहाराविहीन बनाउँदा दुखित छे । आशा र भरोसाका केन्द्रविन्दु पतिले नै काखबाट हुत्याएपछि संसारमा कसको आशा र भरोसमा बँच्ने भन्दै निराशावादी जीवनदृष्टि अँगालकी छ । सत्ता र शक्तिको आडमा पितृसत्ताले सिर्जना गरेको बहुविवाह प्रथाले हीराजस्ता महिलाहरू बढी उत्पीडित बनेको कुरालाई हीराले अभिव्यक्त गरेका धारणाबाट प्रस्ट हुन्छ । कान्छीको अनुहार हेर्ने तीव्र उत्कण्ठालाई काकाले अनिष्ट हुने भन्दै रोकिदिएपछि रुन पुगेकी छ । अरुणले हीराले भने जस्तो व्यवहार नगरेको तर सामाजिक घटनाक्रलाई आधार मानेर सौता ल्याएपछि पति र सौताबाट आफू एक्लो र अपमानित हुनुपर्ने धारणाले हीरा स्वपीडनमा परेको प्रस्ट हुन्छ ।

पतिले अर्को विवाह गरेबाट नै हीराले काख खोसिएको, अधिकार खोसिएको र माया खोसिएको अनुभूति गर्नु, सन्तान नभएकाले नै आफूमाथि सौता ल्याएको तर्कना गर्नु, स्वास्नी भएकै कारण अत्याचार भोग्नुपरेको धारणा राख्नु र अरुणले दोस्रो विवाह गरेकाले असह्य पीडाबोध गरी घर छोडेर जानु, आत्महत्या गर्ने भावना पैदा हुनुका कारक तत्त्व पुरुष हो । पुरुषबाट महिलाले शारीरिक र मानसिक प्रताडना भोगेकाले विषमलैङ्गिक उत्पीडनको अवस्था देखिन्छ । अरुणले सारा सम्पत्ति कान्छी पत्नी हरिकलाको नाउँमा गरिदिएर हीराको खोजीमा निस्केपश्चात् काकाले सम्पत्ति हत्याउन अनेक षड्यन्त्र रचेको छ । अरुणले चिठीमा लेखे विपरीत हरिकलामाथि आर्थिक शोषण गरेर प्रताडना दिएको छ । आफ्नो नामको सम्पत्ति माग गर्दा अनेक बहाना बनाई मनबहादुरसँग बिहे गराउन तम्सेका हुतराज काका सामन्ती पुरुष हो । अशिक्षिति र त्यसमा एकल जीवन बिताएकी हरिकलाले काकाबाट अवैध सम्बन्धको आरोप खेप्दा परपीडनको अवस्था भोग्नुपरेको छ । यहाँ काकाले सम्पत्ति हडप्न खोज्दा र अवैध सम्बन्धको आरोप लगाउँदा हरिकलामा देखिएको चिन्ता र रुवाइ मानसिक उत्पीडन हो भने काकाबाट मारिनु शारीरिक उत्पीडन हो । पुरुषबाट महिला उत्पीडित बनेकाले विषमलैङ्गिक उत्पीडनको अवस्था देखिएको छ ।

### ४.३.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

पारिवारिक विषयसँग सम्बद्ध *हीरा* उपन्यास खासगरी घरेलु हिंसामा परेका सीमान्तकृत महिला वर्गको दारुण जीवनावस्थाको चित्रणमा केन्द्रित छ । आर्थिक तथा पारिवारिक भूमिका आफूमा सीमित गरी आफ्नो सम्प्रभुता कायम राख्न खोज्ने पुरुषले नारीमाथि चरम यातना दिए पनि उत्पीडित महिलामा त्यस विरुद्ध प्रतिरोधको अवस्था कमजोर देखिन्छ । पुरुषको दमन, शोषण र यातनाले सीमा नाघेपछि मात्र महिलामा प्रतिरोध गर्नुपर्छ भन्ने अनुभूति गरेको पाइन्छ । खासगरी पति दिनेशको उत्पीडनप्रति पत्नी दीपाले, पति अरुणको उत्पीडनप्रति पत्नी हीराले र काका हुतराजको उत्पीडनप्रति बुहारी हरिकलाले प्रतिरोध गरेका छन् । यिनै पात्रहरू बिच भएको द्वन्द्वात्मक अवस्थाका आधारमा पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोधबारे विश्लेषण गरिएको छ ।

धेरै सन्तान जन्माउँदा जीर्णावस्थामा पुगेको दीपाको शरीर पति दिनेशले दिने शारीरिक र मानसिक यातनाबाट थप जर्जर बनेको छ । लामो समय शोक, भोक र रोगमा पिल्सिँदै बाँचेकी दीपाले प्रारम्भतिर पतिको क्रूर यातनामा सहनशीलता देखाए पनि अन्ततः चरम यातनाले असह्य पीडा बोध गरेपछि उसमा पतिको उत्पीडन विरुद्ध प्रतिरोधको अवस्था देखिएको छ । पतिका गैरजिम्मेवारपूर्ण व्यवहार, शारीरिक हिंसा र लाञ्छित वचनजस्ता उत्पीडनकारी कार्यविरुद्ध गरेको प्रतिरोध कसरी भएको छ भन्ने कुराको पुष्ट्याइँ "दीपाले पनि केही झोंक्किएर तातै स्वरमा भनिन् - 'ओहो, कति भन्न सकेको हो लोग्नेमान्छेको जातले ! यी सन्तान मैले मात्र पाएको हो ? यिनले तपाइँको मासु बढी खाएका छन् कि मेरो खाएका छन् । आइमाईको पिरै बुझ्नुहुन्न तपाइँ (पृ.३)' भनी कुकुरलेझैं बच्चा मात्र पाउन जानेकी भन्ने पतिको आक्षेपको खण्डनबाट हुन्छ ।

सन्तान जन्मनुमा नारी मात्र दोषी हुन् भन्ने गलत मानसिकताका विरुद्ध नारीले पुरुषलाई पनि त्यसको जिम्मेवार ठहऱ्याउने प्रयास गरेको देखिन्छ । दिनेशको अपमानजनित वचन विरुद्ध उसमा क्रोध र रिस उत्पन्न हुनु र क्रोधित भएरै जवाफ फर्काउनु प्रतिरोधको सङ्केत हो । पाकेर घाउमय बनेको दीपाको शारीरिक दुरावस्थाबाट उत्पन्न वितृष्णाले दिनेशलाई दीपाको जीवनको अन्त्यले सुखानुभूति मिल्ने मानवताहीन  धारणाप्रति आफ्नै आफूलाई भीरबाट पल्टाइदिएर अर्को बिहा गरेर सुखसाथ भनी आक्रोश पोखेकी छ । नर्मदासँग विवाह गरेपश्चात् दीपामाथि दिनेशले दिने पीडामा आएको बढोत्तरीसँगै दीपामा

पनि प्रतिरोधी भावना थप जागृत भएको छ भन्ने तथ्यगत प्रमाण दीपाले आफूलाई घरनिकाला गर्न खोज्ने पतिको कार्यविरुद्ध गरेको निम्नलिखित आक्रोशपूर्ण कथनले प्रस्ट पार्दछ :

> दीपाले अलि रिसाएको स्वरमा भनिन् - "झन् मैले आफ्नो लोग्नेलाई दुःख नहोस् भनेर आफूले सौता बेहार्न तयार भएर तपाईँलाई बिहा गर्नुस् भनेँ । नयाँ दुलही आउनासाथ आजैदेखि मलाई बाहिर लखेट्ने ? म के त्यसै यस्ती रोगी भएकी हुँ ? त्यत्रा सन्तान जन्माउँदा जन्माउँदा यो पाला जुम्ल्याहा सन्तान पेटमा तेर्छो परेर सुँडेनीले हात हालेर तान्दा र के गर्दा पेटभित्र के के भो के के । म तिनै मरेका तपाईँकै सन्तानको कारणले यसरी उठ्नै नसक्ने गरी थला परेकी हैन ? मैले यो घरमा आएर वर्षौँवर्षसम्म दुःख गरेर यतिका सन्तान जन्माएको तपस्या बिर्सनुभो ? तपाईँ आफ्नी स्वास्नीप्रति कति दयालु ? म दस दिनसम्म बेहोस हुँदा वैद्य बोलाएर पनि ल्याउनुभएन । त्यसरी रगतको आहालमा सुत्दा औषधि उपचार गर्नुपर्छ भनी कहिल्यै सोच्नुभो ? आखिर त्यति सानो उमेरमा यहाँ आएर कति दुःख गरेँ, कसरी त्यत्रा सन्तान जन्माएँ । अहिले म बिरामी परेर यो हालतमा पुगेको बेला अर्की स्वास्नी ल्याउनासाथ मेरा भुल्ला बाहिर मिल्काएर घरबाटै निकाल्ने ? (पृ.४०-४१)

शारीरिक अशक्ततता र सामाजिक मर्यादाकै कारण पनि पतिको उत्पीडनप्रति बाह्य शक्तिको प्रयोग गर्न असमर्थ बनेकी दीपाले विगतमा आफूले निर्वाह गरेका बुहार्तनको गुन बिर्सेर कुरूप अवस्थामा पुगेपछि विभेद गर्ने पति विरुद्ध आक्रोश पोखेकी छ । उसको प्रतिरोधमा क्रोध, घृणा र पीडाको तीनवटैको सम्मिश्रण पाइन्छ । पतिको खुसी र सुखका निम्ति दोस्रो विवाह गर्ने स्वीकृति दिँदा उल्टै घरनिकाला गर्न खोजेपछि दीपाले धेरै सन्तान जन्माउँदा यो दारुण अवस्थामा पुगेकाले आफूप्रति कुनै भेदभाव नगरी त्यही घरमा राखेर सँगै बस्न आग्रह गरेकी छ । पतिको जबर्जस्त घरनिकाला गर्ने कार्यविरुद्ध शारीरिक शक्तिको उपयोग नभई मानसिक घृणा र वाक्युद्धद्वारा प्रतिरोध गरेकी छ । पतिकै कारण नारकीय जीवन भोग्नुपरेको तर सारा दोष आफूमाथि मात्र थुपारेर यातना दिने गरेको कार्यप्रति तीव्र विरोध गरेकी छ । यहाँ दीपामा आक्रोश उत्पन्न हुनु, पतिकै कारणले यस अवस्थामा पुग्नुपरेको भनी मानसिक घृणा उत्पन्न हुनु, असल पतिव्रता बनेर विगतमा निर्वाह गरेका कार्यहरूको स्मरण गराउँदै त्यसका बदलामा घरबाट निकाल्ने दुस्साहस नगर्न चेतावनी दिनु, आफूले भोग्नुपरेको कहरपूर्ण अवस्थाको दोष पतिमाथि थुपार्ने हिम्मत गर्नु दीपाले गरेका लैङ्गिक उत्पीडन विरुद्धका प्रतिरोधी कार्यहरू हुन् ।

पत्नी हीराबाट सन्तान नभएपछि काका हुतराजको निर्णयबमोजिम हरिकलासँग अरुणले दोस्रो विवाह गरेपश्चात् हीरा मानसिक पीडा भोग्न विवश छे । सन्तान नभए धर्मपुत्र पाल्ने प्रतिज्ञा गरेको पतिले सन्तानलाई धार्मिक आस्थासँग जोडेर विवाह गरे पनि त्यसलाई रोक्न शारीरिक बलको उपयोग नगरे पनि आन्तरिक शक्तिको प्रयोग गरेकी छ भन्ने कुरालाई हीराको निम्नलिखित आत्मकथनले प्रस्ट पार्दछ :

> हीराले धोतीको छेउले आँसु पुछ्दै भनि् - "हामीलाई सन्तान नभएको तपाईंका कारणले हो कि मेरो कारणले के थाहा ? अर्को बिहा गरेपछि सन्तान पक्कै हुन्छन् भनेर कसले ठोकुवा गर्न सक्छ ? कान्छी स्वास्नी ल्याएपछि सन्तान भए पनि तपाईंको माया उतै सरिहाल्छ । आजसम्म यस घरमा जति दुःख गरे पनि अब म त यहाँ हेला र पराइ झैँ भएर रुँदै  बस्ने त हो नि । (पृ.११)

हीराले पतिको दोस्रो विवाह विरुद्ध उग्र भएर नभई शालीनताबाट प्रतिरोध गरेकी छ । सकेसम्म सौता नल्याए हुन्थ्यो भन्ने उद्देश्यअनुरूप नै रोएको देखिन्छ । सन्तान नजन्मनुको दोष आफूमाथि थोपर्न खोजेकोमा त्यसको दोषी को हो भन्ने प्रतिप्रश्न गरेकी छ । कान्छी ल्याएपछि आफूप्रति पतिको माया र वास्ता नहुने भन्दै अश्रुधारा खसाल्नुले उक्त विवाहलाई रोकेर आफूप्रति प्रेम र सहानुभूति स्थापित गर्न खोज्नु हो । पतिकै कारण मानसिक यातना पाएकी हीराले पतिको दोस्रो विवाहलाई रोक्नका लागि सन्तान नहुनुमा दोषी पति पनि हुन सक्ने बताउनु, रुनु र अन्ततः घर छोडेर जानु उत्पीडन विरुद्धको प्रतिरोध हो ।

### ४.३.३ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*हीरा* उपन्यासमा महिलाबाट नै धेरै महिलाहरू उत्पीडित बनेका छन् । अर्थात् उत्पीडकको अग्रस्थानमा नारीवर्ग देखिन्छन् । त्यस्ता उत्पीडकमा खासगरी सासू, नन्द, सौता र सामन्ती धारका महिलाहरू छन् भने उत्पीडितमा बुहारी, सासू, नन्द र सर्वहारावर्गका नारी पात्र छन् । घरको आर्थिकभन्दा पनि व्यावहारिक पक्षलाई लिएर उत्पीडनको घटना सिर्जना भएको छ । परिवार तथा समाजमा वर्चस्व स्थापनाका लागि नै हिंसाका माध्यमबाट डर र त्रासको स्थिति प्रतिपादन भएको छ । उत्पीडकको प्रतिनिधित्व गरेका प्रमुख पात्रहरूमध्ये सासूमण्डलीको मेनका, बुहारी र सौता दुवै चरित्रमा देखिएकी नर्मदा, नन्दको रूपमा हरिकलालगायत पर्दा बाहिरका अन्य महिलाले गरेका छन् भनै उत्पीडित महिला पात्रको प्रमुख भूमिका दीपा, हीरा, उपल्लाबारी जेठी, हरिकलालगायत

अन्य पर्दाबाहिरका महिलाहरूले गरेका छन् । यिनै नारीपात्रहरूका आधारमा महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीनको विश्लेषण गरिएको छ ।

सासूबाट उत्पीडित दीपामा बदलाको भावना लिएर अन्याय र अत्याचारको प्रतिकार गर्न सङ्घर्षको मैदानमा ओर्लनुभन्दा आफ्नो शारीरिक अवस्थाकै कारण सहनशील हुनुमा ठीक ठान्ने मानसिकताकी नारी पात्र हो । रुग्ण शरीरले बढ्ता सहनशीलतातर्फ डोहाऱ्याएकै कारण सासूको दमन पराकाष्ठामा पुगेको छ । बुहारीलाई दबाएरै राख्नुपर्छ भन्ने परम्परावादी धारणा बोकेकी मेनकाले आफूले भोगेको बुहार्तन र उत्पीडनको बदला बुहारी दीपासँग लिने प्रयास गरेकी छ । गर्भवती र सुत्केरी दुवै अवस्थामा दीपाले स्याहार र सुसार नपाएकै कारण रोगी शरीर लिई बाँच्न विवश छे । आफ्नो शरीरमा तागत नभएकाले चामल पिस्न नसक्ने बताएकी दीपाले सासूको अनेक गाली खानुपरेको छ । बुहारीबाट मात्र सुखको आशा राख्ने तर ऊप्रति आफ्नो दायित्व निर्वाह नगर्ने स्वार्थी प्रवृत्ति मेनकामा देखिन्छ । महिला भएर पनि नारीको समस्या बुझ्न नसकेकोमा दीपा चिन्तित देखिन्छे ।

पुरुषले नारी-नारीबिच वैमनश्यता उत्पन्न गराउन नारीको मस्तिष्कमा यस्तो विचारधारा भरेको छ कि जसलाई महिलाले जायजका रूपमा लिएर अगाडि बढेका छन् । महिलाबिच एकताको अवस्थाले पितृसत्ताको स्थायित्वलाई प्रभावित पार्ने उद्देश्यले सिर्जित सांस्कृतिक मान्यता र विचारधाराले महिला महिलाबिच द्वन्द्व चर्किएको छ । आफ्नो अस्तित्व कायम राख्न एकले अर्काप्रति प्रतिशोधको भावना राख्दा कतिपय महिलाहरू शारीरिक र मानसिक उत्पीडनको सिकार भएका छन् । खराब सासूमण्डलीको प्रतिनिधित्व गरेकी मेनकाले निश्छल, कर्तव्यपरायण, सहनशील र इमानदार चरित्र धारण गरेकी बुहारी दीपाप्रति गरेका कुकृत्यलाई निम्नलिखित अंशले थप प्रस्ट पार्दछ :

> थुक्क दुष्ट ! खेतमा गई भनेको त यो दिनभरि यहाँ भकारामा पो सुतिछ । दल्नसम्म दली पापिनी, मलाई र मेरा छोरालाई । कस्तो लाज नभएकी नकचरी ! यस्तो उमेरमा खेतमा गएर काम गर्न सक्ने, घर फर्केर दिनभरि गोठमा सुत्ने । छौँडाको बथान जन्माउने बाहेक तेरो अरू केही काम छैन । (पृ. ४)

सात सन्तानपछि पुनः गर्भवती भएकी दीपा परिवारको बेवास्ता र प्रताडनाले शारीरिक रूपमा कमजोर छे । सासूले भनेबमोजिम काम गर्न नसक्दा सासूका दृष्टिकोणमा दुष्ट, पापिनी, नकचरी र छौँडा जन्माउने पशु भएर उभिएकी छ । विवेकहीन, स्वार्थी र

उद्दण्ड स्वभावकी मेनकाले बुहारीलाई अनेकौँ दुःख दिएर तिनमाथि निरङ्कुश हैकम चलाउने र बुहारीलाई देखिनसहने नेपाली समाजका दुच्छर स्वभावका सासूहरूको प्रतिनिधित्व गरेकी छ । सासूको तुच्छ व्यवहारबाट दीपा मानसिक हिंसाको सिकार बनेकी छ । दिनहुँको अपमान र तिरस्कारले आत्मसम्मानमा चोट पुग्दा उसमा नैराश्य छाएको छ ।

बुहारीको उपचार गर्न छोडी छोरालाई दोस्रो विवाह गरिदिएर सुखभोग गर्न खोज्ने मेनकाले सासूको शक्ति प्रदर्शन गर्न छोराको सहायता लिएकी छ । जसबाट दीपा दोहोरो उत्पीडनको सिकार भएकी छ । सुत्केरी व्यथाले रन्थनिएको अवस्थामा समेत अनेक आक्षेप लगाएर दमनमा उत्रेकी छ । भोक, रोग र शोकले तड्पिएको अवस्थामा दिनेशले सहयोग गर्न खोज्दा धर्मसँग जोडी विरोध जनाएकी छ । उसमा दीपाप्रति दयाको भावना कत्ति पनि देखिँदैन । बुहारी पनि मजस्तै नारी हो भन्ने सचेतना नभएकी मेनकाले भोको पेटमा लात हानेकी छ । धेरै दिनकी भोकी दीपाले भान्छामा खाने कुरा खोज्ने क्रममा भेटेपछि सासू आक्रोशित बनेकी छ । फलस्वरूप पापिनी र अधर्मी भन्दै तथानाम गाली गर्दै दीपालाई मानसिक पीडा दिनमा उद्दत देखिन्छे । धेरै दिनकी भोकी हुँदासमेत कसैले वास्ता नगरेपछि बाध्यतावश भोक मेट्न भान्छामा खाना खोजेकै भरमा घर डामाडोल भएको र सिकिस्त भएको नाटक गरेर छारो हालेको भन्ने आरोप लगााएकी छ । बुहारीसँग केवल बदलाको भावना लिन खोज्ने मेनकाले दिनेशलाई दोस्रो विवाह गर्न लगााई मानसिक यातना दिएको पुष्टि दीपाको निम्नलिखित आत्मकथनबाट थाहा हुन्छ :

> लोग्ने मूर्ख भए पनि सासूले त महिलाको मर्म बुझ्नुपर्ने हो, उहाँको मुखबाट पनि मीठो-मसिनो बोली कहिल्यै सुनिनँ । अलि काम बिग्र्यो कि सदै जुत्ताले गोद्ने । सुत्केरी हुँदा पनि दया र माया कहिल्यै पाइनँ दाजु । यसपालि सुत्केरी हुँदा धेरै बेहोस भएँ, तर मेरो केही उपचार भएन । सहने कुराले सीमा नाघ्यो, केही सीप लागेन दाजु ! (पृ.४९)

आफू नारी भएर पनि नारीको समस्या बुझ्न नसक्ने मेनका दीपाप्रति कहिल्यै नम्र भएको देखिँदैन । सामान्य कुरामा पनि कुटपिट गर्ने र सुत्केरी अवस्थामा पनि स्याहार नगरेको कुराले दुखी बनेकी छ । सुत्केरी व्यथाले बेहोस हुँदा उपचार गर्न छोडी छोरालाई अर्को विवाह गर्न हौसाउने मेनका दुष्चरित्रकी नारी पात्र हो । सासूको यस किसिमका अत्याचार सहँदै आएकी मेनका अन्ततः माइत पुगी आफूले भोग्नुपरेको बुहार्तनको पीडा दाजुसमक्ष पोखेकी छ । सामाजिक बन्धन र नीतिनियमहरूको कडा नियन्त्रणभित्र राखेर बुहारमाथि एकाधिपत्य जमाउँदा पनि दीपाले सासूका निर्दयी व्यवहार र कठोर

आचरणहरूलाई आर्थिक विपन्नता र शारीरिक अशक्तताकै कारण सहनुपरेको छ । समाजमा महिलालाई पनि याथोचित सम्मान दिलाउनुको सट्टा शोषण, दमन र आक्रमण गरी प्रताडना दिएकी छ । तर सासूको प्रमुख भूमिकामा रहेकी मेनका छोराको दोस्रो विवाह गरिदिएपश्चात् कान्छी बुहारीबाट उत्पीडित छे । नर्मदाले जतिसुकै शारीरिक र मानसिक यातना दिए पनि प्रतिवाद गर्न सकेकी छैन । जेठी बुहारीप्रति जुन किसिमको क्रूर व्यवहार गरेकी थिई त्यही खाले व्यवहार कान्छी बुहारीले गरेकी हुँदा उनी उत्पीडक र उत्पीडित दुवै अवस्थामा उपस्थित छे । मेनकालाई दिएको यातनाबाट पीडकलाई पनि पीडाको अनुभूति गराएर लैङ्गिक हिंसाको अन्त्य गर्न खोजिएको देखिन्छ । कान्छी बुहारीबाट पाएको अपमान, तिरस्कार र कुटाइबाट मेनकामा उत्पन्न मानसिक विचलनले ऊ उत्पीडनमा परेकी छ भन्ने कुरालाई सुजिनीसमक्ष मेनकाले राखेको निम्नलिखित पीडादायी भनाइबाट थाहा हुन्छ :

> मेनकाको भित्रैबाट भक्कानो फुटेर आयो र खप्न नसकेर आँखाभरि आँसु पार्दै भनिन्-के भनूँ सुजिनी ! जेठी बुहारीका आँसु लागे । मेरो बुद्धिमा डढेलो लागेर छोरालाई अर्को बिहा गर् भनें, त्यहीदेखि यस घरमा दशा पस्यो । एकातिर ठूली बुहारी र नातिहरूको त्यो हविगत । कान्छीले जति मनपरि गरे पनि दिनेश चुइँक्क बोल्न सक्तैन । फेरि छोरीको घरबार पनि बिग्र्यो । ज्वाइँ छुट्टीबाट फर्केपछि कता हराए कता । यतिका वर्ष भैसक्यो चिठीपत्र केही छैन । बिहा हुँदा छोरी सानै थिई र माइतै बसी । भाउजूले साह्रै नराम्रो वचन लाउँछे । जम्मै सम्पत्ति मेरो हो भन्छे । मलाई पनि कमारीलाई झैँ गराउँछे । मेरो हातमा केही छैन । आज भाउजूको वचन सहन नसकेर छोरी भोकै जंगल गई , फुङ्गालेर मरूँ कि झुण्डिएर मरूँ भने जस्तो हुन लाग्यो मलाई । यो मर्ने बेलामा कहाँ जाऊँ ? फेरि यिनै कुरा सुनी भने जगल्ट्याउन आउँछे । भन्दै धोतीका छेउले आँसु पुछिन् र भित्र गइन् । (पृ.९०-९१)

कान्छीको हेला र अपमानबाट मेनका भावविह्वल बनेकी छ । जेठी बुहारीप्रति गरेको पापको परिणाम भोगेको भन्दै छोरीको घरबार बिग्रेकोमा थप चिन्तित बनेकी छ । बुहारीले आफू र छोरीप्रति गरेको दानवीय व्यवहारको पीडा सुजिनीसँग पोखेर मन हलुका पार्न खोजेको देखिन्छ । बुहारीको हेला, अपमान र कुटपिटबाट आक्रान्त बनेपछि झुण्डिएर मरूँ कि जस्तो लागेको, मर्ने बेलामा अन्त कतै जाने ठाउँ नभएकाले हरेक प्रताडना सहनुपरेको गुनासो पोखेकी छ । कान्छी बुहारीकै कारण मानसिक र शारीरिक यातना भोगकी सासू ले नारीबाटै उत्पीडित हुनु परेकाले यहाँ समलैङ्गिक उत्पीडनको अवस्था देखा पर्दछ ।

नर्मदासँग दोस्रो बिहे गरेपश्चात् दीपाले सौताबाट थप नारकीय जीवन जिउनु परेको छ । प्रधानपञ्च नरेशकी छोरी नर्मदा सामन्ती संस्कारमा हुर्केकी र त्यस मान्यतालाई अँगाल्ने दुष्चरित्रकी नारी पात्र हो । सम्पूर्ण सम्पत्तिमाथि आधिपत्य जमाउँदै सम्पत्ति र बाबुको शक्तिको आड लिएर मदोन्मत्त भएकी छ । बिहे गरेको तेस्रो दिनदेखि नै आफ्नो वास्तविक रूप प्रदर्शन गर्न हौसिएकी ऊ परिवारमा आफ्नो एकल प्रभुत्व कायम गर्न सुरुदेखि नै दीपामाथि शारीरिक र मानसिक प्रताडना दिने कार्य प्रारम्भ गर्न आतुर देखिन्छे ।

आठौँ पटक सुत्केरी हुँदा मरेका जुम्ल्याहा सन्तान जन्माउनुपर्दाको पीडा, परिवारको गाली, अपमान र कुटाई सम्झेर दीपालाई रिँगटा लागेको छ । सौताको आगमनपश्चात् छोराछोरीको भविष्यलाई लिएर उत्तिकै चिन्तित देखिएकी छ । निस्सारमय जीवनको अनुभूति गरेकी दीपाको पीडादायी कारुणिक अन्तररोदनलाई उपन्यासकारले यसरी प्रस्तुत गरेकी छन् :

> दीपाले छाती पिट्दै भनिन् - "हरे, कति आपत् लेखेको छ नि मेरो जीवनमा । हुन त म यहाँ बिछ्यौनामा कुहेर बसेकी भए पनि के गर्न सक्थैँ र ? अब झन् के के भोग्नुपर्ने हो ? बाँचेर झन् बेकार भयो भन्दै सोधिन् - अरू तीन भाइ खोइ" ? (पृ.७२)

सौताले सानो छोरालाई पछारेर मारेपछि छाती पिटेर आफ्नो पीडा अभिव्यक्त गरेकी छ । अशक्त अवस्थाकै कारण सन्तानको रक्षा गर्न नसक्दा हृदय विदीर्ण भएको छ । उसको छोराको मृत्युकै कारण मनमा आएको छटपटाहट दीपाको मुख्य उत्पीडनको कारक तत्त्व हो । बाँकी तीन छोराको सोधखोज गर्दै अब झन् कस्तो समस्या भोग्नुपर्ने हो भन्ने कुराले विचलित तुल्याएको छ । छोराको विभत्स हत्याबाट मानसिक रूपमा विक्षिप्त बनेकी दीपाले आफू बाँचेकोमा पश्चाताप छ । पीडामुक्त हुन माइत गएकी दीपा पुनः घर फर्कँदा नर्मदाले भुतेनी, राच्छेस्नी, बैलाही र स्वाँठ भन्दै गाली वर्षाएकी छ । घरमा हैकम चलाउन दीपालाई घरबाट निकालिदिने धम्की दिएकी नर्मदाले सबै सम्पत्ति आफ्नो मात्र भएकाले घरमा बस्ने अधिकार नभएको बताइकी छ । सम्पत्तिमा आफ्नो पनि समान अधिकार भएको भन्दै प्रतिवाद गर्न खोज्दा कुटेर दीपाको हात भाँचिदिएकी छ । बलजफ्ती घरबाट निकालिएकी दीपा आरुबारीको छाप्रोमा गई बसेकी छ । भोकले छटपटिएको बेलामा कुमाल दाइसित माछा मागेर खाँदा अपशब्द प्रयोग गर्दै अवैध सम्बन्धको आरोप लगाएकी छ । आरुबारीमा सकीनसकी फलाएका मकै भाँचेर लैजाँदा उसको मन कुँडिएको छ ।

शारीरिक रूपमा अशक्त नारीमाथि नारीकै अत्याचारको कहरपूर्ण चित्कारले नारी नै नारीको दमन र शोषणको मूल जड हो भन्ने तथ्यलाई हीरा उपन्यासमा प्रस्तुत गरिएको छ । दीपाजस्ता रोगले शरीर जीर्ण बनेका नारीमाथि अत्याचार हुँदा न्याय र अधिकारका लागि लड्न नसक्दाको आर्तनादलाई दीपाले "ए निष्ठुरी ईश्वर ! तँ कति पापी होस् । सधैँ सधैँ निर्धामाथि यस्तो अत्याचार हुँदा पनि तँ केही गर्न सक्तैनस् । तँ हुने खाने र बलिया बाङ्गाहरूलाई मात्रै रक्षा गर्छस् । शरीर रोगी हुनाले अन्यायको विरोधमा संघर्ष गर्न सकिनँ मैले हारेँ (पृ.१०४)" भन्दै अभिव्यक्त गरेकी छ । दिनेशले मकै नभाँच्न आग्रह गरेपछि छाप्रोमा गई दीपालाई लाठो र मुड्कीले हान्दै तथानाम गाली गर्दा पनि बाध्यतावश सहनुपर्ने घटनाले दीपाको मनमा ग्लानि र चिन्ता उत्पन्न भएको छ । आफूजस्ता असहाय नारीको रक्षा गर्न नसकेकोमा ईश्वरपंति आक्रोश पोख्दै आफूले भोग्नुपरेको पीडा कहेकी छ ।

अन्याय र अत्याचार सहेर बाँच्न नसक्ने भन्दै जीवनसँग हारेको स्वीकार गर्दै आफैँलाई धिक्कारेकी दीपा नर्मदाको दमनबाट शारीरिक र मानसिक उत्पीडन भोगेकी छ । अन्ततः पीडाको भारी बोक्न नसकी आत्महत्या गरेकी छ । नर्मदाले पति, सासू र बाबुको आडमा दमन गर्नु, सम्पत्तिमाथि प्रभुत्व कायम गर्नकै लागि कुटपिट र अनेक लाञ्छना लगाई गाली गर्नु, घरनिकाला गर्नु, दीपाका छोराहरूलाई मार्नु, सौताकै कारण दीपाले जीवन त्याग गर्नुले महिलाले महिलालाई नै परपीडनमा पारेको स्पष्ट हुन्छ ।

*हीरा* उपन्यासमा हीराबाट सन्तान नभएपछि बाह्र वर्षकै उमेरमा करिब चालीस वर्षका अरुणसँग विवाह गराइएकी हरिकला भाउजू नर्मदाद्वारा उत्पीडनमा परेकी छ । विवाहलगत्तै सारा सम्पत्ति उसकै नाममा गराई अरुण हीराको खोजीमा निस्केपछि माइत गई बसेकी छ । अब आफ्नो सम्पत्तिले पाल्न नसक्ने भन्दै आफ्नै घर जान दबाब दिएकी छ । भाउजू नर्मदाले प्रताडना दिएको कुरालाई दाजु दिनेशले वास्तविकता बुझ्ने क्रममा नर्मदाले लगाएको निम्निलिखित आक्षेपले पुष्टि गर्दछ :

> कति पालि सतुंगे मगरका छोरा गोरेले रातमा आई तानेर लगेको देखेँ । कहिले भुमे घर्तीसँग र कहिले श्यामे तिरुवासँग लठारिएको पनि देखेकी छु । म त लोग्ने विदेश गएकी नन्द हुन्, भैगो जे हुने होस् भनी चुप लागेर बसेँ । हुँदा हुँदा अब त अति नै हुन थाल्यो । हिजो राति साउने पानीको जंगलमा कोसित गएर लठारिएकी थियौ ? त्यो सबै मैले देखेकी छु । (पृ.८९)

एकल नारी समाजमा एक्लै कतै जाँदा समाजले ऊप्रति हेर्ने दृष्टिकोण कति नकारात्मक हुन्छ भन्ने कुरालाई यस प्रसङ्गले प्रस्ट्याएको छ । यहाँ रहँदा अनेक लाञ्छना लगाएर भाउजू नर्मदाबाट परपीडन भोग्नुरेको छ । पितृसत्तात्मक सङ्कुचित सोचका कारणले घरबाहिर निस्कनुहुँदैन भन्ने मानसिकता नर्मदामा देखिन्छ । उसले नन्दलाई शक्तिकै आडमा कडा अधीनमा राख्ने प्रयास गरेकी छ । घर छोडोस् भन्ने उद्देश्यले नन्दमाथि सर्तुंगेको छोरो गोरेसँग अवैध सम्बन्धको आरोप लगाउने, गतिली नभएकाले राम्राले नलैजाने भन्दै आत्मसम्मानमा चोट पुऱ्याउने, अबदेखि माइत नआएस् भनी आशीर्वाद दिनेजस्ता कार्यले हरिकला असह्य पीडाले रन्थनिनु, मन विरक्तिएर सिमलको भुँवाझैँ उड्न थाल्नु, वनको झुँडीभित्र पसेर लामो सास फेर्दै घुँक्क घुँक्क रुनुले परपीडनमा परेको देखिन्छ । महिलाद्वारा महिला नै उत्पीडित भएकाले समान लिङ्गीबाट उत्पीडन भोगेको देखिन्छ ।

### ४.३.४ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*हीरा* उपन्यासमा महिला उत्पीडकबाट उत्पीडित महिलामा पनि उत्पीडन विरुद्ध प्रतिरोध गरेको पाइन्छ । मुख्यतः सासू मेनकाको उत्पीडन विरुद्ध बुहारी दीपाले, सौतिनी मेनकाको उत्पीडन विरुद्ध सौतिनी दिदी दीपाले र बुहारीको उत्पीडन विरुद्ध सासूले प्रतिरोध गरेका छन् । यिनै पात्रहरूबिचको द्वन्द्वात्मक अवस्थाका आधारमा महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोधबारे विश्लेषण गरिएको छ ।

एकातिर बढी सन्तान जन्माउँदा र स्याहार नपाउँदा शारीरिक रूपमा अशक्त हुनु  र अर्कातिर रोगी शरीरबिच पनि सासूको दुर्वचन र यातना पाउनुले दीपा शारीरिक र मानसिक रूपमा विक्षिप्त बनेकी छ । सासूका पाशविक व्यवहारले उब्जाएको दुःखदायी जीवनावस्थामा पनि ऊभित्र सासूप्रतिको मर्यादा कायमै छ । सासूको बुहारीलाई दबाएरै राख्नुपर्छ भन्ने सामन्ती मानसिकता विरुद्ध शारीरिक रूपमा अशक्त भएकै कारण प्रत्याक्रमण गरेर प्रतिरोध गर्न सकेकी छैन । तर बिस्तारै उसमा सासूप्रति घृणा र क्रोध भने उत्पन्न हुन थालेको छ । प्रतिरोधका रूपमा शिष्ट भाषाको प्रयोग गर्दै अशक्त अवस्थाबिच काम अह्राउँदा नकार्न खोजेकी छ । प्रतिशोधकै लागि छोराको दोस्रो विवाह गरिदिने  सासूको निर्णयलाई अन्तरहृदयदेखि रोक्न खोजे पनि शारीरिक अशक्तताले गर्दा प्रतिवाद गर्न भने असमर्थ छे । यसरी अशक्त शारीरिक अवस्था, परनिर्भरता र बेसहारापनले दीपालाई सासुको उत्पीडन

विरुद्ध भौतिक आक्रमण गर्न सक्ने अवस्था नभए पनि ऊभित्र उत्पन्न घृणा र क्रोध लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोध हो ।

सारा सम्पत्तिमाथि एकल सम्प्रभुता कायम गर्ने लुब्ध विचारले सौता नर्मदाले सौतिनी दिदी दीपाप्रति आक्रामक बनेर उभिएकी छ । दीपा र उसका छोराहरूमाथि दिएको नर्मदाले पाशविक यातनाले दीपाले मानसिक र शारीरिक रूपमा असह्य पीडा बोध गरेपछि ऊभित्र लुकेका सञ्चित शक्तिलाई प्रतिरोधका लागि उपयोग गरेकी छ । दिनरातको टोकसो र कुटाइबाट असह्य भएपछि नर्मदाको उत्पीडनप्रति वादविवाद गरी प्रतिरक्षा गरेकी छ । दीपालाई घरबाट निकालेर एकछत्र राज गर्न खोज्ने नर्मदा विरुद्ध कानुनी लडाइँ लडेकी छ । "म किन जाने हँ ? मैले तेरो के खाइदिएकी छु र मनपरी बोल्छेस् ? तेरो मात्रै हो ? लौ भोलि बिहानै गाउँका मान्छे बोलाएर मेरा छोराहरूको र तेरो अङ्स बाडौँ । बडो साँडा हुँदी रैछे यो त" (पृ.७५) भन्दै दीपाले सम्पत्तिमा समान अधिकारको खोजी गरेकी छ ।

अहोरात्र दुःख गरेर जोगाएको सम्पत्तिमाथि नर्मदाले एकछत्र राज गर्न थालेपश्चात् दीपामा आक्रोशको मात्रा बढेको छ । न्यायका लागि परिवारबाटै असहयोग मिल्नु र शारीरिक हिसाबले दुर्बल बनेकाले पनि भौतिक आक्रमण गर्न नसक्नु, आर्थिक अभावले कानुनी लडाइँ लड्न नसक्नुले ऊ बाध्य भएर घरबाट निकाला भई आरुबारीमा धपाइएकी छ । आरुबारीमा छँदा पनि नर्मदाको यातनामा रुकावट आएको छैन ।  भोकले आक्रान्त भएर कुमाले दाइसँग माछा मागेर भोक टार्न खोज्दा अवैध सम्बन्धको आरोप खेप्नुपरेको छ । यसले उसको अन्तरहृदयमा घृणा र क्रोधको भाव पैदा भएको छ । यसरी नर्मदाको अपहेलना, अन्याय, अत्याचार, दमन, शोषणविरुद्ध रुग्ण शरीरले गर्दा भौतिक आक्रमण गर्न नसके पनि दीपाले घृणा र क्रोध मिश्रित भाषाको प्रयोग गर्नु र न्यायका लागि समाज बसाल्नु उत्पीडन विरुद्धको प्रतिरोध हो ।

बाल्यावस्थामा नै वैवाहिक परिबन्दमा परेकी हरिकला विवाहलगत्तै पति अरुणले सारा जेथा सुम्पेर घर छोडेपश्चात् ऊ हुतराज काकाद्वारा उत्पीडनमा परेकी छ । षड्यन्त्रको भूमरीमा फसाएर अरुणको सम्पत्तिमा रजाइँ गर्न हौसिएका हुतराज हरिकलालाई दोस्रो विवाह गरिदिन खोज्दा "अरुणले यसो गर उसो भनेर हुन्छ र काका ? एकपालि बिहा भैसक्यो, अब फेरि किन बिहा गर्ने ? मेरा नाममा घरबारी लेखाइदिनुभएको छ, म आफ्नै घरमा बस्न चाहन्छु, म कतै जान्नँ" (पृ.९३) भनी विवाहको पस्ताव मात्र होइन जग्गा हडप्न

खोज्ने दुष्कार्य विरुद्ध प्रतिवाद गरेकी छ । मानबहादुरसँग बेमेल विवाह गराएरै भए पनि सम्पत्ति हत्याउने काकाको रणनीतिक औजारले काम गरेको छैन । षड्यन्त्रको द्वार भत्काउने प्रयासमा तल्लीन हरिकलाले रातिमा आएको मानबहादुरलाई धम्कीपूर्ण भाषाको प्रयोग गरी थर्कमान बनाएकी छ । अन्ततः केही सिप नलागेर हुतराज काका र उसको छोरो विनय मिलेर हरिकलालाको हत्या गरेपश्चात् यी दुईबिचको द्वन्द्व समाप्त भएको छ । यहाँ हुतराज काकाले मानबहादुरसँग विवाह गराउने प्रस्तावविरुद्ध हरिकलाले क्रोध र घृणा मिश्रित भाषाको प्रयोग गर्नु, हुतराज काकाले सम्पत्ति हडप्न खोज्दा समाज बसालेर दण्डित गर्न खोज्नु हरिकलाले काकाको उत्पीडन विरुद्ध गरेको प्रतिरोध हो भन्ने प्रस्ट हुन्छ ।

## ४.४ ***सीमावारि सीमापारि*** **उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध**

कविता पौडेलद्वारा लिखित *सीमापारि सीमावारि* उपन्यास नारी समस्यामा केन्द्रित छ । स्वबाट परतिर धकेलिएका महिलाहरू सीमावारि अर्थात् नेपालबाट सीमापारि अर्थात् विदेशमा पुऱ्याएर पुरुषका तुष्टिका साधन बनेका छन् । ऋयालखानारूपी वेश्यालयमा थुनिएर दानवरूपी पुरुषबाट नारीत्व लुटाउन विवश बनेका महिलाको कारुणिक र पीडादायी अवस्था यस उपन्यासमा चित्रित छ । उत्पीडित र उत्पीडक महिला र पुरुष दुवै भए पनि उत्पीडनको केन्द्रमा महिला छन् ।

नेपाल र भारतका विभिन्न परिवेशमा घटित घटनाहरूलाई समावेश गरिएको यस उपन्यासमा यौन तथा घरेलु हिंसाबाट पीडित पात्रहरूले भोग्नुपरेको वास्तविक यथार्थलाई चित्रण गरिएको छ । गरिबी र पितृसत्तात्मक सामाजिक संरचनाकै कारण नारी र पुरुषहरू कसरी र कस्तो उत्पीडन भोग्न बाध्य छन् भन्ने कुरालाई विविध चरित्रका पात्रहरू उपस्थित गराई वर्णन गरिएको छ । लैङ्गिक उत्पीडकमा खास गरी आफन्त र अभिजात वर्गका सामन्तहरू छन् भने उत्पीडित वर्गमा भाउजू, भतिजी, छोरी, पत्नी लगायत गरिबीबाट थिचिएका पुरुष र महिला पात्रहरू रहेका छन् । जसलाई प्रमुख पात्रका रूपमा रहेकी सीताले आफ्ना जीवनवृत्तबारे चर्चा गर्दा अन्य पात्रका घटनाहरू पनि जोडिन आएका छन् । उत्पीडकका रूपमा उपस्थित प्रमुख पुरुष पात्रहरूमा कमल, सरोज, हिरालाल, उमाका काका बाबु, ससुरा, शीलाको पति लगायत अन्य बेनामका पुरुष पात्रहरू छन् भने उत्पीडित नारी पात्रहरूको प्रतिनिधित्व सीता, उमा, शीला, बर्मेली आमालगायत देह व्यापारमा बेचिएका बेनाममका महिलाहरूले गरेका छन् । यिनै पात्रहरूलाई आधार मानी यस

उपन्यासलाई लैङ्गिक उत्पीडनका केन्द्रबाट अध्ययन विश्लेषण गरिएको छ । यस क्रममा पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन, महिलाद्वारा महिलामाथि गरिएको उत्पडिन र महिलाद्वारा पुरुषप्रति गरिएको उत्पीडनबारे तल उपशीर्षकसहित चर्चा गरिएको छ ।

### ४.४.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*सीमावारि सीमापारि* उपन्यासमा उपस्थित धेरैजसो पुरुष पात्रहरू शोषक र तानाशाही प्रवृत्तिका देखिन्छन् । नारीलाई कपटपूर्ण प्रेमको धरापमा पारेर यौनका लागि व्यापारीकरण गर्ने पद्धतिले महिलाहरू कति दुःखदायी जीवनसँग सङ्घर्षरत छन् भन्ने कुराको चित्रण गरिएको छ । रहर खुसी खोसिएर खोक्रो जीवनको अनुभूति गरेका महिलाहरू नारी अस्मिता जबर्जस्त बेचिनुपर्दा र पुरुषकै कारण मातृत्व रक्षा गर्न नसक्दा उनीहरूमा उत्पन्न पीडादायी अवस्थालाई सीताका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

सोह्र वर्षकै उमेरमा विधवा बनेकी सीता देवर कमलको षड्यन्त्रमा परी अवैध सम्बन्ध राख्न पुगेकी छ । तत्पश्चात् विवाहको गुलियोपनमा भुलेकी सीतालाई अन्ततः गर्भवती अवस्थामै भारतमा लगी बेचेको छ । आफन्तबाटै नारीहरू कसरी बेचिन्छन् भन्ने कुरालाई यस घटनाले पुष्टि गर्दछ । देवरका मीठा आश्वासनलाई सत्य ठान्दै अन्धभक्त भई मायामा चुर्लुम्म डुबेकी सीतालाई जब एक महिलाले तीस हजारमा बेचेको कुराको रहस्योद्घाटन गरेपछि मानसिक रूपमा विक्षिप्त बनेकी छ । पुरुषको चरित्र र प्रेमलाई अध्ययनविना नै गरेको विश्वासीपना र उनीहरूलाई नै भरोसाको केन्द्रक मान्ने प्रवृत्तिले कस्तो पीडा निम्त्याउँछ भन्ने कुरालाई "त्यति माया गर्ने कमलले माया गर्छ होला जस्तो कस्तोकस्तो झिनो आशा थियो । त्यसले त्यसो भनेपछि त मेरो आशा मर्‍यो र धैर्यले ठाउँ छोड्यो । रुँदारुँदा म बेहोश भएछु (पृ.९)" भनी सीताको आत्मवृत्तान्तले प्रस्ट पारेको छ । कमल आई प्रेम दर्शाउँछ कि भन्ने अन्तस्करणभित्र लुकेको झिनो आशाको त्यान्द्रो यौन व्यापारी महिलाको कुराबाट चुँडिएपछि छटपटाहटको अवस्था सिर्जना भएको छ । जीवन दुर्दशतापूर्ण हुने अवस्था आउन लागेकाले रुँदारुँदा बेहोस बनेकी छ ।

नेपाली समाजमा महिलालाई भोग्या र दासीका रूपमा मात्र सोच्ने प्रवृत्तिको विकासले नै महिला उत्पीडनको समस्या देखिएको कुरालाई माथिको घटनाले प्रस्ट पारेको छ । सीतामा देखिएको निराशा, छटपटाहट, कारुणिक चित्कार र बेहोस हुनु उत्पीडनको

अवस्था हो । कमलकै मानसिक र शारीरिक यातना भोगेको हुँदा ऊ परपीडनमा परेकी छ भन्ने कुराको थप प्रमाण सीताले म पात्र (लेखक) समक्ष व्यक्त गरेको निम्नलिखित भनाइले गर्दछ :

> मेरा हात सलबलाउँदै पेटतिर लागे, छाम्दा पेटमा लापा लागेकाले फेरि डाँको छोडेर रुँदै भनें, ए दैव किन यसरी मलाई मात्र सताउँछस् । मलाई लैजा न बरु । लैजा न, कति पीडा दिन्छस् । मलाई नलगेर किन छोडिस् ? त्यसपछि देवरलाई सराप्दै छाती ठोकेर निकै रोएँ । उठेर पानी खान लाग्दा चक्कर लागेर आयो अनि फेरि पल्टें । (पृ.१०)

सन्तान जन्माउने सीताको तीव्र उत्कण्ठा समाप्त भएपछि थप विक्षिप्त बनेकी छ । पुरुषको तुष्टिका निम्ति गर्भपतन गराइपछि बाँच्ने झिनो आशा समाप्त भएको छ । आफू जस्तो निर्दोष र असहाय नारीमाथि नै पीडारूपी बज्र प्रहार किन भयो भनी ईश्वरसँग कारण मागेकी सीताले आफ्नो लागि संसार रित्तो बनेको महसुस गर्दै मारिदन आग्रह गरेकी छ । देवरकै कारणले जीवन बन्धकमा परेको भन्दै उसलाई सराप्दै छाती पिट्दै रोएकी छ ।

नारी अस्मिता बेचेर पुरुषकै लागि बाँच्नुभन्दा मृत्यु नै उत्तम देख्ने सीताले पुरुषबाट उत्पीडित महिलाको प्रतिनिधित्व गरेकी छ । यहाँ घरपरिवारबाटै असुरक्षित बनेका महिलाले भोग्नुपरेको नारकीय र कारुणिक जीवनबारे चर्चा गरिएको छ । पुरुषका निम्ति सन्तान गुमाउनुको पीडाले डाँको छोडेर रुनु, थप पीडा लिएर बाँच्न नसक्ने बताउनु, छाती ठोकेर रुनु, चिन्ताले शरीर कमजोर भई रिँगटा लाग्नु, लामो समय यौन शोषणमा पर्दा जीवन रित्तिएको भन्दै निराश बन्नु, दुखी जीवन बिताउनु पर्दा आफूलाई अभागी ठान्नु, पुरुषकै लागि शरीर सुम्पनुपर्दा शरीर कमजोर बन्नुले सीता पुरुषद्वारा शारीरिक र मानसिक रूपमा उत्पीडनमा परेकी छ भन्ने कुरा प्रस्ट हुन्छ ।

समाजमा शिक्षिता नारीहरू पनि पुरुषको षड्यन्त्रकारी मायामा फसेर नारकीय जीवनतर्फ धकेलिएका सामाजिक घटनाहरू उपन्यासकारले यहाँ दृष्टान्तका रूपमा प्रस्तुत गरेकी छ । पतिको व्यवहार, चरित्र र विचारमा निश्छलता र निष्कपटता देखेकै कारण भारतीय वेश्यालयमा बेचिनुपर्दा नारीमा उत्पन्न मानसिक क्षोभलाई शीलाले गरेको चित्कारपूर्ण क्रन्दनलाई सीताले स्मरण गर्दै म पात्रलाई यसरी अभिव्यक्त गर्दछे :

> शीलाले मेरा गोडा समात्दै भनिन् -"दिदी मलाई बचाउनुस् । यस यमपुरीबाट मलाई बचाउनुस् लौन, लौन !" भन्दै आफ्नो टाउको रेलिङको बारमा ठोक्काई र रातो अनुहार पारेर दाह्रा किट्दै,

> "पख् पापी यहाँबाट जान पाएँ भने तँलाई काटेर टुक्राटुक्रा नपारी त किन पो छाड्ँुला पख्", भन्दै आफूले उचालेको साडी भुइँमा लतार्दै दुवै मुट्ठी कसी र दाँत कटटट पार्दै र गोडा बजार्दै सरासर भान्सामा पसी । (पृ.३६)

शिक्षित भएर पनि पुरुषबाटै उत्पीडनमा परेका महिलाहरूको प्रतिनिधित्व शीलाले गरेकी छ । पति, काका र सानिमाबाट बेचिए पनि चतुऱ्याइँ र अदम्य साहसकै कारण यौनशोषणबाट जोगिन सफल भएकी छ । आफू बेचिएको थाहा पाएपछि सीतासँग नारकीय जीवनबाट मुक्त गराउन अनुनय विनय गरेबाट मानसिक पीडामा छे भन्ने कुरा थाहा हुन्छ । नारी अस्मिताको अवमूल्यन गर्ने पति, काका र सानिमाप्रति आक्रोशित बनेकी शीलाले आवेगमा आई रेलिङमा टाउको ठोक्काउने, दाह्रा किट्ने, पापी पति र काकालाई टुक्राटुक्रा पारी बदलाको भावना राख्ने, मुट्ठी कस्ने र दाँत कटकट्याउने गरेकी छ । उसमा देखिएका यी शारीरिक र मानसिक परिवर्तनहरू पीडाको चरमोत्कर्षको अवस्था हो । आफन्तबाटै नारीजाति असुरक्षित, अपमानित र शोषित छने भन्ने कुरालाई माथिको घटनाले पुष्टि गरेको छ । शीलाजस्ता शिक्षित नारीहरूले आफ्नो अस्मिता रक्षाका गर्न,उत्पीडनबाट जोगिन, नारी स्वतन्त्रता र अधिकारका पाउन निर्भीकताका साथ डटेर लड्नुपर्छ नत्र सधैँ पुरुषको यौनदासी बन्नुपर्छ भन्ने सन्देश पनि दिएको छ ।

सत्ता र शक्तिका लागि पितृसत्ताले जुन किसिमको सामाजिक संरचनाको निर्माण गरेको छ, त्यो विभेदपूर्ण छ भन्ने कुरालाई महिलाका कष्टपूर्ण जीवनगत भोगाइका छटनाले पुष्टि गर्दछ । दाइजो प्राप्तिलाई अधिकारकै रूपमा अर्थ्याएको पितृसत्ताले यसलाई परम्पराको रूपमा स्थापित गरेको देखिन्छ । महिलाको उपस्थितिविना निर्माण गरिएका त्यस्ता रूढिवादी मान्यताले महिला र पुरुषबिच अविश्वास र द्वन्द्व बढाएको छ भने त्यस्तो द्वन्द्वले सिर्जना गरेको  परिणतिले ज्यादाजसो महिलामाथि प्रत्यक्ष असर पारेको छ । पुरुषले आर्थिक स्रोतको अधिकार, सामाजिक तथा पारिवारिक भूमिका आफूमा सीमित गर्ने तर नारीसँग धन र सम्पत्तिको माग गर्ने दुष्कार्यले आर्थिक रूपमा विपन्न महिलाहरू बढी मात्रामा लैङ्गिक हिंसामा परेका छन् । पुरुषको स्वार्थ सिद्धिका लागि निर्मित दाइजो प्रथाले निम्त्याएको महिला हिंसाको बर्बरतापूर्ण अवस्थालाई उमाले परिवारबाट पाएको यातनालाई सीताका माध्यमबाट उमाले शीलासमक्ष यसरी अभिव्यक्त गरेकी छ :

> सबै जनाले कुटेर छाडेपछि ससुरा आएर भने, "यसलाई उठाएर नालीमा फालिदेओ । त्यो त्यसको बाबु हो कि जार हो ! कार वाचा गरेको थियो । आज ६/७ महिना हुँदा पनि दिने

> कुराकानी छैन । खान नपाएकी राक्षसनीलाई लगेर कतै पुरपार गरिदेओ । कस्ताकस्ता मान्छेले छोरी दिन आएका थिए मेरो छोरालाई, न त यसको दाइजो, न त यसको काम, न त बोल्नीको मिजास नै छ ।"... त्यो दिन त्यत्तिकै गयो । मेरो जिउमा जताततै घाउ थिए, मुख सुन्निएको थियो । म त्यो घरमा गएपछि घरको नोकरलाई हटाएका थिए । सारा काम मलाई गराउँथे । उसका ठूलाठूला कम्पनी हुनाले लोग्ने र ससुरा राति घर आउँथे । मलाई कुकुरले खाने भाँडामा खान दिन्थे । (पृ.४७)

पितृसत्ताले सामन्ती संस्कारका रूपमा सिर्जना गरेको दाइजो प्रथाबाट बुहार्तन पीडा भोगेका नारीहरूको प्रतिनिधित्व उमा (शोभा)ले गरेकी छ । काकाले दाजुको सम्पत्ति हत्याउन दाइजोविनै उमालाई सम्पन्नशाली केटासँग विवाह गराइदिएपश्चात् पति र ससुराबाट शारीरिक र मानसिक उत्पीडन भोग्नुपरेको छ । अर्थोपार्जनका निम्ति नारीको शरीरलाई उपयोग गर्ने मान्यताको विकास पुरुषले गर्‍यो । समयक्रमसँगै यस मान्यतालाई पुरुषले नैसर्गिक अधिकारका रूपमा लिन थाल्यो । ससुरा र पतिजस्ता शोषकवर्गले दाइजो नपाउँदा उमाजस्ता महिलाहरूलाई फ्याँक्न मिल्ने वस्तुका रूपमा लिएको देखिन्छ । गरिबी र सीमित आधिकार भएकै कारण उमा पुरुषका नजरमा राक्षसनी देखिएकी छ । जतिसुकै बुहार्तनको भूमिका निर्वाह गरे पनि पति र ससुराका दृष्टिमा असल बुहारी भई उभिन नसक्नु दाइजो प्रथा हो । कुटाइबाट शरीर घाउमय बनेको र मुख सुन्निएको भए पनि परनिर्भरताकै कारण आवाज उठाउन सकेकी छैन । नारी भएकै कारण कुकुरसरह बाँचेकी उमा शारीरिक र मानसिक रूपमा उत्पीडित छे । उसले आफ्ना अन्य स्वपीडनलाई पुनः यसरी भन्दै जान्छे :

> उसले रिसले ओढेको सिरक ल्याएर म सुतेमाथि राख्यो र मेरो मुखमाथि बस्यो । म छटपटाएँ, खुट्टा फालेँ । केही गरी पनि उठ्न सकिनँ । अलि बेरमा बेहोस भएछु । धेरैबेरपछि होस आयो । त्यसपछि पिरैपिरले अनिँदो रात बिताएँ । (पृ.४९)

दाइजोको बदला लिन उमामाथि भौतिक आक्रमण गरेको सरोजले उमा र उसकी आमालाई माग्ने, ढुटेकी बाहन, कङ्गाल्नीजस्ता दुच्छर शब्दको प्रयोग गरी आत्मसम्मानमा चोट पुर्‍याएको छ । सिरकले मुख थुनिदिएर बेहोस बनाउनु, पिरैपिरले अनिदो रात बिताउनु, 'पैला जा' भन्दै गाली गर्नु, कुटपिट हुनु, दासीको तहमा राखेर तुच्छ व्यवहार गर्नु, बारम्बार दाइजो ल्याउन दबाब दिनु, रातदिनको पिटाइले आमाको सम्झनामा डाँको छोडेर रुनु, गुप्ताङ्गबाट रगत र पीप बग्नु, भयभीत भई बाँच्न विवश हुनु, कुकुरको सरहको व्यवहार

गरिनु उमाले पति र ससुराबाट भोगेका शारीरिक र मानसिक उत्पीडनका घटनाहरू हुन् । उत्पीडन सहन नसकी घर छोडेर हिँडेपछि पनि धेरै पुरुषले उसको शरीरलाई उपभोग गर्न अनेक षड्यन्त्र रचेका छन् । एक व्यापारीकोमा कामदारका रूपमा रहँदा घरमालिकले यौनशोषणको प्रयास गरेको छ । त्यसको प्रतिवाद गर्दा कुटाइ खाएकी उमाले आत्मरक्षाका लागि भेष बदल्नुपरेको छ । यसरी पति, ससुरालगायत थुप्रै पुरुषबाट शारीरिक र मानसिक यातना भोग्नुपरेको उमाको जीवनघटनाले महिलाहरू पुरुषबाट उत्पीडित छन् भन्ने कुराको पुष्टि गरेको छ ।

रीता, रीमा, यशोदाजस्ता थुप्रै नारीहरू पुरुष दलालबाट बेचिएर नारकीय जीवन बिताउन विवश छन् भने कतिपयले पीडा सहन नसकी भागेका र आत्महत्या गरेका छन् । दश कक्षा पढ्ने कलिला उमेरका बालिकाको उज्ज्वल भविष्यलाई अन्धकारमय बनाउन पुरुष सक्रिय छन् । बजारका सामानको भाउसरह बेचिनुपर्दा कहाली लाग्दो जीवन व्यतित गरेका कैयौँ नारीहरूको प्रमुख भूमिका दास बनेर पुरुषको यौनेच्छा पूरा गर्नु रहेको छ । पुरुषबाटै नारी अस्मिता सस्तोमा बेचिँदा समाजका अगाडि तिरस्कृत बन्नुपरेको छ । चौध वर्षकै उमेरमा काकाको छोराबाट बेचिएकी जमुनाले भोका गिद्ध, ब्वाँसा र स्यालरूपी पुरुषले लछार्दै शरीर लुछ्दाको पीडा सुनाएकी छ । धेरै पुरुषले एकैचोटि घण्टौँसम्म गरेको आक्रमणको समयलाई स्मरण गर्दै त्यसबेला आफ्नो क्रन्दन सुन्ने कोही नभएकोमा डाँको छोडेर रोएकी छ । यौनदासी बन्दा धेरै महिलाहरू विभिन्न रोगबाट ग्रसित बनेका छन् । जसले कलङ्कित बनायो उसैले आज औँला ठडाएको छ । सोह्र वर्षको उमेरमा बेहोस पारी व्यापारीद्वारा बेचिएकी पूजा, मास्टरद्वारा चौध वर्षको उमेरमा बेचिएकी बर्मेली सुनिताजस्ता महिलाहरूको जीवनगत भोगाइ उस्तै छ ।

*सीमावारि सीमापारि* उपन्यासमा नारीलाई व्यापारीकरण गर्ने पद्धतिले उनीहरूले दुखदायी जीवन भोग्न विवश छन् । रहर र खुसी खोसिएपछि खोक्रो जीवनको अनुभूति गरेका छन् । पुरुषको चरित्र र प्रेमलाई अध्ययनविना नै उनीहरूप्रति विश्वास र भरोसा गर्दा नारीको शरीर कुरूप वनेको छ । नारी शरीरको रस निचोरेर पिएका यौनपिपासु पुरुषहरूले अमूल्य र सुन्दर शरीरलाई स्वार्थका लागि जबर्जस्त प्रयोग गर्दा विदीर्ण र रुग्ण बनेको छ । लामो समय पुरुषकै शारीरिक तुष्टिका लागि शरीरर सुम्पेकी बर्मेली आमाले पुरुषबाट भोग्नुपरेको कहालीलाग्दो शारीरिक र मानसिक उत्पीडनलाई शीलासमक्ष पोखेको कुरा सीताले म पात्रसमक्ष यसरी बताउँछे :

> म त्यस यमपुरी जेलमा पैँतालीस वर्षको उमेरसम्म बसेँ । त्यसपछि मलाई त्यहाँबाट निकालिदिए । एकसरो लगाएको साडी ब्लाउजसहित । त्यसपछि कता जाने ! के गर्ने ? न त साथमा पैसा छ, न त हिँड्न सक्थेँ । गुप्ताङ्ग पाकेर पीप बगेर शरीरभरि दाद आएको थियो । पिसाबबाट रगत र पीप आउने र पीपले कपडा लुछुप्प भिज्ने, टाउको रिँगाउने, उभिनै नहुने गर्नाले खालि बाटोमा सुत्ने गर्न लागेँ । (पृ.१५६)

पैँतालीस वर्षसम्म पुरुषले बन्धक बनाई यौनशोषणमा परेकी सीताको यौवनावस्था रित्तिएपश्चात् बेकामे वस्तुसरह फ्याँकिएकी छ । शरीरको रसतत्त्व समाप्तिपश्चात् पुरुषको आवश्यकता पूरा गर्न नसकेपछि असहाय र गरिबीमै बाँच्न विवश छे । दिनरात लुछ्दा कुरूप बनेकी सीताले अन्ततः त्यसको बदलामा केवल शोक, भोक र रोग पाएकी छ । अरूको खुसीका लागि जीवन समर्पण गरे पनि उसले कहिल्यै कसैबाट ममता र सहारा नपाएको भन्दै दुखेसो पोखेकी छ । लामो समयसम्म बलात्कृत हुँदा गुप्ताङ्ग पाकेर पीपमय बनेको छ, शरीर जीर्ण बनेको छ । एक पेट भर्नकै लागि भीख माग्नुपर्ने अवस्थामा पुगेकी सीताले शारीरिक र मानसिक पीडामा बाँचेका उत्पीडित नारीवर्गको प्रतिनिधित्व गरेकी छ । शरीर अशक्त बनेपछि पारिश्रमिकविनै निकालिएकी, शरीरबाट पीप र रगत बगेको, कमजोरीले रिगँटा लागेको, लामो समय यौनदासी बन्दासमेत भीख मागेर जीवन धान्नु परेको, उभिनै नसक्ने अवस्थामा पुग्नुपरेको, गरिबीकै कारण बाटोमा सुत्नुपरेको, अमूल्य जीवन बर्बाद भएकोमा छटपटाउनुपरेको आदि घटनाहरूले सीताजस्ता कैयौँ नारीहरू पुरुषबाट शारीरिक र मानसिक रूपमा उत्पीडित छन् भन्ने कुराको पुष्टि गर्दछ ।

जेठाजु, काका, पति, मास्टर, ससुराजस्ता पुरुषबाट नारी जातिले समाजमा नारी भई बाच्न पाएका छैनन् । जेठाजुबाट लामो समय बलात्कृत भएकी एक महिलाले (नाम नभएको) नारी भएकै कारण न्याय पाउन सकेकी छैन । काकाकी बुहारी, दले दमैकी छोरी बाटुलीजस्ता नारीमाथि यौन शोषण गर्ने क्रममा गर्भवती भएपछि अन्त्यमा मारेर फालेको भन्दै जेठाजुले आफ्नै बुहारीलाई पनि कान्छी पत्नी बनाउँछु भनी बलात्कार गरेको छ । बलात्कारपश्चात गर्भ रहेपछि जुठे दमाइसँग अवैध सम्बन्धको आरोप लगाएर पन्छिन खोज्ने त्यस्ता पुरुषकै कारण महिला जाति उत्पीडनमा परेका छन् । स्वार्थका लागि कैयौँ महिलाहरूको जीवन उजाड बनाउने जेठाजुजस्ता शोषक, सामन्ती पुरुषहरूबाट नारीहरू असुरक्षित छन् । शक्ति र सत्ताको बागडोर सम्हालेर पितृसत्ताको शक्ति प्रदर्शन गर्न उद्दत पुरुषद्वारा नै लैङ्गिक उत्पीडनको बीजारोपण भएको देखिन्छ । आफूअनुकूलका सांस्कृतिक

मान्यता र नीतनियम निर्माण गर्दा महिला सहभागिता नहुनुले पनि उनीहरू अधिकार र स्वतन्त्रताबाट विमुख छन् भने शारीरिक संरचनामा नारी कमजोर हुन्छन् भन्ने मानसिकताकै कारण पनि कैयौँ महिलाहरू पछाडि पारिएका छन् । यिनै मान्यता र विचारबाट अभिप्रेरित भई पुरुषहरूले महिलामाथि शोषण र दमन गरेका छन् । यहाँ पुरुषद्वारा महिला उत्पीडित भएकाले विषमलैङ्गिक उत्पीडनको अवस्था देखिन्छ ।

## ४.४.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*सीमावारि सीमापारि* उपन्यास देहव्यापारमा लगाइएका महिलाहरूले पुरुषबाट भोग्नुपरेको शारीरिक र मानसिक समस्यामा केन्द्रित छ । यौन तुष्टिको साधन बनाएर जीवनको अस्तित्व समाप्त पार्न खोज्ने पुरुषको पाशविक प्रवृत्ति विरुद्ध केही महिलाहरूले विद्रोह गर्ने उद्घोष नै गरेका छन् । कमल, सरोज, काका बाबुलगायत अन्य बेनामका पुरुषहरूको लैङ्गिक उत्पीडनप्रति उमा, शीला जस्ता नारीहरूले प्रतिरोध गर्दै नारी जागरणको अभियान नै सञ्चालन गरेका छन् । यहाँ तिनै पुरुष र नारी पात्रहरूबिच उत्पीडनलाई लिएर भएको वाद प्रतिवादका आधारमा पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोधबारे विश्लेषण गरिएको छ ।

नारीको शरीरलाई बेचेर धनार्जन गर्न पल्केका द्रव्यपिपासु र शरीर उपभोग गरेर कामवासना पूरा गर्न खोज्ने यौनपिपासु पुरुष विरुद्ध खासगरी उमा र शीलाले बाह्य तथा आन्तरिक शक्तिको प्रयोग गरी कडा प्रतिरोध गरेको देखिन्छ भने अन्य महिलाहरूमा त्यस्ता पुरुषहरूप्रति घृणा र क्रोधको अवस्था मात्र देखिन्छ । प्रेमको जालमा पारेर गर्भवती अवस्थामै देवर कमलबाट बेचिएकी सीता, आफ्नै काकाको छोराद्वारा चौध वर्षको उमेरमा बेचिएकी जमुना, व्यापारीद्वारा बेचिएकी पूजा, मास्टरबाट बेचिएकी सुनिताजस्ता धेरै नारीहरूमा बेचिएका छौँ भन्ने कुराको ज्ञात भएपश्चात् मात्र प्रतिरोधी चेतनाको विकास भएको छ । त्यस्ता दलाल पुरुष प्रत्यक्ष रूपमा प्रतिवाद गर्न नसके पनि उनीहरूमा प्रतिशोध, घृणा र क्रोधको भाव भने उत्पन्न भएको छ । आफूलाई नरकतातर्फ धकेलेर सुखानुभूति गर्न खोज्ने पुरुषको उत्पीडनप्रति शीलामा तीव्र प्रतिरोधको अवस्था ज्यादा देखिन्छ । पतिबाट बेचिएको ज्ञात भएपश्चात् उसमा घृणा, क्रोध र प्रतिशोधको भावना एकै चोटि जागृत भएको छ भन्ने तथ्यलाई “पख दुष्ट, पख्, तँलाई त काटेर टुक्राटुक्रा पारेर तेरो रगत नपिई त कहाँ पो छोड्छुँला र ! हुँदाहुँदा मलाई बिहे गरेको त बेच्न पो रहेछ , अब तेरा

काकालाई र तँलाई काटेरै जेत जाने विचार छ । यस्ता बदमासलाई ठेगान लगाउन मैले पनि जानेकी छु” (पृ.३८) भन्ने शीलाको उमाको दमनकारी व्यवहार विरुद्ध गरेको आक्रोशपूर्ण कथनले प्रस्ट पार्दछ ।

नारीलाई कमजोर ठान्ने र उनीहरूलाई शारीरिक भोगका लागि प्रयोग गर्ने पुरुषलाई समाप्त पारेरै छोड्ने प्रतिशोधपूर्ण धारणाबाट महिलामा बिस्तारै प्रतिरोधी चेतनाको बीजारोपण भएको देखिन्छ । कामवासना र अर्थोपार्जनका लागि महिलालाई देहव्यापामा लगाइनु जघन्य अपराध हो भन्ने सचेतना शीलामा छ भन्ने कुरा “म नेपाल जान्छु, ती राक्षसी सौतेनी आमा र लोग्नेलाई राम्रोसित मर्मत गरेर आउँछु र कुनै नयाँ काम गरौँला” (पृ.७४) भनी घर गएर पति र काकालाई गोली हानी हत्या गरेबाट प्रस्ट हुन्छ । यसरी नै ट्याक्सी ड्राइभरबाट भएको बलात्कार प्रयासको प्रतिरोध गर्दा उसलाई पनि गोली हानी मारेकी छ । अन्य थुप्रै पुरुषसँग मुकाबला गर्दै नारी अस्तित्व बचाउन गरेको प्रयास लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोध हो भन्ने थाहा हुन्छ ।

दाइजोलाई लिएर पति र ससुराले चरम यातना दिँदा पनि प्रारम्भतिर सहनशीलता प्रदर्शन गरेकी उमाले अन्ततः ग्यास डिपोमा आगो लगाउने साहस मात्र गरेकी छैन, घर छोडेर हिँडेकी छ । भौतारिँदै हिँडेको अवस्था दलालले पत्नीको साइनो गाँसेर अस्तित्व लुट्ने प्रयास गर्दा क्रोधित बन्दै पुलिस थानामा गएर उजुरी गरेर दण्डित गर्ने चेतावनी दिएकी छ । तर उसले उक्त धम्कीलाई बेवास्ता गर्दै पछ्याउन खोजेपछि साडीले घाँटी थिचेर हत्या गरेकी छ । आफ्नो वास्तविक परिचय लुकाउँदै हिँडेकी उमाले धेरै पुरुषसँग मुकाबला गर्नुपरेको छ । साठी वर्षे व्यापारीले अस्मिता लुट्न खोज्दा त्यसको डटेर सामना गरेका कुरालाई “तपाईंले के सोच्नुभएको छ ? म त तपाईंकी नातिनी बराबर छु । के यसरी नचाहिँदो कुरा गर्नका अलिकति पनि अप्ठ्यारो, शरम लाग्दैन त बाबा ! पुरुष भएपछि अलिकति पनि दया माया हुँदैन ? के भन्नुहुन्छ ? केको कान्छी ? नचाहिँदो नबोल्नुहोस्” (पृ.६७) भन्दै नाता सम्बन्ध गाँस्न खोज्दा उमाले उल्टै थर्काएबाट पुष्टि हुन्छ ।

*सीमावारि सीमापारि* उपन्यासमा  धेरै महिलाहरू पुरुषबाट उत्पीडित भए पनि सबैले उत्तिकै प्रतिरोध गर्न सकेका छैनन् । आफन्तबाटै बेचिएर र यौनशोषणमा परेर ऊर्जाशील जीवन मात्र समाप्त भएको छैन शरीर रोग, भोक र शोकले जीर्ण बनेको छ । जीवनलाई यस्तो दुरावस्थामा पुऱ्याएकोमा क्रन्दनभित्र आक्रोश र घृणा पोखिएको छ । यसरी

पुरुषका पाशविक व्यवहार र विचारधाराप्रति महिलामा देखिएको घृणा, क्रोध र प्रतिशोध लिन गरिएको हत्या लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोध हो भन्ने थाहा हुन्छ ।

## ४.४.३ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

कविता पौडेलका प्रायः उपन्यासमा उत्पीडित र उत्पीडकमा धेरैजसो नारीवर्ग छन् । पुरुषको सामन्ती संस्कारका पछ्यौटे महिलाहरू नै नारी उत्पीडनका परिपोषक हुन् । प्रस्तुत *सीमावारि सीमावारि* उपन्यासमा परिवार तथा सामन्ती विचारधाराका महिलाद्वारा गरीब र अशिक्षित नारीलाई देहव्यापार तथा घरेलु काममा लगाई प्रताडना दिइएको छ । उत्पीडकका रूपमा सासू, व्यापारी, सानिमालगायत अभिजात वर्गका नारी पात्र र उत्पीडितका रूपमा पत्नी, बुहारी, छोरी, भतिजी, भान्जी लगायत गरीब र अशिक्षित नारीहरू छन् । यिनै पात्रहरूका आधारमा यस उपन्यासलाई लैङ्गिक उत्पीडनका केन्द्रंबाट अध्ययन विश्लेषण गरिएको छ ।

*सीमावारि सीमापारि* उपन्यासकी प्रमुख पात्रमध्ये सीता पनि एक हो । देवर कमलसँग अवैध सम्बन्ध राखेपछि गर्भवती बनेकी सीता अन्ततः गर्भवती अवस्थामै कमलबाट बेचिएकी छ । म पात्रलाई हीरालाल मास्टरले देहव्यापारमा लगाउन बनाएको योजनाअनुसार सीता लिन जाँदा उल्टै दण्डित भई म थियापात्रसमक्ष जीवनमा भोगेका स्वपीडन व्यक्त गरेकी छ । छ वर्षको उमेरमा आमा गुमाएपछि कान्छी आमाको गाली र कुटपिटबाट उसको उत्पीडनको समय प्रारम्भ हुन्छ । सन्तान जन्माउने तीव्र अभिलाषा राखेकी सीताले यौनव्यवसायी साहुनीसँग अनुनयविनय गरे पनि उसको प्रार्थना र चित्कार अर्थहीन बनेको छ ।

साहुनीले डाक्टरसँग मिलेर गर्भपतन गराएपछि मानसिक रूपमा विक्षिप्त बनेकी सीताले तत्पश्चात् भोगेका स्वपीडनालाई म पात्रसमक्ष यसरी अभिव्यक्त गर्दै भन्छे, "साहुनीले कुट्ने, लात्तीले हान्ने र मेरो कपाल भुत्ल्याएर हातभरि रौँ हुन्थे । सधैँ रुँदारुँदा आँखाका आँसु पनि सकिएका थिए । त्यसपछि त मलाई लाग्यो कि मैले बाँच्नुको अर्थ के छ ? सोच्थेँ 'अब त यो परान गए पनि हुन्थ्यो, आनन्दै हुने थियो" (पृ.२२) । सुत्केरी हुँदा शरीर कमजोर भएपछि साहुनीले सुई लगाएर यौन व्यवसायमा लगाएको घटनालाई हेर्दा नारीभित्रको मातृवात्सल्यलाई धनले समाप्त पारेको छ । यस्तो शारीरिक अवस्थामा स्याहार

सुसारको आवश्यकता परे पनि साहुनीकै दबाबमा पुरुषको यौनतुष्टिको लागि शरीर सुम्पनुपरेको छ । एकातिर यौनशोषण र अर्कातिर गाली र कुटाइ खाएकी सीता असह्य पीडा भोग्नुपर्दा जीवनदेखि निराश बनेकी छ । साहुनीले भनेअनुसार काम गर्न नसक्दा कुटपिट गरिएको छ । नारी अस्मिता बेचेर नारकीय जीवन ज्युनुपर्दा आँखाबाट अश्रुधारा वर्सिएका छन् । जीवनको अस्तित्व समाप्त भएको महसुस गरी मर्ने भावना विकसित भएको छ । साहुनी जस्ता द्रव्यपिपासु महिलाकै कारण सुन्दर जीवन कुरूप बनेको छ, आनन्दको लुटिएको छ र बाँच्ने आशा मेटिएको छ । बिरामी अवस्थामासमेत उपचार र स्याहार पाउनुको साटो सुई लगाएरै काममा खटिन विवश छे । दलालले तेस्रोपटक उमालाई एक लाख दश हजारमा बेचेपछि केही राहत महसुस गरे पनि पीडाबाट भने उन्मुक्त भएकी छैन । असह्य पीडाले कतिपय महिलाहरू भाग्दा त्यसको दोष सीताले पाएकी छ । आफूले पनि धेरै उत्पीडन भोगेर पनि नारी समस्या बुझ्न नसक्ने उमा महिलालाई यौन व्यवसायमा लगाएर धन आर्जन गर्न सक्रिय छे । शीलाकै कारण यौन व्यवसाय बन्द भएपछि माइत गएकी सीताले सौतिनी आमाबाट पाएको स्वपीडनलाई म पात्रसमक्ष यसरी व्यक्त गर्छे :

> अब त बूढा बाबु मऱ्यो भनेर आइस् ! कताकता वेश्यालयमा गएर यत्तिका वर्षपछि थाकेर तँलाई अब माइती चाहियो ? छोरा रमणलाई भनिन्, यता बस् रमण ! त्यो त वेश्या पो त ! फेरि यस्तो दुःख बोकेका बेलामा यस्ता वेश्यासित छोइँदा पितृ पनि अगत पर्दछन् । (पृ.१९३)

पुरुषको सामन्ती संस्कारकी पोषक सौतिनी आमामा नारीत्व गुण देखिँदैन । पुरुषकै कारण बेचिए पनि सीतालाई अपवित्र ठान्ने उसको मानसिकता पुरुषवादी विचारधाराबाट अभिप्रेरित छ । सहाराको खोजीमा माइत गएकी सीता उल्टै अपमानित बन्नुपरेको छ । समाजमा पुरुषबाटै कलङ्कित बनाइएका महिलालाई अपशकुन मान्ने रूढि मान्यताले जरो गाडेको देखिन्छ । ऊर्जाशील समय पुरुषकै लागि समर्पण गर्न बाध्य पारिएकी सीतालाई मातृवात्सल्य दर्शाउन छोडी उल्टै छोए पितृ अगत पर्छन् भन्दै मानसिक यातना दिएकी छ । कान्छी आमाले भाँडाकुँडा छुन नदिनु, दमिनी, कमिनी र सर्किनीभन्दा तल्लो जाति भन्दै गाली गर्नु, आफू भए मरिहाल्थेँ भन्दै मर्न प्रेरित गर्नु, थुक्दै नकचरी, वेश्या वापतीको आरोप लगाउनु, कान्छी आमाको कटुवचनले प्रताडित भई कालले आफूलाई किन नमारेको भन्दै विलाप गर्नुले सीता महिलाबाट मानसिक र शारीरिक रूपमा उत्पीडित छे भन्ने प्रस्ट हुन्छ । यसरी सौतिनी आमाको दुर्वचनबाट पीडा महसुस गरी पुनः वेश्यावृत्तिलाई नै रोज्ने

मनस्थितिमा पुगेकी सीता महिलाद्वारा उत्पीडित नारी हो । महिलाद्वारा महिला उत्पीडित भएकाले यहाँ समान लिङ्गीबाट  उत्पीडनमा परेको देखिन्छ ।

नेपाली मूलकी भारतीय नागरिक उमा उत्पीडक र उत्पीडित दुवै रूपमा देखिएकी अर्की नारी पात्र हो । पुरुषबाट मात्र नभई सासू, नन्द र भाउजूबाट पनि उत्पीडित छे । सामाजिक कुरीतिका रूपमा पितृसत्ताले सिर्जना गरेको दाइजो प्रथा नै उसले भोग्नुपरेको उत्पीडनको प्रमुख कारण हो । उसले गरिबीकै कारण दाइजो दिन नसक्दा घरपरिबाट तिरस्कृत र अपहेलित बनेका नारीवर्गको प्रतिनिधित्व गरेकी छ । उसले दाइजोकै कारण घरका महिला सदस्यबाट भोग्नुपरेको अपमान र तिरस्कारपूर्ण व्यवहारबाट उत्पन्न मानसिक यातनालाई शीलासमक्ष अभिव्यक्त गरेको कुरा सीताले म पात्रसामु यसरी बताउँछे :

> सातवटा नन्द, एक जना देवर, सबैको गोडामा तेल घस्नुपर्ने ! दाइजो नल्याएकोमा सबै परिवारको हेला भएकी थिएँ , सासू र नन्दहरूले खाना खाने बेलामा, “खा, आफ्ना माइतीमा खान पाएकी भए पो ! ढुटेकी छोरी, आमा सात ठाउँ पोइल गएकी । माइतीमा पीठो पनि नदेखेकीले यस्ता ठाउँमा खान पाएकी छेस्” भन्दै घोचा सोला गर्दथे । (पृ. ४७)

उमा जस्ता नारीले भोग्नुपर्ने यातनाको मूल जरो आर्थिक विषमता र शोषकवर्गले निर्माण गरेको कुप्रथा हो । नारीलाई दाइजोसँग जोडेर हेर्ने प्रवृतिको विकास पुरुषले गर्‍यो र त्यसलाई स्वाभाविक ठान्न महिलाको विचारधारामा परिवर्तन गरिदियो । फलस्वरूप यसलाई अधिकारका रूपमा लिने प्रयत्न गरियो । कुप्रथाको अन्धभक्त बनेका सासू र नन्दले उमालाई माइतीको इज्जतसँग जोडेर अनेक लाञ्छना लगाएका छन् । गरिबी र दाइजो प्रथाको निर्माता नारी होइनन् तर उमा जस्ता कैयौं महिलाहरू नारीबाट नै उपेक्षित छन् भन्ने कुरालाई माथिको अंशले प्रस्ट पारेको छ । आर्थिक सम्पन्नशालीताको अहमताले उन्मत्त बनेका सासू र नन्दले आफ्नो र उमाको माइती परिवारको इज्जतलाई तुलना गर्ने आधार सम्पत्तिलाई मानेका छन् । सासू र नन्दको दुर्वचनले सोला दिएको भन्ने कथनबाट उमा उत्पीडित छे भन्ने थाहा हुन्छ । झुक्किएर शरीरमा पानीको छिटो पर्दा भाउजूले बढाइचढाइ कुरा लगाइदिएपछि सबैले ऊमाथि कुटपिट गरेका छन् । सामान्य विषयमा पनि नारीलाई ठूलो दण्ड दिएर भयग्रस्त बनाउनुपर्छ भन्ने मानसिकता भाउजूमा देखिन्छ । विवेकहीन, स्वार्थी र उद्दण्ड स्वभावकी उमाकी सासूले सामन्ती संस्कारका रूपमा रहेको दाइजोलाई मूल मुद्दा बनाएकी छ । निरन्तर मानसिक दबाब दिँदै आएकी उसले भनेबमोजिम दाइजो

ल्याउन नसकेपछि आफूमाथि क्रूर दानवीय व्यवहार भएका कुरा उमाले शीलासमक्ष राखेको कुरा सीताले म पात्रलाई यसरी भनेकी छ :

> बिचरी नखाईकन सुतेकी आज, कति भोक लागेको होला ! लेऊ त विना भात ! उनीहरूले मुखमा भात कोचिदिँदै भने, लौ घिच् ! त्यसरी औँलाले मुखमा कोचिदिँदा म पल्टिएँ, आँखाबाट आँसु झरे । मुखमा भात अड्केर होला गोडा फालेँ । सासूले पानी हाल्दै औँलाले कोच्दै भनिन्, 'यस्तो मान्छे पनि ल्याउने ! यत्रो भारतमा जति केटी पनि थिए । यो केटो पनि कामै नलाग्ने रहेछ । एउटै कम्पनीमा काम गर्ने साथी भनेर होला । यसलाई त मट्टीतेल हालेर आगो लगाइदिए हुन्छ । अरू केटी बिहे गरेको भए दाइजोले कति भरिन्थ्यो होला ! यस्ता घसौटा' भन्दै लात्तीले हानेर गइन् । (पृ.४९)

पितृसत्तात्मक मानसिकताबाट ग्रसित उमाकी सासू आफू नारी भएर पनि नारीकै अपमान गरेकी छ । दुच्छर स्वभावका सामन्त सासूमण्डलीको प्रतिनिधित्व गरेकी उसले बुहारीलाई शारीरिक र मानसिक दिनु आफ्नो नैसर्गिक अधिकार ठानेको देखिन्छ । सारा घरपरिवार सर्वस्व त्यागेर आएकी बुहारीमाथि उसले गरेको व्यवहारबाट उमाले असह्य पीडाको बोध गरेको कुरा आँसु झारेको र छटपटिएर गोडा फालेको कुराबाट हुन्छ ।

भारतीय समाजमा पनि दाइजो प्रथाबाट नारीले घरेलु हिंसा भोग्नुपरेको देखिन्छ । आर्थिक रूपमा सम्पन्नशाली हुँदा हुँदै पनि धनको मोहले सासूलाई अन्धो बनाएको छ । दाइजोकै कारण थुप्रै महिलालाई जलाएर मारिने कुरालाई पनि यस घटनाले सङ्केत गरेको छ । औँलाले मुखमा कोचिपदँदा पल्टनु, आँसुका माध्यमबाट पीडा व्यक्त गर्नु, सासूकै कारण भात अड्केर छटपटाउनु, उमालाई घसौटा जस्तो तुच्छ र मूल्यहीन मानेर अपमान गर्नु, आगो लगाइदिने भन्दै त्रास सिर्जना गर्नु, लात्तीले हान्नुले उमा सासूबाट उत्पीडित छे भन्ने थाहा हुन्छ । सामन्ती संस्कारको परिवेशमा हुर्केकी सासूले उमामाथि हुकुमी शासन गर्न खोजेकी छ । धम्की र कुटपिट गर्दै निरन्तर दाइजोको माग गरेकी सासूले उमाले जतिसुकै बुहार्तनको भूमिका निर्वाह गरे पनि जस दिएकी छैन । गुणवती नारीभन्दा आर्थिक रूपमा सम्पन्नशाली नारीलाई बढी सम्मान गर्ने मान्यताको परिपाटीले उमाजस्ता बुहारीहरू सासूबाट दबिएका छन् भन्ने कुरालाई पनि यहाँ देखाइएको छ । उमाका माध्यमबाट पुरुषवादी मान्यतालाई अँगाल्ने सासूजस्ता महिलाहरूबाटै थुप्रै नारीहरू शारीरिक र मानसिक रूपमा प्रताडित छन् र त्यसको प्रमुख कारण आर्थिक विषमता र कुसंस्कार हो भन्ने मूल विचार माथिको अंशले बोकेको छ ।

पति, सानिमा र काकाको मिलेमतोमा बेचिएकी शीला शिक्षिता र साहसी नारी हो । जसका कारण अन्य महिलाले जस्तो उत्पीडन सहन परेको छैन । उमाको वेश्यालयमा बेचिए पनि नारी अस्मिता नगुमाएकी तर मानसिक रूपमा उत्पीडित छे । आफूलगायत अन्य कलिला बालिकालाई यौनधन्दामा लगाएर भविष्यमाथि खेलबाड गरेकोमा चिन्तित देखिन्छे । उमाको डर र धम्कीको सामना गर्दै अन्ततः उमामा रहेको पितृसत्तात्मक विचारधारा परिवर्तन गराई यौन व्यवसाय नै बन्द गराएकी छ । उमाजस्ता महिलाले आफूजस्ता कैयौँ छोरीहरूको भविष्य अन्धकारमय बनाउन लागेकोमा मानसिक उत्पीडनमा परेकी छ । महिलाबाट महिला उत्पीडित भएकाले यहाँ समान लिङ्गीबाट उत्पीडनको अवस्था देखिन्छ ।

### ४.४.४ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*सीमावारि सीमापारि* उपन्यासमा उत्पीडक महिलाप्रति उत्पीडित महिलामा पनि प्रतिरोध देखिन्छ । धेरैजसो महिलामा उत्पीडन विरुद्ध बाह्य शक्तिको प्रयोग नगरी घृणा र आक्रोशका माध्यमबाट प्रतिरोध गरेका छन् । यस उपन्यासमा नारी लैङ्गिक हिंसा विरुद्ध डटेर सामना गर्ने नारी पात्रका रूपपमा शीला उभिएकी छ । शीलाले निर्वाह गरेको भूमिकाका आधारमा महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोधबारे विश्लेषण गरिएको छ ।

आफूलाई बेचेर पतिसँग अवैध सम्बन्ध गाँस्न खोज्ने सानिमालाई मारेर बदला लिएकी शीला विद्रोहशील नारी हो । उमाको वेश्यालयमा बेचिएपश्चात् आफू र कलिला उमेरका बालिकाहरूलाई बलजफ्ती वेश्यावृतिमा लगाउन खोज्ने उमाको कार्यप्रति आक्रोश र घृणा मिश्रित भाषाको प्रयोग गर्दै तीव्र प्रतिरोध गरेको कुरालाई "ए, ए ! तैँले कसलाई कोर्रा लगाउन आएकी हँ ? नेपालीकी छोरी भएर नेपालका कलिला, नाबालक नानीलाई वेश्या बनाउन तँलाई लाज सरम छैन ? छट्, ले त्यो कोर्रा । आज कि त तेरो काल आउँछ, कि त मेरो काल" (पृ.३७) भन्ने शीलाको साहसपूर्ण कदमबाट पुष्टि हुन्छ । कलिला बालिकाहरूलाई देहव्यापारमा लगाएर सम्पन्नशाली बन्ने दुष्प्रयास विरुद्ध प्रतिवाद गरेकी शीलाले उमालाई यस्तो काम छोडेर समतामूलक समाजको निर्माणमा जोड दिएकी छ । उसले आफ्नो मात्र नभई बन्धक बनाइएका महिलाहरूको पक्षमा पनि वकालत गरेकी छ । पढ्ने उमेरका छोरीहरूलाई घृणित कार्यमा लगाएकोमा विरोध गर्दै सीमान्तकृत नारीहरूलाई

केन्द्रमा ल्याउनुपर्ने धारणा राखेकी छ । उमाले जतिसुकै डर र धम्की देखाए पनि निर्भीकताका साथ डटेर सामना गरेकी छ । त्यति मात्र नभई अन्य उत्पीडक महिला विरुद्ध पनि उसले प्रतिरोध गरेकी छ । यसरी हेर्दा आफूलाई बेचेर स्वार्थ लुट्न खोज्ने सानिमालाई मारेर प्रतिशोध लिनु, आफू र अन्य महिलालाई जबर्जस्ती वेश्यावृत्तिमा लगाउने उमाको कार्य विरुद्ध डटेर सामना गर्नु, उसमा लैङ्गिक हिंसाजन्य कार्यप्रति घृणा र क्रोध उत्पन्न हुनु महिला उत्पीडित विरुद्धको प्रतिरोध हो ।

### ४.४.५ महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन

*सीमावारि सीमापारि* उपन्यासमा महिला मात्र नभई पुरुष पनि उत्पीडनको सिकार भएका छन् । आभिजातवर्गका महिलाद्वारा पुरुष बलात्ककृत भएको घटनालाई यस उपन्यासमा समावेश गरिएको छ । ठेकेदार, व्यापारी, डिआइजी, कर्णेलका श्रीमतीहरूले पतिबाट यौन तुष्टि नमिलेपछि पर पुरुषलाई उपयोग गरेका छन् । उमाले सन्तोषलाई बेहोस अवस्थामा भेटेपछि उपचार गराउँदा होसमा आएपछि स्वपीडनलाई यसरी व्यक्त गरेको छ :

> के गरेको ? त्यत्तिका पैसा तिरेकी छु, यो त भाग्न पो लाग्यो ।" त्यत्तिकैमा एक जनाले चेनगेट खोल्दै आएर जबर्जस्ती मलाई सुई लगाउन लागी । मैले कराउँदै भनेँ, "लौन, गुहार ! गुहार ! ! ए दैव ! के भयो" यो भन्दा भन्दै तीन चार जनाले मेरो हात, गोडा समातेर मलाई हलचल गर्न नदिई सुई लगाएर भने, "तँलाई त्यसै किन छाडौँला र करिब चार लाख कमाएर मात्र छोड्ने हो भने । साला ! पुरुष भएर पनि नामर्द ! हुति नभएको ! राम्रोसँग काम गर, नत्र तँलाई मारेर नालीमा फालिदिन्छौँ, बुझिस् । (पृ.१७०)

कृषि बैङ्कमा जागिर गर्ने सन्तोष आलु पसलमा जाने क्रममा अपरिचित महिलाहरूले नाता सम्बन्ध गाँसी जबर्जस्ती गाडीमा हाली लगेका छन् । श्रीमान्ले पत्नीको यौन चाहना पूरा गर्न नसकेकोमा धेरै पैसा तिरेरै परपुरुषसँग अवैध सम्बन्ध राख्ने प्रवृत्तिको विकासले सन्तोषजस्ता पुरुषहरू महिलाबाट बलात्कारको सिकार बनेका छन् भन्ने कुरालाई यहाँ देखाउन खोजिएको छ । सुई लगाएरै जबर्जस्ती महिलाको यौनेच्छा पूरा गर्न विवश पारिएको सन्तोष शारीरिक रूपमा कमजोर बनेको छ । देहव्यापारकै लागि बेचिनुपर्दा मानसिक चिन्तामा परेको छ । डर र धम्कीबिच शरीर सुम्पन बाध्य भएको, शरीर शिथिल हुँदा सुई लगाएरै बलात्कृत हुनुपरेको, महिलाले भनेअनुसार गर्न नसक्दा कुटाइ खानु परेको,

रातभरिको निरन्तरताले थकित बनेको, लामो समय बलात्कृत हुँदा बेहास बनेको, असह्य पीडाले डाँको छोडेर रोएको, शरीरमा रगत सिद्धिएको अनुभूति गरेको, आँखाबाट पीडाको आँसु झरेका, घण्टाघण्टामा सुई दिएर पालैपालो धेरै महिलाको सिकार हुँदा शरीर रसविहीन जस्तो बनेको जस्ता घटनाहरूलाई हेर्दा सन्तोष महिलाबाट उत्पीडित छ भन्ने कुरा प्रस्ट हुन्छ ।

समाज परिवर्तनसँगै नारीले पनि अधिकार पाउनु, आर्थिक स्रोतमा नियन्त्रण राख्नु, खुलेरै यौन विषयबारे चासो राख्नुले पनि यस किसिमका घटनाहरू घट्ने गरेको पाइएको छ । यहाँ महिलाद्वारा पुरुष शारीरिक र मानसिक रूपमा उत्पीडित भएकाले विषमलैङ्गिक उत्पीडनको अवस्था देखिन्छ । महिलाद्वारा उत्पीडित सन्तोषमा उत्पीडन विरुद्ध बाह्य शक्तिको उपयोग गरेर प्रतिरोध नगरे पनि उसमा घृणा र क्रोधको भाव भने उत्पन्न भएको देखिन्छ ।

### ४.४.६ महिलाको लैङ्गिक उत्पीडनप्रति पुरुषको प्रतिरोध

*सीमावारि सीमापारि* उपन्यासमा अभिजात तथा सामन्ती संस्कारका महिलाको उत्पीडन विरुद्ध उत्पीडित पुरुषले बाह्य शक्तिको प्रयोग गरी तीव्र प्रतिरोध गर्न सकेको देखिँदैन । पतिबाट कामवासनाको परिपूर्ति हुन नसकेपछि अभिजात वर्गका महिलाबाट सामूहिक बलात्कारमा पर्दा भोग्नुपरेको उत्पीडनका विरुद्ध सन्तोषले गरेको प्रतिरोधका आधारमा यस उपन्यासलाई महिलाको लैङ्गिक उत्पीडनप्रति पुरुषको प्रतिरोधका कोणबाट विश्लेषण गरिएको छ ।

बैङ्कबाट निस्केर पसलमा आलु किन्न जाने क्रममा अपरिचित दुई युवतीले यौन सम्बन्धका निम्ति जबर्जस्त गाडी हाली लगेका छन् । आफ्नो इच्छा विपरीत सुई लगाउँदै शारीरिक सम्बन्ध गाँस्नुपर्दा शारीरिक र मानसिक यातना भोगेको सन्तोषले महिलाको उत्पीडनप्रति “लौन न, गुहार ! गुहार !! ए दैव ! के भयो यो” (पृ.१६९) भन्दै प्रतिवाद गर्न खोजे पनि महिलाहरूको सङ्ख्या धेरै भएको र उनीहरू शारीरिक हिसाबले पनि बलिष्ठ भएको हुँदा उक्त प्रतिरोध निरर्थक बनेको छ । जबर्जस्त शारीरिक सम्बन्ध राख्नका लागि दिएको धम्कीले बाह्य शक्तिको उपयोग गर्न डराएपछि उसमा उत्पन्न घृणा र आक्रोश प्रतिरोधका रूपमा देखिएका छन् । यस उपन्यासमा सन्तोषले गुहार माग्नु, फुत्किने प्रयास

गर्नु, 'अपराधी' भन्दै अन्तर्मनमा घृणा र आक्रोश उत्पन्न हुनु, बिन्ती गर्नु महिलाको लैङ्गिक उत्पीडनप्रति पुरुषले गरेका प्रतिरोधी कार्यहरू हुन् ।

## ४.५ *छोरीको चिठी* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

*छोरीको चिठी* उपन्यास सत्य घटनामा आधारित छ । वि.सं.२०५१ सालतिर रुपन्देही जिल्लाको खैरेनीमा रहेको एक परिवारले गरिबी र जातीयताकै कारण भोग्नुपरेको उत्पीडनलाई मूल विषय बनाइएको छ । उपन्यासमा घटित घटनाको परिवेश नेपाल, कतार, साउदी र बहराइन रहेको छ । यस उपन्यासमा पितृसत्तात्मक समाजमा महिला तथा पुरुषहरूले कसरी र कस्तो लैङ्गिक उत्पीडन भोगेका छन् भन्ने कुराको खोजी गरिएको छ । यस क्रममा पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन र महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडनबारे तल उपशीर्षकसहित विश्लेषण गरिएको छ ।

### ४.५.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*छोरीको चिठी* उपन्यासमा गरिबी र पुरुषवादी सामन्ती संस्कारकै कारण महिलाहरू बढी उत्पीडित छन् । नेपाल मात्र नभई कतार, बहराइन, साउदी जस्ता विकसित भनिएका देशहरूमा समेत पितृसत्ता हावी भएको कुरा रमिताले त्यहाँ रहँदा भोगेका उत्पीडनबाट प्रस्ट हुन्छ । यस उपन्यासमा उत्पीडकका रूपमा जङ्गबहादुर, कृष्ण पराजुली, विष्णुभक्त न्यौपाने, विश्वबहादुर थापा, दधिराम पाण्डे, कृष्णहरि अधिकारीलगायत अन्य अभिजात वर्गका पुरुष छन् भनेर उत्पीडित नारी पात्रहरूमा रमिता, सुन्तली सेती, रमिताकी आमा, उर्मिलालगायत एकल तथा आर्थिक रूपले पिछडिएका महिलाहरू र अभिजात वर्गका पत्नीहरू छन् । यिनै पात्रहरूबिचको अन्तर्सम्बन्धलाई आधार मानी लैङ्गिक उत्पीडनबारे चर्चा गरिएको छ ।

विपन्नताकै कारण आफ्नो परिवारप्रति दाजुभाइ तथा समाजले गरेको अपहेलना र दमनको पीडा सहन नसकी धनार्जन गर्न विदेश पलायन भएकी रमिताले त्यहाँ रहँदा अनेक समस्याहरूसँग सङ्घर्ष गर्नुपरेको छ । जुन कुरा उसले चिठीका माध्यमबाट स्वपीडनलाई यसरी अभिव्यक्त गरेकी छ :

> एक जना अधबैँसे त्यसै घरको लोग्नेमान्छे रहेछ । मलाई आफूतिर तान्दै उसले भन्यो, "ए केटी यता आइज त !" उसको मप्रतिको गलत विचार बुझेपछि मेले कराउँदै छोड मलाई भनेँ ।

> उसले चुरोट खाँदै थियो । चुरोट खाँदै मेरो मुखमा धुँवा फुरफुर पारिदियो । "अब कसले सुन्छ र ? जति चिच्याए पनि अब तेरो केही लाग्दैन ?" उसले खाइरहेको चुरोटले मेरो गालामा पोलिदियो । म रन्थनिएँ । (पौडेल, (२०७० पृ. ८)

कतार पुगेकी रमिताले एक पुरुषबाट यातना भोग्नुपरेको छ । विकसित देशमा पनि नारीप्रति हेरिने दृष्टिकोण विभेदपूर्ण छ भन्ने कुरालाई माथिको अंशले प्रस्ट पारेको छ । बलात्कारको प्रयास असफल हुँदा त्यसको बदलास्वरूप चुरोटले पोलिएर घाउमय बनाएको छ । पुरुषले भनेको मान्नैपर्ने नीतिको विकास पितृसत्ताले गऱ्यो । केवल यौनका साधन र दासी ठान्ने प्रवृत्तिले गर्दा नै रमिता जस्ता नारीहरू पछाडि पारिएका छन् ।

शारीरिक संरचनाका हिसाबले पनि महिलालाई अधीनमा लिन सकिन्छ भन्ने मानसिकता पुरुषमा छ । आर्थिक विपन्नताकै कारण शारीरिक र मानसिक उत्पीडन सहँदै त्यही घरमा बस्न विवश छे । उसको यातना सहन नसकी त्यहाँबाट जान खोज्दा चोरीको कानुन लगाउने धम्की दिँदै यौनशोषण गर्ने प्रयत्नलाई जारी राखेको छ । आफूप्रति गरेको दुर्व्यवहार सहन नसकी पारिश्रमिक मागेर जान खोज्दा उल्टै अपमानित बन्नुपरेको छ । पारिश्रमिक दिनुको साटो उल्टै मुखमा रुमाल कोचिदिएर बलात्कार गर्न खोजेको छ तर उक्त प्रयास असफल भएपछि कमाएको पैसा पनि लुटेर लगेको छ । महिलामैत्री समाज नभएकै कारण रमिताले पुरुषबाट अनेक यातना भोग्नुपरेको घटनाबाट लैङ्गिक उत्पीडनमा परेको देखिन्छ । उसले मालिकले भनेबमोजिम दिनरात कडा परिश्रम गर्दा पनि उचित पारिश्रमिक नपाएको र भोकै काम गर्नुपरेको पीडालाई चिठीका माध्यमबाट पोखेकी छ । एउटा घरमा काम गर्ने क्रममा अमेरिकाबाट आएको साहुको छोराले नेपाली चोर हुन्छन् भन्दै निकाला गरेको छ । गोठालाको काम पाएकी उसले गाईकै बिचमा सुत्नुपरेको भन्दै दुखेसो पोखेकी छ । रमिताले आफूले भोगेका पीडालाई आमाबाबुसमक्ष चिठीमार्फत यसरी व्यक्त गरेकी छ :

> घरमालिकले भन्यो, "यसलाई निकालिहाल्नुपर्ने, अझै किन राखेको ? गैहाल्, गैहाल् । मेरो नोकर भएर पनि मैले भनेको नमान्ने ? तँ जस्तालाई त यहाँ मैले कतिलाई मारेँ कतिलाई, तँ बिचस् ।" उसले एउटा हातले मेरो कपाल समातेर अर्को हातले मुखमा यसरी हान्यो कि के भनूँ । मुखबाट रगत आयो, अगाडिका दुइटै दाँत हल्लिए । त्यति बेला बिहानको एघार बजेको थियो र त्यस दिन आइतबार थियो । घाम अलि मधुरा थिए । त्यसरी अनाहक पराइको मुलुकमा सास्ती पाउँदा मलाई रुन आयो । म डाँको छोडेर रोएछु आमा !शरीर पसिनाले भिजेको थियो । खानु छ खाली पाउरोटी, त्यो पनि आधा पेट मात्र । बरु गोठमा बस्दा अलिअलि सुविधा थियो । (पृ.४७)

मलिकले भनेबमोजिम गर्न नसकेकै कारण रमिताले यातना भोग्नुपरेको छ । ऊजस्ता थुप्रैलाई मारेको भन्दै अनेक धम्की दिएको मालिकले कुटपिट गरेर शारीरिक यातना दिएको छ । एकातिर गरिबी र अर्कातिर विदेशी भूमि भएकाले पनि यातना सहन विवश छे । मुखमा हान्दा रगत आएको र दुबसन्तीईवटा दाँत हल्लिएको घटनालाई हेर्दा रमिताले धेरै पीडा भोगेको देखिन्छ । यस किसिमको दुर्व्यवहार सहनुपर्दा डाँको छोडेर रोएकी भए पनि उसको क्रन्दन सुनेर मालिकमा दया पलाएको छैन । नारीले भोग्नुपर्ने असह्य पीडाको अनुभूति गर्ने सामर्थ्य उसमा देखिँदैन ।

एक सामन्ती, शोषक र निर्दयी पुरुषको परिचायक बनेर उभिएको मालिकले श्रमशोषण मात्र गरेको छैन, भोको पेटमा काम गराएर मानवताको धज्जी उडाएको छ । विनाकारण घरबाट निकालिएपछि रमिता थप प्रताडित बनेकी छ । उसले भोगेका पीडा यत्तिमै सीमित छैनन् । पुनः मालीको काम गर्ने सिलसिलामा मालिकको छोराले चारवटी फारसी महिलासहित उसलाई अनेक प्रलोभन देखाएर बहराइन पुऱ्याएको छ । तत्पश्चात् कान्छी श्रीमतीको सम्बन्ध गाँसेर वेश्यालयमा बेचेको छ । आफ्ना दशाका दिनहरू पुनः सुरु हुन लागेको भनी भक्कानिएकी छ । रमितासँगै बेचिएकी सानी केटीको मुखमा रुमाल कोचिदिएर बलात्कार गरेको छ । त्यस किसिमको क्रूर व्यवहारबाट विक्षिप्त बनेकी उक्त केटीको क्रन्दन र छटपटाहछ देखेर सबै डाँको छोडेर रोएका छन् । आमाबाबुले दिएका सुझाव र उपदेशलाई बेवास्ता गर्नाले आज उत्पीडन भोग्नुपरेको भन्दै रमिता पश्चातापमा परेकी छ । पुनः अर्को काममा लागेपछि रमिताले थप उत्पीडन भोगेकी छ । मालिकको जेठो छोराले उसको नारी अस्मिता लुटेको छ । जसबाट रगतले सारा कपडा भिजेका छन्, शरीर त्रास र कमजोरीले काँपेको छ र गुप्ताङ्गबाट रगत बगेको छ । अनेक ठक्कर खाँदै वसन्ती दिदीको सहयोगमा नेपाल फर्केकी छ । यी घटनाक्रलाई हेर्दा अर्थार्जनका लागि विदेश पलायन भएका महिलाले त्यहाँ पुरुषबाट उत्पीडित महिलाको प्रतिनिधित्व रमिताले गरेकी छ । विदेशकको मोह राखेर खाडी मुलुक गएकी रमिताले मालिक तथा उसका छोराहरूबाट जेजस्ता यातना भोगेकी छ ती नारीका साझा उत्पीडन हुन् । पुरुषबाट महिला उत्पीडित भएकाले यहाँ विषमलैङ्गिक उत्पीडनको अवस्था देखिन्छ ।

*छोरीको चिठी* उपन्यासमा खास गरी महिला हिंसाको मूल कारण आर्थिक अवस्था कमजोर हुनु, पुरुषमाथि निर्भर हुनु, पारिवारिक तथा सामाजिक भूमिका र आर्थिक अधिकार पुरुषमा सीमित हुनु र जातीय मान्यताले महत्त्व पाउनु हो । शोषक र सामन्त कृष्ण

पराजुलीले जातीय मान्यताको खोल ओढेर आफूलाई अभिजात वर्गका रूपमा परिचित गराएको छ । मानसिलाई छुत र अछुतको रूपमा वर्गीकरण गरी ब्राह्मणवादलाई बोकेर हिँड्को कृष्णप्रसादले भाइले कुलमान जस्तो शुद्र जातिसँग आत्मिक सम्बन्भ स्थापित गर्दा क्रूद्ध बनेको छ । भाइकै कारण आफ्नो सामाजिक अस्तित्व समाप्त हुने मानसिक भयले बूढाको परिवारप्रति गरेको नकारात्मक टीकापिप्णीले बूढाकी पत्नीले भोग्नुपरेको मानसिक क्षोभबाट महिला पुरुषद्वारा उत्पीडित छन् भन्ने कुरालाई तलको अंशले प्रस्ट पारेको छ :

> कृष्ण पराजुलीको त्यस्तो निन्दात्मक वचनबाट मेरो मन उद्विग्न र उदास भयो । काटिएको घाउमा नुनचुक थपिदिए जस्तो भयो । मलाई अथाह पीडा भयो । त्यसपछि त मलाई आत्महत्या गरी मर्नुबाहेक केही कुरा सुझेन । आफूले लगाएको धोतीको आँचल टाउकोमा राख्दै तल चिर्बिरे खोलातिर झरेँ र खोलाको ढिकमा उभिएर सोचेँ -समाजदेखि टाढा भइयो भने अब बाँच्नुको कुनै औचित्य छैन किन बाँच्नुपऱ्यो, आखिर यही परानलाई त होला यो वचन । (पृ.१८)

ब्राह्मण भएर शुद्र जातिसँग सङ्गत गरेको भन्दै कृष्ण पराजुलीको तिरस्कारपूर्ण वचनले आत्मसम्मानमा चोट पुगेपछि रमिताकी आमामा मानसिक विचलन आएको छ । ऊ विह्वल र उदास बनेकी छ । अभिजातीय अस्तित्वलाई कायम राख्दै सामन्ती हुकुम चलाएर गरीबवर्गमाथि दमन गर्न पल्केका कृष्णप्रसाद जस्ता दुष्चरित्रका पुरुषले पाइला पाइलामा खेदो खनेका छन् । जातीय आधारमा मानवको वर्गीकरण गरेका कृष्णप्रसाद जस्ता सामन्तहरूले मानव मानवबिचको मेलमिलाप भएकोमा आश्चर्य व्यक्त गरेको छ । परिवारलाई जोडेर गरिएका नकारात्मक टिप्पणीकै कारण रमिताकी आमामा आत्महत्याको भावना सिर्जना भएको छ । रुखो वचनले हृदयमा पारेको प्रताडनालाई मत्थर पार्न जीवनलाई नै अन्त्य गर्ने भावनाको विकास पुरुषकै कारणले भएको छ । तत्पश्चात् पीडाले रन्थनिएर खैरेनी पुगेकी बूढी (रमिताकी आमा) आफ्नो झुपडी विश्वबहादुरले गोठको लागि प्रयोग गरेपछि थप पीडामा परेकी छ । त्यसको कारणबारे सोध्दा खाउँलाझैँ गरी ऋण तिर्ने तमसुक च्यात्ने भनी झर्किएको छ । विश्वबहादुर जस्ता शोषकले अनेक षड्यन्त्र गरेर सारा सम्पत्तिमाथि आधिपत्य जमाएकोमा निराश र उदास बनेकी छ । कृष्णप्रसाद र विश्वबहादुर जस्ता सामन्ती पुरुषकै कारण रमिताकी आमा उद्विग्न र उदास हुनु, असह्य पीडाले आत्महत्या गर्ने भावना जाग्नु, जीवनलाई औचित्यहीन ठान्नुले उनी उत्पीडनमा परेको प्रस्टै हुन्छ । पुरुषकै कारण यहाँ महिलाले उत्पीडन भोग्नुपरेकाले समान लिङ्गी उत्पीडनको अवस्था देखिन्छ ।

विभेदजन्य रूढि परम्पराले गरीब र अछुत भनिएकाहरू अभिजात वर्गका सामन्तद्वारा उत्तिकै दमित र शोषित छन् । यस उपन्यासमा जातीय परम्पराले नारी र पुरुषबिच उत्पन्न वैमनश्यताले नारी हिंसाका घटनालाई अभिवृद्धि गर्न अभिप्रेरित गरेको देखिन्छ । अभिजातीय मान्यताको खोल ओढेर प्रभुत्व कायम गर्न अग्रसर हुने कतिपय पुरुषहरूले आफ्नो सिद्धान्तलाई अक्षरशः पालना गराउने क्रममा नारीमाथि शारीरिक र मानसिक यातना दिएका छन् । जातभातको पद्धति विकास गरेको पितृसत्ताले त्यस मान्यता विपरीत गरिने कार्यलाई अवैधानिक कार्य ठान्ने चेष्टा गरेको छ । अभिजात वर्गको निर्देशनको अवज्ञा गर्दै आफ्नो नैसर्गिक अधिकार उपयोग गर्ने उद्देश्यअनुरूप सार्वजनिक धारोमा पानी भर्न खोजेकी सन्तरामकी पत्नीमाथि पुरुषवादीहरूले आक्रमण गरेका छन् । धारो छोएकै निहुँमा आमामाथि भएको आक्रमणबाट आमाले भोगेको पीडादायी अवस्थालाई कुलमानले बूढासमक्ष यसरी प्रस्तुत गरेको छ :

> मेरो प्रश्नमा उसले भने, “सर्किनीले धारो छोई रे । बाहुनछेत्री जतिले त्यसलाई कपालमा समातेर लछारपछार गरेका छन् । कस्तो अन्याय हो ? धारा पनि छुन नहुने ?” म त्यहीँ पुगेँ । मेरी आमालाई थुक्दै र लात्तीले हान्दै गरेको देखेँ । मैले आमालाई छेक्दै भनेँ, “लाजसरम नभएका, खुब धनी भएकाहरू ? लौ अब हात मात्र हाल त मेरी आमालाई ! पख, बालाई भनिदिन्छु , आमालाई घिसारेर यो अवस्था पुऱ्याउने को को हौ, मैले एक एक चिनेको छु, पख । (पृ., २०)

यहाँ सन्तेकी स्वास्नीमाथि क्रूर व्यवहार गर्ने उत्पीडकको लैङ्गिक पहिचान नखुले पनि पितृसत्ता नै दोषी देखिन्छ । जातीय मान्यताको निर्माणकर्ता पनि पुरुष नै हो । धारो छोएकै निहुँमा कुटिएकी सन्तेकी स्वास्नीको दोष गरिबी र अछूत जाति बनाइनु हो जुन अभिजात वर्गका पुरुषले दमन गर्ने हतियारका लागि निर्माण गरे । जातीय मान्यताको संरचना निर्माण गरेर नारीलाई बाँच्न परनिर्भर बनाइको छ । सार्वजनिक धारो छुन पनि उसले अरूको आदेश कुनुपर्ने बाध्यता छ । अभिजात वर्गको स्वीकृतिबिनै धारो छुँदा बाहुनछेत्रीको भिल्ला भिरेका सामन्तले एक निर्दोर्षी र निर्धी महिलामाथि बल प्रयोग गरेर मानवताको खिल्ली उडाएको छ । गरीब र अछूत बनाइएका सन्तेकी स्वास्नी जस्ता महिलाले अभिजातवर्गले कपालमा समातेर लछारपछार गर्दा, थुक्दा, लात्तीले हान्दासमेत न्याय पाउन सकेका छैनन् । पितृसत्तात्मक सामाजिक संरचनाकै कारण उसले शारीरिक यातना भोग्नुपरेको छ ।

जातीय मान्यताको पक्षपोषक अच्युत पण्डित शिक्षित भएर पनि पत्नीको नैसर्गिक अधिकार हनन गर्ने सामन्ती पुरुष हो । महिलाहरू बाहिरी समाजबाट मात्र नभई परिवारबाटै हिंसा भानेग्न विवश छन् भन्ने कुरालाई अच्युत पण्डितले पत्नीप्रति गरेको निन्दनीय व्यवहार र विनाप्रमाण अवैध सम्बन्धको आरोपबाट पनि प्रस्ट हुन्छ । पुरुषले नारीले परपुरुषसँग मित्रवत् व्यवहार गरे पनि शङ्कालु दृष्टिकोणले हेर्छ भन्ने तथ्यगत प्रमाणलाई अच्युतले पत्नीप्रति गरेको मानसिक हिंसाजन्य व्यवहारलाई तलको अंशले पुष्टि गर्दछ :

> तेरी आमाको चाला निको छैन । मलाई लाग्छ यसको पेटको बच्चा पनि त्यही दमाईंको हो । म जस्तो शुद्ध र पवित्र पण्डितकी स्वास्नी भएर दमाईंसित लसपस् ! लौ वेश्या ! म जोगी बनेर जान्छु । लाज शरमै नभएकी, नकटी ! तँलाईं यत्ति पनि शरम भएन ! त्यस्तो तल्लो जात जानी बुझी पनि त्यस्तासित लसपस गरेकी ! (पृ.६९)

अच्युत पण्डितजस्ता सामन्तले सिर्जना गरेको जातीय मान्यताले उसकी पत्नीजस्ता महिलाहरू कसरी उत्पीडित छन् भन्ने कुरालाई माथिको अंशले प्रस्ट पारेको छ । भाडामा बस्ने दमाईं जातिसँग बसेर चिया खाएकै भरमा अवैध सम्बन्धको आरोप लगाएर नारीको अवमूल्यन गरेको छ । उसमा पुरुषत्वको अहमताकै कारण पत्नीलाई मानसिक यातना दिएको छ । दमाईंसँग बसेर चिया खाँदा आफ्नो इज्जत गएको महसुस गरी लाजसरम नभएकी नकटी र वेश्या भन्दै गाली गरेको छ । पतिको यस किसिमको लाञ्छना र अपमानबाट पत्नीमा मानसिक चिन्ता देखिनु पनि लैङ्गिक उत्पीडन हो । एक पुरुषले आफ्नो निर्देशन र सिद्धान्तलाई  परिपालन नगरेकै कारण नारीमाथि प्रताडना दिएको देखिन्छ ।

मजदुरीबाट जीविकोपार्जन गरेकी सुन्तली सेतीका लागि गरिबी र विभेदकारी संस्कृति अभिसाप बनेका छन् । दिनभर श्रम गरेर चारमाना फापर मात्र दिने शोषक रत्न कँडेलले सुन्तली सेतीको जीवन अस्तित्व नै समाप्त पारिदिएको छ । रत्न कँडेलको प्रलोभनमा फसेकी सुन्तली सेती अन्ततः अवैध सम्बन्ध राख्दा गर्भवती भएकी छ । न्यायको भिख माग्दा उल्टै परपुरुषको पेट बोकेर आफूलाई फसाउन खोजेको भन्दै यातना दिएको छ ।

यौनतुष्टिकै लागि नारीलाई उपभोग गरेपश्चात् काम नलाग्ने वस्तुसरह फ्याकेर उम्कन खोज्ने रत्न जस्ता दुष्चरित्रका पुरुषकै कारण वैधव्य जीवन जिएका सुन्तली

सेतीजस्ता गरीब नारीहरू असुरक्षित छन् । शक्ति र सत्ताकै आडमा नारी अस्मिता लुटेको कँडेलले अन्ततः हातगोडा बाँधेर भीरबाट फालिदिएर हत्या गरेको छ । पुरुषकै कारण कलङ्कित बनेकी सेती अन्ततः पुरुषबाटै मारिएकी छ । जीवनभर पुरुषबाट शारीरिक र मानसिक यातना भोगेरै जीवन समाप्त भएको छ । त्यति मात्र होइन सानी छोरी उर्मिलामाथि पनि उसको गलत दृष्टिकोण देखिन्छ भने काकाले पनि उसलाई आमा टोकुवा भन्दै बोक्सीको आरोप लगाएको छ । समाजमा कुनै अप्रिय घटना घट्दा त्यसको दोष महिलामाथि लगाएर प्रताडना दिने संस्कारको विकास पुरुषले गर्‍यो । जसबाट एक नाबालिका उर्मिला पनि त्यसको सिकार बनेकी छ । पुरुषवादी समाजमा जन्मनासाथ छोरीले उत्पीडन सहनुपर्छ । यसरी यहाँ सुन्तली सेतीले रत्नकँडेलको गर्भ बोकेपश्चात् उसमा मानसिक तनाव हुनु, ऊमाथि कुटपटि हुनु, अन्ततः मारिनु, नाबालिका उर्मिलामाथि रत्न कँडेलले गिद्धे दृष्टि लगाउनु र काकाले आमा टोकुवा भन्दै बोक्सीको आरोप खेप्नु महिलाले भोगेका उत्पीडनहरू हुन् ।

भोकले आक्रान्त बनेकी रमिताकी आमाले पतिलाई आरनको काम छोड्न आग्रह गरेकै कारण पतिले हथौडाले टाउकोमा हानी हत्या गरेको छ । छ महिनाकी छोरीलाई दूध चुसाउँदै गरेको अवस्थामा मारिएकी रमिताकी आमाले पितृसत्ताले अनाहकमा पुरुषद्वारा मारिएका गरीब र भोका महिलाको प्रतिनिधित्व गरेकी छ । आमाको मृत्युपश्चात् एक बाहुनीआमाको लालनपालमा हुर्केकी रमिता अछुत जाति भएकै कारण बाहुन काकाबाट उत्पीडित छे । पत्नीले अछूत जातकी छोरीको पालपोषण गरेको रिसमा पत्नीलाई काकाले बन्चरो प्रहार गरी हत्या गरेको छ । पुरुषको सिद्धान्तविपरीत हिँडेकै कारण एक निर्दोष र ममतामयी आमाले अकालमा ज्यान गुमाउनुपरेको छ । नारी हुनुमै बाहुनी आमाका लागि सराप बनेको छ ।

मातृवात्सल्यको नियास्रो मेट्न खोज्दा बालिका रमिताकी आमामाथि दानवरूपी बाहुनले कुटपिट र दुर्वचन लगाएर शारीरिक र मानसिक यातना दिएको छ । एकातिर अछुत बनाइएका जातिको संसर्गले अभिजातीय अस्तित्व समाप्त पार्ने भय र अर्कातिर छोराहरू बिग्रन सक्ने त्रासले सम्पर्कबाट अलग्याउन बाहुनले रमिताकी आमाप्रति गरेको आततायी व्यवहारबाट उसले मानसिक र शारीरिक यातना भोग्नुपरेको छ । आफूले पाएको पीडालाई स्मरण गर्दै परिवारसमक्ष व्यक्त गर्दै रमिताकी आमा भन्छिन् :

> बाहुन बाले उठेर मलाई लात्तैलात्तले भकुर्न थालेपछि ब्युँझिएँ । "वनमा लगेर सालको रूखमा बाँधेर छोडे । त्यहाँ म कति कराएँ, कति रोएँ । त्यस्तो घना जङ्गलमा रुँदारुँदै म त्यसै बेहोस भएछु । होसमा आउँदा लगाएका लुगा सबै च्यातिएका र शरीर थरथरी कामेको, जताततैबाट रगत आएको थियो । म फेरि कराएँ, तर त्यो निर्जन वनमा कसले सुन्ने ! (पृ.११४)

रमिताकी आमाले गरीब, असहाय र अछूत बनाइएकै कारण उत्पीडनमा परेका नारीवर्गको प्रतिनिधित्व गरेकी छ । नारीलाई कलङ्कित पुरुष बनाउँछ तर तिनै नारीमाथि पितृसत्ताले औँला ठड्याउँछ भन्ने कुरालाई यहाँ सङ्केत गरिएको छ । निर्दोष र खुला हृदय भएकी रमिताकी आमालाई काकाले छोरा बिगार्न खोजेको भन्ने आरोप लगाउँदै कलिलो शरीरमाथि लात वर्षाएको छ । नारीको अस्तित्व लुट्ने, नारमिाथि लात बजार्ने र स्वार्थ पूरा भएपछि फ्याकिदिने पुरुष आफ्नै कारणले नभई महिलाकै कारणबाट लज्जित हुनुपर्ने सामन्ती संस्कारले नै सहअस्तित्वको भावना मेटिदिएको छ । आफूलाई पालनपोषण गर्ने आमाको नियास्रो मेट्न जाँदा लाञ्छित हुनुपरेको छ । शङ्कालु स्वभावका काकाले रमिताबाट छोराहरूको मर्यादा असुरक्षित हुने भन्दै आफूबाट टाढा राख्न वनमा लगी बाँधेको छ । काकाले यातना दिँदा असह्य पीडाले बेहोस बनेकी रमिता पुरुषबाट बलात्कृत हुनुपरेको छ । निर्जन वनमा बाँधिँदा उसमा भय उत्पन्न भएको छ । बेहोस बनाई बलात्कारको सिकार बनेकी उसका लुगा सबै च्यातिएका, शरीर कमजोरी र डरले काँपेको र जताततैबाट रगत बगेको छ । नारी भएकै कारण समाजमा पुरुषबाट असुरक्षित बन्नुपरेको यथार्थ घटनालाई समावेश गरिएको छ यस उपन्यासमा पुरुषले विनाप्रमाण लगाएका आरोप र भौतिक आक्रमणबाट रमिता जस्ता नारीहरू मानसिक र शारीरिक रूपमा उत्पीडित छन् भन्ने कुरा देखाइएको छ ।

### ४.५.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*छोरीको चिठी* उपन्यासमा पुरुषद्वारा उत्पीडित महिलामा प्रतिरोधको अवस्था टड्कारो रूपमा देखिँदैन । गरिबी र जातीयताकै कारण शारीरिक र मानसिक हिंसा भोग्न विवश त्यस्ता नारी पात्रहरू पितृसत्तात्मक सामाजिक संरचनाकै कारणले पनि न्यायका प्राप्तिका लागि कुनै ठोस कार्य नगरे पनि आत्मरक्षाका लागि घृणा र आक्रोश देखिन्छ ।

आर्थिक अवस्था सुदृढ पारेर गरिबीबाट मुक्त हुन विदेश पलायन भएकी रमिता विदेशमा धेरै पुरुषबाट उत्पीडित हुँदा उत्पन्न क्रोध र घृणालाई अन्तरहृदयमै दबाएर राखेकी

छ । विदेशमा न्यायका लागि सहयोग गर्ने कुनै निकाय र पात्र नभएकाले पनि सहनु उसको विवशता हो भन्ने देखिन्छ । तर आफूमाथि आक्रमणको घटनालाई रोक्न उसले जागिर बदल्दै हिँडेकी छ । यता विश्वबहादुर थापाले जालसाजी गरेर सम्पत्ति हडप्न खोजेपछि "किन घरमा गाईवस्तु बाँधेको हजुर" (पृ.१८) भन्दै प्रतिप्रश्न गरेकी छ । आफ्नो घरलाई हडपेर गोठका निम्ति प्रयोग गरेपछि रमिताकी आमा क्रोधित बने पनि त्यसलाई शक्तिका रूपमा प्रयोग भने गरेकी छैन । आफ्नो परिवारको खेदो खन्दै हिँड्ने बूढाका दाजुभाइप्रति पनि घृणा र आक्रोश छ । त्यसैगरी दमाई जातिसँग सँगै बसेर चिया खाएकै आधारमा अच्युत पण्डितले अवैध सम्बन्धको आरोप लगाएपछि आक्रोशित बनेकी पण्डिती बज्यैले उक्त आरोपको प्रतिवाद गर्दै भन्छिन् :

> मनपरी नबोल्नुस् । मुखमा जे आयो, त्यही नभन्नुस् । त्यो भाडामा राखेका मानिससित नबोलेर पुग्छ ? के बोलेको त्यस्तो ? के भन्लान् ? छोरीहरूले के ठान्लान् भन्ने सोच्नुभएन ? यस्ता कुरा सुनेपछि समाजले के भन्ला भन्ने ठान्नुभएन ? बोल्दा अलिकति विचार गरेर बोल्नुपर्छ । बोल्न पाएँ भन्दैमा प्याच्च बोल्नुहुँदैन र बस्न पाएँ भन्दैमा थ्याच्च बस्नुहुँदैन । हरेक कुरामा विचार गर्नुपर्छ । जे मन लाग्यो त्यही बोल्ने ! त्यो दमाईं हो भन्ने कुरा के मलाई थाहा छैन र ? त्यसै लसपस गर्छे भन्ने ? (पृ.६९)

पतिको सामन्ती सोचको पण्डित्नी बज्यैले तीव्र विरोध गरेकी छ । जातीय विचारधाराका अनुयायी अच्युत पण्डितले पत्नीलाई आफ्नो निर्देशनबमोजिम चल्न दिएको निर्देशनको अवज्ञा गरेको देखिन्छ । उसले आफूप्रति लगाइएको अवैध सम्बन्धको आरोपको निर्भीकताका साथ सामना गरेर प्रतिवाद गरेकी छ । त्यसरी बोलचाल गर्दैमा शङ्काको दृष्टिकोणले हेर्न हुँदैन भन्दै आइन्दा बोल्न पाएँ भन्दैमा प्याच्च नबोल्न चेतावनीपूर्ण भाषाको प्रयोग गरेकी छ । पतिको उक्त आक्षेपपूर्ण धारणाले असह्य भएपछि आक्रोशित भई सोचेर बोल्न सुझाव दिएकी छन् । यहाँ पतिको गलत दृष्टिकोणप्रति पण्डित्नी बज्यैले अभिव्यक्त गरेको धारणा उत्पीडन विरुद्धको प्रतिरोध हो । रत्न साहुको यौनशोषणमा परेर गर्भवती भएकी सुन्तली सेतीले न्यायका लागि आवाज उठाएकी छ । उसले आफूप्रति रत्न कँडेलबाट भएको अन्याय र अत्याचार विरुद्ध डटेर सामना गरेकी छ । तर त्यसरी रत्न कँडेललाई दण्डित गरेको केही समयमै उसको हत्या भएको छ । यहाँ सुन्तली सेतीले रत्न कँडेलबाट आफूप्रति भएको अन्याय विरुद्ध आवाज उठाउनु, ऊप्रति घृणा र क्रोधको भाव उत्पन्न हुनु प्रतिरोधका सङ्केतक हुन् । यसैगरी उर्मिला जस्ता पात्रहरूमा पनि पुरुषका हिंसात्मक

कार्यविरुद्ध प्रतिरोध गरेको देखिन्छ । यस उपन्यासमा कुनै पनि महिला पात्रले प्रतिरोधका लागि बाह्य शक्तिको नभई आन्तरिक शक्तिको मात्र प्रयोग गरेको देखिन्छ ।

### ४.५.३ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*छोरीको चिठी* उपन्यासमा महिलाबाट महिला पनि उत्पीडित छन् । खास गरी अभिजात वर्गका महिलाहरू उत्पीडक र गरीब, असहाय तथा एकल महिलाहरू उत्पीडित छन् । पितृसत्तात्मक विचारधाराबाट अभिप्रेरित महिलाहरूले आफूले भोगेको उत्पीडनलाई बदलास्वरूप प्रयोग गरेका छन् । नेपाली समाजमा मात्र नभई बाह्य देशमा पनि यस किसिमको उत्पीडन प्रचलित छ भन्ने देखिएको छ ।

सबै सम्पत्ति बन्धकी राखेर अर्थोपार्जनका लागि विदेश पलायन भएकी रमिताले पुरुषबाट मात्र नभई महिलाबाट पनि प्रताडित बन्नुपरेको छ । घरेलु कामदारका रूपमा रहँदा मालिक्नीबाट भोग्नुपरेको यातनालाई चिठीका माध्यमबाट व्यक्त गरेकी छ । कार्तिक ६ गते लेखेको चिठीमा मालिक्नीले रुनुको वास्तविक रहस्य नबुझी पागल पो रहिछ भन्दै समातेको लौरोले टाउकामा प्रहार गरेकी छ । यस्तै चरम यातना भोग्ने क्रममा उसले जागिर छोड्दै हिँड्नुपरेको छ । जहाँ गए पनि ऊप्रति गरिने यातना रोकिएको छैन । विदेशमा महिलाबाट भोगेका पीडालाई रमिताले परिवारका सदस्यलाई चिठीमार्फत यसरी बताएकी छ :

> उसकी श्रीमतीले दिनदिनै मलाई दुःख दिन थाली । मैले तिनीहरूको भाषा नबुझेर हो कि, के हो, जेले पायो, त्यसैले हान्न थाली । गर्दागर्दा खान पनि नदिने, मुखमा थुक्ने, तातो चिम्टाले डाम्ने, चिमोट्ने र बेलाबेलामा मुखमा टोक्ने र पाखुरामा टोकेर रगताम्मे बनाइदिने जस्ता आपराधिक यातना दिन थाली । (पृ.४६)

रमिताले मालिक्नीबाट विना गल्ती शारीरिक र मानसिक यातना भोग्नुपरेको छ । यहाँ यो समस्या रमिताको मात्र नभई संसारभरका नेपाली नारीले गरिबीकै कारण भोग्नुपरेको साझा उत्पीडन हो । पुरुषवादी विचारधाराका पक्षपोषक बनेका महिलाले कामदारका रूपमा रहेका नारीको समस्यालाई बुझ्न सकेका छैनन् । उनीहरूका दृष्टिमा मजदुरी गर्ने महिलाहरू खालि नोकर्नी र दासबाहेक अन्य हुँदैनन् । रमिताले श्रम बेचेकी हो, शरीर होइन तर मालिक्नीले शरीर पनि बेचे जसरी क्रूर यातना दिएकी छ । हान्दा सोचविचार छैन । मजदुर भए पनि आफूजस्तै नारी हो भन्ने विचार नभएकी निर्दयी

मालिक्नीले थुक्ने, चिम्टाले डाम्ने, टोकेर रगताम्य बनाइदिएर प्रताडित तुल्याएकी छ । उक्त घरमा काम छोडी अर्कै घरमा गएकी रमितालाई मालिकको जेठो छोराले बलात्कार गर्दा मालिक्नीले उल्टै समर्थन गर्दै लात हानेकी छ । महिलाबाटै शारीरिक र मानसिक रूपमा विक्षिप्त बनेकी रमिताले निर्धी बनेर उत्पीडन सहनुपरेको छ ।

पतिको संसर्गबाट छुटाउन बाल्यावस्थाकी उर्मिलाप्रति अमर्यादित भाषाको प्रयोग गरेकी अञ्जुले यसो गर्नुको प्रमुख कारण पतिसँग अवैध सम्बन्ध स्थापित हुन सक्छ भन्ने सन्देहपूर्ण मानसिकता हो । जातीय दृष्टिकोणबाट उर्मिलाको चारित्रक गुणको मूल्याङ्न गरेकी अञ्जुले निर्दोष नारीमाथि पाशविक व्यवहार गरेकी छ । आफ्नो चरित्रप्रति गरेको नकारात्मक टिप्पणीले पारेको मानसिक आघातलाई उर्मिलाले परिवारका सबै सदस्यसामु यसरी अभिव्यक्त गरेकी छ :

> थुक्क दमिनी ! आफ्नो जात लुकाएर बडो ठकुरी बनेकी ? ए बोल्, कुजात दमिनी ! के यो मास्टर तेरो बाबु हो ? कि लोग्ने ? लाजसरम नभएकी बदमास ! तँलाई त रातमा लगेर त्यो तिनाउमा बगाउन सकिनँ भने म पनि सोमनाथकी छोरी होइनँ, बुझिस् तँ यो घरमा पसेपछि यस घरका सबै कुल, पितृ डुबे । (पृ.१०९)

पितृसत्ताले सिर्जना गरेको विभेदकारी जातीय मान्यताकी संरक्षक अञ्जुमा अभिजातप्रति अहमता छ । असहाय बनेकी उर्मिलालाई मातृवात्सल्य दिएर संरक्षण गर्नुको साटो उल्टै द्वेषको भावना राखी यातना दिएकी छ । छोरी समानकी बालिकालाई लोग्नेसँग जोडेर लाञ्छना लगाएकी छ । सहाराको खोजीमा भौतारिरहेकी उर्मिला छुवाछुत प्रथाकै कारण अञ्जुजस्ता दुच्छर स्वभावका नारीसँग अपमानति र तिरस्कृत बन्नुपरेको छ । दमन र शोषणका निम्ति बनाइएको जातीय मान्यताकै कारण मानव भएर पनि मानवहीन भई बाँच्नुपरेको छ । अछुत बनाइएकी उसको परिचय दमिनी बनेको छ । आफैँले मानवविरोधी कार्य गर्दा लज्जाको महसुस नगर्ने तर सहाराको लागि एक पुरुषसँग शरण पर्दा लाजसरम नभएकी भन्दै अनेक आरोप खेप्नुपर्दा नैराश्य उत्पन्न भएको छ । आफ्ना बाबुको धाक लगाएर तिनाउ नदीमा बगाएर मारिदने धम्की दिँदै कोमल हृदयमा भय उत्पन्न गराएर मानसिक पीडा दिएकी छ । विभिन्न जातमा वर्गीकरण गरी शासन चलाउन पल्किएका अञ्जुजस्ता सामन्त संस्कारी महिलाले अछूत जातकै कारण घरका पितृ र कुल डुबे भन्दै निर्दोष नारीमाथि दोषारोपण गरेकी छ । अञ्जुको यस किसिमको तुच्छ व्यवहारबाट विक्षिप्त

बनेकी उर्मिला अन्ततः पीडा सहन नसकी घर छोडेर जान बाध्य भएकी छ । अञ्जुकै कारण नैराश्य उत्पन्न हुनु र मानसिक चिन्तामा डुब्नु उर्मिलाले भोगेको लैङ्गिक उत्पीडन हो ।

### ४.५.४ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*छोरीको चिठी* उपन्यासमा महिलाबाट उत्पीडित महिलामा पनि उत्पीडनप्रति तीव्र प्रतिरोधको अवस्था देखिँदैन । खासगरी अभिजात वर्गका महिलाबाट उत्पीडित महिलामा उत्पीडन विरुद्धको प्रतिरोध गरेर कानुनी रूपमा दण्डित गर्न भने सकेका छैनन् । विदेशी महिलाबाट उत्पीडित रमिता, ब्राह्मणवादी महिलाबाट उत्पीडित कुलमानकी आमा, अञ्जुबाट उत्पीडित उर्मिला जस्ता नारीहरू गरिबीकै कारणले पनि उग्र भएर प्रत्याक्रमण गर्न नसके पनि उनीहरूप्रति उत्पन्न घृणा र क्रोध प्रतिरोधी चेतनाका रूपमा देखिएको छ ।

## ४.६ *छाउपडी* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

कविता पौडेलको *छाउपडी* उपन्यास वि.सं.२०३७ सालतिरको घटेको सामाजिक घटनालाई मूल विषय बनाइएको छ । शोषण र दमनका लागि शासकद्वारा निर्मित छाउपडी, हरूवा र चरुवा जस्ता विभेदकारी सांस्कृतिक मान्यताबाट सीमान्तकृत वर्गले भोग्नुपरेको उत्पीडन र त्यस्तो उत्पीडन विरुद्ध पात्रहरूले गरेको प्रतिरोधबारे विश्लेषण गरिएको छ । तेह्र भागमा विभाजन गरिएको यस उपन्यासमा पार्वती, जमुनी, अञ्जली, देउती, माधुरिका आमा, चन्दा, चन्द्रबहादुर गुरुङ, उजेली, होमबहादुरु भुजेल, लछमनिया र उनीहरूसँग जोडिएका अन्य पुरुष र महिला पात्रहरूका जीवनगत भोगाइलाई विश्लेषणको आधार मानिएको छ । लैङ्गिक उत्पीडनका कोणबाट अध्ययन विश्लेषण गर्दा पितृसत्तात्मक समाजमा महिला र पुरुषले कसरी र कस्तो उत्पीडन भोग्नुपरेको छ र उत्पीडनप्रति प्रतिरोध कसरी प्रस्तुत भएको छ भन्ने मूल विषयको खोजी गरिएको छ । यस क्रममा पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन, महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन, महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन र उत्पीडनप्रति प्रतिरोधको स्थितिलाई उपशीर्षकसहित चर्चा गरिएको छ ।

## ४.६.१ पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*छाउपडी* उपन्यासमा आर्थिक विषमता र रूढिवादी मान्यताकै कारण महिलाहरू पुरुषबाट उत्पीडित छन् । पुरुषद्वारा लैङ्गिक उत्पीडनमा पार्वती, जमुनी, अञ्जली, देउती, माधुरिका आमा, चन्दा, उजेली, लछमनिया र घटनासँग जोडिएका महिला पात्रहरू रहेका छन् भने उत्पीडक पुरुषका रूपमा माथि उल्लिखत महिलाका पति, मोहन लोहार, रामरतन, थानेदार पुरुष प्रहरी, माधुरिकाको छोरो, विनोद लगायत अन्य बेनामका सामन्त पुरुष पात्रहरू रहेका छन् । यिनै महिला र पुरुष पात्रहरूका आधारमा पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडनको विश्लेषण गरिएको छ ।

पार्वती यस उपन्यासकी प्रमुख नारी पात्र हो । काकाकै निर्देशअनुसार सानै उमेरमा विवाह गराइएकी पार्वती पति र ससुराका दृष्टिकोणमा दासी भई उभिएकी छ । उसले भोगेको बुहार्तनको उत्पीडनलाई जेलमा रहेका साथीहरूसमक्ष व्यक्त गरेको निम्नलिखित भनाइले थप पुष्टि गर्दछ :

> जाने भए अहिल्यै जा, मलाई केही मतलब छैन, तेरा माइतबाट के पो ल्याएकी थिइस् र, गइहाल अहिल्यै गइहाल ।" त्यत्तिकैमा ससुरा आएर लाजसरम नभएकी सुतीसुती खान खोज्छे भन्दै मेरो चुल्ठोमा समातेर फिरिरी घुमाउन थाले । म रिँगाटा लागेर ढलेँ । त्यसै दिन मैले सदाका लागि घर छोड्ने मनमनै निधो गरेँ । (२०७१ : ६)

पुरुषकै खुसीका लागि कलिलो तनमा विशाल कामको भारी बोकेर हिँड्ने प्रयास गर्दा पनि पार्वतीले पति र ससुराबाट माया र जस पाएकी छैन । कामको बोझले ज्वरो आई थलिएको अवस्थामा स्याहार पाउनुको सट्टा पतिले अचानक कोमल शरीरमा लात वर्साउँदा छटपटिएकी छ । सामन्ती संस्कारमा हुर्केका पति र ससुराले नारीको जीवनलाई भन्दा आर्थिक पक्षलाई बढी प्राथमिकता दिएका छन् । पितृसत्ताले सिर्जना गरेको दाइजो प्रथाले उसको जीवन उदास र निराश बनाइदिएको छ । महिलालाई आफ्नो स्वार्थ पूरा नभए फ्याक्ने प्रवृतिको विकास पुरुषले गऱ्यो । जसको प्रत्यक्ष असर पार्वती जस्ता महिलामाथि परेको छ । अहोरात्र तिनै पति र ससुराको खुसीका लागि जोतिए पनि दाइजोकै कारण अपमानित र कुटाइ खानुपरेको छ । नारीलाई पशु मानेर काममा जोताइएको छ र जोत्न नसक्दा कुटेरै हिँड्न बाध्य पारिएको छ भन्ने कुरालाई माथिको घटनाले प्रस्ट पार्छ । सकीनसकी बुहार्तनको जिम्मेवारी निर्वाह गरे पनि सान्त्वना र माया पाउनुको साटो उल्टै

रुखो वचन र कुटपिटबाट असह्य पीडा भोगी घर छाड्ने अवस्थामा पुगेकी छ। अधिकार र शक्तिविहीन बनाएर शारीरिक र मानसिक पीडा दिने पुरुषले पार्वतीजस्ता कैयौँ नारीहरूको जीवन उजाड वनाइदिएको कुरा यहाँ चित्रित छ।

पार्वती जस्ता नारीहरू पाइलापाइलामा पुरुषबाट असुरक्षित छन् भन्ने कुराको पुष्टि मोहन र उसको बाबुले गरेको दुर्व्यवबार प्रस्ट हुन्छ। सोरतगढको मेला हेरी फर्कने क्रममा मोहनबाट बलात्कृत हुनुपरेको छ। मोहको बलात्कारबाट अनिच्छित गर्भधारण गरेकी पार्वतीले न्यायको आवाज उठाउँदा अनेक पीडा भोग्नुपरेको छ। पुरुषकै कारण आफ्नो जीवन चुडिँएको चङ्गासरी बनेको भन्दै संवेदनात्मक सुस्केरा हाल्दै छटपटाएकी छ। नारीको अस्मिता लुटेर कलङ्कित बनाउने पुरुषसँग नै न्यायको भीख माग्नुपरेको छ। यसै क्रममा अरूको पेट बोकेर आफूलाई फसाउन खाजेको भन्दै झापड हानेको, अन्य केटाहरूले घस्यौटा र जाली भन्दै दुईचार रुपियाँ दिएर लखेट्न भनेका, रोटी खाँदा मोहनले खोसेर फालिदिएको, पञ्चभलाद्मीले कमारीका ठाउँमा राखेर खान दिने निर्णयलाई मोहनले स्वीकारेको, ससुराले रक्सीको सुरमा तथानाम गाली गरेको, पार्वतीले मोहनसँग घरबार बसाऔँ भन्दा हातगोडा बाँधेर खुकुरीले मार्न खोजेको र पार्वतीले पनि उसको टाउकोमा खुकुरी प्रहार गरी हत्या गरेर जेल गएपश्चात् घटना टुङ्गिएको छ। यी घटनालाई हेर्दा नारीलाई दास र भोग्याको साधन मात्र ठान्ने पुरुषले आफ्नो स्वार्थअनुसार जिम्मेवार बहन नगर्ने र गर्न नसक्ने महिलालाई मूल्यहीन वस्तुसरह ठानेको देखिन्छ।

पुरुषको सुख र सन्तुष्टिका लागि जीवन समर्पण गर्नुपर्ने बाध्यात्मक परिस्थितिको निर्माण गर्नाले पार्वती जस्ता कैयौँ नारीहरू दमन र शोषणको भागीदार बनेका छन्। सामाजिक मूल्यमान्यता र नीतिनियम पुरुषले आफूअनुकूल निर्माण गरेकै कारण पार्वतीजस्ता महिलाहरूले न्यायको अनुभूति गर्न पाएका छैनन्। निर्दोषीलाई दोषी साबित गर्न पुरुषकै कचहरी बसेको छ। पतिजस्ता द्रव्यपिपासु र मोहनजस्ता यौनपिपासुले नारीका वास्तविक पीडालाई अनुभूति गर्न सकेको देखिँदैन बरु उनीहरूकै कारण एक नारीको अमूल्य जीवन उजाड बनेको छ। पीडा र निराशा बोकेर बाँचेकी पार्वती पुरुषकै कारण उत्पीडनमा परेकी छ।

पितृसत्ताले नारीलाई दबाइराख्न हरूवा, चरुवाजस्ता अनेक रूढिमान्यताको निर्माण गऱ्यो। यिनै मान्यतालाई हतियारका रूपमा प्रयोग गरी रामरतनजस्ता शोषकले

जमुनीजस्ता गरीब नारीमाथि श्रम र यौनशोषण गरेको छ । श्रमको मूल्य माग्दा उल्टै गोठबाट निस्केर जान धम्की दिएको छ । केवल चारमाना धानका लागि घरायसी कामदेखि लिएर गोडासमेत मालिस गरिदिएकी जमुनीले अहोरात्र दुःख गरेको ज्याला माग्दा थप्पड र गाली पाएकी छ । रामरतनको यस किसिमको दुर्व्यवहारले भक्कानिएकी जमुनी गरिबीकै कारण हरेक उत्पीडनलाई सहन विवश छे ।

यौवनावस्थामा पुगेपछि उसको शारीरिक सौन्दर्य देखेर रामरतन र उसको छोरो सुजनमा कुभावना पैदा भएको छ । शरीर उपभोगका लागि उसको व्यवहारमा अचानक परिवर्तन आई अनेक प्रलोभन देखाएर नारी अस्मिता लुट्ने प्रयास गरेको छ । बिहे गर्न नदिई रखौटी बनाएर राख्ने धम्कीबाट जुनाले वास्तविक पीडाको महसुस गरेको बताएकी, शरीर सुमसुम्याउँदा जमुनामा क्रोध र भय उत्पन्न भएको, अन्ततः रक्सीकै कारण रामरतनको मृत्यु भएको, छोरो सुजनले पुनः बलात्कारको प्रयास गरेको र जमुनाको खुकुरी प्रहारबाट मरेको, रामरतनका आफन्तको कुटाइले जमुनाको शरीर शिथिल बनेको, जेलमा रहँदा थानेदारले अपशब्द प्रयोग गर्दै तथानाम गाली गरेको, मार्ने धम्की दिएको, बुधुनीकी छोरीलाई बलात्कार गरेको र त्यसबारे नबोल्न धम्की दिएको भन्दै रामरतनका कुकृत्य खोलिदिएकी, पुलिस थानेदारले गाला सुमसुम्याएपछि प्रतिकार गर्दा हात र लाठीले कुटेको, शरीरमा नीलडाम बसेको, असह्य पीडाले रन्थनिएकी, कुटाइ र पौष्टिक तत्त्वको अभावले हिँड्न नसक्ने अवस्थामा पनि कुटेर गोडा भाँचिदिएको, बेहोस अवस्थामा मुखमा रुमाल कोचिदिएर थानेदारले बलात्कार गरेको, मनलाई सम्हाल्न नसकी जमुना डाँको छोडेर रोएकी र अन्त्यमा तौलीहवा हुँदै भैरहवा जेलमा पुऱ्याइएपश्चात् कथावस्तु समाप्त भएको छ । यी घटनाक्रलाई हेर्दा गरिबी र रूढिप्रथालाई हतियार बनाई पुरुषले नारीमाथि श्रम र यौनशोषण गरी शारीरिक र मानसिक यातना दिएको देखिन्छ ।

अन्यायमा परेका नारीको उद्धार गरी संरक्षण गर्ने भूमिका पाएको प्रशासक नै भक्षक बनेर नारीलाई थप असुरक्षित बनाएको छ । शोक, रोग र भोकले थलिएकी जमुना नारी भएर जन्मनुमा अभिसाप बनेको छ । ऊ जस्ता कैयौँ महिलाहरू पुरुषको अन्याय र अत्याचार सहेर बस्नुपरेको छ । सत्ता र शक्तिको आडमा जमुना जस्ता नारीको अस्मिता लुटेर जीवन उजाड बनाएका सामन्ती पुरुषहरूकै कारण सीमान्तकृत नारीहरूले मनभरि पीडा र अशक्त शरीर लिई बाच्नुपरेको कुरालाई जमुनाको जीवनगत चित्रणबाट प्रस्ट

पारिएको छ । जमुनाले पिर, चिन्ता र भय बोकेर बाँच्नुपर्ने अवस्थाको सिर्जना पुरुषले गरेको हुँदा यहाँ पुरुषबाट महिला उत्पीडित छन् ।

*छाउपडी* उपन्यासमा विज्ञानले प्रजनन् प्रणालीको नियमित प्रक्रियाको रूपमा प्रमाणित गरेको महिनावारीलाई धार्मिक लेपन लगाएर पितृसत्तालाई स्थायित्व दिन खोज्ने कार्यले कैयौँ नारीको जीवन बर्बादीतर्फ धकेलिएको कुरालाई मूल विषय बनाएको छ । २०४५ सालतिरको घटनालाई प्रस्तुत गरे पनि यो प्रथा विद्यमान छ । अत्यन्त क्रूर र निर्मम प्रथाका रूपमा रहेको छाउपडी खास गरी सुदूर तथा मध्यपश्चिम क्षेत्रका पहाडी भूभागमा प्रचलित छ । कालीकोट विवाह गरेकी अञ्जलीले महिनावारी भएपछि दर्दनाक पीडा भोग्नुगरेको छ । सतचालीस वर्षका बूढासँग सन्तानकै लागि दुई सौतामाथि विवाह गराइएकी अञ्जलीले महिनावारीको बेला छाउगोठमा एक्लै बिताउनुपर्दाको पीडा, सन्तान नभएपछि पतिले दिएका शारीरिक र मानसिक पीडा र पतिको मृत्युपश्चात् वैधव्य जीवन बिताउनुपर्दाका पीडाहरू कारुणिक छन् ।

*छाउपडी* उपन्यासमा सन्तान नजन्मनुको दोषी को भन्ने कुराको रहस्य नखोजी पत्नीलाई मात्र दोषी देख्ने प्रवृत्तिले पनि महिलाहरू पुरुषबाट उत्पीडित छन् । तीनवटै पत्नीबाट सन्तान नभएपछि आफू नपुंसक छु कि भन्ने ज्ञान अञ्जलीको पतिमा देखिँदैन । माहिली सौता शुभलाले समाजले गरेको अन्याय र अत्याचार सहनुपरेको भन्दै अञ्जलीसमक्ष गुनासो गरेकी छ । सन्तान उत्पादनकै लागि नारीलाई उपभोग गर्ने पुरुषले नारीशक्तिको पहिचान गर्न नसकेको र आमा बन्ने क्षमता हुँदाहुँदै पुरुषकै कारण आमाविहीन बन्नुपर्दाको पीडा बोकेर शुभला र बाटुली बाँच्न विवश भएको यथार्थ घटना यहाँ प्रस्तुत गरिएको छ । प्राकृतिक प्रक्रियाका रूपमा रहेका रजस्वला र सुत्केरी हुनुलाई अन्धविश्वाससँग जोडेर नारीलाई मात्र पीडित बनाइन्छ । सन्तान नजन्माएको दोष पत्नीहरूमाथि थोपरेर अलच्छिना भन्दै घर छोडेर जान पतिले धम्की दिएपछि अञ्जली र उसका दिदीहरूमा मानसिक पीडा थपिएको छ । सन्तान नजन्मिनुको दोष नारीलाई लगाई समाजले नपुंसक भन्दै होच्याउने पितृसत्ताले आफ्नो कमजोरी लुकाएर दोषमुक्त बन्न गरेको प्रयासलाई “के गर्छेस् अञ्जली ! पुरुषले आफ्नो नपुंसकता लुकाउन हामी महिलालाई नै दोषी ठहऱ्याउँछन् । समाजका धेरैजसो मानिसले महिलालाई नै पशुवत् व्यवहार गर्छन् । सन्तान नहुनुमा महिलाको नै दोष र कमजोरी देख्छन्” (पृ.४९) भनी शुभलाले पुरुषले दिएको पीडाबारे उजेलीसमक्ष अभिव्यक्त गरेबाट प्रस्ट हुन्छ ।

माथिको कथांशलाई हेर्दा नेपाली समाजमा महिला नै बढी उत्पीडित भएको देखिन्छ । आफूमा आमा बन्ने क्षमता हुँदा पनि पितृसत्तात्मक समाजले सन्तानविहीन बनाएकोमा शुभला विक्षिप्त बनेकी छ । ऊभित्रको आमा बन्ने रहरलाई पुरुषले थिचेर मारिदिएको छ । आजीवन पतिको भोग्या र दासी बनेकी शुभलालले पतिको खुसीका लागि अञ्जलीलाई राजनको गर्भधान बोक्न आग्रह गरेकी छ । नारीको इच्छा र खुसीलाई वेबास्ता गर्ने र नारीको शरीरलाई केवल सन्तान उत्पादनको साधन ठान्ने पुरुषले बलात्कार गर्न लगाएर भए पनि स्वार्थ पूरा गर्न खोजेको महिलाको कारुणिक पीडालाई माथिको घटनाले प्रस्ट पारेको छ । सन्तानहीन महिलालाई मानवको पदवी होइन पशुको व्यवहार गरेर यातना दिइन्छ र त्यो शुभलाजस्ता नारीले भोग्नुपरेको साझा पीडा हो । दिदीको प्रस्तावले अञ्जली डाँको छोडेर रोएकी छ भने परपुरुषबाट नारी अस्मिता गुमाउनुपर्दा उदास र विरक्त बनेकी छ । सन्तानको रहर गर्ने पतिले शुभलाले अञ्जलीलाई सुरक्षाका लागि घरमै सुत्केरी गराउन खोज्दा अनिष्ट हुने भन्दै मार्ने धम्की दिएको छ । सन्तान पनि चाहिने तर सुत्केरी पत्नीलाई छाउगोठमा राखेर असुरक्षित बनाउने पति धमलाजस्ता धर्मभीरु पुरुषकै कारण कैयौँ नारीले अकालमा ज्यान गुमाउनुपरेको छ । महिलालाई केवल थोत्रो वस्तु जस्तै ठान्ने पुरुषको निकृष्ट सोचाइ र व्यवहारले अञ्जलीजस्ता महिलाहरूले असुरक्षित तवरबाट बच्चा जन्माउनुपरेको छ ।

प्रसवास्थाको पीडा अनुभूति गर्न नसक्ने निर्दयी पुरुषहरूले महिनावारी र सुत्केरी हुँदा भयभीत वातावरणमा छोडेर आफू सुरक्षित बनेका छन् । छाउगोठमा सुत्केरी हुनुपर्दा बच्चा बाघले खाइदिएर अञ्जलीजस्ता धेरै महिलाहरू सन्ताको शोकले रन्थनिएका छन् जुन पीडा पुरुषमा देखिँदैन । एकातिर सुत्केरी हुँदाको पीडा अर्कातिर भोक र प्यासले छटपटिएको अवस्थामा समेत अञ्जलीप्रति पतिको बेवास्ता छ । छाउपडी प्रथाको विरोध गर्दा देउती समाजबाट कुटिएकी छ । घरमै सुत्केरी भएर विद्रोह गर्न खोजे पनि छाउगोठमा पुऱ्याइँदा उसले आफू र बच्चाको रक्षा गर्न भोक र त्रासमा बँच्नुपरेको छ । बाघ आएको हल्ला सुनेपछि धेरै दिनकी अनिदी देउतीले बेहासीमै सासू र जेठानीको हत्या गरी जेल चलान भएकी छ । छोराको समेत आगोमा परी मृत्यु भएको छ । जेलमा रहँदा प्रहरीबाट बलात्कार प्रयास भएको छ । माथिका घटनाक्रमलाई हेर्दा पितृसत्तात्मक समाज महिलामाथि धार्मिक उपनिवेश कायम गरी निरन्तर महिलामाथि दमन र  शोषण गरेको देखिन्छ ।

*छाउपडी* उपन्यासमा छाउपडीजस्ता एकपक्षीय रूपमा थोपरिएका कुप्राथाले संस्कृतिको दर्जा पाउँदा नारी मात्र उत्पीडित छन् । गर्भधारण गराएपश्चात् पुरुषको भूमिका सकिने मानसिकताले महिलाहरू हरेक पीडाहरू दबाएरै राख्न विवश छन् । सामाजिक र सांस्कृतिक रूपमा कुज्याएर आफू स्वस्थ बन्ने स्वार्थी प्रवृत्तिको सिकार नारी बनेका छन् । एक्काईसौँ शताब्दीमा पनि यस्ता महिला हितविरोधी कुप्रथालाई पालन गर्न बाध्य पारिनु महिलामाथिको सांस्कृतिक दमन हो । पितृसत्ता र धार्मिक अन्धविश्वासको मिसावटले महिलालाई स्वस्फुर्त रूपमा पुरुषको अधीनस्थ बनाएको र स्वयम् महिलाहरू पनि यस्तो अधीनतालाई धर्म ठानेका कारण उत्पीडन भोग्न बाध्य छन् । यसरी पुरुषकै कारण शुभला र बाटुलीजस्ता नारीहरू जीवनभर आमाविहीन हुनुपर्दाको पीडा एकातिर छ भने अर्कातिर महिला दमन र शोषणका लागि बनाइएका छाउपडी जस्ता कुप्रथाले पुरुषबाट शारीरिक र मानसिक उत्पीडन भोग्नुपरेको छ ।

कूलघरानकी र त्यसमा पनि गुणवती पत्नी मेनकालाई आमाको लहैलहैमा लागेर पतिले सम्पत्तिको लोभमा अनेक निहुँ झिकेर कुटपिट गरी हत्या गरेको छ । मेनकाजस्ता कर्तव्यपरायण र पतिव्रता नारीहरू निर्दोष हुँदाहुँदै पनि नेपाली समाजमा दाइजोकै कारण कसरी मारिएका र मारिँदै आएका छन् भन्ने कुरालाई पतिले दाइजोकै कारण पत्नीप्रति गरेको दानवीय व्यवहारले प्रस्ट पारेको छ ।

निष्फिक्री र निर्भीकताका साथ अमर्यादित काम गर्दा पनि पुरुषको विद्रूप चरित्रप्रति महिलाले खबरदारी गर्न नपाउने र गरे पनि आफ्ना कर्तूतलाई छोपेर सज्जन पुरुषका रूपमा देखिन उल्टै नारीमाथि दोषारोपण गर्ने गरेको पाइन्छ । घरमा पतिव्रता पत्नी हुँदा हुँदै पनि कैयौँ नारीसँग अवैध सम्बन्ध स्थापित गर्नमा अभ्यस्त बनेको विनोदले पत्नीसमक्ष आफूलाई निर्दोष साबित गर्न र घटनालाई मोड्न चन्दामाथि अवैध सम्बन्धको आरोप लगाउने दुष्कार्यले महिला पुरुषबाट उत्पीडित भएको तथ्यगत प्रमाण "तेरो कहिलेदेखि रमेशसँग सम्पर्क छ, त्यो मलाई राम्ररी थाहा छ । तेरो यही चालले गर्दा म घर नआएको हुँ । मैले चाहेँ भने तँलाई अहिले नै छाडिदिन सक्छु । म तँजस्ता केटी कति पट्याउन सक्छु कति, बुझिस्" (पृ.७५) भनी विनोदले आफूमाथि लगाएको आक्षेपलाई जेलका साथीहरूसमक्ष अभिव्यक्त गरेको भनाइले पुष्टि गर्दछ । चिकित्सक जस्तो मर्यादित पेसा अँगालेको विनोदले नारीलाई यौनसाधनको खेलौना सम्झेर कैयौँ महिलाको जीवन बर्बाद पारिदिएको छ । चन्दालाई प्रेमको षड्यन्त्र रचेर पत्नी बनाउनुको भित्री रहस्य यौन स्वार्थ रहेको छ ।

विवाहपश्चात् विनोदका कुकृत्यहरू उद्घाटित हुन थालेपछि चन्दामा मानसिक आघात पुगेको छ ।

नारीको शरीरको रसभोग गर्दै मिल्काउन पल्केका यौनपिपासु पुरुषको प्रतिनिधित्व विनोदले गरेको छ । सुत्केरी अवस्थाकी पत्नीलाई अब जीवनका लागि आवश्यक नठानेको देख्दा चन्दा पीडाले रन्थनिएकी छ । पतिले पत्नीप्रति निर्वाह गर्नुपर्ने दायित्व भुलेर अन्य महिलासँग अवैध सम्बन्ध बढाएको छ । विवाहपूर्व र विवाहपश्चात् उसको व्यवहारमा परिवर्तन आएको छ । परस्त्रीसँग अवैध सम्बन्ध राख्दै हिँड्ने तर सुत्केरी अवस्थाकी पत्नीलाई परपुरुषसित अवैध सम्बन्धको आक्षेप लगाएर मर्यादालाई छोप्ने प्रयत्न गरेको छ । आफूले जति पनि केटी पाउने भन्दै छाडिदिने धम्की दिएबाट चन्दाले छाँगाबाट खसेको र टाउकोमा चट्याङ परेसरह पीडा महसुस गरेकी छ । यस घटनालाई हेर्दा पुरुषकेन्द्री समाजकै कारण नारीको शरीरलाई उपभोग्य वस्तुसरह मानिने कार्यबाट महिलाहरू उत्पीडित बन्न पुगेको कुरालाई यहाँ सङ्केत गरिएको छ । चन्दाजस्ता कैयौँ महिलाहरू पुरुषको षड्यन्त्रमा परी नारी अस्मिता गुमाउनुपर्दा आजीवन पीडा र निराशा बोकेर बाँच्न विवश छन् ।

पुरुषकै कारण नैसर्गिक अधिकार र मनोकाङ्क्षालाई पूरा गर्न नपाउँदा एक नारीले भोग्नुपरेको मानसिक पीडालाई "दादा ! बा र मुमा मेरो बिहे गरिदिने कुरा गर्नुहुन्छ, नाइँ म आफ्नो खुट्टामा नउभिएसम्म बिहे गर्दिनँ भन्दाभन्दै मान्दै मान्नुहुन्न । म के गरूँ ? बाआमालाई एक पटक सम्झाई-बुझाई गरिदिनु न दाइ" (पृ.८०) भन्ने सुमीले बाबुकै कारण आफूले भोगेको पीडा चन्द्रबहादुर गुरुङसमक्ष राखेबाट थाहा हुन्छ । नारीलाई आत्मनिर्भर बन्न रोक्ने काम पुरुषबाटै भएको छ । आत्मनिर्भर नबन्दासम्म बिहे नगर्ने छोरीको इच्छालाई बेवास्ता गर्दै गोकुलले जबर्जस्त बिहे गराउन खोज्दा सुमी मानसिक तनावमा देखिन्छे । बाबुकै कारण सपनामाथि कुठाराघात भएपछि अन्ततः असह्य मानसिक पीडा बोध गरी आत्महत्या गरेकी छ । सुमीले भोग्ने समस्या नेपाली समाजको साझा समस्या हो । छोरीको विवाह गरिदिन हतार गर्ने सामन्ती पुरुषहरू आफ्नो प्रभुत्व प्रदर्शन गर्न छोरीहरूलाई मृत्युतर्फ धकेलिरहेका छन् । उनीहरूका वास्तविक समस्या र इच्छाबारे सोधखोज नगर्ने प्रवृत्तिले सुमीजस्ता कैयौँ छोरीहरू सानै उमेरमा विवाह बन्धनमा बाँधिनुपर्दा मर्न विवश छन् । यहाँ पुरुषकै कारणले सुमीमा मानसिक चिन्ता देखिनु र अन्त्यमा आत्महत्या गर्नु लैङ्गिक उत्पीडन हो ।

*छाउपडी* उपन्यासमा उजेलीले पनि गरिबी र जातीय मान्यताका कारण अभिजात वर्गका पुरुषबाट लैङ्गिक उत्पीडन भोग्नुपरेको छ । चौध वर्षकै उमेरमा रेग्मी बूढाकहाँ घरेलु कामदारका रूपमा बसेकी उसले कम तलबमै धेरै कामको बोझ बोक्नुपरेको छ । उजेली खास गरी रेग्मी बूढाको यौनशोषणबाट उत्पीडित नारी पात्र हो । कामको थकान मेट्न छहारीमा बसेको अवस्थामा उसको शरीरमा बूढाले खराब दृष्टिकोण राखी हात हाल्ने, डल्लाले हान्ने र टाउकामा झारपात राखेर सताउने कार्यले मानसिक तनावमा परेकी छ । परिवार पाल्ने जिम्मेवारी उसकै काँधमा आइपरेकाले पनि बूढाले दिएका यातना सहन विवश छे । उसले आफूले भोगेका पीडालाई जेलका साथीहरूसमक्ष अभिव्यक्त गरेको तलको भनाइले थप पुष्टि गर्दछ :

> उनलाई त कामवासनाले सारै सताएको रहेछ । उनी मेरो शरीरसँग नखेली एक दिन पनि पर्खन नसक्ने हुन थाले । हुँदा हुँदा उसले मलाई महिनावारी भएको बेलामा समेत छोडेनन् । मैले महिनावारी भएको बेलामा सकस पर्ने भएको हुनाले मेरो ओछ्यानमा नआउन कत्रो बिन्ती गरेँ, तर उसले मेरो कुनै कुरा सुनेनन् । (पृ.९६)

गरिबीकै कारण उजेलीले अभिजात वर्गका पुरुषबाट नारी अस्मिता गुमाउनुपर्दा शारीरिक र मानसिक उत्पीडन भोग्नुपरेको छ । बाबुसरहका पुरुषले आर्थिक शक्तिको आडमा नारी शरीरलाई जबर्जस्त अधीनमा लिई यौन स्वार्थ पूरा गरेको छ । महिनावारीको असह्य पीडाले रन्थनिएकी उजेलीको कारुणिक चित्कारबाट बूढामा संवेदना प्रकट भएको छैन । पीडासँग सङ्घर्षरत नारीशरीरमाथि बलात्कार गर्ने रेग्मी बूढाका लागि उजेलीको शरीर मानौँ निर्जीव वस्तुजस्तै हो जसमा कुनै पीडाको अनुभूति हुँदैन । दुर्व्यवहारबाट आजित भएपछि बज्यैसँग गुनासो राखे पनि उसको चित्कार निरर्थक बनेको छ । बरु भगाएर लैजाने तर उजेलीविना बाँच्न नसक्ने भन्दै निरन्तर बलात्कार गरिरहेको बूढो उजेलीका नजरमा एक दानव बनेर उभिएको छ । मानिसलाई उपदेश दिँदै र पूजा पाठ गर्दै हिँड्ने तर नारीको जीवन बर्बाद पारेर स्वार्थ पूरा गर्ने बूढाजस्ता यौनपिपासु र सामन्तकै कारण सीमान्तकृत महिलाहरू उत्पीडन भोग्न बाध्य छन् भन्ने कुरालाई माथिको घटनाले प्रस्ट पारेको छ । निरन्तर बलात्कृत हुँदा अनिच्छित गर्भ रहेपछि बूढामा निर्दोष दलेलाई फसाएर दोषमुक्त हुन खोजेको छ । एउटी अबला नारीको अस्मिता लुटेको बूढाले सामाजिक मर्यादा कायम गर्न उजेलीलाई मार्न खोज्दा उल्टै मारिएको छ । आर्थिक विषमता र

पितृसत्तात्मक सामाजिक संरचनाकै कारण महिलाहरू पुरुषबाट उत्पीडित हुनुपरेको देखिन्छ ।

आजीवन पुरुषकै खुसीका लागि जीवन समर्पण गर्ने महिलाहरू कामको बोझ पर्दा र धेरै सन्तान जन्माउँदा जीर्णावस्थामा पुगेको शरीरप्रति खासै चिन्तित देखिँदैनन् । पुरुषको लापरबाहीले धेरै सन्तान जन्माउँदा महिलाले भोग्नुपरेको हृदयविदारक पीडाको प्रमाण "वर्सेनी छोराछोरी जन्माएकाले पाठेघरमा क्यान्सर भएछ, समयमै उपचार भएको भए निको पार्न सकिन्थ्यो" (पृ.१०५) भनी होमबहादुरका बाबुको आत्मकथनबाट प्रस्ट छ । यस प्रसङ्गलाई हेर्दा होमबहादुर भुजेलकी आमा पनि पुरुषकै कारण उत्पीडनको सिकार भएको देखिन्छ । नारीको शरीरलाई सन्तान उत्पादनका लागि मात्र प्रयोग गरिनुपर्छ भन्ने पितृसत्ताको मध्ययुगीन सङ्कीर्ण धारणाले होमबहादुरकी आमाजस्ता कैयौँ महिलाहरू पाठेघरको क्यासर भई अकालमा मर्न विवश छन् । तल्लो पेट दुखेर छटपटाउँदा पनि समयमै उपचार गर्न नमान्ने पतिकै कारणे रोग बल्झिएर अन्ततः क्यान्सरमा परिणत भएको छ । पुरुषको बहु सन्तान जन्माउने उत्कण्ठाले नारीको शरीर सन्तान उत्पादन गर्ने कारखाना जस्तै बनाइएको छ । पीडाले छटपटिएको अवस्थामा समेत उपचार नपाएकी होमबहादुरकी आमाको पुरुषकै कारण अमूल्य जीवन समाप्त भएको छ । यौनसुखभोग गर्ने तर शरीर थला परेको अवस्थामा मानवता बिर्सने सामन्तवादी सोचकै कारण पुरुषबाट महिला उत्पीडनमा परेको कुरालाई माथिको घटनाले थप प्रस्ट पारेको छ ।

एकातिर गरिबी र अर्कातिर जातीय मान्यताले थिचिएकी लक्षमनियाले सामान्य विषयमा प्रतिशोध साँध्ने पुरुषबाट लैङ्गिक हिंसा भोग्न विवश उत्पीडित नारीहरूको प्रतिनिधित्व गरेकी छ । रूढिवादलाई धर्मसँग जोडेर हेर्ने प्रवृत्तिले पनि नारीहिंसालाई थप प्रोत्साहित गरेको पाइन्छ भन्ने कुरा लक्षमनियाले भोगेको घटनाबाट थाहा हुन्छ । आर्थिक विपन्नताले दासी बन्न पुगेकी लक्षमनियामाथि भएको घटनाले कसरी महिलाहरूमाथि पुरुषले सहज रूपमा दमन गर्न सक्छ भन्ने कुरा बाख्रा हराउँदा साहु र साहुनीका छुद्र वचन सुनिरहनुपरेको र बारम्बार यातना भोग्नुपरेको भनी लक्षमनियाको भनेको आत्मकहानीले प्रस्ट पारेको छ ।

यसरी माथिको कथांशलाई हेर्दा लछमनिया गरिबी र जातीयताकै कारण लैङ्गिक हिंसामा परेकी छ । अभिजातीय मानसिकताबाट ग्रसित बाहुन (नाम नभएको) ले बाख्रा

हराएको निहुँमा बालिका लछमनियामाथि छुद्र वचन र कुटपिट गरी शारीरिक र मानसिक यातना दिएको छ । गरिबीकै कारण साहुका प्रताडना सहन विवश बन्नुपर्दा निराश र उदास बनेकी छ । कुलदेवताका लागि भाकेको बोको पनि जङ्गलमा चराउँदा बाघले खाइदिएपछि थप कुटाइ खानुपरेको छ । गरिबीकै जुनी लिएकै कारण साहुबाट उत्पीडन भोगेको गुनासो गर्नुले ऊ लैङ्गिक उत्पीडनमा परेको देखिन्छ ।

## ४.६.२ पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*छाउपडी* उपन्यासका महिलाहरू पुरुषको उत्पीडन विरुद्ध बढी आक्रामक बनेका छन् । यस उपन्यासका प्रायः महिलाहरू पुरुषबाट पाएको शारीरिक र मानसिक यातना सहन नसकी हत्या गरेर प्रतिशोध साँधेका छन् । भौतिक आक्रमण गर्न नसक्नेहरूले पनि घृणा र आक्रोश पोख्दै प्रतिवाद गरेका छन् । पार्वती, जमुनी, अञ्जली, देउती, माधुरिका आमा, चन्दा, उजेली, लछमनियाजस्ता नारीहरूमा आएको लैङ्गिक सचेतनाले उनीहरूलाई उत्पीडन विरुद्ध विद्रोह गर्न अभिप्रेरित गरेको देखिन्छ । यिनै नारी पात्रहरूले गरेको प्रतिरोधका आधारमा पुरुषको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोधबारे विश्लेषण गरिएको छ ।

विवाह बन्धनमा पर्दाको उमेर सानै भएकाले पनि पार्वती थारु ससुराको यातना विरुद्ध प्रतिरोध गर्न नसकेर घर छोडेर हिँडेकी छ । तर मोहनबाट बलात्कृत भएपछि उसमा प्रतिरोधको चेतना क्रमशः विकसित भएको छ । बलात्कारबाट गर्भवती भएपछि मोहनले देखाएको निर्दयी व्यवहार, बेवास्तापन र गैरजिम्मेवारपूर्ण वचनबाट विक्षिप्त बनेकी छ । फलस्वरूप उसमा प्रतिशोधको भावना पैदा भएको छ । अत्याचार र अन्याय विरुद्ध न्याय माग्न खोज्दा उल्टै दण्डित गर्न खोजेपछि  रिसले चुर भएर चार झापड हानेर आक्रोशपूर्ण शब्दमा जवाफ फर्काउँदै पिटेर बदला लिएकी छ । गर्भको बच्चा आफ्नो नभएको भन्दै तर्कन खोज्ने र उल्टै धम्की दिएर त्रसित बनाउन खोजे पनि अदम्य साहस राखेर न्यायका लागि कडा सङ्घर्ष गरेकी छ । कुनै हालतमा नछोड्ने प्रतिज्ञा गरेकी पार्वतीले गाउँलेको निर्णयबमोजिम कमारीका रूपमा रहन स्वीकार गरेकी त छ तर अचानक मोहनबाट आक्रमण भएपश्चात् त्यसको प्रतिरोध गरेको कुरा जेलका साथीहरूमाझ यसरी राखेकी छ :

> म पनि तँलाई मारेर जेल जान्छु । के सोचेको छस् ? सायद बलात्कारको फल नै तेरो मृत्युको कारण रहेछ क्यार ! म अरूजस्ती कमजोर होइन । राम्ररी सम्झी-कालीले तँजस्तै

अपराधीहरूलाई मारेर टाउकाको माला लगाएकी थिइन्, म पनि त्यस्तै नगरी कहाँ पो छोड्छु । हेर, आज म तँलाई जिउँदै छाड्दिनँ । (पृ.११)

काली देवीको दृष्टान्त दिँदै आफूलाई कमजोर नसोच्न चेतावनी दिएकी छ । बलात्कार गरेर आफ्नो अस्तित्व समाप्त पार्ने मोहनजस्ता यौनपिपासुलाई मारेर टाउकाको माला लगाउने साहसपूर्ण भनाइ राखेकी छ । आफूप्रति भएको अन्याय र अत्याचारको बदला लिएरै छोड्ने दृढ सङ्कल्प गरेकी पार्वतीले मोहनका हरेक दुष्प्रयासको निर्भीकताका साथ प्रतिवाद गरेकी छ । आफ्नो जीवनबाट मुक्त गर्न आक्रमणको प्रयास गर्दा उसको आक्रोशले चरम सीमा पार गरेपछि खुकुरी प्रहार गरी हत्या गरेकी छ । यहाँ पार्वतीमा देखिएको आक्रोश, घृणा, न्याय नपाए मारिदिने धम्की, वादप्रतिवाद, प्रतिशोध र हत्या लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोध हो ।

रामरतनबाट श्रमशोषण तथा यौनशोषणमा परेकी जमुनीमा पनि रामरतनको उत्पीडनप्रति  क्रान्तिचेतको भाव पैदा भएको छ । नारीको शरीर भोग गरेर यौन स्वार्थ पूरा गर्न खोज्ने यौनपिपासु रामरतन र उसको छोरो सुजनको दानवीय प्रवृत्ति विरुद्ध डटेर लडेकी छ । गरिबीको फाइदा उठाउन खोज्ने नराधम मनुष्यको उपमा बनेको रामरतनले अनेक प्रलोभन देखाएर कान्छी पत्नीका रूपमा सम्बन्ध गाँस्न खोज्दा आफूलाई फसाएर स्वार्थ पूरा नगर्न चेतावनी दिएकी छ । धनको आडमा गरिबीको फाइदा निल खोज्ने कार्यको भर्त्सना गर्दै आइन्दा यस्ता कुरा नगर्न धम्की दिनु उसमा आएको प्रतिरोधी चेतना हो । जमुनीको यस्तो धम्की र चेतनावनीको बेवास्ता गर्दै पुनः यौनशोषण गर्न खोज्दा हातमा टोक्ने र गालामा चड्कन लगाएकी मात्र छैन बारम्बार दिएको प्रताडनाबाट आजित भएपछि हत्या गर्ने योजना बनाएकी छ ।

रामरतनको स्वाभाविक रूपमा मृत्यु भएपछि छोरो सुजनबाट जमुनी थप प्रताडित बन्नुपरेको छ । बलात्कारको प्रयास गर्दा अन्ततः हत्या गरी प्रतिशोध साँधेकी छ । हत्या अभियोगमा जेलजीवन भोग्दा पनि प्रहरी थानेदारबाट कुटपिट, गाली र यौनशोषणमा परेपछि बदमास र बलात्कारीको आरोप लगाउँदै आक्रोश पोखेकी छ । यहाँ जमुनीले रामरतनजस्ता दुष्ट पुरुषका हिंसाजन्य कार्यको विराध गर्नु, उनीहरूप्रति आक्रोश र घृणा उत्पन्न हुनु, वादप्रतिवाद गर्नु, चड्कन लगाउनु, अनेक प्रलोभनलाई अस्वीकृत गर्नु, धम्की तथा चेतावनीपूर्ण भाषाको प्रयोग गर्नु, सुजनको आक्रमण विरुद्ध प्रयाक्रमण गरी हत्या गर्नु लैङ्गिक उत्पीडनप्रतिको प्रतिरोध हो ।

छाउपडी प्रथाको आडमा पुरुषबाट शारीरिक र मानसिक यातना भोग्न विवश उजेली, शुभला जस्ता केयौँ नारीहरूले सन्तान नहुनुको दोष पनि खेप्नुपरेको छ । सामन्ती संस्कृतिका रूपमा स्थापित छाउपडीले धेरै नारीको जीवन समाप्त पारे पनि त्यस विरुद्ध खासै प्रतिरोध गर्न सकेको देखिँदैन । सन्तानका लागि कलिलै उमेरमा बेमेल विवाहको परिबन्दमा पारिएका महिलाले बालविवाह पनि रोक्न खोजेको देखिँदैन । यस उपन्यासमा तीनवटै पत्नीबाट सन्तान नभएपछि पतिले गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिएपश्चात् शुभलाले "ए धमला, के भनिस् ? हामी त्यसै आएका हौँ त्यति बेला के भनेर बिहे गरेको थिइस् ? अझ जता जाने हो जाओ भन्न लाज लाग्दैन ? एक्लै सन्तान जन्माएको भए हुन्थ्यो नि ! आफूतिर फर्किएर हेर्ने गर । किन आजसम्म त्यत्तिकै बसेको त" (पृ.४७) भन्दै आक्रोशपूर्ण भाषाको प्रयोग गरी थर्काएकी छ । पतिको विभेदपूर्ण र जिम्मेवारहीन धारणा विरुद्ध निम्न आदरको भाषा प्रयोग गरेबाट पनि उसमा निर्भयताको अवस्था छ भन्ने प्रस्ट हुन्छ । आफ्नो नपुंसकता लुकाउन नारीलाई दोषी ठान्ने पुरुषप्रति घृणा र क्रोध उत्पन्न भएको छ ।

सामाजिक मर्यादा जोगाउन परपुरुषबाट गर्भाधान गरेकी अञ्जलीलाई छाउपडीमा सुत्केरी नगराउने बरु जे अनिष्ट आइपर्छ भोग्ने दृढ अठोट राखेबाट शुभलाले छाउपडी प्रथाको विरोध गरेको देखिन्छ । अञ्जलीले छाउपडीमा रहँदा यौनशोषण गर्न आउने पुरुषसँग खुकुरी घुमाउँदै प्रतिवाद गरेकी छ । नारी दमनका लागि सिर्जना गरिएको छाउपडी प्रथाको उन्मूलन गरी लैङ्गिक समताका लागि देउती बज्यैले विद्रोह गरेकी छ । यस प्रथाकै कारण सन्तान गुमाएकी उसले छाउगोठ भत्काउने अभियान नै चलाएकी छ । आफ्नो अभियान विरुद्ध आक्रमण गर्नेहरूमाथि प्रत्याक्रमण गरेर आक्रमणकारीलाई मारेकी छ । हत्या अभियोगमा जेल परेपछि पुरुष प्रहरीबाट बलात्कृत हुँदा अञ्जलीले यसै पनि जेलको बास उसै पनि जेलको बास भन्दै सिद्ध्याएर मात्र जान्छु जान्छु भनी उसमा जागृत भएको आक्रोश र प्रतिशोधको भाव लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोधी चेतना हो ।

शिक्षिता नारी भएर पनि पुरुषको लैङ्गिक हिंसामा परेकी चन्दा विद्रोहशील नारी हो । विनोदको कपटी प्रेममा परेर वैवाहिक सम्बन्ध गाँसेपछि ऊप्रति विनोदको बेवास्तापन, अवैध सम्बन्धको आरोप, अन्य थुप्रै महिलासँगको अवैध सम्बन्ध र घरनिकाला गर्ने दुष्प्रयत्नले मानसिक तनावमा परेपछि "जाने भए तिमी जाऊ । म पनि एक्लै बाँच्न सक्छु । म पनि बेरोजगार छैन । जसरी भए पनि निर्वाह गरौँला" (पृ.७७) भनी पतिप्रति आक्रोश, घृणा र वितृष्णा पैदा भएको छ । पुरुषविना नारी पनि बाँच्न सक्छन् र उनीहरूको दासी बनेर

बस्नैपर्छ भन्ने छैन भन्ने कुरा चन्दाको धारणाबाट थाहा हुन्छ । तर विनासित्ति झगडा गर्दै थप मानसिक तनाब दिन थालेपछि एकअर्कामा भनाभन भएको मात्र छैन चन्दाले खुकुरीले हानेर हत्या गरेकी छ । यहाँ पतिको अत्याचारबाट चन्दामा घृणा, आक्रोश प्रतिशोधको भाव जागृत हुनु, आक्षेपको खण्डन गर्नु, एक्लै पनि बाँच्न सक्ने भन्दै पतिको धम्कीबाट त्रसित नहुनु, आक्रमण विरुद्ध प्रत्याक्रमण गरी हत्या गर्नु लैङ्गिक उत्पीडिन विरुद्धको प्रतिरोध हो ।

गरिबीको फाइदा उठाउँदै उजेलीमाथि यौनशोषण गरी गर्भवती बनाएर कलङ्कित बनाउने रेग्मी बूढाको उत्पीडन विरुद्ध उजेलीले अन्त्यतिर आएर मात्र विद्रोह गरेकी छ । छोरी समानकी बालिमामाथि यौनअपराध गर्दै आएको बूढाले महिनावारीको बेलामा पनि बलात्कार गरी नारी अस्मिता लुटेको छ । गर्भवती भएपछि आफूबाट पन्छाउन रचेको प्रपञ्च विरुद्ध उजेलीले आफूले गरेको प्रतिरोधबारे जेलका साथीहरूसामु व्यक्त गरेको निम्नलिखित अंशले प्रस्ट पार्दछ :

> ए बूढा, तँलाई लाज लाग्दैन ? बिराउने तँ अनि त्यो बिचरा बले दाइलाई आरोप लगाउने ? जसले गल्ती गऱ्यो, त्यसैले सजाय भोग्नुपर्छ । अब गल्ती गरिसकेपछि तँ पानीमाथिको ओभानो हुन सकदैनस् । तैँले मेरो गरिबीको फाइदा उठाएर मलाई सताएको पाँचपाँच वर्ष भइसक्यो । पहिले म आफू सानै भएकीले सही - बेसही पत्तै नपाएर सहेरै बसेँ, तर अब त मैले जति सहे पनि यो समाजको अगाडि तेरो पाप लुक्ने छैन । अब त पाप धुरीबाट कराइसकेको छ । त्यो तैँले अस्वीकार गरे गाउँले भेला पार्छु अनि हेरौँला । (पृ.९९)

कामवासनाले अत्तालिएर जबर्जस्त नारी शरीरलाई भोग गर्ने तर उनीहरूको जीवनप्रति अनुत्तरदायी हुने भ्रष्ट चरित्रका पुरुष विरुद्ध नारी जाति पनि सशक्त प्रतिकारमा उत्रन सक्षम छन् भन्ने कुराको साक्षी उजेलीको प्रतिरोधी चेतनाबाट प्रस्ट हुन्छ । अत्याचार चरमोत्कर्षमा पुगेपछि नारीभित्रको प्रतिरोधी गुण कसरी बाह्य रूपमा प्रकटीकरण हुन्छ भन्ने ज्वलन्त उदाहरण उजेलीले आफ्नो न्यायको लागि बूढासँग गरेको वादप्रतिवाद र प्रतिशोधपूर्ण व्यवहारले थप पुष्ट्याइँ गर्दछ । नारीको जीवन अस्तित्व समाप्त पार्दा त्यसबाट उत्पन्न हुन सक्ने परिणतिप्रति भयभीत बनेको बूढाले बलेमाथि दोष थुपारेर समस्याबाट मुक्त हुन खोजेको दुष्प्रयासलाई उजेलीले प्रतिकार गरी रोकेकी छ । गरिबीकै कारण लामो समय यौन हिंसा सहन विवश बनेकी उजेलीले समाजका सामु बूढाको वास्तविक चरित्र उदाङ्गो पारेर बदला लिने दृढ अठोट गर्नु र अन्ततः मार्ने प्रयासको सशक्त प्रतिकार गरी हत्या गर्नु लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोध हो भन्ने थाहा हुन्छ । यस्तै गरी बाघले बाख्रा

खाएकै निहुँमा चरम यातना दिने बाहुन बूढाको दुर्व्यवहारप्रति लक्षमनियामा पनि आक्रोश उत्पन्न भएको छ । सामान्य विषयलाई लिएर ऊमाथि भएको निरन्तरको यातनाबाट असह्य भई उजेलीले बूढा विरुद्ध प्रतिकार गर्नु प्रतिरोधको अवस्था हो ।

### ४.६.३ महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन

*छाउपडी* उपन्यासमा महिलाद्वारा पुरुष पनि उत्पीडित छन् । खास गरी रोजगारीका लागि घर छोडेका पुरुषहरूले परिवारलाई समय दिन नसक्दा उनीहरूको घरबार बिग्रिएको छ । चन्द्रबहादुर गुरुङ र होमबहादुर भुजेल यसका प्रतिनिधि पात्रहरू हुन् । उनीहरू पत्नीद्वारा उत्पीडित छन् । यिनै पात्रहरूका आधारमा यस उपन्यासलाई पुरुष उत्पीडनका कोणबाट अध्ययन विश्लेषण गरिएको छ ।

रोजगारको सिलसिलामा भारतीय सेनामा भर्ती भएको चन्द्रबहादुर गुरुङले घरपरिवारलाई समय दिन सकेको छैन । बाबुकै जोडबलमा चमेलीसँग विवाह गरेपछि उसको जीवनमा तुषारापात छाएको छ । एकातिर परिवारसँग बस्न नपाउँदाको पीडा र अर्कातिर पत्नीको परपुरुषसँगको सम्बन्धले उसमा मानसिक क्षोभ उत्पन्न भएको छ । उसले आफूले पत्नीबाट पाएको उत्पीडनलाई व्यक्त गर्दै भन्छ :

> हेर् चमेली, तैँले मेरासाथ विश्वासघात गरिस् । तँजस्ती आइमाईलाई माफ गर्ने कुनै ठाउँ त छैन, तैपनि यी कलिला बच्चाको मुख हेरेर तँलाई माफी दिन्छु । म जस्तो सोझो लोग्नेको चोखो मन छियाछिया पारेकोमा तँलाई भगावान्ले कदापि माफी गर्ने छैनन् । (पृ.८९)

पतिबाट यौनचाहना पूरा गर्न नपाएपछि हरि मास्टरसँग अवैध सम्बन्ध राखेकी चमेलीले चन्द्रबहादुरको निश्छल प्रेममा कुठाराघात गरेकी छ । परिवारको सुखका लागि बाध्यतावश विदेश पलायन भएको चन्द्रबहादुर चरित्रहीन पत्नीले सामाजिक मर्यादामा आँच पुऱ्याएपछि निराश र विरक्त बनेको छ । सोझो लोग्ने देखेर परपुरुषसँग सम्बन्ध गाँस्ने र घरको जिम्मेवारी निर्वाह नगरेकोमा हृदय छियाछिया बनेको भनी दुखेसो पोखेको छ । तत्पश्चात् पनि पत्नीको व्यवहारमा कुनै परिवर्तन नआएपछि थप प्रताडित बनेको छ । अन्ततः पत्नीले दिने पीडा सहन नसकी हत्या गरेको छ । यी घटनालाई हेर्दा गरिबी र रोजगारीको अभावले पत्नीलाई सर्वस्व सुम्पेर विदेश पलायन भएका पुरुषहरू पनि

महिलाद्वारा उत्पीडित छन् । ज्यानको बाजी थापेर परिवारकै खुसीका लागि विदेश पलायन भए पनि कतिपय पुरुषहरूको जीवन महिलाकै कारण उजाड बनेको छ ।

नेपाल प्रहरीको जागिरे होमबहादुर भुजेल पनि महिलाद्वारा उत्पीडित पुरुष पात्र हो । बाबुकै आज्ञानुसार धनाढ्यकी छोरी बिजुलीसँग विवाह गरेपश्चात् होमबहादुर पत्नीकै कारण प्रताडित छ । आफूलाई सद्दे पत्नीका रूपमा स्थापित गर्न पतिमाथि यौन अविश्वास र अनेक शङ्का गरी अवैध सम्बन्धको आरोप लगाएकी छ । पत्नीको चरित्रप्रति पूर्ण विश्वस्त रहेको होमबहादुरले गाउँलेले उसको चरित्रबारे टीकाटिप्पणी गर्दा पनि शङ्काको दृष्टिकोणले हेरेको छैन । तर जेठो छोराले आमाको व्यवहारबारे प्रस्ट पारेपछि मानसिक रूपमा विक्षिप्त बनेको छ । उसले भोगेको उत्पीडनलाई जेलका साथीहरूमाझ बताएको तलको अंशले थप प्रस्ट पार्दछ :

> मलाई के उपदेश दिन्छस्, तँ आफैँ पहिले केटी घुमाउन छाडिदे । बडो मलाई सन्यासीले झैँ उपदेश दिने भएको !" म केही बोलिनँ । निदाउने प्रयास गर्दा पनि निदाउन सकिनँ । मनमा अनेक कुरा खेलाएर छट्पटिँदै उज्यालो भयो । (पृ.१०९)

पत्नीलाई सही मार्गमा हिँड्न सुझाव दिँदा उल्टै अपमानित बनेको छ । बिजुलीको पतिप्रति गर्ने व्यवहार रुखो छ । पत्नीकै कारण घर बिग्रन सक्नेप्रति चिन्तित छ । आफूप्रति लगाएको आक्षेप र रुखो व्यवहारले छटपटाएको छ । एकातिर सानो कमाइले परिवार पाल्ने चिन्ता अर्कातिर पत्नीको परपुरुषसँगको सम्बन्धबाट पारिवारिक सम्बन्ध बिग्रने चिन्ताले निराश र विरक्त बनेको छ । पत्नीसँग सम्बन्ध राख्न खोज्दा पनि ऊ टाढिन खोजेकी छ । ऋण खोजेर किनेको घर बेचेपछि झन् बेचैन बनेको छ । पत्नीको यातना सहन नसकी छोराछोरी लिएर एक्लै बसेपछि बिजुलीले होमबहादुरलाई मार्न पठाएका गुन्डाले जेठा छोराको हत्या गरेपश्चात् बन्दुक खोसेर पाँचजना नकाबधारी गुन्डाको हत्या गरेको छ । चरित्रहीन र कर्तव्यपरायणहीन नारीकै कारण पुरुषले भोग्नुपरेको उत्पीडनलाई यहाँ चर्चा गरिएको छ ।

## ४.६.४ महिलाको लैङ्गिक उत्पडिनप्रति पुरुषको प्रतिरोध

*छाउपडी* उपन्यासमा चन्द्रबहादुर गुरुङ र होमबहादुर भुजेल नारीबाट मानसिक रूपमा उत्पीडित छन् । रोजगारको सिलसिलामा घर छोड्न विवश यी दुई पात्रहरूले पत्नीले परपुरुषसँग अवैध सम्बन्ध गाँस्दा र कमाएको सम्पत्ति सही ठाउँमा उपयोग

नगर्दासमेत प्रारम्भतिर सहनशील बनेका छन् तर उनीहरूको उत्पीडनमा कुनै रुकावट नआएपछि पत्नी विरुद्ध प्रतिकार गरेका छन् । आफ्नी पत्नीको यस्तो घृणित कार्य र गैरजिम्मेवारीपूर्ण व्यवहारबाट उनीहरूमा घृणा र क्रोधको भाव पैदा भएको छ । दुवै पात्रले त्यस्तो कार्यलाई रोकेर जिम्मेवार बन्न पनि आग्रह गरेका छन् । अन्ततः चन्द्रबहादुर गुङ्ले पत्नीको हत्या गरेको छ भने होमबहादुर भुजेलले आफू विरुद्ध आक्रमण गर्न पठाएका गुन्डासँग मुकावला गरी हत्या गरेको छ । यी घटनालाई हेर्दा पत्नीलाई जिम्मेवार वहन गर्न आग्रह गर्नु, गलत काम गर्नबाट रोक्ने प्रयास गर्नु, घृणा र रोष प्रकट गर्नु, हत्या गर्नु लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोधी कार्य हो ।

### ४.६.५ महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन

*छाउपडी* उपन्यासमा महिलाहरू पुरुषबाट मात्र नभई महिलाबाट पनि उत्पीडित छन् । सामन्ती संस्कारमा जन्मेहुर्केका महिलाहरूले आफूले भोग्नुपरेको रूढिवादी मान्यतालाई अन्धभक्त बनी निरन्तरता दिने प्रयास गरेका छन् । जसको सिकार स्वयम् महिला नै बनेका छन् । महिला उत्पीडकमा सासू तथा अभिजात वर्गका महिलाहरू रहेका छन् भने उत्पीडितमा बुहारी तथा गरीब महिलाहरू रहेका छन् । यिनैका आधारमा उत्पीडित महिलाका कोणबाट उपन्यासको अध्ययन विश्लेषण गरिएको छ ।

सामन्ती संस्कारका पछ्यौटे सासूहरूले आफूले भोग्नुपरेको बुहार्तनको यातना बुहारीसँग लिने गर्दछन् । यसको ज्वलन्त उदाहरणका रूपमा पार्वतीकी सासू हो । विवाहपश्चात् बुहार्तनको जिम्मेवारी निर्वाह गर्दागर्दै पनि सासूले "काम गर्ने भए राम्रोसँग गर, नगर्ने भए अहिल्यै माइत जा, माइतैमा जीवन बिता, मेरो छोराको अर्को बिहे गरिदिन्छु" (पृ.५) भनी बुहारी पार्वतीलाई प्रताडित तुल्याएकी छ । कामको बोझले ज्वरो आई थला परेकी पार्वती काममा खटिन नसक्दा सासूको रुखो वचन सुन्नुपरेको छ । बुहारी बनाएर भित्र्याउने तर कामका लागि उपयोग गर्ने पार्वतीकी सासू द्वैध चरित्रकी महिला हो । बिरामी अवस्थामा समेत कामको बोझ थप्दै कामै गर्न नसके घर छोड्न मानसिक दबाव दिएकी छ । छोराको अर्को विवाह गराएर बुहारी परिवर्तन गर्न खोज्ने प्रयासले कडा सासूका रूपमा देखिन खोजेकी छ । नारीबाटै बुहार्तनको पीडा खप्न नसकी विरक्तिएर घर छोड्न बाध्य भएकी छ । रामरतबाट बलात्कृत भएपश्चात् न्यायका लागि उसको घर जाँदा उसकी आमाबाट थप मानसिक यातना पाएकी छ । पितृसत्ताको वकालत गर्दै छोराले कैयौं नारीलाई

गर्भवती बनाउँदै फ्याक्दै गरेको भन्दै निहुँ नखोज्न धम्की दिएकी छ । न्यायको लागि शरण माग्न आएकी अबला महिला नारीबाटै उपेक्षित र अपमानित बन्नु लैङ्गिक उत्पीडन हो ।

बुहार्तनको भूमिका इमानदारीपूर्वक निर्वाह गर्दा पनि दाइजो प्रथाका पक्षपोषक सासूमण्डलीबाटै मेनकाजस्ता सज्जन बुहारीहरू यातनाको सिकार बन्नुपरेको छ । जेठानी पर्नेले रूप र सम्पत्तिका लागि अर्की बुहारी ल्याउन गरेको आग्रहलाई स्वीकार गर्दै बुहारी मेनकालाई माधुरिका आमाले कुटेरै हत्या गरेकी छ । सासूले शारीरिक र मानसिक यातना दिँदा पनि सहनशीलता प्रदर्शन गर्न खोज्नु उसका लागि अभिसाप बनेको छ । कुटाइ र गाली खाँदै अन्ततः मारिन पुगेकी मेनकाले भोगेको उत्पीडन नेपाली समाजमा बुहारीले भोग्नुपर्ने साझा समस्या हो । पितृसत्ताले निर्माण गरेको दाइजो प्रथालाई स्वाभाविक मान्ने सामन्ती संस्कारका महिलाले बुहारीप्रति गरेका अमानवीय व्यवहारबाट महिलाहरू महिलाबाटै उत्पीडनमा परेको कुरा "मैले बुहारीले गरेका जुनसुकै काममा रेख लाउन थालेँ, सानो तिनो कुरालाई लिएर कुट्न पनि थालेँ । ...बिचरीले दुःख लुकाउने ठाउँ कतै नपाएर होला-हाम्रो अत्याचार सहेरै बसी" (पृ.६९) भनी माधुरिका आमाले आफूले बुहारीप्रति दानवीय व्यवहार गर्दा हाल पश्चातापमा परेको बारे जानकारी दिएबाट थाहा हुन्छ ।

यसरी *छाउपडी* उपन्यासमा लछमनियाजस्ता छोरीहरू गरिबीकै कारण अभिजात वर्गका महिलाद्वारा उत्पीडित छन् । बाहुनी बज्यैले बाख्रो हराएको निहुँमा तथानाम गाली गर्दै कपाल लुछेर यातना दिएकी छ । आर्थिक विपन्नताकै कारण जतिसुकै यातना दिए पनि सहनुपर्ने उसको विवशता हो । उसले साहुनीबाट पाएको शारीरिक र मानसिक यातनाले लैङ्गिक उत्पीडनमा परेको देखिन्छ । त्यसैगरी पितृसत्ताको हितार्थ निर्माण भएको दाइजो प्रथाका पक्षपोषक महिलाकै कारण पनि मेनकाजस्ता कैयौँ नारीहरू महिलाबाटै हिंसामा परेको दृष्टान्त माधुरिकी आमाले बुहारीमाथि गरेको अत्याचारले पुष्टि गरेको छ ।

### ४.६.६ महिलाको लैङ्गिक उत्पीडनप्रति महिलाको प्रतिरोध

*छाउपडी* उपन्यास पुरुषबाट उत्पीडित महिलाले भोग्नुपरेको समस्यामा केन्द्रित छ । यस उपन्यासमा पार्वती, मेनका, बञ्जली, शुभला र उजेली रूढिवादका अनुयायी महिलाबाट उत्पीडित छन् । अञ्जलीले बाहेक अन्य महिलाले बाह्य शक्तिको उपयोग गरी प्रतिरोध गर्न नसके पनि उनीहरूमा घृणा र आक्रोश भने देखिन्छ । गरिबी र बाल्यावस्थामै बुहार्तन

भोग्नुपरेकाले पनि प्रतिरोध गर्न नसकेको देखिन्छ । आफूमाथि आक्रमण गर्ने रेग्मी बाहुनीप्रति प्रत्याक्रमण गरी हत्या गर्नु, उत्पीडित महिलामा उत्पीडक महिलाप्रति घृणा र आक्रोशको भाव पैदा हुनु लैङ्गिक उत्पीडन विरुद्धको प्रतिरोध हो ।

## ४.७ निष्कर्ष

कविता पौडेलका पाँचवटा उपन्यासलाई लैङ्गिक उत्पीडन र प्रतिरोधका कोणबाट विश्लेषण गर्दा पुरुषबाट महिलाहरू बढी उत्पीडित छन् । पितृसत्ताले प्रभुत्व कायम राख्न हरूवा, चरुवा, छाउपडी र छुवाछुत प्रथालाई सांस्कृतिक मान्यताका रूपमा स्थापित गरेको, आर्थिक अवस्थामा आफूमा सीमित गरेको, नारीलाई सन्तान उत्पादनका साधन र पुरुषका दासी ठानेको देखिन्छ । यस्ता विभेदजन्य सांस्कृतिक मान्यता र पुरुषको शासकीय प्रवृत्तिले महिलारू बढी शारीरिक र मानसिक उत्पीडनमा परेका छन् ।

आफूअनुकूल सांस्कृतिक मान्यता निर्माण गरी महिलालाई कमजोर बनाएर दास र यौन साधनका रूपमा प्रयोग गर्दा कैयौँ महिलाहरूले अस्मिता गुमाएर समाजमा कलङ्कित भई बाँच्नुपरेको छ भने कतिपय महिलाको जीवन नै समाप्त भएको छ । गरिबी र कुप्रथालाई हतियार बनाई शक्ति र सत्ताका आडमा श्रम र यौन शोषण गर्न हौसिएका पुरुषहरूले महिलाका इच्छा र आवश्यकताको कुनै प्रवाह नगर्दा महिलाको जीवन उदासमय बनेको छ । अत्याचारी, दुराचारी र चरित्रहीन लोग्नेलाई सधवा स्त्रीले देवताझैँ मानेर निरन्तर सेवा टहल गर्नुपर्ने बाध्यता महिलामा देखिन्छ । त्यसै गरी नारी मात्र नभई गरिबी र रोजगारको अभावले घर छोड्न बाध्य भएका पुरुषका पत्नीहरू यौनतुष्टिका लागि परपुरुषसँग सम्बन्ध बढाउँदा धेरै पुरुषहरूको जीवन बर्बाद भएको छ । आर्थिक अवस्था सुदृढ पार्न विदेश पलायन हुँदा घर परिवारमा समय दिन नसकेपछि पतिप्रति वितृष्णा बढेको छ । कमाएको धन अनावश्यक रूपमा खर्च गरिदिँदा अन्ततः घरबार बिग्रन पुगेको छ । यस किसिमका व्यवहारबाट पुरुषमा मानसिक विचलन आएको देखिन्छ ।

कविता पौडेलका पाँचवटै उपन्यासलाई उत्पीडन विरुद्धको प्रतिरोधका कोणबाट हेर्दा अन्य उपन्यासका तुलनामा *सीमावारि सीमापारि* र *छाउपडी* उपन्यासका नारी पात्रमा प्रतिरोधी चेत बढी पाइन्छ । पुरुष र महिलाको क्रूर अमानवीय व्यवहारबाट आजित भएपछि उनीहरूमा प्रतिशोधको भावना विकसित भएको छ । शारीरिक रूपमा अशक्त, एकल र

समाजबाट बहिस्कृत महिलाहरूले बाह्य शक्तिको उपयोग गर्न नसके पनि आन्तरिक शक्तिका माध्यमबाट आफूमाथि भएको अन्यय र अत्याचार विरुद्ध कडा प्रतिवाद गरेका छन् । छाउपडी उपन्यासका महिलाहरूले त आफूमाथि भएको शोषण र दमन विरुद्ध भौतिक रूपमै प्रतिवाद गरेका छन् । त्यसै गरी नारीबाट उत्पीडित पुरुषमा पनि प्रतिरोधी चेत प्रबल रूपमा पाइन्छ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ विषय प्रवेश

कविता पौडेलका उपन्यासमा लैङ्गिकता शीर्षकमा केन्द्रित रहेर प्रस्तुत शोधप्रबन्धमा कविता पौडेलका *बालचीत्कार, हीरा, सीमावारि सीमापारि, छोरीको चिठी* र *छाउपडी* उपन्यासहरूलाई लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन र उत्पीडनप्रति गरिएको प्रतिरोधका कोणबाट विश्लेषण गरिएको छ । अघिल्ला परिच्छेदमा विश्लेषित विषयहरूको सारांश तथा निष्कर्ष यस परिच्छेदमा गरिएको छ । सारांश खण्डमा हरेक परिच्छेदको विवेच्य विषयको चर्चा गरिएको छ भने निष्कर्ष खण्डमा शोधका मुख्य प्राप्तिहरूको चर्चा गरिएको छ ।

## ५.२ सारांश

कविता पौडेलका उपन्यासमा लैङ्गिकता शीर्षकको प्रस्तुत शोध कविता पौडेलका *बालचीत्कार, हीरा, सीमावारि सीमापारि, छोरीको चिठी* र *छाउपडी* गरी पाँचवटा उपन्यासहरूमा केन्द्रित रही अध्ययन विश्लेषण गरिएको छ । विषयगत आधारमा जसलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रत्येक परिच्छेदको सारांशलाई यहाँ प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेदमा शोधशीर्षक, विषयपरिचयमा कविता पौडेल र लैङ्गिकतालाई परिभाषित गरी शीर्षक र पूर्वकार्यको अध्ययनका आधारमा शोधसमस्याको निरूपण गरिएको छ र त्यही समस्याका आधारमा उद्देश्यको निर्माण र सीमाङ्कन गरिएको छ । पूर्वकार्यको अध्ययनबाट प्रमाणित शोध समस्याको महत्त्व प्रस्तुत गरी यस शोधकार्यको औचित्य स्थापित गरिएको छ । सोद्देश्यमूलक नमुना छनोट विधिका आधारमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । शोधविधिलाई सामग्री सङ्कलन र विश्लेषण विधि गरी दुई उपशीर्षकमा विभाजन गरेर कविता पौडेलका उपन्यासहरूको लैङ्गिकताका कोणबाट विश्लेषण गरिएको छ । शोधपत्रको मूल प्राज्ञिक समस्याअन्तर्गत दुईवटा प्रश्नहरू निर्माण गरी ती प्रश्नसँग सम्बन्धित पहिलो परिच्छेद शोध परिचय रहेको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा लैङ्गिक अध्ययनको सैद्धान्तिक पर्याधार प्रस्तुत गरिएको छ । यस परिच्छेदमा लैङ्गिक अध्ययनको परिचय, प्रारम्भ र विकासबारे चर्चा गरिएको छ । सन् १९६०-१९९० सम्मको अवधिलाई मुख्य केन्द्र बनाई नारीवाद र पुरुषवादका आधारमा लैङ्गिक अध्ययनको मूलभूत मान्यताको चर्चा गरिएको छ । उपन्यास विश्लेषणका लागि लैङ्गिक शक्तिसम्बन्ध, लैङ्गिक उत्पीडन र उत्पीडनप्रतिको प्रतिरोधलाई मुख्य आधारका रूपमा लिइएको छ ।

शोधको तेस्रो परिच्छेदमा फुकोको शक्तिसम्बन्ध, आल्थुरसको विचारधारा, ग्राम्सीको प्रभुत्ववादी मान्यता र मार्क्सवादी मान्यताका आधारमा पाँच उपन्यासको शक्तिसम्बन्धका आधारमा अध्ययन विश्लेषण गरिएको छ । आर्थिक उत्पादन, पारिवारिक निर्णय प्रक्रिया र सामाजिक संरचनाका आधारमा को कसरी शक्तिको केन्द्रमा छ ? को कसरी शक्तिको परिधिमा छ ? र प्रतिरोधको अवस्था कस्तो छ भन्ने बारेमा उल्लेख गरिएको छ ।

कविता पौडेलका पाँच उपन्यासहरूलाई लैङ्गिक शक्तिसम्बन्धका आधारमा विश्लेषण गर्दा आर्थिक तथा सामाजिक भूमिका प्रायः पुरुषमा सीमित देखिन्छ । आफूअनुकूल सामाजिक मूल्यमान्यता तथा नीति निर्माण गरी त्यसैका आधारमा प्रभुत्व कायम गरेको देखिन्छ । शक्ति र सत्ताका लागि दुवै पक्षबिच कडा सङ्घर्ष भए पनि परनिर्भरता र पितृसत्तात्मक सामाजिक संरचनाले महिलालाई शक्तिहीन बनाएको अवस्था छ । *हीरा* उपन्यासकी नर्मदा, *सीमावारि सीमापारि* उपन्यासका शीला र उमा, छोरीको चिठी उपन्यासकी नारी पात्र अञ्जु र छाउपडी उपन्यासका पार्वती, जमुनी, अञ्जली, देउती, माधुरिका आमा, चन्दा, उजेली र लछमनियाजस्ता नारी पात्रहरूले पुरुषको एकल निर्णय, भूमिका र सत्ता खोसेर मातृसत्ता स्थापित गर्ने प्रयास गरे पनि त्यसलाई पूर्णता दिन भने असफल नै छन् । महिला र महिलाबिचको शक्तिसम्बन्धबारे विश्लेषण गर्दा पितृसत्ताका अनुयायी तथा अभिजात वर्गका महिला र श्रमिक तथा बुहारीबिच शक्तिका लागि द्वन्द्व भएको छ । गरिबी, सामन्तकेद्री समाज, रूढिवाद, आफूअनुकूलको कानुनको अभावले उत्पीडित महिलाहरू शक्तिको केन्द्रमा रहन असफल छन् । पुरुष र पुरुषबिचको शक्तिसम्बन्धबारे विश्लेषण गर्दा सामन्नवादी तथा अभिजात वर्गका पुरुष र आर्थिक रूपमा विपन्न तथा अछुत बनाइएका पुरषहरूबिच शक्ति सङ्घर्ष भएको छ । गरिबी र सामन्तकेन्द्री सामाजिक संरचनाकै कारण सर्वहारा वर्गका पुरुषहरू परिधीय शक्तिका रूपमा रहेका छन् ।

चौथो पच्छिेदमा कविता पौडलका उपन्यासहरूलाई लैङ्गिक उत्पीडनका कोणबाट विश्लेषण गरिएको छ । आर्थिक विषमता र पितृसत्ताद्वारा निर्मित विविध कुप्रथाका कारण महिला र पुरुषले भोग्नुपरेको शारीरिक र मानसिक उत्पीडन र ती उत्पीडनप्रति उत्पीडित पात्रहरूले गरेको प्रतिरोधबारे चर्चा गरिएको छ । पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोधबारे विश्लेषण गर्दा शासकीय प्रवृत्तिका पुरुषबाट धेरैजसो महिलाहरू शारीरिक र मानसिक उत्पीडनको सिकार भएका छन् । रूढिवाद, कामवासनाको परिपूर्ति तथा शक्ति र सत्ता आफूमा सीमित गर्ने मानसिकताले महिलालाई दबाएरै राख्न खोज्ने प्रवृतिका पुरुषले महिलालाई चरम यातना दिएका छन् ।

पुरुषको हिंसा विरुद्ध धेरै जसो महिलाले बाह्य शक्तिको प्रयोग गरी प्रतिरोध गरेको देखिँदैन । तर पार्वती, जमुनी, अञ्जली, देउती, माधुरिका आमा, चन्दा, उजेली, लछमनिया, शीला, उमा जस्ता नारीहरूले भने कडा प्रतिवाद गरी आफूमाथि भएको अत्याचारको बदला लिएका छन् । प्रतिरोध गर्न असमर्थ महिलाहरूमा उत्पीडनप्रति घृणा र आक्रोशको भाव भने जागृत भएको देखिन्छ । महिलाद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोधबारे विश्लेषण गर्दा पितृसत्ताका परिपोषक, जागिरका सिलसिलामा घर छोडेका पतिका पत्नीहरू र अभिजात वर्गका महिलाबाट आर्थिक हिसाबले विपन्न तथा जातीय मान्यताका आधारमा सीमान्तकृत पुरुषहरू बढी उत्पीडित छन् ।

*सीमावारि सीमापारि* उपन्यासमा महिलाबाट पुरुष बलात्कृत भएको नयाँ घटनालाई समावेश गरिएको छ । महिलाको उत्पीडन विरुद्ध पुरुषको प्रतिरोधी चेतना ज्यादा छ । महिलाले जस्तो सहनशीलता प्रकट नगरी वादप्रतिवाद गर्दै घृणा र आक्रोश मात्र पोखेका छैनन्, चन्द्रबहादुर गुरुङ्ले जस्तै भौतिक आक्रमण गरी प्रतिशोध पनि साँधेका छन् । पुरुषद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोधबारे गरिएको विश्लेषणमा अभिजात तथा सामन्त वर्गका पुरुषबाट सर्वहारा वर्गका पुरुषहरू बढी उत्पीडित छन् । आफ्नो जातीय अस्तित्व र सामन्तवादको प्रभुत्व कायम गर्न दमन र शोषण गरेका छन् । त्यस्तो दमन र शोषण विरुद्ध बाह्य शक्तिको प्रयोग गरी प्रतिशोध साँध्न असमर्थ भए पनि छोरीको चिठी उपन्यासका पुरुष पात्रहरू बूढा र सन्तरामले सामन्तवादी विचारधारा र मान्यताको तीव्र विरोध गरेका छन् । पुरुषको लैङ्गिक उत्पीडनबाट प्रतिरोधका लागि घृणा र आक्रोशको भाव उत्पन्न भएको छ । महिलाद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोधको अवस्थाबारे विश्लेषण गर्दा धेरै जसो बुहार्तनको खेप्ने महिलाहरू उत्पीडित छन् ।

बुहारीलाई दबाएरै राख्नुपर्छ भन्ने मानसिकता बोक्ने मेनका, माधुरिका आमा, पुष्पा तथा दीपाकी सासूले बुहारीलाई चरम यातना दिएका छन् । त्यति मात्र नभई आर्थिक तथा निर्णायक भूमिका आफूमा सीमित गर्नै उद्देश्यले सौता नर्मदाबाट सौतिनी दिदी दीपामाथि भएको दमन र शोषण, आफूमाथि सौता आएकोमा प्रतिशोध साँध्न रेखाकी सौता दिदीले रेखामाथि दिएको शारीरिक र मानसिक यातना महिलाबाट महिलाले भोगेको उत्पीडिन हो । त्यस्तो उत्पीडिन विरुद्ध शीला र उजेलीले बाहेक अन्य उत्पीडित महिलाले उत्पीडिन विरुद्ध प्रतिरोधका रूपमा बाह्य शक्तिको प्रयोग गरेका छैनन् तर उनीहरूमा घृणा र आक्रोश चाहिँ सिर्जना भएको देखिन्छ ।

## ५.३ निष्कर्ष

कविता पौडेलका उपन्यासमा लैङ्गिकता शीर्षक शोधप्रबन्धको पहिलो परिच्छेदमा निर्धारण गरिएका दुईवटा समस्याहरूको विश्लेषण माथिका तेस्रो र चौथो परिच्छेदमा गरिएको छ । ती विश्लेषणबाट प्राप्त समाधानलाई तल निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ :

१. प्रस्तुत शोधप्रबन्धको समस्याकथनमा दिइएको प्रथम शोध प्रश्नको समाधानका लागि तेस्रो परिच्छेदमा कविता पौडेलका *बालचीत्कार, हीरा, सीमावारि सीमापारि, छोरीको चिठी* र *छाउपडी* गरी पाँच उपन्यासलाई लैङ्गिक शक्तिसम्बन्धका कोणबाट विश्लेषण गरिएको छ । लैङ्गिक शक्तिसम्बन्धका कोणबाट विश्लेषण गर्दा निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

(क) कविता पौडेलका सबै उपन्यासहरूलाई पुरुष र महिलाबिचको शक्तिसम्बन्धका कोणबाट हेर्दा एकाध महिलाबाहेक पुरुष नै शक्तिका केन्द्रमा छन् । नारीलाई शक्तिको केन्द्रमा आउन नदिन पुरुषले आर्थिक स्रोतमाथि नियन्त्रण गर्नुका साथै आफू अनुकूल विभेदजन्य संस्कृति र आार्थिक नीतिको निर्माण गरेको छ । पुरुषवादी विचारधारा र मान्यतालाई स्वाभाविक र सत्यका रूपमा प्रतिस्थापन गर्न बल र नैतिक आधार खडा गरी महिलाको विचारधारामा परिवर्तन ल्याएका छन् । हरेक संस्कृतिमा धर्मको लेप लगाएर महिलालाई तिनको भक्त बनाई हुकुमी शासन चलाएका छन् । नारी शरीरमाथि नियन्त्रण कायम गर्न परनिर्भर बन्नुपर्ने अवस्था सिर्जना गरी आफ्नो वर्चस्व कायम गर्न

सफल देखिन्छन् । यसरी आर्थिक विषमता र पितृसत्तात्मक सामाजिक संरचनाले महिलाहरू परिधीय शक्तिका तहमा खुम्चिएका छन् ।

(ख) आफ्नो शासकीय सत्तालाई स्थायित्व दिन आफू अनुकूल निर्माण भएका सांस्कृतिक मान्यतालाई धर्मसँग जोडेको पितृसत्ताले नारीलाई शक्तिहीन बनाउन छाउपडी प्रथा, हरूवा र चरुवा प्रथा, दाइजो प्रथा जस्ता नारीहित विरोधी खराब सांस्कृतिक मान्यताको स्थापना गरेको देखिन्छ । धेरै जसो महिलाले पुरुषका निर्देशन र विचारलाई अनुशरण गर्ने मात्र नभई जतिसुकै अन्याय र अत्याचार गरे पनि सहनशीलता प्रदर्शन गरेका छन् । सुरुमा निरीह र कमजोर देखिएका *छाउपडी* र *सीमावारि सीमापारि* उपन्यासका उमा, शीला, पार्वती, चन्दा, देउतीजस्ता कतिपय महिलामा आएको लैङ्गिक चेतनाले नयाँ शक्तिका रूपमा स्थापित हुन खोजेका देखिन्छ । तर उनीहरूले पुरुषवादी मान्यता विरुद्ध उठाएका विचारधारा र साहसिक कार्यलाई अरूले निरन्तरता दिएको देखिँदैन । सिङ्गो समाज नै पुरुषको शासन शक्तिको स्थापना गर्न प्रोत्साहित गरेको देखिनुले पनि शक्तिको परिधिमा महिला रहेको प्रस्ट हुन्छ ।

(ग) कविता पौडेलका उपन्यासमा महिला र महिलाबिच पनि शक्तिसङ्घर्ष भएको छ । पितृसत्ताका पछौटे र सीमान्तकृत महिलाबिच द्वन्द्व भएको छ । सासू, आमा, सौताजस्ता सामन्ती संस्कारका महिलाहरूले परिवारमा प्रभुत्व कायम गर्न महिलामाथि नै दमन र शोषण गरेका छन् । पितृसत्ताले निर्माण गरेका रूढिवादी मान्यतालाई हतियारका रूपमा प्रयोग गरी शक्ति कायम गरेका छन् । *बालचीत्कार* उपन्यासमा रेखाकी जेठी आमा, पुष्पा र दीपाका सासू, हीरा उपन्यासमा सासू मेनका र सौता, *सीमावारि सीमापारि* उपन्यासमा उमा, शीलाकी सानिमा, *छोरीको चिठी* उपन्यासमा अञ्जु, *छाउपडी* उपन्यामा मेनका र पार्वतीकी सासूजस्ता महिलाहरूले छोरी तथा बुहारीलाई दबाएरै राखेका छन् । बुहारीलाई दबाएरै राख्नुपर्छ भन्ने ससूमण्डलीको सामन्ती विचारधारा र व्यवहारका विरुद्ध प्रतिरोध गर्न खोजे पनि गरीबीकै कारण पराजित बनेका छन् । त्यस्तै सन्तरामकी पत्नीजस्ता महिलाहरू जातीय मान्यता र गरिबीकै कारण अभिजात वर्गका महिलाले दिएका यातनालाई सहन विवश छन् । *छाउपडी* उपन्यासमा जातीय प्रथालाई धर्मसँग अनि दाइजो प्रथालाई परम्परासँग जोडेर शक्ति कायम गर्न खोज्ने कतिपय अभिजात वर्गका महिलाले आर्थिक रूपमा गरीब र जातीय हिसाबले अछुत बनाइएका महिलामाथि शासन गरेका छन् । सामन्ती शासनका विरुद्ध पितृसत्तात्मक सामाजिक

संरचना र लैङ्गिक चेतनाको अभावले प्रतिरोध गर्न सकेको देखिँदैन । यसरी हेर्दा सामन्ती विचारधाराका अभिजात वर्गका महिलाहरू शक्तिको केन्द्रमा र सीमान्तकृत वर्गका महिलाहरू शक्तिको परिधिमा रहेका छन् ।

२. प्रस्तुत शोधप्रबन्धको समस्याकथनमा उल्लिखित दोस्रो शोधप्रश्नका रूपमा कविता पौडेलका उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध रहेको छ । यस समस्याको प्राज्ञिक समाधान शोधप्रबन्धको चौथो परिच्छेदमा गरिएको छ । *बालचीत्कार, हीरा, सीमावारि सीमापारि, छोरीको चिठी* र *छाउपडी* उपन्यासहरूलाई लैङ्गिक उत्पीडन र प्रतिरोधका कोणबाट विश्लेषण गर्दा प्राप्त निष्कर्षलाई तल प्रस्तुत गरिएको छ :

(क) आर्थिक विषमता र पितृसत्ताले आफू अनुकूल निर्माण गरेका सामन्ती संस्कारकै कारण महिला नै बढी उत्पीडित छन् । शक्ति र सत्ता पुरुषकै अधीनमा भएकाले पनि नारीलाई केवल दास र भोग्याको रूपमा उपभोग गर्न खोजिएको छ । पुरुषका आज्ञा र इच्छा पूरा गर्न नसकेकै कारण गरीब र एकल महिलाहरू मानसिक र शारीरिक उत्पीडनको सिकार भएका छन् । प्रतिनिधि उत्पीडनका घटनालाई लिँदा *बालचीत्कार* उपन्यासमा मीराले पति कुमार हरिजनको मागअनुसार दाइजो दिन नसकेपछि पतिले क्रूर यातना दिनु, *हीरा* उपन्यासमा दिनेशले आठ सन्तानकी आमा बनेकी पत्नी दीपालाई सुत्केरी र गर्भवती अवस्थामा स्याहार सुसार गर्नुको साटो कुटपिट गरेरै काममा खटाउँदा शरीर अशक्त बन्नु र अन्तमा असह्य पीडाले आत्महत्या गर्नु, *सीमावारि सीमापारि* उपन्यासमा कमलले भाउजूमाथि यौनशोषण गरी गर्भवती अवस्थामा भारतमा लगी बेचेपछि थप यौनशोषणमा पर्नु, *छोरीको चिठी* उपन्यासमा रत्न कँडेलले सुन्तली सेतीको नारी अस्मिता लुटेर मारिदिनु, र *छाउपडी* उपन्यासमा बुहार्तन खप्न नसकी मामाघर गएकी पार्वती थारु एक दिन सोरतगढको मेला हेरेर फर्कने क्रममा मोहन लोहारबाट बलात्कृत भई गर्भवती हुनुबाट महिलाहरू शारीरिक र मानसिक उत्पीडनको सिकार बढी बनेका छन् ।

(ख) कविता पौडेलका उपन्यासमा पुरुष पनि महिलाद्वारा उत्पीडित छन् । तर महिलाका तुलनामा कम मात्रामा उत्पीडित छन् । खासगरी आर्थिक हिसाबले गरीब, जातीय हिसाबले अछुत बनाइएका पुरुषहरू अभिजात वर्गका महिलाबाट उत्पीडित छन् । कतिपय पुरुषहरू भने रोजगारको अभावले विदेश पलायन भएपछि पत्नीकै कारण

मानसिक हिंसाको सिकार भएका छन् । पुरुष उत्पीडनका प्रतिनिधि घटनालाई लिँदा *सीमावारि सीमापारि* उपन्यासमा सन्तोष महिलाबाट बलात्कृत भई शारीरिक र मानसिक रूपमा विक्षिप्त हुनु, *हीरा* उपन्यासमा दिनेशले सारा सम्पत्ति र घरव्यवहारको जिम्मा कान्छी पत्नी नर्मदालाई सुम्पेपछि उसले पत्नीको कुटाइ र गाली खानु, *छोरीको चिठी* उपन्यासमा कुलमान महिलाबाटै जातीय हिंसाको सिकार बन्नु र *छाउपडी* उपन्यासमा चन्द्रबहादुर गुरुङ र होमबहादुर भुजेलका पत्नीहरूले परपुरुषसँग अवैध सम्बन्ध राखी अन्ततः पारिवारिक सम्बन्ध ध्वस्त पार्नुबाट पुरुषहरू पनि शारीरिक र मानसिक दुवै हिसाबले उत्पीडनको सिकार भएको देखिन्छ ।

(ग) कविता पौडेलका उपन्यासका धेरै महिलाहरू महिलाको उत्पीडनमा परेका छन् । पितृसत्ताले स्थापना गरेका रूढि प्रथाका अनुयायी र अभिजात वर्गका महिलाहरू बढी मात्रामा उत्पीडक बनी उभिएका छन् । सासूबाट बुहारी, सौता दिदीबाट सौतिनी बहिनी, सौतिनी बहिनीबाट सौता दिदी र सामन्ती संस्कारका पक्षपोषक अभिजात वर्गका महिलाबाट गरीब महिलाहरू उत्पीडित छन् । सासूले बुहारीलाई, अभिजात वर्गका महिलाले गरीब महिलालाई दबाएरै राख्नुपर्छ भन्ने मानसिकता देखिन्छ । पितृसत्ताका अनुयायीहरू धर्मको नाममा छाउपडी प्रथा अँगाल्न लगाएर, आयआर्जन गर्न देहव्यापारमा लगाएर, श्रमशोषण गरेर र कुटपिट तथा गाली गरेर सर्वहारा वर्गका महिलालाई शारीरिक र मानसिक पीडा दिएका छन् । उपन्यासमा घटित प्रतिनिधि केही घटहरूलाई लिँदा *बालचीत्कार* उपन्यासमा जेठी आमाले अबोध बालिका रेखालाई गाली गर्दै दाजु वरुणको काखबाट खोसेर हुत्याउनु, *हीरा* उपन्यासमा सासू मेनकाले सात सन्तानपछि पुन गर्भवती हुँदा रोगी भएकी बुहारी दीपालाई काम नगरेको निहुँमा भोकै राखी कुटपिट र गाली गर्नु, *सीमापारि सीमावारि* उपन्यासमा यौन व्यवसायकै लागि व्यापारी महिलाले सीताको गर्भपतन गराई देहव्यापारमा लगाउनु, *छोरीको चिठी* उपन्यासमा अन्जुले सानी उमेरकी उर्मिलालाई जातको खोल ओढेर पतिसँग अवैध सम्बन्धको आक्षेप लगाउँदै घरबाट निकालिदिनु र *छाउपडी* उपन्यासमा दाइजोकै कारण माधुरिका आमाले बुहारी मेनकालाई कुटेरै हत्या गर्नुबाट पनि महिलाहरू महिलाकै कारण उत्पीडित छन् भन्ने पुष्टि हुन्छ ।

(ग) कविता पौडेलका उपन्यासमा लैङ्गिक उत्पीडन विरुद्ध महिला र पुरुष दुवैमा प्रतिरोधको अवस्था देखिएको छ । *छाउपडी* उपन्यासका नारी पात्रहरूले जसरी अन्य उपन्यासका

नारीहरूले पुरुषको उत्पीडन विरुद्ध तीव्र प्रतिरोध गरेको देखिँदैन । आर्थिक विषमता, शक्ति र सत्ता पुरुषमा सीमित, पारिवारिक तथा सामाजिक भूमिका पुरुषबाट नियन्त्रित, पुरुषकेन्द्री सामाजिक संरचना, उत्पीडनकारी सांस्कृतिक मूल्यमान्यताकै कारणले पनि कतिपय महिलाले बाह्य शक्तिको उपयोग गरेर प्रतिशोध साँध्न नसकेको स्थिति छ । उनीहरूमा उत्पीडप्रतिको प्रतिरोधका आक्रोश र घृणा पैदा भएको छ । तर *सीमावारि सीमापारि* उपन्यासका नारी पात्रहरू शीला र उमा, *छाउपडी* उपन्यासका पात्रहरू पार्वती, उजेली, देउती, चन्दा आदि  नारीहरूले आफूप्रति भएको उत्पीडन विरुद्ध प्रतिशोध साँध्न सफल भएका छन् ।

(ङ) महिलाद्वारा उत्पीडित पुरुषमा उत्पीडन विरुद्ध प्रतिरोधको अवस्था टड्कारो नै देखिन्छ । सामन्त तथा अभिजात वर्गका महिलाद्वारा प्रताडित पुरुषहरूले आन्तरिक र बाह्य दुवै शक्तिको प्रयोग गरी बदला लिएर छाडेका छन् । महिला पीडकबाट उत्पीडित महिलामा भने तीव्र प्रतिरोधको अवस्था नदेखिए पनि क्रोध र घृणाका माध्यमबाट प्रतिरोध गरेको अवस्था छ । घृणा र क्रोधलाई बाह्य शक्तिमा रुपान्तरण गरी प्रतिवाद गर्न सकेको चाहिँ देखिँदैन ।

आर्थिक अधिकार र निर्णायक भूमिका आफूमा सीमित पारी महिलालाई केवल दासी र भोग्याको रूपमा मात्र हेर्नु र महिलाले पुरुषको दमन र शोषण विरुद्ध तीव्र प्रतिवाद गर्न नसक्नुले पनि उनका उपन्यासमा चित्रित तत्कालीन नेपाली समाज पितृसत्तावादी देखिन्छ । तत्कालीन पितृसत्तात्मक सामाजिक संरचनामा नारी र पुरुषको अवस्था, पितृसत्ताले निर्माण गरेको सामन्तवादी मान्यता र आर्थिक विषमताका कारण महिला र पुरुषले भोग्नुपरेको हिंसात्मक घटनालाई समेटी समाजको यथार्थ चित्र प्रस्तुत गर्नु, पितृसत्तात्मक समाजिक संरचना, आर्थिक विषमता, कुप्रथाकै कारण लैङ्गिक हिंसाले प्रश्रय पाएको भन्ने कुराको उद्घाटन गर्नु, सीमान्तकृत समुदायमा उत्पीडन विरुद्ध प्रतिरोध गर्न अभिप्ररित गर्नु, समतामूलक समाजको निर्माणमा पुरुष र महिलाको समान सहभागिता हुनुपर्ने कुरा औँल्याउनु, महिलालाई भोग्या र दासका रूपमा लिने प्रवृत्तिको विरोध गर्दै नारी अधिकार र स्वतन्त्रताको पक्षमा वकालत गर्नु कविता पौडेलका उपन्यासहरूको मुख्य प्राप्ति हो भन्ने निष्कर्ष निकालिएको छ ।

# सन्दर्भ सामग्रीसूची


अर्याल, कपिल. (२०७०). *उपन्यासकार कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन.* शास्त्री शोधपत्र. नेपाल संस्कृत विश्वविद्यालय. वाल्मीकि विद्यापीठ. काठमाडौँ ।

अर्याल, भोजेन्द्र (२०६८). लैङ्गिक र महिलावादी अध्ययन. काठमाडौँ, ज्ञानकुञ्ज प्रकाशन ।

असीम, सीता (२०६५). “हीरालाई हेर्दा”. *नागार्जुन.* (१ : १, पू.२०). पृ. ५७ ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ, अक्षर क्रियसन नेपाल ।

खनाल, राजेन्द्र (२०७१). ‘नेपाली उपन्यासमा लैङ्गिक चेतना’. विद्यावारिधि शोधप्रबन्ध. त्रि. वि. काठमाडौँ ।

खड्का, रामकला (२०६४). “हलो क्रान्ति र सामाजिक विद्रोह”. *अन्नपूर्ण पोष्ट.* (असार ३ गते शनिबार) पृ. ८ ।

गिरी, अमर (२०७०). “सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा”. *भृकुटी.* (सम्पा.) मोदनाथ प्रश्रित. पूर्णाङ्क १९. पृ. १२-४६ ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* (दो.सं.). ललितपुर, साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौँ, ओरिएन्टल पब्लिकेसन ।

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान.* काठमाडौँ, साझा प्रकाशन ।

चापागाईं, निनु (२०५९). *सन्दर्भ संस्कृति र सांस्कृतिक रूपान्तरण.* (दो. सं.). काठमाडौँ, विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

ढकाल, मनहरि (२०६७). *शक्ति र राजनीति.* काठमाडौँ, दीक्षान्त प्रकाशन. २०६७ ।

ढकाल, वेणीमाधव. भूमिका. *हीरा.* ले. कविता पौडेल (२०६३). काठमाडौँ, पसिना प्रकाशन ।

तिमसिना, अनिरुद्ध (२०६७). "कविता पौडेल : एक नारीवादी स्रष्टा". *जुही* (कविता पौडेल विशेषाङ्क). पूर्णाङ्क ६३. पृ. ११-१६ ।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६२). *महिला समालोचक र नेपाली समालोचना.* ललितपुर, साझा प्रकाशन ।

त्रिपाठी सुधा, (२०६७). *नारीवादको कठघरामा नेपाली साहित्य.* ललितपुर, साझा प्रकाशन ।

दीपक कुमार, (२०७१). पोखरेल. *रूपमती उपन्यासको लैङ्गिक अध्ययन.* दर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि. कीर्तिपुर. काठमाडौँ ।

नेपाल, डिल्लीराज (२०६७). "उपन्यास हीराभित्र विचरण गर्दा". *जुही* (कविता पौडेल विशेषाङ्क). (३० : ३, पू. ६३). पृ. २७-२९ ।

पाण्डे, ईश्वरी (२०७४). *हीरा उपन्यासमा पात्रविधान.* स्नातकोत्तर शोधपत्र. पद्मकन्या बहुमुखी क्याम्पस. त्रि.वि. काठमाडौँ ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, रमेश (२०६४). "हीरा उपन्यास नेपाली समाजको यथार्थ दर्पण". *शब्द संयोजन.* (४ : ३. पू. ३). पृ. ३१ ।

पौडेल, कविता (२०६३). *हीरा.* काठमाडौँ, पसिना प्रकाशन ।

पौडेल, कविता (२०७०). *छाउपडी.* रूपन्देही, प्रश्रित प्रतिष्ठान नेपाल ।

पौडेल, कविता (२०७०) *छोरीको चिठी* . रूपन्देही, प्रश्रित प्रतिष्ठान नेपाल ।

पौडेल, कविता (२०७०). *सीमावारि सीमापारि.* काठमाडौँ, ओरिएन्टल पब्लिकेशन ।

पौडेल, कविता. (२०७२). *बालचीत्कार.* दो.सं. रूपन्देही, प्रश्रित प्रतिष्ठान नेपाल, प्रकाशन माला ७ ।

पौडेल, तुलसीराम (२०५९). *लैङ्गिक अध्ययनको रूपरेखा.* (दो.सं.). काठमाडौँ, नीमा पुस्तक प्रकाशन ।

पौडेल, दीपा (२०६५). *कविता पौडेलको जीवनी. व्यक्तित्व र कृतित्व.* स्नातकोत्तर शोधपत्र. त्रि.वि. नेपाली केन्द्रीय विभाग. कीर्तिपुर. काठमाडौँ ।

पौडेल, रमा (२०६५). *कविता पौडेलको हीरा उपन्यासको कृतिपरक अध्ययन.* स्नातकोत्तर शोधपत्र. त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस. रुपन्देही ।

पौडेल, रमा (२०६९). *कविता पौडेलको आख्यानकारिता.* अप्रकाशित लघु अनुसन्धानपत्र. प्रश्रित प्रतिष्ठान नेपाल. अर्घाखाँची ।

पौडेल, लक्ष्मी (२०६७). "हीरा उपन्यासलाई नियाल्दा". *जुही.* (कविता पौडेल विशेषाङ्क). (३० : ३. पू. ६३). पृ. ८५-८६ ।

पौडेल, शिवप्रसाद (२०७६ माघ ६). "छोरीको चिठी उपन्यासको समाजशास्त्रीय अध्ययन". प्रश्रित प्रतिष्ठान नेपालद्वारा आयोजित भैरहवामा प्रस्तुत कार्यपत्र ।

प्याकुरेल, टीका, (२०६७). "बालचीत्कार उपन्यास मा कविता पौडेलका विचारको झलक". *जुही.* (३० : ३. पू. ६३) पृ. ७७-७८ ।

बराल, ऋषिराज (२०६४). *साहित्य र समाज.* ललितपुर, साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर, साझा प्रकाशन ।

भट्टराई, रमेश (२०६८). “लैङ्गिक समालोचना”. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* सम्पा. राजेन्द्र सुवेदी तथा लक्ष्मणप्रसाद गौतम. काठमाडौँ, रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेश (२०६८). “सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू”. *भृकुटी.* (सम्पा. मोदनाथ प्रश्रित). पूर्णाङ्क ८. काठमाडौँ. पृ. ४८-७७ ।

भट्टराई, रमेश (२०७७). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक* (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण. काठमाडौँ, भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेश (२०७७). *सांस्कृतिक (लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ, भुँडीपुराण प्रकाशन ।

भण्डारी, देवीचरण (२०६७). “कविता पौडेल र हीरा उपन्यास”. *जुही.* (कविता पौडेल विशेषाङ्क). (३० : ३. पूर्णाङ्क ६३). पृ. २४-२६ ।

भद्रा, चन्दा. (सम्पा.) (२०६७). *लैङ्गिक अध्ययन.* काठमाडौँ, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि.।

रेग्मी, चूडामणि (२०६७). “हीरा उपन्यासको परिचर्चा”. *जुही.* (३० : ३. पू. ६३). पृ. ३०-३२ ।

लामिछाने, कपिल (२०६४). “युद्ध विभीषिकाको अभिलेखका रूपमा विस्थापित आमाहरू”. *जुही.* (कविता पौडेल विशेषाङ्क). (३० :३. पू. ६३) पृ. ४८-५८ ।

लुइटेल, लीला (२०६९). *नेपाली महिला साहित्यकार.* काठमाडौँ, गुञ्जन (नारी साहित्यिक संस्था) ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* (चौथो सं.). काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, सुकुम (२०६२). "नारी समस्याको प्रतिबिम्ब हीरा उपन्यास". *युगभाका* (१ : ९. पू. १४). पृ. ७३ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, स्रष्टा र सबाल्र्टन.* काठमाडौं, डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०६४). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* (दो.सं.). ललितपुर, साझा प्रकाशन ।